

भगवान शरण

भिक्खु विपस्सी (धम्माराम)

भगवान् शरण

नेपाली, नेपाल भाषा र अंग्रेजी भाषामा प्रकाशित
४६ रचनाहरूको संकलन

भिक्खु विपस्सी धम्माराम
वाट बवरनिवेस, बैंकक
थाइल्याण्ड ।

प्रकाशक :
नगर मण्डप श्रीकीर्तिविहार,
कीर्तिपुर नगरपालिका-१७, कीर्तिपुर
काठमाडौं, नेपाल
फोन नं. ३३०८३६

प्रकाशक :
नगर मण्डप श्रीकीर्तिविहार,
कीर्तिपुर नगरपालिका-१७, कीर्तिपुर
काठमाडौं, नेपाल
फोन नं. ३३०८३६

प्रथम संस्करण : १००० प्रति

बुद्ध सम्बत्	२५४३
बिक्रम सम्बत्	२०५६
नेपाल सम्बत्	१११९
ईसवी सम्बत्	१९९९

मूल्य : रु. १००।–

कम्प्यूटर सेटिङ : श्री धर्मरत्न शाक्य
न्याखाचोक, तचाको, ललितपुर ।
फोन नं ५३४६८२

समर्पण

ब्रह्माति मातापितरो पुब्बाचरियोति वुच्चति
आमा बाबु नै ब्रह्मा (लौकिक श्रेष्ठतम देव) र पूर्वाचार्य हुन्

– भगवान् बुद्ध

इमान्दारपूर्ण परिश्रम र धर्मसंस्कारका साथ आफ्ना बालबच्चाहरूको प्रतिपालन गर्दै असामयिक दिवंगत भएकी मेरी आमा केशरीमाया गाइजू (ख्याजु, जन्म : बि.सं. १९८८ पौष १५, दिवंगत : २०४४ पौष १) र मेरा बुबा काजीबहादुर गाइजू (जन्म : वि.सं. १९९१ दिवंगत : वि.सं. २०३३ मंसीर १३) मा समर्पित ।

पताः

"**भगवान शरण**" भिक्खु विपस्सी (धम्माराम) यागु नेपाली, नेपाल भाषा व अंग्रेजी भाषाया ४६ पु च्वखँ चिनाखँ मुना खः। थुकी नकतिनि प्रवेशिका (S.L.C.) परीक्षा पुवंकूम्ह श्रामणेरया रचनां निसें एम्.ए. परीक्षा पुवने धुंकूम्ह, थ्वया सिबे नं परमपूज्य संघराज सोमदेच फ्रा.ञाणसंवर सकलमहासंघपरिणायकया सचिवालयय् कार्यरत भिक्खु विपस्सी (धम्माराम) या ई तकया रचना दुथ्याना च्वंगु दु।

च्वमिं थुगु सफूयात थःगु न्हापांगु सफू जुया बौद्ध शिष्टाचार कथं नतुइबले थवं थवय् नतुइगु "**भगवान शरण**" थें भालप्यूगु दु। तर थुकी दुथ्याना च्वंगु न्ह्यथने न्ह्यथने बहःगु व थःगु हे बिसकं बिसकं मू दुगु च्वसु नं दुगुलिं थ्व सफू नतुइगु "**भगवान शरण**" जक मखु, भगवान बुद्धया धात्थें शरण वनेगु सम्यक्‌गु दृष्टि बीगु सफूथें नं ताया। थुगु सफुति लंका, म्यानमार व थाइलैण्डया कला, वास्तुकला, इतिहास लिसें बौद्ध जन-जीवनयात म्हसीकेत ग्वाहालि याइ। नेपाःया गौरवपूर्ण अतीत, थेरवादी शासनया थौंया वस्तुस्थिति व समस्या लुम्बिनीया विकास क्रम, लुम्बिनी जापानी भिक्षु युताका नावातामेया हत्या आदि विषयं नं थुगु सफूयात येका बी। बुद्ध व बुद्धधर्मया विशेषता, बुद्धधर्मया विविध निकायया तुलना, बौद्ध सांस्कृतिक दिं बारय् च्वसुत नं थुकी दुथ्याना च्वंगु दु।

थी थी विषय थी थी भाषां इलय् बिलय् पिहाँ वःगु च्वसु मुना सफुती भ्वः हनेगुली यक्व कथं विचाः जुल । च्वसु पिहाँ वःगु दिं कथं भ्वःछुये दुसा च्वमिया विचाः, अभिव्यक्ति व शैलीया विकास क्रम म्हसीके दइ धका नं विचाः जुल । हानं च्वसुया भाषा कथं थी थी याना च्वसु पिहाँ वःगु क्रम कथं नं विचाः जुल । दकले लिपा च्वमियात ब्वनेगु सिबे, भाषाया क्रम स्वयेगु सिबे ब्वमिपिंत छिनी यइ कथं च्वसु भ्वः छुइगु हे पाय्छि ताल । थ्व हे कथं नेपाल, श्रीलंका, थाइलैण्ड व म्यान्मार देश लिसे स्वापू थुगु ४६ पु च्वसु **"भगवान शरण"** सफुती पिदना च्वंगु दु ।

सफूया देबः नां व थाय्बाय् मस्यूम्ह छम्ह श्रामणेरया खः, तर खः, "बुद्धं सरणं गच्छामि" धका त्रिरत्न शरण वना च्वंगु मन याउँसे सिचुसे च्वंगु व्यक्तित्व । थ्व किपा १९९४ ईसवी श्रीलंकाया छगू अन्तरराष्ट्रिय सम्मेलनय् वनाबले न्याना हयागु खः । उकिं थ्व किपाया छ्यलाय् सर्वाधिकार हाचांगाः वंसा थुगु सफू ध्येबा मुनेगु तातुना पिहाँ मवःगु जुया क्षम्य जुइ धका मनं तुना ।

— भिक्षु सुदर्शन महास्थविर

नगरमण्डप श्रीकीर्तिविहार
कीर्तिपुर नगरपालिका-१७
कीर्तिपुर, काठमाडौं ।
१५/६/२०५६

भूमिका

"भगवान् शरण" पुस्तक मेरो किशोर अवस्थादेखिको मनोभावना व्यक्त गर्ने क्रमका रचनाहरूको एक संग्रह हो । यी रचनाहरू कुनै बौद्धिक अध्ययन, चिन्तन र मनन रुपमा, कुनै गुरुहरू, सहकर्मीहरु र सहपाठीहरूका प्रेरणा र निर्देशनमा अनि कुनै मनमा उठेका तर्कनाईहरूबाट प्रेरित भएर र फेरि कुनै लहरबहर र मनसन्तुष्टिद्वारा श्रृजित भएका हुन् ।

यी रचनाहरू लेख्न निरन्तर प्रेरणा दिइरहनु भएका आदरणीय भिक्षु सुदर्शन महास्थविर, भिक्षु सुगन्ध स्थविर, पालि टेक्स सोसाइटी लण्डनको विद्वान श्री पीटर स्कीर्लिङ (Peter Skilling) तथा अनेकौं शुभचिंतकहरू यहाँ कृतज्ञतापूर्वक स्मरणीय छन् । त्यस्तै नै अनेक शैक्षिक भ्रमण अध्ययन, दर्शन आदिबाट देखिएका हेरिएका र अनुभव गरिएका वातावरणद्वारा र प्रेरित रचनाहरू अथवा रचनाका विषयवस्तुबाटै प्रभावित भएका रचनाहरू यहाँ छन् । आफ्नो सीमित अध्ययन र अनुभवका भरमा मनले कल्पेर सर्रर लेखिएका अभिव्यक्तिमा त्यस्तै कुनै भाषामा पनि अधिकार नहुनेले गरिएका यी अनुवादहरूमा केही अपूर्णता र अयथार्थता रहेको हुन सक्छ ।

भगवान् बुद्धको पवित्र जन्म भएको देश नेपालमा भगवान् बुद्धभन्दा पनि आफूहरू बढी ज्ञानी छौं भनि हिंड्ने र बुद्धधर्मलाई शाखा धर्म, आफूहरू सिंगो र मूल

धर्म भनि प्रचार गरि हिंड्नेहरू देखिएका छन् । यिनीहरू वास्तविक रूपमा देशमा धार्मिक शान्ति कायम राख्न खोज्नेहरू भए निश्चित सिद्धान्तमा हिंड्थे । बुद्धधर्मलाई संवैधानिक संरक्षण दिनमा हिच्किचाउँनथे होला । यसबारेमा २ शब्दहरू यसमा छन् । यस्ता कुराहरूले कसैकसैको मनमा ठेस पुऱ्याउन सक्छ । ती सबका जिम्मेवार मै हुँ । यसमा गुणग्राही भइदिन पाठकहरूमा विनम्र अनुरोध छ । यो भन्दा उत्तम तथ्यहरू पाए भने अझ लेख्दै जाने दृढता पनि व्यक्त गर्दछु ।

वि.सं २०४१ तिरदेखि लेख्न थालेको, अब २०५६ सम्मका अर्थात् डेढ दशक जतिका कृतिहरू यसमा संग्रहित छन् । यसमा धर्मका अनेक विषयवस्तुका छलफल छन् भने सन् १९८५ देखि थाइदेशमा थाईभाषा, संस्कृति र बुद्धधर्म अध्ययन गरिबस्दा आफूले नेपाली श्रद्धालुहरूलाई उपयोगी देखेका थाइदेश र बुद्धधर्मका बारेका केही उल्लेखहरू पनि संग्रहमा परेका छन् । त्यस्तै म्यान्मार (बर्मा) र श्रीलंकाको भ्रमण गरेर आएको फलस्वरूप उक्त देशहरू र त्यहाँका बुद्धधर्मका बारेमा केही चर्चा समावेश भएको छ । संक्षेपमा भन्दाखेरी श्रद्धालुहरू आपसमा अभिवादन गर्ने वाक्यांश "**भगवान् शरण**" बाट थालिने किसिमका अनेक विषयवस्तुहरूका चिन्तन मनन, छलफल र चर्चा यसमा समाहित भएको छ ।

आज पूज्य भिक्षु सुदर्शन महास्थविरका प्रयासद्वारा देग., पञ्चायत, आनन्दभूमि, धर्मकीर्ति र साधना पत्रिकाहरूमा प्रकाशित भएका मेरा सबै रचनाहरू संग्रहित भइ पुस्तकाकारमा "**भगवान् शरण**" प्रकाशित हुँदैछ । यसको लागि म उहाँप्रति कृतज्ञ छु । यस कार्यमा

मद्दत गर्ने श्री दुण्डबहादुर वज्राचार्य उपासक र कम्प्यूटर सेटिङ गर्ने श्री धर्मरत्न शाक्यलाई मेरो मंगलमय कामना छ । यस्ता लेख्ने कार्यमा सधैं सुविधा पुऱ्याउने थाईसंघराजाका सचिवालयप्रति पनि कृतज्ञ छु ।

पहिले प्रकाशित लेखहरूमा यसपटक मैले कतैकतै सामान्य हेरफेर पनि गरिएको छु ।

- भिक्खु विपस्सी धम्माराम

१८ अगाष्ट १९९९
बैंकक

निगु शब्द

'भगवान शरण' सफू लेखकया किशोर अवस्थां निसें मनोभावना व्यक्त यायेगु क्रमय् पिदंगु रचना-संग्रह खः । गुलिं बौद्धिक अध्ययन, चिन्तन व मननं, गुलिं गुरुपिं, सहकर्मीपिं व सहपाठीपिनिगु प्रेरणा व निर्देशनं, अले गुलिं मनय् खँ वातुवाला च्वंगुलिं घ्वाना अले हानं गुलि लहरबहर व मनसन्तुष्टिं श्रृजित थुपिं रचना खः ।

थुपिं रचना च्वयेत निरन्तर प्रेरणा बियाच्वंपिं आदरणीय भिक्षु सुदर्शन महास्थविर, भिक्षु सुगन्ध स्थविर, पालि टेक्स सोसाइटी लण्डनया विद्वान पीटर स्कीलिङ् अले मेमेपिं भिंलुनीपिं थन कृतज्ञतापूर्वक स्मरणीय जू । अथे हे अनेक शैक्षिक भ्रमण, अध्ययन, दर्शनं स्वयागु, खनागु व अंनुभव यानागु अले अनेक वातावरण नं थुपिं रचना च्वयेगुली अथवा रचनाया विषयवस्तु ल्ययेगुली प्रभावशाली प्रेरणा प्राप्त जूगु दु । थःगु सीमित अध्ययन व अनुभवया भरय् मनं ग्वया खुरु खुरु च्वयागु अभिव्यक्तिस वःगु अथे हे भाय् बाँलाक मसःनिबले अनुवाद यानागु रचनाय् अपूर्णता व छुं अयथार्थता दु जुइ । गुलिसियागुं मनोभावनाय् छुं ख्वाउँक थीफु जुइ । उपिं दक्कोया लागि जि हे जिम्मेवार खः । थुगु अवस्थाय् गुणग्राही जुयेया लागि पाठकवर्गपिके विनम्र अनुरोध दु । थ्व स्वया उत्तमगु खँ दयेवं हानं मेमेगु च्वयावं च्वनेगु दृढता नं व्यक्त याना च्वना ।

थुगु संग्रहय् च्वंगु रचना छगूत्या दशकं मयाकयागु कृतित खः । नेपाल भाषायागु देगः पत्रिकायात बियागु लेख तुरन्त छापे जुया न्हाप लात ।

थ्वयां न्ह्यवः बियातयागु लिपा लिपा तिनि प्रकाशित जुल । न्हापां न्हापां थथे थःगु रचना पत्रिकाय् प्रकाशित जुइबले जुइगु रोमाञ्चकारी अनुभव अले उपिं प्रकाशित जुया प्रचार जुल कि आकाशय् ब्वयाथें च्वंगु खुशिया अनुभव जुइगु । थ्व बानिं हे थथे च्वयेगुली न्ह्योने घ्वानायंकूगू धयां छुं मपाः । अथे हे पूज्य भिक्षु सुदर्शन महास्थविर आदि हितैषी गुरुपिनिगु निर्देशनद्वारा च्वयेगुली अभ्यास जूवंगु खः । सन् १९८५ निसें थाइदेशय् च्वना थाइभाय्, संस्कृति व बुद्धधर्म अध्ययन याना च्वनागु क्रमय् खनागु नेपालया श्रद्धालुपिनि लागि उपयोगीगु थाइदेश व बुद्धधर्मया बारय् लेखत दुथ्यात । अथे हे म्यानमार (बर्मा) व श्रीलंका देशया भ्रमण याना वयागुया फलस्वरूप उक्त देश व बुद्धधर्मया बारे वृत्तान्त न्ह्यथनेगु नं जुल । समग्ररूप धायेगु खःसां थौंकन्हे 'भगवान् शरण' धका खँ छुइगु श्रद्धालु बौद्ध समाज़या चलनचल्तिगु तःगुमछि विषयवस्तुया छलफल थुकी समाहित जुया च्वंगु दु ।

थौं पूज्य भिक्षु सुदर्शन महास्थविरया विचारं देगः, पंचायत, आनन्दभूमि, धर्मकीर्ति व साधना पत्रिकाय् प्रकाशित जुया उखेथुखे लाना च्वंगु फुक रचनात छथाय् मुना पुस्तकाकारय् पिहाँवया च्वन । थुकीया लागि वसपोलप्रति कृतज्ञ जुया । थुकी ग्वहालियाःपिं श्री दुण्डबहादुर वज्राचार्य व कम्प्यूटर सेटिङ याःम्ह श्री धर्मरत्न शाक्ययात मंगलमय कामना दु ।

लिसें न्हापा पिदना च्वंगुलेखय् थ्व सफू कथं पिदंबले छुं छुं हिले भिंके यानागु नं दु ।

१८ अगष्ट १९९९ **भिक्षु विपस्सी धम्माराम**
बैंकक ।

विषय सूची

लोकविदू : उनी भगवान् बुद्ध

भगवान् बुद्धका अनन्त गुणहरू छन् । यी मध्यमा ९ वटा गुणहरूको विशेष रूपमा उल्लेख गर्ने र स्मरण गर्ने प्राचीन चलन छ । ती ९ वटा गुणहरूमध्येमा 'लोकविदू' पनि एक हो । 'लोकविदू' अर्थात् लोकलाई जानेका उनी भगवान् बुद्ध ।

साधारणतः लोक भन्ने बित्तिकै कसैको मनमा इहलोक, परलोक तथा पुराणपन्थीहरूका मनमा स्वर्गलोक, मर्त्यलोक, भू-लोक इत्यादि र अभिधर्म अध्ययन गरेकाहरूको मनमा पनि अर्कै नाना लोकका कुरा भ्वास्स स्मरण हुन्छ ।

वस्तुतः लोकको बारेमा यी बाहेक अर्कै किसिमले विभाजित गरी यस 'लोकविदू' को व्याख्या गरिएको पाउँछौं । यसमा सारा चक्रवाललाई मुख्य तीन भागमा विभाजित गरी व्याख्या गरिएको छ । ती हुन् – (१) चक्रवालका सम्पूर्ण सत्त्वप्राणीहरू सत्तलोक, (२) सत्त्वप्राणीहरूका रूपमा उपादान कारण रहेका तथा अन्य वस्तुका आधार रहेका चतुर्महाभूत संखारलोक र (३) यी दुबै लोक अडिरहेको शून्य अवकाश ओकासलोक ।

साँच्चै भन्ने हो भने उपरोक्त विभाजनको अन्तर्गत नभएका केही पनि बाँकी छैनन् । हाम्रा आँखाले देखिने प्राकृतिक सारा वस्तुका साथै सम्पूर्ण प्रकारका जीव प्राणीहरू मात्र होइनन् बल्कि निर्गुण निराकार र अनन्त ठानिएका ब्रह्मादि ईश्वर, महेश्वर भनाउँदाहरू पनि यसै अन्तर्गत रहेका हुन्छन् । अतः भगवान् बुद्धलाई

'लोकविदू' भन्नाको अर्थ यी तीनै लोकलाई सम्यक्रूपले बुझेका बोध गरेका व्यक्ति हुन् भन्ने कुरा स्पष्ट हुन्छ ।

बौद्ध ग्रन्थहरू अध्ययन गर्दा हामी यो स्पष्ट देख्दछौ कि बुद्धकालमा नै अन्य कुनै पनि धर्मगुरु, सन्त, महन्त कहलिएकाहरू भन्दा संख्यात्मक र गुणात्मक दुबै किसिमबाट पनि भगवान् बुद्धकै बढी सम्मान भएको छ । भगवा्न् बुद्धले, यसरी अपार जन-समूहबाट गम्भीर श्रद्धा र भक्ति पाउनुका धेरै कारणहरूमध्ये बुद्धको यो 'लोकविदू' गुण पनि एक हो भनि भन्न सकिन्छ ।

भगवान् बुद्धका उपदेशमा भौतिक र आध्यात्मिक दुबैको यथा आवश्यकता अनुसार महत्व दिइएको छ । उहाँले अरू महापुरुष भनाउँदाहरूले झै सत्य वा असत्य, उचित-अनुचित, बहुजन हित र सुख अथवा बहुजन अहित र दुःख केको लागि हुन्छ भन्ने कुरा विचार नगरिकन मेरो गोरुको बाह्रै तका भन्ने जस्ता एकतर्फी कुरा गरी आफ्नो सिद्धान्तलाई कौतूहलतापूर्ण बनाई प्रचार गर्नु भएन । बरु उहाँले भौतिक एवं आध्यात्मिक वस्तुलाई यथार्थरूपले हेर्ने दृष्टिकोण दिनु भएको छ भने सामाजिक नियम मर्यादालाई पनि यथोचितरूपमा सम्मान गर्न सिकाउनु भएको छ । उहाँका उपदेशलाई जीवनमा उतार्नेहरूले त्यसबाट स्व-परेको हित र भलाई भएको देखे । यसले गर्दा ती व्यक्ति, समूह र समाजमै भगवान् बुद्ध प्रति आदर गौरव र गहिरो श्रद्धा वृद्धि हुन गएको हो । यिनीहरू भगवान् बुद्धका 'लोकविदू' गुणमा विश्वस्त भए ।

एकातिर भगवान्‌ बुद्धले चतुर्महाभूत र मन दुबै अनित्य, दुःख र अनात्म स्वभावका हुन् र यसप्रति आशक्ति हुनु दुःख हो भन्नु भयो भने अर्कोतिर मानिसका

राम्रा वा नराम्रा कायकर्म, बचीकर्म र मनोकर्मका फल-भोक्ता स्वयम् हो भनी भन्नुभयो । तसर्थ उहाँले शील र समाधिका कुरा सिकाउनु भयो । शीलद्वारा काय र वचीकर्म परिशुद्ध हुन्छ भने समाधिद्वारा मनशुद्ध हुन्छ । शीलमा पञ्चशील, अष्टशील, दशशील आदि धेरै स्तरहरू भएता पनि निष्कर्शमा स्वरपरको अहित हुने हरेक प्रकारका कायिक र वाचिक कर्म छोड्नु हो । त्यस्तै समाधिका सबै विविधताको निष्कर्श पनि त्यस्ता अहितकारी वितर्क र विचार त्यागेर अनित्य, दुःख अनात्मको यथार्थ बोध गर्न अर्थात् प्रज्ञा प्राप्त गर्नको लागि हो । यसैलाई नै वहाँले दुःख मुक्तिको बाटो भनि बताउनु भयो । यसमा पनि उहाँको 'लोकविदू' गुण स्पष्ट झल्किन्छ ।

भगवान् बुद्धले तत्कालीन समाजमा रहेका अनेक अन्धविश्वास र असमानतालाई प्रश्रय दिएका कुराहरूको रहस्योद्घाटन गर्नुभयो । उहाँले यो चक्रवालको सृष्टिकर्ता, मानिसबाट पूजा यज्ञको भेट लिएर जस्तोसुकै पाप गरेकाहरूलाई पनि स्वर्गको अधिकारी बनाउन सक्ने देवी देवता र मनुष्यका बीचमा ठूला सानाको भेदभाव आदि जम्मै स्वार्थी, लालचीहरूको कल्पना र सिद्धान्त हुन् भनी जोडदार र स्पष्ट शब्दमा खण्डन गर्नुभयो । यस्तो काम गर्नेहरूमा बुद्ध भगवान् नै पहिला व्यक्ति हुनु हुन्थ्यो । भगवान् बुद्ध समक्ष जब कसैले यसबारे भनसुन गर्न आउँथे त भगवान बुद्ध भन्नुहुन्थ्यो कि यीमध्ये कुनै पनि कुरा मैले कसैबाट सुनेर, कतैबाट पढेर अथवा मनले गुनेर, कल्पना गरेर बताएको होइन, बल्कि यी कुराहरू आँखा हुनेले सूर्यको प्रकाशमा आँखा उघार्दा अगाडिको दृश्य जम्मै सजिलैसित देख्ने झैं म आफ्नो अनुभवद्वारा देख्दछु भन्दै अरू अनुकूल उपदेश पनि दिनु

हुन्थ्यो । जसले गर्दा ती व्यक्तिहरू अति प्रभावित भई उहाँकै शरणमा पर्थे । यसरी व्यक्ति र समाजको हृदयमा भिज्ने गरी उपदेश दिन सक्नुको कारण उहाँ 'लोकविदू' हुनु भएकोले नै हो ।

बहुजन हित र बहुजन सुखको लागि अति उपयुक्त हुने धर्मको स्पष्ट व्याख्यान, यहीं धर्मको फल पाइने, सर्वकालिक, बोलाएर देखाउन सकिने, उँभो लगाइदिने तथा हरेक विज्ञजनले गहिरिएर विचार गरेमा सजिलै बोधगम्यता आदि गुणले भरिपूर्ण र सबै दृष्टिले परिमार्जित गरी उपदेश गर्ने लोकका ज्ञाता अर्थात् लोकलाई जानेका भनी उहाँ भगवान्लाई 'लोकविदू' भनी किन नभन्ने !

(धर्मकीर्ति ५/६)

पञ्ञावन्तस्स अयं धम्मो

'पञ्ञावन्तस्स अयं धम्मो' खँपुया अर्थ खः थ्व (बुद्धयागु) धर्म पञ्ञावन्त (प्रज्ञावान्) पिन्त खः । थ्व खँ भगवान् बुद्धं आज्ञा जुया बिज्यागु खः । आः थन भीसं विचाः याये नु, धर्म धाःगुया अर्थ छु खः ? प्रज्ञावान् धाःगुया अर्थ छु खः ? धर्म धाःगुया अर्थ हेतु प्रत्यय खः । प्रज्ञावान्या अर्थ हेतु व प्रत्यययात स्यूम्ह, आचार विचारय् छ्यलीम्ह धाःगु खः ।

भय खनाः ग्याना मनूतयेसं थुकिया पाखें मुक्त जुयेत आपालं प्रकारया उपायत माला जुया च्वनी । गुलिं उपाय हेतु प्रत्ययं युक्तगु जुया च्वंसां अपो याना हेतु प्रत्यय रहीतगु उपाययात सम्यक्गु भाःपाः च्वनीपिं दु । थुपिं प्रज्ञावान्पिं मखु ।

भगवान्या पालय् छम्ह अग्निहोत्री ब्राह्मणं थः अनुयायीपिंत स्यना च्वन – "हे भयभीत मनूत ! यदि छिपिं थुगु भय, दुःखं मुक्त जुयेगु इच्छा दुसा सिमा, पर्वत, लः, मि, फय् आदिया शरणय् हुँ । थुकिं छिमिगु भय व अन्तराय तापाना मदया वनी ।" थ्व हेतु प्रत्ययं मुक्तगु धापू मखु ।

भगवान् बुद्धं नं थः अनुयायीपिंत भय, दुःखं मुक्त जुयेगु उपाय कना बिज्यागु दु । थ्व हेतु प्रत्ययं युक्तगु खः । उकिं थ्व प्रज्ञारहीतपिंसं थुइके फइ मखु । तर थुकियात हे मथुइकं दुःखभयं मुक्त जुये नं फइ मखुगु जुया च्वन । भय धयागु हे दुःख जुइगुया भय खः ।

मनूतयेसं विचाः याना लुइका तःगु दुःख मदयेकेगु लँपुत मुख्य याना स्वथी कथं उल्लेख याये बहः जू । उपिं खः, द्यः भक्ति, थःगु पूर्वकर्म व हेतु प्रत्यय ।

द्यः तंचाइगु दुःखया कारण खः धकाः भापिया च्वंपि मनूतये दु.ख मदयेकेत अनेक किसिमं प्रकृतियात तथा द्यःपिंत पूजा मान यायेगु याना च्वनी । गथे कि लः, मि, फय्, सिमा, पर्वत, व अथे हे प्रकृतिया मेमेगु स्वरूपयात पुज्याइ । अथे हे नाना मूर्तियात पूजा उपासना याना दुःख मदयेकेगु स्वइ ।

पूर्वकर्मवादी मनूतयेसं नं दुःख जुइवं थ्व जिगु न्हापा यानावयागु कर्मया फलं खः धका भाःपिया वर्तमानय् भयं मुक्त जुयेगु छुं हे उपाय मयासे भविष्यय् दुःख मजुइकेत धकाः नाना किसिमया वाह्य क्रियाकर्मत याना च्वनी । थुकथं थुमिगु आशा व विचार वर्तमानय् मजुसे अतीत व भविष्यय् जक लाना च्वनी ।

भगवान् बुद्धया प्रति श्रद्धा तया वसपोलं कना बिज्याःगु हेतु प्रत्ययं युक्तगु उपदेशय् विश्वास याना अथे हे धर्मया आचरण याना च्वंपिंत सम्मान तयाः दुःखं मुक्त जुयेत प्यंगू आर्यसत्यया रूपय् ध्यान तइ । उपिं खः दुःख, दुःखया कारण, दुःख मदयेकेगु व दुःख मदयेकेगु लँपु । दुःख मदयेकेगु लँपु आर्यअष्टांगिक मार्ग हे खः ।

हेतुप्रत्ययवादी मनुखं बुद्धोपदेशया अनुरूपं हे थःत जुयाच्वंगु दुःखया अन्त यायेत थुकिया स्वरूप माला लुइकी । अले दुःख उत्पन्न गथे जुइ धकाः मालाः लुइकी । गथे जुलकि दुःख मदइ धका लुइकी । अले व दुःख मदयेकेगु उपायया अभ्यास यानाः उगु दुःखं मुक्त जुइ ।

उदाहरणया लागी धाये, मनूतये वास्याःगु कारणं दुःख जुइका च्वनी। ईश्वरवादी मनुखं द्यःदी धाःपिं माला पूजा याना वास्याःगु लायेकेगु कुतः याइ। गथे भ्डीथाय् जूसा वास्याःद्ययाथाय् नकिं छ्थु निं ताः वनी। वासः याः वनी मखु।

पूर्वकर्मवादी मनुखं ला थ्व जिगु न्हापाया कर्म जूगु धका भाःपिया प्रतिफल भोग मयासें हे मगाः धयागु विचारं आः न्ह्याागु याःसां छुं जुइ मखुत धका उकिया निराकरण यायेगु तोती। अले मेगु जन्मय् वा मस्यायेमा धका नाना प्रकारया पूजा अनुष्ठान याना जुइ। वैद्य क्यनाः वा स्याःगुया वासः धाःसा याइ मखु।

हेतुप्रत्ययवादी मनूयात वा स्याःसा गन थाय् गुकथं गय् स्याःगु धका बालाक विचाः याना स्वइ। फुम्ह स्यूम्ह डाक्टर वैद्यया सहयोग कया गथे जुया वा स्यानावःगु धका स्वइ। गथे जुल धासाः मस्याइ धका स्वइ। अनलि उक्त वा स्याःगु लायेकेत डाक्टर वैद्ययागु निर्देशन अनुरूप उपचार याइ, गुगु छगू मात्र सम्यक् उपाय खः। थथे यानाः वा स्याःगुलिं मुक्त जुया च्वनी। थ्व हे प्रज्ञावान्यागु विधि खः। भगवानं थजाःगु विधियागु हे जक उपदेश याना बिज्याःगु खः। उकिं भगवान्यागु धर्म प्रज्ञावान्पिंत जक खः। भगवान हे आज्ञा जूथें "पञ्ञावन्तस्स अयं धम्मो" खः। अथे हे भगवान्या श्रीमुखं धया बिज्याःगु मेगु नं दु। यथा –

बहु वे सरण यन्ति-पब्बतानि वनानि च।
आरामरूक्खचैत्यानि – मनुस्सा भयतज्जिता॥
ने'तं खो सरणं खेमं – ने'तं सरणमुत्तमं।
ने'तं सरणं' मागम्म – सब्बा दुक्खा पमुच्चति॥
यो च बुद्धञ्च धम्मञ्च – सङ्घञ्च सरणं गतो।

चत्तारि अरियसच्चानि – सम्मप्पञ्ञाय पस्सति ॥
दुक्खं दुक्खसमुप्पादं – दुक्खस्स च अतिक्कमं ।
अरियञ्च'ट्ठङ्गिकं मग्गं – दुक्खू'पसमगामिनं ॥
एतं खो सरणं खेमं – एतं सरणमुत्तमं ।
एतं सरणमागम्म – सब्बदुक्खा पमुच्चति ॥

(धम्मपद – १८८-१९२)

मनुष्यपिं भययागु कारणं पर्वत, वन, उद्यान, वृक्ष, चैत्यादियागु शरणय् वनी । थुकियागु शरणय् वनाः भयं छुटे जुइ मखु; थ्व उत्तमगु शरण नं मखु, थुकिया शरणय् वना फुकं दुःखं छुटे जुइ नं मखु ।

गुम्ह व्यक्ति बुद्ध, धर्म व सङ्घया शरणय् वनी, गुम्हसिनं 'दुक्खसत्य, दुक्खसमुदयसत्य, दुक्खनिरोधसत्य, व दुक्खनिरोध जुइगु आर्य अष्टांगिक मार्गसत्य धयागु थ्व प्यंगू सत्ययात प्रज्ञा-ज्ञानं बांलाक खंकी, उम्हसिया थ्व शरण अतिकं कल्याणगु, भयं मुक्तजुया च्वंगु शरणमध्यय् उत्तमगु शरण खः । थुकिया शरणय् वन धाःसा तिनि फुक दुक्खं मुक्त जुइ ।' थुकियात प्रज्ञावानं जक बालाक थुइके फइ ।

(आनन्दभूमि २१/१०)

विद्यार्थी-जीवनमा आर्य अष्टांगिकमार्गको उपयोग

भगवान् बुद्धले ४५ वर्षसम्म अनवरतरूपले चारिका गरी जनताहरूलाई दिनु भएका सम्पूर्ण उपदेशहरूको सारांशरूप आर्यअष्टांगिकमार्ग हो । यसैलाई मध्यममार्ग पनि भनिन्छ । यो आर्यअष्टांगिकमार्गका बारेमा भगवान् बुद्ध स्वयंले यस्तो भन्नु भएको छ : –

एते खो भिक्खवे उभो अन्ते अनुपगम्म मज्झिमा पटिपदा तथागतेन अभिसम्बुद्धा, चक्खुकरणी ञाणकरणी, उपसमाय, अभिञ्ञाय, सम्बोधन निब्बानाय संवत्तति ।

कतमा च सा भिक्खवे ! मज्झिमा पटिपदा तथागतेन अभिसम्बुद्धा ··· । अयमेव अरियो अट्ठङ्गिको मग्गो सेय्यथीदं सम्मादिट्ठि, सम्मासंकप्पो, सम्मावाचा, सम्माकम्मन्तो, सम्माआजीवो, सम्मावायामो, सम्मासति, सम्मासमाधि ।

अर्थ – तथागतले अवबोध गरेका मध्यममार्ग कुन हो त ? यो आर्यअष्टांगिकमार्ग (आठ अंगले युक्त बाटो) नै हो । ती आठ अंगहरू हुन – (१) सम्यक्दृष्टि, (२) सम्यक्संकल्प, (३) सम्यक्वचन, (४) सम्यक्कर्मान्त (५) सम्यक्आजीविका, (६) सम्यक्व्यायाम, (७) सम्यक्स्मृति, र (८) सम्यक्समाधि ।

मध्यममार्गको अर्थ हो "बीचको बाटो" । अर्थात् अति सुखभोगमा र अति दु:खभोगमा लाग्नुबाट अलग्गिई ठिक्कको जीवनय:पन गर्नु हो । अनि मात्र जीवनयापन असलपूर्वक गर्न सकिन्छ ।

जीवनयापनका हाम्रा अनेक अवस्था र ढंग हुन्छन् । तिनमा विद्यार्थी जीवन पनि एउटा हो । विद्यार्थी जीवनमा पनि यो मध्यममार्ग वा आर्यअष्टांगिकमार्गको आचरण हुनुपर्दछ । अनिमात्र आफ्नो उद्देश्यमा सफल हुन्छ । यसको व्याख्या निम्नलिखित तरिकाले गर्न सकिन्छ ।

भगवान् बुद्धले बताउनु भएको मध्यममार्गमा अथवा आर्यअष्टांगिकमार्गमा आठ अङ्गहरू छन् । त्यसैले आर्यअष्टांगिकमार्ग भनिएको हो । ती आठ अङ्गहरू तथा तिनका विद्यार्थी जीवनमा उपयोग यस प्रकार भएको देख्न सकिन्छ ।

(१) **सम्मादिट्ठि:** सम्यक्दृष्टि-अध्ययन गरिने विषय यथार्थ रूपबाट बुझ्नु – यसले भनिएको कुराको अयथार्थ आशय मनमा भान हुनबाट मुक्त हुन्छौं ।

(२) **सम्मासंकप्पो–सम्यक्संकल्प:** अध्ययन गरिने विषयमा एकचित्त गर्नु, यसले मन बराल्नाले हुने अध्ययनको खतिबाट बचिन्छ ।

(३) **सम्मावाचा–सम्यक्वचन:** अप्रासंगिक र असम्बन्धित गफसफबाट अलग्गिनु – यसबाट समय खेरगई अध्ययनमा हुंने व्यवधानबाट मुक्त हुन्छ ।

(४) **सम्माकम्मन्तो–सम्यक्कर्मान्तः** अनावश्यक र अवांछित क्रियाकलापबाट अलग्ग रहनु, यसले गर्दा अध्ययनमा आउने अनेक वाधा दूर हुन्छ ।

(५) **सम्माआजीवो–सम्यक्जीविकाः** आफ्नो औगातले भ्याउनेगरी मात्र खर्च बर्च गर्नु । यसले खर्चको भार धेरै नपर्दा आफ्नो अध्ययन सुचारु रूपले चलाउन सकिने हुन्छ ।

(६) **सम्मावायाको–सम्यक्व्यायामः** यसमा नबुझिएका कुराहरू बुझ्नको लागि कोसिस गर्नु, याद नभएका कुराहरूलाई याद गर्न कोसिस गर्नु, त्यस्तै बुझिएकोलाई याद, भएकोलाई झन व्यापक र गहिरो बनाई त्यसलाई स्थीर बनाउन कोसिस गर्न पर्दछ ।

(७) **सम्मासति–सम्यक्स्मृतिः** कुनै पनि क्रियाकलापमा होश पुऱ्याएर गर्नु । यसबाट सम्भावित दुर्घटनाहरूबाट बच्ने तथा त्यसबाट कामको हेक्का राख्नमा समेत मद्दत हुन जान्छ ।

(८) **सम्मासमाधि–सम्यक् समाधिः** पढाइ, लेखाई, सुनाइ र बोलाइमा ध्यान दिनु, यसले आफ्नो अध्ययन प्रभावकारी हुन्छ ।

यस प्रकार भगवान् बुद्धले बताउनु भएको आर्यअष्टांगिकमार्ग विद्यार्थी जीवनमा उपयोगी भएको देख्यौं । यस्तै कामहरूलाई नियालेर अरू किसिमका क्रियाकलापमा पनि उपयोग गर्न सक्दछौं ।

(आनन्दभूमि २२/११)

नेपालका बौद्ध माध्यम भाषाहरू

नेपाली बुद्धमार्गीहरूका आफ्नो धार्मिक व्यवहारमा प्रयोग गरिने अनेक भाषाहरू छन् । त्यसमा पालि र संस्कृत जस्ता प्राचीन र समृद्धभाषादेखि लिएर नेपाली र नेपाल भाषा जस्ता विकासशील, समृद्ध र जीवित अनि त्यस्तै भर्खरमात्र नागरीमा लेख्न थालिएका थारु र तामाङ आदि भाषाहरू रहेका छन् । अझ अंग्रेजी, हिन्दी र जापानी जस्ता विदेशी भाषाहरूसमेत रहेका छन् । नाम नै यकीन नभएको भाषा पनि प्रचलनमा आइराखेको छ ।

पालि भाषा : भगवान् बुद्धबाट व्यवहृत पालि भाषामा अद्यापि थेरवादीहरूका धार्मिक ग्रन्थ त्रिपिटक सुरक्षित रहिआएको छ । अझ त्रिपिटकका अर्थकथा, टीका र अनुटीकाहरू त्यसको दोब्बर जति रहेको अनुमान गरिन्छ । यो भाषामा इतिहास, भूगोल, ज्योतिष, गणित, कला, औषधोपचार आदि जस्ता, परम्परागत ज्ञानविज्ञान सम्बन्धी वाङ्मय् दक्षिण तथा दक्षिणपूर्वी एशियामा प्रशस्त पाइनाले ती कति छन् भन्ने कुरा अनुसन्धानको विषय भएको छ । त्यहाँ यो भाषाको अध्ययन, अध्यापन र धार्मिक क्षेत्रमा दैनिक प्रयोग आजसम्म भइरहेको छ । यसको मूलनाम मागधी थियो भनिन्छ, तर बुद्धवचन अथवा पर्याय (धर्मपर्याय) भन्ने अर्थले पालि शब्द प्रचलनमा रुढ भएपछि यसको भाषालाई नै पालि भाषा भन्न थालिएको हो । विश्वकै सबभन्दा पुरानो पालि पाण्डुलिपि मानिएको विनयपिटकको एउटा अंश नेपालमा पाइएकोले पहिले-

पहिलेका जमानामा नेपालमा पनि यस्ता वाङ्मयहरू रहेको प्रमाणित हुन्छ । यसको मूल थलो रहेको जम्बुद्वीप (नेपाल तथा भारत) मा बीचमा विस्मृतभए पनि अन्य बुद्धमार्गी देशहरूमा यसको दरिलो परम्परा रहिरह्यो । इसवी बीसौं शताब्दीको शुरुमा आएको धार्मिक जागरण सँगसँगै पालि भाषा र वाङ्मयको आफ्नो मातृभूमिमा पुनः प्रवेश भयो । नेपालमा सन् १९२५ देखि बुद्धधर्म (पछि बुद्धधर्म व नेपाल भाषा) पत्रिकामा पालि सूत्रांशहरूको प्रकाशन भएदेखि परिचय शुरु भयो । नेपाली बुद्धमार्गीहरूका धार्मिक अनुस्थानमा पुनः स्थान पाउनथाल्यो । आज देशका घरेलुदेखि राष्ट्रियस्तरका पूजाआजा यसै भाषामा हुन्छ । केही धार्मिक ग्रन्थहरूको प्रकाशन पनि भएका छन् । भारतको नालन्दा महाविद्यालयबाट प्रकाशित नागरीलिपिका पालि त्रिपिटक र अर्थकथा अनेक दशकदेखि नेपालमा लोकप्रिय छ । भर्खरै विपस्सना शोधकेन्द्र बम्बईबाट छट्ठ संगायनको बर्मी लिपिको त्रिपिटक नागरी लिप्यान्तरित संस्करण उपलब्ध भएको छ । यसबाहेक बर्मी, थाई, सिंहली र रोमनलिपिका पालि वाङ्मय ग्रन्थहरू देशका विभिन्न धार्मिक तथा शैक्षिक केन्द्रहरू र विहारहरूमा पाइन्छन् । यथालब्ध रोमनलिपि र अंग्रेजी अनुवाद त्रिपिटक एक जोड थाई संघराजाबाट श्री ५ महाराजाधिराजमा चढाइएको (नवम्बर १९९५) नारायणहिटि राजदरबारमा छ । गत केही दशकदेखि नेपाल भाषामा यो भाषा सिक्ने पाठ्यपुस्तकहरू पनि प्रकाशित छन् । अब त कम्प्यूटरमा चलाउनका निमित्त सिडि रममा भरिएका त्रिपिटकपालि नेपालमा पनि पाइन्छन् ।

संस्कृत भाषा : संस्कृतलाई धार्मिक हिसाबले पालिपछिको महत्वपूर्ण भाषा मानिन्छ । ब्राह्मणहरूमा

चलेको पाणिनीय व्याकरणसँग मेल नखाने हुँदा यसलाई बौद्धसंस्कृत भनी छुट्टै वर्गीकरण गरिएको छ । बौद्ध संस्कृत साहित्यको विशालता भोट र चीनिया भाषामा अनूदित परिमाणबाट अनुमान हुन्छ । तर भारतमा बुद्धधर्मको पतन हुँदा यसको धेरै अंश नाश हुनगयो । नेपालका नेवारहरूको घर र विहारहरूमा संस्कृत भाषाको बौद्ध ग्रन्थहरू बाँकी छन् । तर कति बाँकी छन् खोजकै विषय छ । नेपालबाट हड्सन्का प्रयासबाट (सन् १८२१-४१) बाँकी दुनियाँमा यसको प्रचार हुनगयो । अनि प्रसिद्ध संघ संस्था, पुस्तकालय र विश्वविद्यालयबाट यसको सम्पादन गरी रोमन लिपिमा प्रकाशित भएको धेरै नै भइसकेको छ । अब गिलगिट्का खण्डहरहरूबाट उद्धार गरिएका पुरावशेष संस्कृत बौद्धग्रन्थहरू पनि पुस्तकाकारमा प्रकाशित छन् । तिब्बत र चीनका गुम्बाहरूमा पनि केही ग्रन्थहरू सुरक्षित रहेका छन् । केही विदेशी मेधावीहरूबाट भोट र चीनियाभाषाबाट पुनः संस्कृतमा अनुवाद गर्ने जमर्को पनि भएको छ । यो भन्दा पहिले एशियाका विभिन्न भागमा अझै यो भाषामा अज्ञात बौद्ध वाङ्मयहरू भए नभएको खोज गरी भएकालाई प्रकाशमा ल्याउनु वाञ्छनीय छ । नेपालमा भने सरकारी क्षेत्रबाट अहिलेसम्म उपेक्षाबाहेक अरु केही भएको छैन । जनस्तरमा पनि दैनिक प्रयोजनका सानातिना पुस्तिकाहरूमात्र थोरै प्रकाशित भएका छन् । विदेशबाट खास गरी भारतको मिथिलाविद्यापीठबाट नागरीलिपिमा प्रकाशित नवग्रन्थादि कृतिहरूको संकलन नेपालका विभिन्न विहार र शिक्षणसंस्थाहरूमा एवं व्यक्तिगत संकलनमा रहेका छन् । यसबाहेक देशको धार्मिक र सांस्कृतिक व्यवहारको आधार रहेको यो वाङ्मयको न्यूनतम अध्ययनमा सीमित रहन बाध्य छ ।

नेपाली भाषा : इसवीको नवौं शताब्दीदेखि भारतको उत्तर-पश्चिमी पहाडीक्षेत्र लगायत नेपालको कर्णाली प्रदेशमा देखापरेको र खसकुरा भनिने, वाइसे चौबिसे राज्यकालमा पर्वते, अनि पछि गोरखाली हुँदै आधुनिक युगमा नेपालको संविधानबाट राष्ट्रभाषा मानिएको सर्वाधिक प्रचलित नेपाली भाषा हो । पश्चिमी नेपालका मध्यकालीन राजाहरू सबै नै बुद्धमार्गी रहिआएको कुरो अभिलेखबाटै सिद्ध भईसकेको छ । त्यसै बेलादेखि लेख्यभाषा रहिसकेको यो भाषामा तत्कालीन के कति बौद्धविषयक वाङ्मय रहेको छ भन्ने कुरो खोजिकै विषय छ । स्पष्ट रूपले भने यही २० औं शताब्दीको दोश्रो पाउतिरमात्र प्रारम्भ भएको पाइन्छ । सन् १९२८-३० मा 'हिमालय बौद्ध' पत्रिकाबाट पालि र संस्कृत वाङ्मयका अंशहरूको अनुवाद र केही स्वतन्त्र लेखहरू प्रकाशित भए । पछि नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानबाट संस्कृतका पुरै नवग्रन्थको अनुवाद प्रकाशित गर्ने योजना गरेकोमा ४-५ वटामा नै अवरुद्ध भयो । एक-दुईवटा पुस्तक व्यक्तिगत रूपबाट पनि प्रकाशित भएका छन् । पालिसाहित्यबाट अनूदितमा भने आचार्य भिक्षु अमृतानन्द महास्थविरका कृति (प्रकाशनावधि १९७०-९०) नै मुख्य छ, अरु छिटपुट प्रकाशन भएकोमा धर्मकीर्ति विहारबाट र अन्य व्यक्तिगत औगातबाट प्रकाशित पुस्तक-पुस्तिकाहरू पर्दछन् । यी प्रकाशनहरूबाट सूत्र र विनयपिटकका अधिकांश भाग नेपालीमा उपलब्ध भएको छ । अभिधर्मपिटकका पुस्तकहरूमा एक्कलदुक्कल पुस्तक बाहेक मूलको नेपाली अनुवाद अभावै छ । स्वदेशी लेखकहरूका विविध विषयक स्वतन्त्र कृति तथा विदेशी भाषाबाट अनूदित कृतिहरू पनि उल्लेखनीय छ । सन् १९७४ देखि 'आनन्दभूमि' र १९८७ देखि 'धर्मकीर्ति' बौद्ध

मासिकमा नियमित रूपमा नै त्यस्तै अन्य समसामयिक पत्रिकाहरूमा आक्कल झुक्कल प्रकाशित लेखनबाट बौद्ध ज्ञान प्रसार हुँदै आएको छ । सरकारी संचार माध्यम हुँदा बौद्धजगत्मा यसको प्रयोग व्यापक भएको छ ।

नेपाल भाषा : नेपालको तराईलगायत भारतमा बुद्धधर्मको पतनपछि एक्लो परेको नेवार बुद्धमार्गीहरूबाट इसवीको १७ औं शताब्दीको शुरुदेखि यो भाषामा संस्कृत बौद्धवाङ्मयको अनुवाद भएको मानिन्छ । के र कति छन् भन्ने बारेमा अनुसन्धान हुन बाकी छ । आधुनिक प्रकाशन भने सन् १९०९ मा पण्डित निष्ठानन्द वज्राचार्यबाट 'अष्टसाहश्रिका प्रज्ञापारमिता' ग्रन्थको एउटा अंश प्रकाशित भएदेखि शुरु भएको हो । सन् १९२५ मा बुद्धधर्म र नेपाल भाषा पत्रिका छापिएदेखि मूलपालिको अनुवाद पनि थपियो । पछि धर्मदूत, धर्मोदय, आनन्दभूमि र धर्मकीर्ति आदि पत्रिकाहरूबाट पनि सेवा भयो र भइरहेको छ । केही छिटपुटबाहेक दीघनिकाय, मज्झिमनिकाय र मिलिन्दप्रश्न जस्ता उल्लेखनीय प्रकाशन बीसौं शताब्दीको अन्तिम पाउतिरमात्र भयो । सन् २,००० सम्ममा सुत्रपिटकको अनुवाद पूर्ण गर्ने योजना रहेको सुनिन्छ । पाठ्यपुस्तकहरूको अनुवाद प्रकाशन धेरै भइसकेका छन् । मुख्यगरी बर्मी विद्वानहरूका कृतिहरू निक्कै नै उपलब्ध छन् । सन् १९८४ सम्ममा प्रकाशित कृतिहरूको सूचि पुस्तकाकारमा उपलब्ध छ । अहिले बुद्धधर्मसम्बन्धी गद्य, पद्य, नाटक, इतिहास, जीवनी, यात्रा-संस्मरण आदि विभिन्न विधाको साहित्य पाइन्छ । यो जीवित बौद्ध समाजको एउटा सशक्त भाषा भएकोले बोलिचालीका अलावा लेखन शैलीको पनि विकास भएको छ ।

भोट भाषा : भारत र नेपालबाट प्रवेश भएको बुद्धधर्मलाई राजा र प्रजा दुबैतर्फबाट श्रद्धा र संरक्षण पाएकोले भोट भाषामा बौद्धसाहित्य सर्वाधिक छ । काठको ब्लक बनाई पुस्तक छाप्ने परम्परा धेरै अगाडि देखि चलेकोले यसको प्रसार पनि व्यापक भएको छ । आधुनिक नेपालको सरहदभित्र बस्ने भोटसँग सम्बद्ध र भोटमूलका नेपालीहरूका माझमा पनि यो वाङ्मय प्रशस्त पाइन्छ । त्यहाँका महत्वपूर्ण स्थानहरू एवं सम्बद्ध व्यक्तित्वहरूसँग यसको ठूलो संकलन पाइन्छ । विभिन्न समयमा भोटका विभिन्न ठाउँबाट प्रकाशित यी ग्रन्थहरूको कुनै सूचि भएको लेखकलाई जानकारी छैन । विशेष गरेर काठमाडौ र पोखरा उपत्यका लगायत हिमाली तथा पहाडी क्षेत्रका गुम्बाहरूमा यसको अध्ययन अध्यापन समेत हुन्छ । काठमाडौंमा श्री ५ को सरकारको अभिलेखालयमा भोटेफाँट भनी छुट्टै व्यवस्था गरिएको छ । मुख्य धर्म ग्रन्थ कंजुर र तन्जुर आधुनिक ब्लक बनाई ठूला ठूला पुस्तकाकारमा विभिन्न स्थानबाट प्रकाशित छन् । भारतका विभिन्न ठाउँहरूबाट दैनिक प्रयोगका पाठ्यपुस्तकहरु प्रकाशित हुन थालेको छ । गुम्बाहरूबाट पनि यसका छिटफूट प्रकाशन भएका छन् । नेवारइतर सारा नेपाली बुद्धमार्गीहरूका धार्मिक व्यवहारमा रहेको यो भाषा नेपालको बुद्धधर्ममा ठूलो महत्व राख्दछ ।

हिन्दी भाषा : नेपालीसँग साह्रै नजिक परेको हिन्दी भाषा संस्कृत, पालिबाट अनूदित बौद्धवाङ्मयबाट धनी छ । भारतको राष्ट्रभाषा रहेको र यो भाषा भाषीहरूको ठूलो जमात पनि हुनाले अझ प्रगतिशील हुनाले नेपाललाई पनि नेतृत्व दिन सकेको छ । शुरुदेखि नै यसका पत्रिकाहरू नेपालीहरूले मनपराइ आएको छ ।

इसवी बीसौं शताब्दीको प्रारम्भदेखि शुरु भई अहिलेसम्ममा अभिधर्मपिटकबाहेक पालित्रिपिटक पूर्णप्राय: अनूदित भइसकेको छ र केही संस्कृतको पनि । यसमा भएको आधुनिक बौद्धवाङ्मयको उपयोग नेपालीहरूबाट शुरुदेखि नै भई आएको छ । यसको मुख्य कारण नेपालीहरूलाई बुझ्नमा सुगमता नै भएको हो । तसर्थ नेपालीले पनि यत्किञ्चित भएपनि प्रकाशन गर्न श्रद्धा राखेको थियो । विभिन्न बौद्ध विषयवस्तुकाबारे नयाँ नयाँ कृतिहरू पनि नेपालीहरूले उपयोग गरेको छ । अब बिस्तारै यो भाषाप्रतिको हाम्रो निर्भरता कम हुँदैछ ।

अंग्रेजी भाषा : इसवी १८३७ मा 'महावंश'को अनुवादबाट शुरु भएको अंग्रेजीको बौद्धप्रकाशन आज धेरै विशाल भइसकेको छ । निक्कै अर्थकथाहरू र अन्य परम्परागत वाङ्मयका अलावा स्वतन्त्र लेखनको पनि ओइरो लागिराखेको छ । विश्वका अधिकांश बौद्ध अनुसन्धानात्मक कृतिहरू यसै भाषामा उपलब्ध छ । यो भाषाका कृतिहरू नेपालका विभिन्न धार्मिक तथा शैक्षिक केन्द्रहरूका साथै व्यक्तिगत संकलनमा पनि छन् । श्री अयोध्याप्रसाद प्रधान र भिक्षु अमृतानन्द जस्ता नेपालीहरूबाट पनि यस भाषामा योगदान भएको छ । बौद्ध क्षेत्रमा अध्ययन उपयोगी पाठ्य पुस्तक, कोशहरू, शोधकृतिहरू अग्रेजीमा प्रचूर पाइने भएकोले आधुनिक ढंगले अध्ययन गर्न चाहनेले यो भाषा जान्नु अपरिहार्य जस्तै नै भइसकेको छ ।

अज्ञात नाम भाषा : नेवार बौद्धहरूबाट चचा अथवा चर्यागीत भनेर गाइने सिद्ध सरहपाद आदिका कृतिहरू अर्का थरिका भाषामा छन् । आधुनिक संग्रहकर्ता राहुल सांकृत्यायन, नरेन्द्रनारायण चौधरी, डा. सुकुमार

सेन आदिबाट यस भाषाको नामबारेमा भिन्न भिन्न राय व्यक्तगरिएका छन् । यसको नाम प्राकृत, प्राचीन बंगाली, प्राचीन हिन्दी, प्राचीन मगही, प्राचीन अवधि र प्राचीन मैथिली अथवा सौरसेनी हो भन्ने मतहरू व्यक्त गरेका छन् । विभिन्न प्रदेशीय भाषाहरूको विशेषता रहेको वा समयको भिन्नताले मात्र भाषामा भिन्नता रहेको आदि विभिन्न मतहरू भएकोले यसलाई मैले यहाँ अज्ञात नाम भाषा वा निर्नामभाषा भनेको हुँ । यो उत्तरपूर्वी भारत लगायत नेपालका तराईभेगमा सन् ९-१२ औं शताब्दीको कृति हो भन्ने विद्वानहरूको भनाइ छ ।

अन्य भाषाहरू: नेपालका बुद्धमार्गीहरूबाट प्रयोग हुने अन्य भाषःहरूमा मुख्यतः तामाङ, थारु जस्ता स्वदेशी भाषा रहेका छन् । यसमा तामाङभाषाको प्राचीन वंशावली र महात्म्य ग्रन्थहरू बौद्धवाङ्मयमा समाहित गर्न सकिन्छ । आधुनिक यन्त्रमुद्रित कृतिमा भने धम्मपद, अतिसंक्षिप्त बुद्धजीवनी जस्ता कममात्र कृतिहरू छन् । थारु भाषाको पनि हालत त्यही हो । तर यी दुबै भाषामा पत्रिका प्रकाशनको थालनी भएको छ । प्राचीन कालमा बौद्धवाङ्मयको अनुवाद भएको विश्वास गरिने किराती भाषामा आधुनिक कालमा कुनै त्यस्तो कृति भएको जानकारी छैन । त्यस्तै अन्य कुनै जनजातीय भाषामा प्रकाशित बौद्धकृतिको बारेमा पनि जानकारी छैन । विदेशी भाषाहरूको प्रयोग केही विद्वानहरूका बीचमा मात्र सीमित छ । जापानी र चीनिया भाषाको प्रयोगतिर पनि नेपाली बुद्धमार्गीहरू भरखर मात्र लम्किरहेका छन् ।

यसरी नेपाली बुद्धमार्गीहरू विभिन्न भाषा प्रयोग गर्दछन् । नेपालमा जन्मनुभएका भगवान् बुद्धको वाणी सुन्न-बुझ्न उनीहरूले कयौं विदेशीभाषा र प्राचीन भाषा

सिकिरहेका छन् भने विभिन्न व्यक्तिहरू स्वदेशी भाषामा धार्मिक वाङ्मय सृजना गरेर बहुजन हिताय, बहुजन सुखाय सद्धर्मको ज्ञान प्रचार गर्नमा तत्पर हरेका छन् भन्ने कुरामा शंका छैन ।

अक्खरं एकमेकं च, बुद्धरूप समं सिया ।
तस्माहि पण्डितो पोसो, लिखेय्य पिटकत्तयं ॥
चतुरासीति सहस्सानि, सम्बुद्धा परिमाणका ।
ठिता नाम भविस्सन्ति, तिट्ठन्ते पिटकत्तये ॥
अक्खरं एकमेकं च, लोकनाथस्स सासने ।
अक्खरं बुद्धरूपं च, सममेव फलंसिया ।

एक-एक वटा अक्षर बुद्धरूप समान हो । त्यसो हुनाले पण्डित व्यक्तिले त्रिपिटक लेख्नुपर्छ । त्रिपिटक स्थिर रहेमा ८४ हजार भगवान् सम्यक्सम्बुद्धहरू स्थिर रहेको हुनेछ । यो लोकनाथका शासनमा एक-एकवटा अक्षर लेख्नु भनेको जति वटा अक्षर लेखिन्छ त्यति नै वटा बुद्धरूप बनाएको समान फल हुन्छ ।

एउटा विडम्बनाको कुरा, बैंकक्स्थित शाही नेपाली राजदूतावासमा थाईलिपिको बुद्धवचन मूलपालि र अर्थकथाको पालि १ सेट (जोर) र त्यसको थाई अनुवाद १ सेट (जोर) वाङ्मय कुहाएर त्यसै गार्बेजमा फालिएको छ । यो वाङ्मय नेपाल अधिराज्यको लागि थाईराजाबाट उपहार रूपमा राजदान बक्सेको हो भनी हरेक पुस्तकमा छापिएको छ । त्यो थापेर ल्याउने महामहीम राजदूत सुन्दरनाथ भट्टराईको सरुवा भइसकेको छ, तर पछि यो पँक्तिकारले राजदूतावासका अधिकारीहरूसँग अनुरोध गर्दा कसैलाई दिन पनि नमानेको, अहिलेसम्म त्यसको उचित ढंगले थान्को लगाउने काम पनि कसैले नगरेको

कुरा उल्लेख गर्नुपर्दा खेद लागेको छ । (देखेको मिति जनवरी १९९४, मार्च १९९८)

द्रस्तव्य : –

D.C. Ahir, Buddhism in Modern India; Modern Buddhist Literature, 1991.

G.R. Sain; Buddhist Literature; 1992. (University of Delhi Library).

Narendra Natha Bhattacharya, History of Researches on Indian Buddism, New Delhi, 1981.

Peter Skilling; Mahasutras Vol. I., 'Description of Tibetan Sources; 1994.

Venerable Phra Vipassi Dhammaramo; Pali Literature in Nepal. 1992, (Unpublished thesis submitted to Mahamakut Buddhist University. Bangkok.)

(आनन्दभूमि २६/८)

नेपालय् गुलुपाःया महिमा

गुलुपाः धयागु बुद्ध, प्रत्येक बुद्ध व श्रावकपिनि थःगु दैनिक जीवनय् छ्यलाबिज्याइगु थल खः । थुकियात पात्र नं धाः । बुद्ध शासनय् थुकिया यको महत्व दु । थ्व छगू प्रव्रजितपिंत मदयेक मगाःगु व पिनेयागु दृष्टि दकले महत्वपूर्णगु वस्तु धाःसां छुं अपो खँ जुइथें मताः । छाय्धाःसा थ्व प्रव्रजितपिनि लागी थःगु दैनिक आवश्यकता पुवंकेत दकले ज्या ब्यूगु वस्तु खः ।

महाभिनिष्क्रमण याना बिज्याःम्ह बोधिसत्व सिद्धार्थ थःगु प्वाःया आवश्यकता पुवंकेत माःगु वस्तु संग्रह यायेत गुलुपाः हे न्हापालाक प्रयोग याना बिज्यात । गुलुपाः हे ज्वना वसपोल राजगृहय् भिक्षाटन याः बिज्यात । अनया जुजु बिम्बिसार वसपोलयात 'राज्यय् याउँक च्वँ, थथे गुलुपाः ज्वना भिक्षा फोना नया जुये म्वाः' धाल हे मानय् मजुसें राज्यय् च्वनेगु स्वया नं गुलुपाःया भरय् म्वायेगु व ज्ञान गवेषण याः वनेगु हे उत्तम तायेका बिज्यात । उकिं गुलुपाःया महिमा झन तःधन ।'

वसपोलं थः बुद्ध जुयेधुंका नं गुलुपाःयात यक्को हे महत्व बिया बिज्यात । बुद्ध शासनय् प्रव्रजित जुइपिंत थ्व नं छगू मदयेक मगाःगु वस्तु याना बिज्यात । उबले थ्व हे गुलुपाः ज्वना भगवान् बुद्ध व वसपोलया श्रावक-श्राविकापिं शहरय् गामय् न्ह्याथासं भिक्षाटन याः बिज्याइगु जुल । थः अबुजु शुद्धोदनं पंकपंकं नं भिक्षुसंघ

सहित कपिलवस्तुस भिक्षाटन या: बिज्या:गु तथा अन कनाबिज्या:गु भिक्षाटनया महत्व लुमंके बह:जू ।

अबले गुलिं भिक्षुपिंला भिक्षापात्रय् लाभ जूगु बाहेक मेगु छुं हे स्वीकार मयायेगु व्रत कया च्वंपिं तक नं दुगु जुया च्वन । अबले भिक्षाटन वनीबले आ: भ्नी नेपालय्थें कच्यूगु दान बीगु मखु, बूगु हे थ:थ:गु छ्वैय् च्वंगु जा कैंहें दान बीगु ख: । थथे जुइबलें अपो याना: थुकी निम्नश्रेणीगु व ल्वाक: बुक:गु नं लाभ जुइफु । थज्या:गुलिं सन्तुष्ट जुया बिज्याइपिं मध्यय् अनुबुद्ध जुया बिज्या:म्ह भिक्षु महाकाश्यप अग्र ख: ।

परापूर्वकालं निसें आ:तकं नं थाइलैण्ड व बर्मा आदि बौद्धदेशय् नं अपोयाना: भिक्षुपिनि भिक्षाटनद्वारा हे निर्वाह जुइगु ख: । थन छु शहर, छु गां, न्ह्याथाय् वंसां सुथन्हापां नये त्वनेगु ज्वरेयाना दान बीत दायक-दायिकापिं छैं क्वय् च्वंच्वनीगु साप स्वये यइपुसे च्वं । थज्या:गु चलनं याना भिक्षुपिं प्रशस्त दत । भिक्षुपिं प्रशस्त दुगुलिं दान बी मखनी धयागु नं मंत । थुकथं धार्मिक विषयय् व्यवस्था बांलाना च्वन ।

गुलुपा:या महत्व भ्नी नेपालय् नं कम मजू । न्ह्याथाय् चीबहालय्, भगवान्याथाय्, वं भिक्षुपिंत जाकि दान बीमाल धा:सा गुलुपातये थना: दान याइ । मेमेपिं द्योपिंत किसलिखय् तया: अथवा अथें हे छाइ । थ्व गुलुपा:या प्रति दयाच्वंगु श्रद्धा व गौरवया स्वरूप ख: । थन छ्यलीगु गुलुपा: फँ फँ जाकि न्ह्यंगु लुँयागु निसें कया: जाकि मुस्किलं नीग:ति हे जक न्ह्यनीख्वा: व:गु चायागु, नँयागु गुलुपा: नं छ्यलाच्वंगु भ्नीसं खं । थ्व नं छखें गुलुपा:या व्यापकताया हे प्रतीक ख: ।

वंगु ६।७ दशकं निसें हानं छकः नेपालय् गुलुपाः प्रचलन विशेष कथं वृद्धि जुयावःगु खने दु । नेपालय् थेरवादी भिक्षुपिनिगु प्रवेशया नापनापं छैं क्वय् क्वय् थ्यंक वनाः भिक्षाटन यायेगु आदर्श हानं छको शुरु जुल धयां छुं पाइथें मच्वं । थथे हे बुद्धं दयेकाथका बिज्याःगु विनय अनुरूपगु गुलुपाः हे जक छ्यलेगु याइपिं नं दया वल ।

नेपालय् थथे गुलुपाः ज्वना याइगु भिक्षाटनयात नियमित रूपं न्ह्याकायंकेगुली आपालं बाधात मदुगु नं मखु । गुलिं गुलिं मनूत ज्या याये अलसि जुया भिक्षु जुया भिक्षा फ्वना नःवल धाइपिं दुसा, छखे परम्परागत धर्मयात ह्रास यायेत न्हूगु तरिका पिकाःगु धका टिप्पणी याइपिं नं मदुगु मखु ।

हानं छथी मनूत भिक्षुपिंत छैंय् निमन्त्रणा ब्वने थाकु धाइपिं दुसा मेथी मनूत भिक्षुपिं निमन्त्रणा जक वना जुया च्वन धाइपिं दु । शासनिक ज्याय् उस्त ध्यान मब्यू धाइपिं नं दु । अथे हे गुलिं मनूत भिक्षुपिंसं भिक्षाटन मयाः धका निन्दा याइपिं दुसां, गुलिं गुलिं दछिया छको निको जक भिक्षाटन याःसां हे थथे लोभी जुया बरोबर भिक्षाटन जुये मज्यू, मदइबले मज्जिमगाइबले जक वंसा छुं खँ मदु धाइपिं नं दु ।

थज्याः थज्याःगु खँ गुलुपाः लिसे यक्को दु । तर इपिं फुकं खँ न्यना अलमलय् जुयेगु स्वया, तथ्य खः वा ख हे मखु धका हाला च्वनेगु स्वया दूरदर्शी जुया शासन क्वातुया वनीगु किसिमयागु व्यवहार भ्रीथाय् भिक्षुपिंसंनिं यायेमाःथें च्वं । छाय्धाःसा भ्रीथाय् देशय् शिक्षित यायेत व छुं ज्या सफल यायेत अनुकूल जुइक विचार व खँ ज्या

धर्मपूर्वक यायेसःपिं व याइपिं यक्को हे म्हतिनि । कर्पिनिगु हाहालय् लगय् जुयां भ्रीगु छुं ज्या तिप्यनी मखु । थ्व छगू थनयागु सामयिक परिस्थिति धाये माली । अथे जूसां नं योग्यता दुपिं भतिचा भिक्षुपिंसं जक नं कुशलता पूर्वक कार्य यानायंकल धाःसा हे गुलिखे ज्या जुये फु । अन्तये मेगु खँ नं बुलुहुँ अनुकूल जुया वइ ।

भ्रीथाय् भोजन जक वना माःगु प्रत्यय पूरा याये फुगु, याइगु विहार नं दत । उपासक उपासिकापिंसं विहारय् दान यायेहःगु वस्तुकं आवश्यकता गाके फइगु विहार नं दत । तर गुलुपाः ज्वना भिक्षाटन याना आवश्यकता पूर्ण याइगु विहार मदुनि । यदि दत धाःसा मेगु निगू तरिका स्वया प्रभावकारीता म्ह जुइ मखु । वृद्धि हे जुइ । थुकिया लागी विहारवासी हरेक भिक्षु व श्रामणेर सुथसिया ७-१० बजे तकया दुने घौछि बाघौ विहारया जःखः भिक्षाटन यायेगु बेस जुइ । प्रत्येक दिनय् समय निश्चित जुल धाःसा बीपिनि नं ध्यान दइ । थ्व ज्या अभूतपूर्व मखु, पुला पुलांपिं भन्तेपिंसं न्हापा चलय् याना तया बिज्याये धुंकुगु जक मखु गुलिखे विदेशी भिक्षुपिंसं नं नेपालय् च्वना याना वने धुंकूगु तरिका खः ।

अ.ने.भि. महासंघया निमन्त्रणाय् नेपालय् शाक्य कुलपुत्रपिंत प्रव्रज्या बिया बिज्याःम्ह थाई राजगुरु थाइलैण्डया वर्तमान संघराजा सोमदेत फ्रा ञाणसंवर, भन्तेनं ७३ म्ह शिष्यपिं सहित कीर्तिपुरय् भिक्षाटन याना बिज्याःगु आदर्श कायेबह जू । थुकियात हे आदर्श कया समय परिस्थितियात ल्वयेक माःगु परिवर्तन याना भिक्षा परम्परा चले हे याना यंकेमाः । बस् थुकिया लागी उत्साह व धैर्य मालाच्वंगु दु । थुगु कार्यय् तनमन बियेगु हरेक प्रव्रजितं थःगु कर्तव्य खंकेमाः ।

झीगु नेपाःदे भौतिक दृष्टिं लिपालाना च्वंसां आध्यात्मिक दृष्टिं उच्च धायेथाय् दु । धर्मय् श्रद्धा तइपिं नं म्ह मजू । यदि थन च्वय् धयावयाथें गुलुपाः छ्यला भिक्षाटन वनेगु यात धाःसा झीगु नेपालय् अधिराज्यभरी भिक्षुपिं फिँजय् जुया वनेत छुं थाकुगु खँ मखु । थुकथं वसपोल भगवान् तथागतयागु शासन बुद्धभूमि नेपाल देशय् हानं छकः जाज्वल्यमान जुया वइगु निश्चित खः । अले थ्व स्वयाः अपो नेपालय् गुलुपाःया महिमा मेगु छु आशा याये ?

(आनन्दभूमि २१/४)

विनयपिटकको स्वरूप

'विनयपिटक' त्रिपिटकमध्ये बुद्धवचनको एक भाग हो । पिटक भनेको कुनै उपयोगी कुराहरू राख्ने टोकरी हो । यहाँ यसको व्याबहारिक अर्थ भगवान् बुद्धले बनाउनुभएका नियमहरूको सँगालो हो । यस पिटकमा भिक्षु र भिक्षुणीहरूको लागि बनेका नियमहरू छन् ।

प्राचीन परंपरामा यसको विभाजन यस प्रकार भएको छ – १. पाराजिकपालि, २. पाचित्तियपालि, ३. महावग्गपालि, ४. चुल्लवग्गपालि, र ५. परिवारपालि । यसका पहिला दुई भागलाई सुत्तविभंग तथा त्यसपछिका दुई भागलाई खन्धक पनि भनिन्छ । यो सुत्तविभंग तथा खन्धकको आपसी क्रम कहिलेकाहीँ तलमाथि परेको पनि पाइन्छ । थाईलिपिको त्रिपिटकमा यसको सबभन्दा बैज्ञानिक तरिकाले विभाजित गरिएको छ । जुन यस प्रकार छ –

(क) भिक्खुविभंग, (ख) भिखुणीविभंग, (ग) महावग्ग, (घ) चूलवग्ग र (ङ) परिवार । यी प्रत्येक शीर्षकबारे संक्षिप्त परिचय तल दिइन्छ –

(क) **भिक्खुविभंग** : यसमा भिक्षुहरूका मुख्य नियमहरू रहेका छन् । यसमा ८ काण्डहरू छन् ।

१. पाराजिका काण्ड । यसका ४ नियमहरू छन् । मनुष्य हत्या, चोरी, मैथुन, अलौकिक ज्ञानको धाक । यीमध्ये कुनै एकमात्र गरेता पनि उपसम्पन्न भिक्षु भिक्षुत्वबाट च्युत हुन्छ । यसलाई कसैले पनि निराकरण गर्न सक्दैन ।

२. संघादिसेस काण्ड । अर्थात् आपत्तिबाट मुक्त हुन शुरु तथा अन्तमा २० जना भिक्षुयुक्त संघ चाहिने । यसका नियमहरू १३ वटा छन् । शुक्रमोचन, खराब चित्तले स्त्रीस्पर्श स्त्रीसँग अश्लील वार्ता, नाजायज उद्देश्यको लागि स्त्रीलाई बोलाउनु, लमीको काम गर्नु, कुटी बनाउँदा प्रमाण नाघ्नु, विहार बनाउँदा प्रमाण (साइज) नाघ्नु, भिक्षुलाई पाराजिकको भूठो आरोप लगाउनु, एउटा कुरा अरु कुरासँग सम्बद्ध गरी पाराजिक दोष लगाउनु संघभेद गर्न खोज्नु भेदानुवर्तक र अत्तेरी हुनु र कुलदूषक हुनु कुरा पर्दछ । यी पाराजिका तथा संघादिसेस आपत्तिलाई गरुकापत्ति अर्थात् गह्रौ आपत्ति भनिन्छ ।

३. अनियत काण्ड । यसमा जम्मा २ वटा नियमहरू छन् । यसका आपत्ति पाराजिक, संघादिसेस अथवा पाचित्तिय कुनै पनि हुन सक्दछ । त्यसैले यो अनिश्चित नियम हो ।

४. निस्सग्गिय पाचित्तिय काण्ड । यसमा ३० वटा नियमहरू छन् । यसमा भएका आपत्तिहरूबाट मुक्त हुन जुन वस्तुबाट आपत्ति भएको हो सो छोड्नुपर्छ ।

५. पाचित्तिय काण्ड । यसमा ९२ वटा नियमहरू छन् । यसमा भएका आपत्तिहरू देशनाद्वारा मुक्त होइन्छ ।

६. पाटिदेशनीय काण्ड । यसमा ४ वटा नियमहरू छन् ।

७. सेखिय काण्ड । यसमा भिक्षुको खानु,लाउनु, हिंड्नु, बस्नु, उभिनु र धर्मदेशना गर्नु सम्बन्धी ७५ वटा नियमहरू छन् ।

८. अधिकरण समथ काण्ड । यसमा ८ वटा नियमहरू छन् ।

(ख) **भिक्खुणीविभंग** : यसमा भिक्षुणीहरूको विनय संगृहीत छन् । यसमा पनि भिक्खुविभंगमा जस्तै नै छ, तर अनियत काण्ड एक कम हुनाले काण्डको संख्या जम्मा ७ मात्र छन् । नियमहरू भिक्षुहरूको भन्दा बढी थप भएका काण्डहरूमा पाराजिका ८ संघादिसेस १७ र पाचित्तिय १६६ छन् । अरू बाकी काण्डमा नियम संख्या भिक्षु विनयका समान छन् । यस प्रकार भिक्षुहरूको प्रातिमोक्षमा आएका जम्मा नियम २२७ छन् भने भिक्षुणीहरूको नियम ३११ छन् ।

(ग) **महावग्गपालि** : भगवान् बुद्धका बोधिप्राप्ति (ज्ञान लाभ) देखि लिएर प्रथम उपदेश, राजगृहमा बिम्बिसार अवबोध, श्रावस्तीमा अंगुलीमाल दमन सम्मका घटनावली परेको छ । त्यस्तै बुद्धका प्रसिद्धतम शिष्यहरू सारिपुत्र, मौद्गल्यायन, महाकाश्यप, आनन्द, उपालिहरूका कथा पनि यहीँ छन् । बौद्धजगत्मा अति प्रसिद्ध भएको बुद्धधर्मका सारभूत उपदेश मानिएका सूत्रहरू जस्तै धर्मचक्रसूत्र, अनत्तलक्षणसूत्र र आदित्यपर्यायसूत्र आदि यसको पहिलो खन्धक महाखन्धकमा उल्लिखित छ ।

भिक्षुहरूको हरेक पक्षको अन्तमा गरिने उपोसथबारेमा नियमहरू सविस्तार उपोसथ खन्धकमा, वर्षावास तीन महीनासम्म एउटै स्थानमा बस्नुपर्ने चलन

सम्बन्धी नियमहरू वस्सूपनायिक खन्धकमा, वर्षावास सम्पूर्ण भएपछि गरिने पवारणसम्बन्धी चर्चा पवारणा खन्धकमा, छालाका वस्तुको प्रयोगसम्बन्धी चम्मखन्धकमा, औषधी उपचार सम्बन्धी पालन गर्नुपर्ने नियमहरूको संकलन भेसज्ज खन्धकमा, वर्षावास सकिएपछि भिक्षुहरूले पाउने कठिन चीवर सम्बन्धी नियमहरू कठिन खन्धकमा, अरू साधारण चीवर सम्बन्धी नियमहरू चीवर खन्धकमा, नियम उल्लंघन गर्ने भिक्षुको लागि दण्डविधि चम्पेय्य खन्धकमा, अनि कोसम्बीमा भिक्षुहरूको विवाद एवं त्यसको निवारणको कुरा कोसम्ब खन्धकमा उल्लिखित छ।

(घ) **चुल्लवग्ग** : यो पनि महावग्ग जस्तै नै खन्धकमा विभाजित छ। यसमा जम्मा १० वटा खन्धक छन्। विनय उल्लंघन गर्ने भिक्षुलाई दिइने ७ प्रकारका दण्डविधानहरू छन्। तज्जनीय – मौखिक चेतावनी, निस्सय-निगरानी पब्बाजनीय-निस्कासन, पटिसारणीय-क्षमामाग्न लगाउनु, उक्खेपनीय-वेवास्ता गर्नु (बहिस्कार गर्नु)। यस सम्बन्धी घटना तथा उठाउनुपर्ने कदमबारे छलफल पहिलो खन्धकमा छ। संघादिसेस आपत्ति लाग्ने भिक्षुप्रति गरिने दण्डविधान पारिवासिक खन्धकंमा, परिवासकालमा फेरि संघादिसेस आपत्ति लाग्ने भिक्षुलाई दण्ड विधि-मूलाय परिकस्सना, परिवास पूरा भएपछि छ दिनसम्म तालिममा जाने काम - चारत्त मानत्त तथा यों विधि पूरा भएपछि फेरि पूर्ववत् भिक्षुसंघमा प्रवेश दिइने काम-अब्भानको शूरुवात जस्ता कुराहरू समुच्चय खन्धकंमा, अनेकौं पटक पहिलो संघादिसेस लाग्ने उदायी भिक्षुलाई सुद्धन्त परिवास बस्न लगाइएको कथा समयखन्धकंमा, भिक्षुहरूको आपसमा विवाद उत्पन्न भएमा गर्नुपर्ने कारवाहीको चर्चा अधिकरण समथमा,

तथा भिक्षु दब्बमल्लपुत्रलाई मेत्तिय तथा भुमज्जक भिक्षुहरूले लगाएको पाराजिकको आरोप भगवान्‌ले निराकरण गर्नुभएको कुरा यहाँ छ ।

भिक्षुहरूले सयनासन - बस्ने तथा सुत्ने ठाउँ-(कुटी, विहार) सम्बन्धी पालन गर्नुपर्ने नियमहरू सयनासन खन्धकमा, देवदत्त प्रव्रजित भएदेखि मरणसम्मको कथा संघभेद खन्धकंमा, आगन्तुक, स्थानीय गमिक (अन्यत्र जानेवाला) भत्तानुमोदन (भोजनपछि आशीर्वाद) मधुक्करी, भिक्षाटन तथा अरण्यवासका बारेमा वत्त खन्धकंमा भगवान्‌ले पातिमोक्खमा सम्मिलित हुन अस्वीकार गर्नु भएको घटना पातिमोक्खट्ठपन खन्धकंमा, महाप्रजापति गौतमी भिक्षुणी बनेको कथादेखि भिक्षुणीहरूको आफ्नै आफ्नै समूहमा पातिमोक्ख पाठ गर्न अनुमति भिक्खुणी खन्धकमा, बुद्ध परिनिर्वाणपछि भएको प्रथम संगायनादेखि आनन्द स्थविरसँग कोसम्बीका राजा उदेनले धेरै चीवरहरूबारे सोधेको प्रश्नको सन्तोषजनक जवाफ पंचसतिक खन्धकंमा, राजा कालासोकका पालामा बालुकाराममा भएको दोश्रो संगायनाको कुरा सत्तसतिका खन्धकंमा उल्लिखित छन् ।

(ङ) परिवार : यो विनय पिटकको अन्तिम भाग हो । यसमा केही विशेष नयाँ कुरा छैनन् । माथि उल्लिखित विषयलाई नै लिएर ब्याख्या, प्रश्न उत्तर तथा पछिल्ला समयका उदाहरणात्म घटनाहरू यसमा दिइएका छन् ।

नवनालन्दा प्रकाशनले त्रिपिटकको आफ्नो प्रकाशनमा यसमा रहेका स्याना स्याना घटनालाई यथार्थ नामकरण बाहेक धेरै जसोमा 'वत्थु' अथवा 'कथा' भन्ने शब्द जोडेर नामाकरण अथवा शीर्षक राखेको छ –

जस्तै कि 'चत्तारः निस्सय' बोधिकथा, करभेदक चोरवत्थु आदि । अझ भन्ने हो भने कथानक भएकोमा वत्थु अथवा कथा नै उल्लेख छ भने विषयवस्तुको मात्र चर्चा छ भने तद्अनुसार शीर्षक दिइएका छन् । यस्तो विभाजन पालि टेक्स्ट सोसाइटीका तथा थाइल्याण्डका पनि कुनै पनि प्रकाशनमा पाईदैन ।

विनयपिटकमा मुख्यतः भिक्षुहरूका विनयसम्बन्धी नै बढी चर्चा रहेकोले साधारण पाठकका लागि सुपाठ्य छैन । कतै कतै मरुभूमिमा पानीको खाल्टो झैं दुर्लभ भएपनि बडो रमाइला कथा पनि पाइन्छन् । विनयपिटक ठीकसँग अध्ययन नगरिकन धर्मविनय ठीकसँग बुझ्न सकिंदैन । एउटा कुरा हामीले बुझिराख्नुपर्छ कि विनय भनेको भिक्षु, भिक्षुणी, श्रामणेर, श्रामणेरीहरूलाई मात्र बनेको हो । गृहस्थहरूले यसमा श्रद्धा गरे पनि सबै पालन गर्नुपर्ने होइनन् । नियममा बस्नु धर्म हो भन्दै असम्बन्धित र अनावश्यक नियमहरू गृहस्थीलेपालन गरि हिड्नु बुद्धिमत्ता होइन । बरू श्रद्धालुले केहि अवधिका लागि भएपनि प्रब्रज्या/उपसम्पदा धारण गरि यसको अध्ययन, चिन्तन, मनन र पालन गरो पूण्यार्जन अवश्य हुन्छ ।

(आनन्दभमि २०/७)

थेरवाद तथा महायान प्रातिमोक्षः एक तुलनात्मक अध्ययन

थेरवाद तथा महायान, बुद्धधर्मका प्रमुख दुई निकायहरू हुन् । यसका आपसी सम्बन्ध एउटै सिक्काका दुई पहलू झैं हो । अर्थात् यदि हामीले महायानलाई हाम्रो दृष्टिक्षेत्रमा नलिएको खण्डमा थेरवाद भन्ने परिचय रहन्न, त्यस्तै थेरवादलाई छोडेमा महायान । किनभने यी दुईवटै बुद्धधर्मको कालक्रमकोप्रतिफल हो । बुद्धत्त्वको इच्छा, त्रियान तथा अति धेरै संख्यामा बुद्ध तथा बोधिसत्वादिप्रति महत् श्रद्धा राख्नुभन्दा प्रज्ञा तथा विनयमा बढी जोड दिने, अरहत्तता थेरवाद भए यसका ठीक विपरीत इन्छा गर्ने बुद्धत्त्व पाउनु, अनि जगत् उद्धार गर्नु नै एकमात्र महान् आदर्श महायान हो । यसलाई बुद्धयान, प्रत्येकयान तथा श्रावकयान भन्ने शब्दावलीमा बुद्धयान पनि भनिन्छ । यद्यपि पछि यो महान आदर्श घोषणामात्र हुन गयो । उपकारभन्दा पूजा-पाठमा बढी ध्यान केन्द्रित हुन पुग्यो । फैलावको दृष्टिबाट यी दुइटा मध्ये थेरवादलाई दक्षिणी तथा महायानलाई उत्तरी निकाय पनि भन्दछन् ।

माथि उल्लेख गरे झैं यी दुइ वटै निकाय एउटै बुद्धधर्मको क्रमिक विकासबाट व्युत्पन्न निकायहरू हुन् । तसर्थ सधैं भिन्नतामात्र देखाएर अलग्ग हुने प्रवृत्तिभन्दा दुबैको अध्ययनद्वारा यथाभूत कुरा जान्न खोज्नु दुबै पक्षबाट हुनु पर्दछ र यसबाट दुबै पक्षमा सहिष्णुता वृद्धि भएर जानेछ । यहाँ प्रातिमोक्षबारेमा संक्षिप्तरूपमा दुबै

पक्षको तुलनात्मक विशुद्ध बौद्धिक समीक्षा प्रस्तुत गरिन्छ ।

बुद्धधर्ममा पनि अन्य धर्महरूमा झैं शास्ता, शासन-पुद्गल, शासनिकजन तथा शासन-स्थानले युक्त छ । अर्थात् भगवान् बुद्ध बुद्धशासनका शास्ता हुन् । उनका श्रावक भिक्षु भिक्षुणीहरू शासन-पुद्गल हुन् । बुद्धधर्मसित सम्बन्धित विहार, आराम र चैत्य आदि बुद्ध शासनको साँस्कृतिक वैभवहरू हुन् । यी सबै कुराहरूको कालान्तरसम्म रहने गरी आदिकल्याण, मध्यकल्याण, पर्यवसान कल्याणकारक धर्मको शास्ता बुद्धले व्यवस्था नियमहरू बनाई छोडेर जानुभएको छ । यसमा भिक्षु एवं भिक्षुणीहरूका नियमहरूको संक्षिप्त सँगालोलाई प्रातिमोक्ष भनिएको छ । यदि छुट्याउने हो भने भिक्षु प्रातिमोक्ष तथा भिक्षुणी प्रातिमोक्ष गरी दुई भाग गर्न सकिन्छ । दुइवटैलाई सामूहिकरूपमा उभयप्रातिमोक्ष पनि भनिन्छ । यो प्रातिमोक्ष थेरवाद तथा महायान दुबै निकायमा अद्यापि व्यवहृत छन् । थेरवादको प्रातिमोक्ष पालि भाषामा रहेको छ भने महायानको संस्कृतभाषामा । जुन एक तुलनात्मक विशुद्ध बौद्धिक अध्ययन यहाँ प्रस्तुत छ ।

प्रातिमोक्ष (उभय प्रातिमोक्ष)

(क) भिक्षुप्रातिमोक्ष, (ख) भिक्षुणीप्रातिमोक्ष

(क) भिक्षुप्रातिमोक्ष : – यसमा ८ विभागहरू छन् । हरेक विभागमा रहेका दुबै निकायका समानता एवं भिन्नता यसरी देखाउन सकिन्छ –

(क) पाराजिक आपत्ति ४ – यो दुबै निकायबीच मूलरूपमा र प्रारम्भमा कुनै अन्तर छैन ।

(ख) संघादिसेस (पालि), संघावशेष (संस्कृत) १३ : यसबारेमा पनि दुबै निकायबीच कुनै भेद छैन । अन्तिम दुइवटा आफ्नो क्रममा मात्र तलमाथि परेका छन् ।

(ग) अनियत आपत्ति २ : – दुबै निकायमा समान छन् ।

(घ) निस्सग्गिय पाचित्तिय (पालि) नैसर्गिक प्रायश्चित्तिक (संस्कृत) आपत्ति ३० : यसबारे पनि दुबै निकायबीच कुनै अन्तर छैन । पालिको १३ औं नियममा आसनको कपडामा कालो ऊन ५०% राख्न मिल्ने भनिएकोमा संस्कृतकोमा भने लगभग २५% मात्र राख्न मिल्छ भनिएको छ ।

(ङ) पाचित्तिय (पालि) प्रायश्चित्तिक, (संस्कृत) आपत्ति : थेरवादमा ९२ छन् भने महायानमा २३ औं तथा ८२ औं संख्याको नभएर ९० मात्र रहेको छ । अरू कुराहरू सबै समान छन् भने नियमको आपसी क्रममात्र अलिकति तलमाथि परेका छन् ।

(च) पटिदेसनीय (पालि) प्रातिदेशनीय (संस्कृत) आपत्ति ४ : दुबै निकायमा पूर्ण समानता छ ।

(छ) सेखिय अथवा सिक्खाकरणीय । (पालि) शिक्षाकरणीया (संस्कृत) : यो विभागको नियम थेरवादमा ७५ वटामात्र छन् जब कि महायानमा भने १०० वटा छन् । थेरवादका १३, १४, १९,२०, २८, २९, ३१, ४०, ४२, ५२, ५३, ५४, ६४, ६५ औं तथा ७८ औं गरी १५ वटा सेखियहरू महायानका शिक्षाकरणीमा छैनन् ।

यसको सट्टामा महायानमा केही फरकरूपले रहेका सेखिय नियम निम्न प्रकारका छन् –

१. घाँटीमा कपडा बेरेर बस्तीमा नजाने ।

२. घाँटीमा कपडा बेरेर बस्तीमा नबस्ने ।

३. खुट्टाका औंलाहरू चलाउँदै बस्तिमा नबस्ने ।

४. तरकारी तथा तिहुन आदि पात्रको किनारासम्म मात्र लिने ।

५. बिरामी नभइकन पनि ठीकसँग पोशाक नलगाएकालाई धर्मदेशना नगर्ने ।

६. बिरामी नभइकन पनि घाँटीमा कपडा बेरेका लाई धर्मदेशना नगर्ने ।

७. आफू बसेर बिरामी नभइकन पनि कम्मरमा हात राखिबसेकालाई धर्मदेशना नगर्ने ।

८. आफू बसेर बिरामी नभइकन पनि सुतेको (लेटेको) लाई धर्मदेशना नगर्ने ।

९. आफू होचो आसनमा बसी बिरामी नभइकन पनि अग्लो आसनमा बसेकालाई धर्मदेशना नगर्ने ।

१०. आफू होचो ठाउँमा हिँडर बिरामी नभइकन पनि अग्लो ठाउँमा हिँडिरहेकोलाई धर्मदेशना नगर्ने ।

११. एक अर्कासँग हातमा हात मिलाई बाटोमा नहिँड्ने ।

१२. अति जरुरी अवस्थामा बाहेक आफ्नो जीउको उँचाईभन्दा बढी रुख नचढ्ने ।

१३. आफ्नो भिक्षापात्रलाई नोल (दंडा)मा झुण्ड्याएर नहिंड्ने ।

१४. बिरामी नभइकन पनि तलबार लिएकालाई धर्मदेशना नगर्ने ।

१५. बिरामी नभइकन पनि माला लिएकालाई धर्मदेशना नगर्ने ।

अरू महायानमा थप भएका २५ वटा नियमहरू निम्न प्रकारका छन् :– अति जरुरी अवस्थामा बाहेक स्तूपमा (१) डेरा नगर्ने (२) भण्डार नबनाउने (३) जुत्ता लगाएर नजाने (४) जुत्ता नलग्ने (५) वरिपरि जुत्ता नलगाउने (६) विशेष जुत्ता पनि लगाई नजाने (७) जुत्ता लगाएर नबस्ने (८) विशेष जुत्ता पनि लगाएर नबस्ने (९) फोहर हुने गरी खान-पान नगर्ने (१०) शब नलाने (११) शब नगाड्ने (१२) मुन्तिर दाहसंस्कार नगर्ने (१३) अगाडी दाह-संस्कार नगर्ने (१४) दुर्गन्ध आउने गरी दाहसंस्कार नगर्ने (१५) फोहर एवं गन्हाउने कात्रो नलग्ने (१६) झाडा-पिसाव नगर्ने (१७) त्यसतिर मुख पारेर झाडा पिसाब नगर्ने (१८) दुर्गन्ध आउने गरी झाडा पिसाब नगर्ने (१९) बुद्धमूर्ति चर्पीमा नलग्ने (२०) स्तूपको छेउमा दतिवन नगर्ने (२१) स्तूपतिर हेरेर दतिवन नगर्ने (२२) स्तूप परिक्रमा गर्दै दतिवन नगर्ने (२३) त्यतातिर नथुक्ने (२४) त्यहाँ नथुक्ने (२५) त्यसतिर खुट्टा तन्काएर नबस्ने (२६) आफूमाथि बसेर बुद्धमूर्ति तल नराख्ने इत्यादि पर्दछन् ।

यसरी हामीले देख्यौं कि ऐतिहासिक रूपबाट स्तूप एवं बुद्धमूर्ति सम्बन्धी रहेका नियमहरू नै अन्तर्का कुरा छन् । तर गहिएर बिचार गरेमा यो पनि कुनै

अन्तरका कुरा होइन । किनकि यी नियमहरू त थेरवाद प्रातिमोक्षमा नथपिएको भएतापनि आदर गौरवपूर्वक पालन गर्न लायक एवं गरिँदै पनि आएका हुन् । तसर्थ यसमा पनि हामी धर्म सभ्यताको दृष्टिमा समानता नै देख्दछौं । त्यस्तै क्रमिकतामा सामान्यरूपले केही तलमाथि परेका छन् । यो कुरा अरू विभागहरूमा पनि पाइन्छन् ।

(ज) अधिकरण समय (पालि) अध्यकरण शमथ (सस्कृत) नियम ७ वटा छन् । दुबै निकायमा कुनै कुरोको भिन्नता छैन ।

यो मेरो प्रातिमोक्षको तुलनात्मक अध्ययन विवाह नगर्ने महायानी भिक्षुहरूको हो । महायानबाट विकसित वज्रयान, सहजयान अथवा तन्त्रयानका अनुयायीहरूका होइनन् । विशेष गरी धर्मगुप्त निकायका भिक्षुहरूको मात्र हो । थेरवादको प्रातिमोक्ष नेपाल भाषामा अनूदित भइसकेकोले इच्छा हुनेले त्यहीं हेर्नू । आजभोलि थेरवादमा भिक्षुणीहरू नरहेकाले तिनको प्रातिमोक्षको चर्चा पनि यहाँ गरिएको छैन ।

(आनन्दभूमि २०/८)

बुद्ध सम्बत्को प्रचलन

विश्ववन्द्य भगवान् बुद्धको जन्म भएको लुम्बिनीले राष्ट्रिय दृष्टिले साह्रै नै ठूलो महत्व राख्दछ । अर्को महत्वपूर्ण कुरो हो नेपालभित्र बौद्धसंस्कृति, परम्परा र समाज अक्षुण्ण रहनु । आज नेपाल भगवान् बुद्धको देश, बौद्धसंस्कृति, परम्परा र समाजको जगेर्ना भएको देशको रूपमा विश्वमा परिचित छ । बितेको एक शताब्दीमा कैयौं सन्तोषजनक तथा खुशीप्रद परिवर्तन नेपालमा देखिएको छ । तिनमा लुम्बिनीको पुनर्ज्ञान र जनतामा बुद्धप्रति वृद्धि भएको चिन्तन मनन, श्रद्धा र भक्तिभाव विशेष उल्लेखनीय छ ।

गत ७/८ दशकदेखि नेपालमा बिश्वका अरु बौद्धमार्गीहरूबाट झैं बुद्धसम्बत् प्रयोग गर्ने परम्परालाई जगाएको छ । बुद्धजयन्ती पनि धुमधामसित मनाउँदै आएको छ ।

बुद्धजयन्ती मनाउँदा बुद्धसम्बत् २५४० आदि भनी राख्ने गरिएको छ । बुद्धसम्बत् राख्दा बुद्धको जन्म अस्सी वर्षपछि पर्न जाने कुराको भान पर्ने भएकोले स्पष्टीकरण चाहनेहरू पनि देखिन थालिएको छ । परन्तु जयन्तीको अर्थ जन्मोत्सव बाहेक अरु अरु पनि व्यापक अर्थ लाग्ने हुँदा 'जयन्ती' शब्दमा फेरबदल गर्नु आवश्यक देखिँदैन । जयन्तीसँग रहने अङ्कले मितिमात्र बताउँछ सिवाय अरु धेरै कल्पना गर्नुपर्दैन ।

अहिले प्रयोग गरिआएको बुद्धसम्बत् विषयमा यसरी तर्कहरू आएका छन् – 'बुद्धसम्बत्' को अहिले

चलेको सम्बत् बुद्ध भगवान्को परिनिर्वाणबाट शुरु भएको सम्बत् अशुभ छ, बुद्ध भगवान्को जन्म भएको देश नेपालले पनि त्यसको अनुकरण गर्नु ठीक छैन, यो हाम्रो पूर्वी परम्परा होइन । यो पश्चिमेली परम्पराबाट नक्कल गरेको हो । परिनिर्वाणसम्बत् नेपाललाई अन्तर्राष्ट्रिय प्रभावबाट लादिएको अथवा नेपालीले आफ्नो राष्ट्रिय गौरवलाई अन्तर्राष्ट्रिय क्षेत्रमा अगाडि सार्न नसक्नाले नेपालमा चलेको हो अथवा यो निर्णय गरिएको अन्तर्राष्ट्रिय सम्मेलनहरूमा नेपालको उचित सहभागिता थिएन । तसर्थ आइन्दा विश्व बौद्धजगत्ले भगवान् बुद्धको जन्मदेखि उठान भएको बुद्धसम्बत् चलाएको देख्न चाहन्छ, आदि ।"

यस विषयमा अरु ढङ्गबाट पनि तर्कगर्न सकिन्छ । भगवान् बुद्धले "बुद्ध" भन्ने नाम जन्मेदेखि पाउनु भएको होइन । सम्बोधिलाभपछि मात्र 'बुद्ध' कहलिएको हो । तसर्थ बुद्धसम्बत् पनि सम्बोधिलाभदेखि शुरु गर्नु पर्छ । अनिमात्र बुद्धसम्बत्को नाम सार्थक हुनेछ । जन्मेदेखि त कसैको नाम नै हुँदैन । अनि त्यही बेलाको सम्बत् कसरी हुन्छ ? जबर्जस्ती नाम राख्नै पऱ्यो भने सिद्धार्थ सम्बत्सम्म हुन सक्ला । बुद्धसम्बत् त पक्कै पनि हुँदैन । फेरि भगवान् बुद्धले ज्ञान लाभ गर्नुभएदेखि शुरु गरेर नेपालको गरिमा बढेको कसरी ठान्ने ? भगवान् बुद्धले सम्बोधि पनि त आजको भारतमा पाउनु भएको हो । नेपालमा होइन ।

यसरी जन्मेदेखि, अथवा सम्बोधिलाभदेखि सम्बत् चलाउन चाहने दुबै समूहमा विभाजित भएकाहरूले आफ्नै वर्तमान अवस्थामा चलेको साविकको

बुद्धसम्बत्‌को प्राचीन परम्परामा दृष्टि दिनु उचित हुनेछ ।

भगवान् बुद्धको जन्म, सम्बोधिलाभ र महापरिनिर्वाण तीनै घटना वैशाखपूर्णिमाका दिन भएको कुरामा अब दुई मत छैन । तिनमा पनि महापरिनिर्वाणमा नै सर्वाधिक जनसहभागिता रहेको र प्रचार प्रसार भएको थियो । सुमंगलविलासिनी र महावंश आदि प्राचीन ग्रन्थहरूमा उल्लिखित छ, कि भगवान् बुद्ध परिनिर्वाण हुनु भएको ठाउँमा भेला भएका भिक्षुहरूमात्रै ७ लाख थिए । महत् संख्यामा रहेका भगवान्‌का गृहस्थ श्रावकहरूको तादादलाई मध्यनजर गरेर यो भन्न सकिन्छ, गृहस्थहरू भिक्षुहरूभन्दा धेरै गुणा बढि थिए । त्यसबेला जम्बूद्वीपवासीहरूका लागि भगवान् बुद्ध परिनिर्वाण भएको दिन निकै सम्झना रहनेखालको थियो । त्यससम्बन्धी उल्लेखहरू ठाउँ ठाउँमा पाइन्छन् । जस्तै : –

"अनि तथागत परिनिर्वाणपछि सात दिन साधु क्रीडा गरेको र धातुपूजाको सात दिन बितिसकेपछि …"

– समन्तपासादिका, भाग १, पृ. ९–१०

"भगवान् परिनिर्वाण भइसकेपछि एक हप्ता सम्म उहाँको सुवर्णदेहलाई पूजा सत्कार गरे । एक हप्तासम्म चितामा आगो बल्यो । एक हप्तासम्म धातुपूजा गरे । … "

– सुमङ्गल विलासिनी, पृ. ५

" (अशोकको पुत्र) महेन्द्र जन्मँदा भगवान् परिनिर्वाण भएर दुई शय चार वर्ष भएको थियो ।"

– दीपवंश ६/२१

"बुद्धको परिनिर्वाणपछि दुई शय अठार वर्ष हुँदा (अशोकले) सम्पूर्ण भारतमा एकछत्र राज्याभिषेक लिए ।"

– समन्तपासादिका पृ. २४, महावंश ५/२१ दीपवंश ६/१

"भगवान् बुद्ध परिनिर्वाण हुनु भएको बेलामा बिम्बिसार राजा स्वर्गवास भएको आठ वर्ष भएको थियो । अजातशत्रुलाई अभिषेक प्राप्त भएको पनि उत्ति नै थियो ।"

– दीपवंश ३–३०, महावंश २–३२, समन्तपासादिका पृ. ४२

"भगवान् परिनिर्वाण भई एक पक्षपछि धर्म संगायना गर्न महाकाश्यप महास्थविरले लाखौं भिक्षुहरूबाट ५०० प्रतिसम्भिदालाभी अर्हत् भिक्षुहरू छान्नु भयो ... "

– समन्तपासादिका पृ. ५

" ... भगवान् परिनिर्वाण भएर तीन महिना बिती चार महिना लागेको बेला ... "

– दीपवंश ४–३४

यसरी हामी देख्छौं कि धार्मिक परम्परामा भगवान्को परिनिर्वाणपश्चात् नै कुन घटना कहिले घट्यो भनी तिथि मिति तोक्नुपर्दा भगवान्को परिनिर्वाणदेखि यति दिन, यति हप्ता, यति पक्ष, यति महिना र यति वर्षपछि भनी उल्लेख गरिएका छन् । भगवान्को परिनिर्वाणबाहेक उहाँको जन्म अथवा सम्बोधिलाभलाई केन्द्रित गरेर तिथि मितिको गणनामा उल्लेख गरिएको पाईदैन । भगवान् बुद्धको परिनिर्वाणदेखि अहिले २५४० वर्ष बितिसक्दा पनि र हिमालयसँगै रहेको

मध्यदेशबाट बुद्धधर्म आज विश्वभरमा फैलिदा पनि एकमात्र परिनिर्वाणदेखि शुरुभएको सम्बत् नै चलेको देखिन्छ । नेपालमा पाइएका प्रमाणहरू पनि यसकै अनुरूप छन् जुन बुद्धसम्बत् बारेमा छलफल सम्बन्धी विद्वानहरूका रचनाहरूमा छलफल गरिएको छ । थाइल्याण्डले यही बुद्ध सम्बत्लाई कानूनीरूपले नै सरकारी कामकाजमा चलाउने भनी निर्णय गरिएको छ, जुन अद्यपि चलाउँदै छ ।

यसरी दुई घटनाहरूका अवधि बताएर तिथि मिति उल्लेख गर्ने तरिका बैज्ञानिक देखिँदैन । तिनमा कुनै एउटा घटनाको तिथिमिति थाहा पाउनलाई अर्को घटनाको समय थाहा पाउनु पर्ने हुन आउँछ । तर यदि हामीले त्यस प्रारम्भिक कालका कुरालाई हृदयंगम गर्‍यौं भने यसलाई तत्कालीन आवश्यकता यस्तै थियो भनी लिन सक्छौं कारण बहुमान्य सम्बत्को स्थापना नभएसम्म कुनै एउटा घटनाको मात्र उल्लेखले बाञ्छनीय फल दिन सक्दैन । त्यसैले राजा अशोकले पनि यही दुई घटनाबीचको अवधि बताएर तिथि मिति तोकेको देखिन्छ । यसको प्रमाण हाम्रो देशभित्र नै पाइन्छ । ती हुन् : –

तौलिहवाको कोनाकमन (कोनागमन) स्तूप निर रहेको अशोक स्तम्भमा उल्लिखित अभिलेखको अर्थ हुन्छ – देवताहरूका प्यारा राजा (अशोक) ले आफू राज्याभिषिक्त भएको १४ वर्ष पुग्दा कोनाकमन बुद्धको स्तूपलाई दोब्बर ठूलो पार्न लगाउनु भयो र राज्याभिषिक्त भएर २० वर्ष पुग्दा आफै सवारी भई स्तूपको पूजा गर्नुभयो । लुम्बिनीस्थित अशोकस्तम्भअभिलेखमा पनि लेखिएकों छ, "अशोक राजा राज्याभिषिक्त भएर २० वर्ष

पुग्दा शाक्यमुनि भगवान् बुद्धको जन्म भएको भनी लुम्बिनीमा संवेजनका लागि आउनु भयो आदि ।"

उपर्युक्त दुबै अभिलेखहरूमा उल्लिखित घटनाहरू मध्ये कुनै एउटाको समय स्थापना नभइकन अर्कोलाई जान्न सकिन्न, अर्थात् अशोकको राज्याभिषेक वर्ष थाहा नपाइकन तौलिहवा र लुम्बिनीमा अशोकको आगमन भएको समय पनि थाहा पाउन सकिन्न । हामीकहाँ त्यसबेला ग्रीकहरूको झैं समय अंकन पद्धति चलिनसकेको देखिन्छ । यसमा यो पनि उल्लेखनीय छ कि ती अभिलेखहरूमा समयको निर्धारण अशोक राजाको जन्मदेखि नलिइकन राज्याभिषेकदेखि लिइएको छ । तसर्थ बुद्ध सम्बन्धीमात्र बुद्धको जन्मदेखि किन लिने ? उहाँले ज्ञानलाभ गर्नु भएदेखि अथवा प्रथम देशना गर्नुभएदेखि किन गणना नगर्ने ? यसरी तर्क गर्दै हिँड्यो भने त्यसको कुनै अन्त हुँदैन ।

त्यसोभए अहिले हामीले चर्चा गरिआएको साविकको बुद्धसम्बत्मा ८० जोडेर आएको योगलाई नै बुद्धसम्बत्को रूपमा मान्नुपर्छ भन्ने केही अन्तर्राष्ट्रिय समयको चाहना र अडान के निरर्थक नै छ र ?

यसको बारेमा सकारात्मक ढङ्गले विचार गर्दा हामी यतिमात्र भन्न सक्छौ, कुनै पनि परम्पराको मान्यता चल्नको लागि त्यसलाई कुनै समूहले मान्नु पर्दछ, चलाउनु पर्दछ । विश्वमा बुद्धको परिनिर्वाण सम्बत् चलेको छ र त्यसलाई सबैले मानि आएको छ । अनि बुद्धको जन्म सम्बत् नै चलाउन चाहनेहरूको कोशिश कसरी सफल होला त ?

जवाफ सोभ्को छ । अन्तर्राष्ट्रिय समुदायबाट समर्थन र स्वीकृति पाउन नेपालले तिनको मुख ताकेर चुपचाप बस्ने होइन । बरु आफ्नै देशको सरकारसँग बुद्धसम्बत्लाई राष्ट्रिय मान्यता दिएर त्यसलाई दैनिक सरकारी कामकाजमा चलाउने भनी ऐनकानून तयार गरी निर्णय गर्न माग गर्ने । यदि सरकारले नेपालमा जन्मनुभएका भगवान् बुद्धप्रति गर्व गरेको छ भने बुद्ध सम्बत्लाई सरकारी कामकाजमा चलाउन कुनै बाधा अड्को पर्दैन । अनि पिण्डतर्पणमा मात्र "बुद्धावतारे" भनी बुद्धलाई याद गर्नेहरूले बुद्धलाई प्रतिदिन पनि याद गर्नेछन् । यो एउटा लुम्बिनी पत्ता लागेको शतवार्षिक पुगेको उपलक्ष्यमा बुद्धजन्मभूमि देशका सरकार र जनताबाट भगवान् तथागतप्रति चढाएको ठोस श्रद्धाञ्जली नै हुनेछ ।

(आनन्दभूमि २४/१२)

भगवान् बुद्धका नामहरू

इसवीको २० औं शताब्दीको शुरुदेखि हामीकहाँ भगवान् बुद्ध र उहाँको धर्मको बारेमा फेरि एकचोटि चर्चा बढेकोले बौद्ध परम्पराबाट टाढा भइसकेका अथवा कमजोर भइसकेका जनसमुदायबाट भगवान् बुद्धप्रति नयाँ नयाँ विशेषण अथवा नामहरू थपिएका छन् । जस्तै महात्मा बुद्ध, एशियाको ज्योति, शान्तिका अग्रदूत, शान्तिका राजकुमार आदि । तर यी नामहरू अरु बुद्धमार्गी देशहरूमा लोकप्रिय छैनन् । त्यहाँ परम्परागत नामहरू चलिरहेकोले गर्दा बाहेक अरु पनि यसका कारणहरू देखिन्छन् । यी नयाँ नामहरूले भगवान् बुद्धका बारे बुद्धमार्गीहरूका अवधारणाहरू प्रतिबिम्बित गर्दैनन् । यी विशेषणहरूले भगवान् बुद्धको महानताको आंशिकरूपमा पनि अर्थ स्पष्ट गर्दैन । असंख्य महात्माहरू रहेको स्थानमा महात्मा भनी चिनाउँदा सुन्नेले भगवान् बुद्धप्रतिको परम्परादेखि चलेको यथोचित आदरभाव मनमा जगाउन सक्दैन । त्रिलोकदीप भनी मानिएका भगवान् बुद्धका अगाडी एशियाको ज्योति पनि अँध्यारो नै छ । क्षान्तिवादी र समतावादी भगवान् बुद्धलाई हैकमवादीहरूले आफ्नो पक्षमा शान्तिका अग्रदूत भनी हिँडेको दुरूपयोग गरेको मात्र हो । शान्तिका राजकुमार सिद्धार्थ नाम त पुरातनपन्थी धर्मान्धहरूको स्वार्थ रक्षा गर्न बनाएको कवच मात्र हो । 'सिद्धार्थ' भगवान् बुद्धलाई उहाँका माता पिताबाट दिइएको व्यक्तिगत उपनाम हो । यो नाम उहाँलाई गृहस्थ बेलामा मात्र चलाइन्छ । यही नामबाट उहाँलाई बुद्ध

भैसक्नुभएपछि पनि सम्बोधन गरिन्न । यसको कारण भगवान् बुद्ध भनेको महान् गौरवमय हुनाले हो । ठूलावडालाई व्यक्तिगत नामले सम्बोधन गर्नु अगौरव गरेको ठहरिन्छ भन्ने पुराना आचार्यहरूको परम्परा छ । प्रसंगवश प्रमाणस्वरूप भगवान् बुद्धका पालाको २ वटा घटनाहरू उल्लेख गरिन्छ –

त्यसबखत आयुष्मान् महाकाश्यपकहाँ उपसम्पदा चाहने एक व्यक्ति थियो । अनि आयुष्मान् महाकाश्यपले आयुष्मान् आनन्दकहाँ "आनन्द ! आउनुहोस् यो उपसम्पदा चाहनेको निमित्त अनुश्रवण गर्नुहोस् ।" भनी दूत पठाउनुभयो । आयुष्मान् आनन्दले "म स्थविरको नाम लिन सक्दिन । वहाँ मेरा गौरवमय हुनुहुन्छ" भन्नुभयो । यो कुरा भगवान्लाई सुनाए । भगवान्ले यसो भन्नुभयो – "भिक्षु हो ! गोत्रको नाम लिएर अनुश्रावण गर्ने अनुमति दिन्छु" ।

(आचार्य भिक्षु अमृतानन्द, पृ. २५६)

विनयपिटकको महावग्ग पालिमा पात्तो पढ्न पाइन्छ – अनि पञ्चभद्रवर्गीय भिक्षुहरूले नाम लिएर पनि, आवुसोवादले पनि भगवान् सँग कुरा गर्न थाले । यस्तो भन्दा, भगवान्ले पञ्चवर्गीय भिक्षुहरूलाई यस्तो भन्नु भयो –

"भिक्षु हो ! तथागतलाई नाम लिएर वा आवुसोवादले कुरा नगर । भिक्षु हो ! तथागत, अरहत् सम्यक् सम्बुद्ध हो ।

धर्मदेखि सकेपछि, धर्मप्राप्त गरिसकेपछि कोडियले भगवान्सँग यस्तो प्रार्थना गरे –

"भन्ते ! भगवान्को समक्ष मैले प्रवज्या पाउँ, उपसम्पदा पनि पाउँ ।"

बु.श्रा.भ. १, पृ. १५८-१९१
कौडिम्य-चरित, भिक्षु अमृतानन्द,
आनन्दकुटी विहारगुठी, १९७४,
काडमाडौं ।

उपर्युक्त कारणले गर्दा नै हो बुद्धकालमा अन्य धर्मावलम्बीहरू पनि भगवान् बुद्धलाई व्यक्तिगत नामबाट होइन बरु गोत्रबाट अर्थात् श्रमण गौतम भनी सम्बोधन गर्दथे (भन्दथे) । अहिले कतै कतै देखिएको गौतम बुद्ध नाम पनि अन्य बुद्धहरूबाट अलग्ग देखाउन वा धर्म बाह्य विषयवस्तुहरूको चर्चाको क्रममा मात्र प्रयोग गर्नु उचित देखिन्छ । बौद्ध धार्मिक क्षेत्रबाट परम्परागत र शास्त्रीय नामहरू नै चलाउनु आवश्यक देखिन्छ ।

विश्वबन्द्य भगवान् बुद्धका अनेक नामहरू छन् । यी नामहरू विभिन्न अवस्था, प्रसंग र देशमा अलग अलग महत्वका छन् । तिनलाई उचित अवस्थामा उपयुक्त ढंगले प्रयोग गर्नसक्नुपर्दछ, अनिमात्र सुहाउँछ । हाम्रा शिलाभिलेख, धार्मिक वाङ्मय, साहित्य तथा बोलीचालीमा कसरी प्रयोग गरिएका छन् भनी सिंहाबलोकन गरेर यसकोबारे हाम्रो नेपाली परम्परामा कसरी प्रयोग गरिएका छन् र भविष्यमा कसरी गर्नु उचित हुनेछ भन्ने बारेमा केही कुराहरू उल्लेख गरिनेछ ।

नेपालको सबभन्दा पुरानो शिलाभिलेख लुम्बिनीस्थित सम्राट् अशोकको शिलास्तम्भमा उत्कीर्ण भएको हो । त्यसमा भगवान् बुद्धलाई तीनवटा नामहरूबाट संकेत गरिएको छः १) बुध (बुद्ध), २) सक्यमुनि (शाक्यमुनि) ३) भगवं (भगवान्) इत्यादि ।

(अमूल्यचन्द्र सेन, पृ. १२१-१२३)

लिच्छविकालका अभिलेखहरूमा भगवान् बुद्धका निम्नलिखित नामहरू पाइएका छन्: १) महामुनि (सं १), २) सुगत (सं ३५, १४८), ३) शासिता (शास्ता), ४) कुमारविजयी (कुमारविजयी) (सं. ९०), ५) सम्बुद्ध, ६) जगद्गुरु (सं ९६), ७) भगवन्त,), त्रैलोक्यगुरु (सं १५६), ९) महाश्रमण (सं १६५, १६६, १६७, १८९) आदि ।

(श्री धनवज्र वज्राचार्य)

कर्णाली प्रदेशमा पाइएका विभिन्न अभिलेखहरूमा धेरैपटक प्रयोग भएका भगवान् बुद्धका नामहरू श्रीघन, बुद्ध र सुगत आदि छन् ।

(धनवज्र वज्राचार्य २, परिशिष्ट १-१०)

पालि र संस्कृत दुबै परम्परामा निकै प्रचलित एउटा बुद्धस्तुतिमा भगवान् बुद्धका ९ वटा नामहरू दिइएका छन्: १) अरहं (अर्हत्), २) सम्मासम्बुद्धो (सम्यक्सम्बुद्ध), ३) विज्जाचरण सम्पन्नो (विद्याचरण सम्पन्न), ४) सुगतो, ५) लोकविदू, ६) अनुत्तरोपुरिस-दम्मसारथी (अनुत्तरपुरुषदम्य सारथी), ७) सत्थादेवमनुस्सानं (शास्तादेवमनुष्यानं), ८) बुद्धो (बुद्ध), ९) भगवा (भगवान्) इत्यादि ।

अमरकोशमा भगवान् बुद्धका १८ वटा नामहरू दिइएका छन्: १) सर्वज्ञ, २) सुगत, ३) बुद्ध, ४) धर्मराज, ५) तथागत, ६) समन्तभद्र, ७) भगवान्, ८) मारजित्, ९) लोकजित्, १०) जिन, ११) षडभिज्ञ, १२) दशबल, १३) अद्वयवादी, १४) विनायक, १५) मुनीद्र, १६) श्रीघन, १७) शास्ता, १८) मुनि, शाक्यमुनि इत्यादि ।

अभिधानप्पदीपिका नामक पर्यायवाची शब्दहरूको संग्रह गरिएको पालिग्रन्थमा दिइएका भगवान् बुद्धका पर्यायवाची नामहरूका संस्कृत रूपान्तर निम्नलिखित छन् – बुद्ध, दशबल, शास्ता, सर्वज्ञ, द्विपदुत्तम, मुनीन्द्र, भगवान्, नाथ, चक्षुमा, अंगीरस, मुनि, लोकनाथ, अनधिवर, महाऋषि, विनायक, समन्तचक्षु, सुगत, भूरिप्रज्ञ, मारजित नरसिंह, नरवर, धर्मराजा, महामुनि, देवदेव, लोकगुरु, धर्मस्वामी, तथागत, स्वयम्भू, सम्यक्सम्बुद्ध, वरप्रज्ञ, नायक, जिन, शाक्य, सिद्धार्थ, शुद्धौदनी, गौतम, शाक्यसिंह, शाक्यमुनि, आदित्यबन्धु इत्यादि छन् ।

(अभिधानप्पदीपिकाटीका, सग्गकण्ड वण्णना, पृ. ९–१३)

उपरोक्त ग्रन्थमा नै तिकण्डसेस ग्रन्थबाट उद्धृत भनी भगवान् बुद्धका नामहरू प्रस्तुत गर्न निम्नलिखित श्लोकहरू दिइएका छन् –

‘बुद्धो’ कनिट्ठगमहामुनिधम्मचक्का ।
रागासनित्तिसरणो खसमो दसारहो ।
तापी गुणाकरमहासुखवजिरिनो च ।
मेत्ताबलासमजितारिसमन्तभद्रा ।
महाबोधि धम्मधातु सेतकेतु जिनो जयि ।
तिमुत्ति दसभूमि सो पञ्चञाणी बहुक्खयो ।

सम्बुद्धो करुणाकुच्चो सब्बदस्सी महाबली ।
विस्सबोधो धम्मकायो संगुत्तो'रहा सुनिच्छितो ।
व्यामाभो द्वादसक्खो च वीतरागो सुभासितो'ति ॥

(अभिधानप्पदीपिकाटीका पृ. ज-झ)

भगवान् बुद्धका अरू नामहरू पनि पाइन्छन्: १) अनादिनिधान, २) महावादी, ३) वादिरत, ४) वादिपुंगव, ५) वादिसिंह, ६) परजात आदि ।

बौद्धस्तोत्रसंग्रहमा संकलित संस्कृत स्तोत्रहरूका लेखकहरूबाट भगवान् बुद्धलाई संकेत गर्दा सबभन्दा बढी ७ जनाबाट शाक्यमुनि नाम प्रयोग गरिएका छन् । वर्तमान भगवान् बुद्धको जन्म भएको कुलको नाम शाक्य हुनाले, शाक्यकुलबाट आएको हुनाले, "पञ्चमारे जेतुं सक्कोतीति सक्को" अर्थात् पञ्चमारउपर जित्न सकेका हुनाले पनि शाक्यमुनि भनिएको हो ।

नेपाली बौद्ध साहित्य राशिमा अद्वितीय स्थान राख्ने बुद्धकालीन ... ग्रन्थमालामा त्यसका लेखक आचार्य भिक्षु अमृतानन्द महास्थविरबाट भगवान् बुद्ध नाम नै सबभन्दा बढी प्रयोग भएको छ ।

बौद्ध धार्मिक समाजको दैनिक प्रयोगमा भगवान् बुद्ध अथवा भगवान्मात्र प्रयोग गर्ने गरिन्छ । भगवान् द्यः भन्नाले नेपालभाषामा भगवान् बुद्धलाई मात्र संकेत गर्दछ सिवाय अरुलाई होइन । यो प्रयोग शास्त्रीय तथा परम्परासम्मत छ भन्ने कुरो उपालि लिखित वर्गहरूमा भगवान् अथवा भगवान् बुद्ध नाम धेरै भएबाट स्पष्ट

हुन्छ । वर्तमान अवस्थामा चलेको भगवान्को रूप प्राचीन कालको भगवा शब्द नै हो। भगवा को अर्थ खोज्दै जाँदा यस्तो भेटिन्छः –

'भगवाति वचनं सेट्ठो, भगवा वचनमुत्तमं ।
गरुगारवो युत्तो सो, तेन भगवाति वुच्चति ॥"

"भगवान् भन्ने वचन श्रेष्ठ हो, उत्तम हो । अति गौरवले युक्त (गौरवयोग्य) हुनुभएका हुनाले उहाँ भगवान् कहलाउनु हुन्छ ।"

भगवाको विभक्तिभेद अनुसार भगवन्ता, भगवन्तो, भगवन्तं, भगवता, भगवतो, भगवतं, र भगवन्ते पनि हुन्छ । कहिलेकाहीँ भगवान् शब्दलाई सृष्टिकर्ता ईश्वर भनी अर्थ्याउनेहरू पनि छन् । अनि अनीश्वरवादी भगवान् बुद्धलाई भगवान् शब्दले सम्बोधन गर्न हिच्किचाउनेहरू पनि हुनसक्छन् । भगवान्को अर्थ 'ऐश्वर्य, सौभाग्य, यश, धर्म, ज्ञान, र विराग जस्ता छवटा तत्वले पूर्ण भएको अलौकिक पुरुष, ऐश्वर्ययुक्त, सम्पन्न, बुद्ध, पूज्य, मान्य' आदि भनेर नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित नेपाली बृहत् शब्दकोशमा नै दिइएको छ । तसर्थ विद्वत्वर्गमा यसरी भ्रम हुन नपर्ने हो ।

भगवान् बुद्धका जम्माजम्मी कतिवटा नामहरू छन् त भन्ने बारेमा आचार्यहरू भन्दछन् : –

"असङ्खेय्यानि नामानि, सगुणेन महेसिनो ।
गुणेन नाममुद्धेय्यं, अपि नामसहस्सतो'ति ॥"

(अभिधानप्पदीपिकाटीका पृ. १२)

अर्थात् "उहाँ महाऋषि (भगवान् बुद्ध) का आफ्ना गुणहरूअनुसार असंख्य नामहरू छन् । प्रमुख गुणहरूबाट भएका नामहरूनै हजारौं छन् ।"

यी नामहरू पुण्यसम्भार र ज्ञानसम्भारका आधारमा भएका हुन् ।

हामीले परम्पराबाट चलाइ आएका भगवान् बुद्धका यत्तिका असल र सुहाउँदा नामहरू छन् । अब सबभन्दा प्रसिद्ध नाम कुन हो ल भन्नेबारेमा जान्न एउटा पालिपाठ प्रस्तुत गरी विचार गर्ने जिम्मा पाठकमै छोडेको छु : –

इतिपि सो **भगवा** अरहं, सम्मासम्बुद्धो, विज्जाचरण सम्पन्नो, सुगतो, लोकविदू, अनुत्तरो पुरिसदम्मसारथी, सत्था देवमनुस्सानं, बुद्धो, **भगवा'ति** ।

स्वाक्खातो **भगवता** धम्मो, सन्दिट्ठिको, अकालिको, एहिपस्सिको ओपनयिको, पच्चत्तं वेदितब्बो विञ्ञूहि'ति ।

सुपटिपन्नो **भगवतो** सावकसंघो, उजुपटिपन्नो **भगवतो** सावकसंघो, ञायपटिपन्नो **भगवतो** सावकसंघो, सामीचिपटिपन्नो भगवतो सावकसंघो, यदिदं चत्तारि पुरिस युगानि अट्ठपुरिसपुग्गला, एस भगवतो सावकसंघो, आहुनेय्यो, पाहुनेय्यो, दक्खिणेय्यो, अञ्जलीकरणीयो, अनुत्तरं पुञ्ञक्खेत्तं लोकस्सा'ति ।

यसमा प्रयोग गरिएका ग्रन्थहरू : –

- अभिधानप्पदीपिकाटीका, लंका दीपे मोग्गल्लान थेरेन विरचिता; वात्पाक्नाम्, बैंकक, सिरिमुद्धिवंसत्थेरेन परिवत्तित्ता, बुद्धसम्बत् २५२७ ।

- आचार्य भिक्षु अमृतानन्द, बुद्धकालीन श्रावकचरित, भाग ६ (महाकाश्यप चरित) आनन्दकुटी विहारगुठी, काठमाडौं ।
- आचार्य भिक्षु अमृतानन्द, बुद्धकालीन श्रावक चरित, भाग १, आनन्दकुटी विहार गुठी, काठमाडौं, १९७४ ।
- धनवज्र वज्राचार्य; "कर्णाली प्रदेशको ऐतिहासिक रूपरेखा", कर्णाली प्रदेश एक बिटो अध्ययन, भीमप्रसाद श्रेष्ठ सम्पादित तथा प्रकाशित, काठमाडौं २०२८ ।
- लिच्छविकालका अभिलेख, नेपाल र एशियाली अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय, काठमाडौं, नेपाल; २०३० ।
- बौद्धस्तोत्रसंग्रह; संकलनकर्ता, जनार्दनशास्त्री पाण्डेय, भारत, १९९४ ।
- Amulyachandra Sen, the Institute for Indology, The Indian Publicity Society, 21 Balaram Gosh Street, Calcutta - 4; 1956.

(आनन्दभूमिः २६/५)

भगवान् बुद्धया जीवनी
बैशाख पुन्हीया महत्व

भगवान् सम्यक्सम्बुद्धया जन्म, सम्बोधिलाभ तथा महापरिनिर्वाण बैशाखपुन्हीकुन्हु जूगु खँ सर्वसाधारणरूपं मानये याना वयाच्वंगु दु । गुलिं विद्वानपिसं तर्क वितर्क याना: पा:गु वि॒ा: प्रकट या:सां तबि थुगु मान्यताया लोकप्रियता अप्वयां वना च्वन । पा: जुया मवं । समयानुसारं बुद्ध धर्मावलम्बीपिंके जागरण व:गुलिं हानं छसम्यक्सम्बुद्ध बुद्धया जीवनीनाप सम्बन्धित थुगु दिंयात हनेगु चलन दुथाय् झन भव्य कथं हनेगु याना हल । अथे चलन मदुथाय् चलन दयेका हल । थथे हे नेपालय् नं थुकिया प्रचलन जक मखु राष्ट्रियस्तरं हे मान्यता बिया: भव्यनक्सां हनेगु याना च्वने धुंकल ।

बैशाखपुन्हीया उपलक्ष्ययात कया: नेपालय् नं आपालं पर्चा, पम्फ्लेट, पत्रिका व सफू आदि प्रकाशित याना: प्रचार प्रसार जुया च्वन । बुद्धया जीवनीनाप सम्बन्धित घटनात समावेश याना: जेबी पात्रो छापय् याना व:गु नं नीदँ हे दइन । धर्मया आपालं सफुती नं भगवान्या जन्म, सम्बोधिलाभ व महापरिनिर्वाणदिं बैशाखपुन्ही धका: हे च्वया तल । अथेनं गुलिं गुलिंसिया थुगु अवधारणाया प्रामाणिक उल्लेख गन दु थें व गुलि पुलां थें धका मनय् वइगुया लिस: सन्तोषजनक रूपं माला: लुइका: न्ह्यब्व:पिं काचाक्क खने मदुगुलिं थन जिं पालिसाहित्यय् उपलब्धगु उल्लेखत भति न्ह्यब्वया च्वना ।

१) **भगवान् बुद्धया जन्म :**

महापुरिसो पन ··· विसाख नक्खत्तेन जातो च ।

२८ बुद्ध पकिण्ण कथा, पृष्ठ ५४२, मधुरत्थविलासिनी (बुद्धवंस अट्ठकथा) खुद्दकनिकाय ।

थ्व खँपुया अर्थ थथे खः –

वसपोल महापुरुष (भगवान् बुद्ध) ··· बैशाखनक्षत्र (पुन्ही) कुन्हु जन्म जुया बिज्यात ।

थाई ज्योतिषतयेगु ल्याःचाःकथं भगवान् बुद्ध बैशाखपुन्ही, शुक्रवारकुन्हु जन्म जुया बिज्याःगु खँ निर्णय याना तल ।

२) **भगवान् बुद्धया सम्बोधिलाभ :**

महापुरिसो पन ··· विशाख नक्खत्तेन अभिसम्बुद्धो च ।

च्वय्यागु हे सफू व पृष्ठ ।

थ्व खँपुया अर्थ थथे खः –

वसपोल महापुरुष (भगवान् बुद्ध) बैशाखनक्षत्र (पुन्ही) कुन्हु हे बुद्ध नं जुल । थ्व स्वयाः नं स्पष्ट जुइक धयातःगु 'भगवा हि विसाखपुण्णमाय रत्तिया पठमयामे पुब्बेनिवासं अनुस्सरि । मज्झिमयामे दिब्बचक्खुं विसोधेसि । पच्छिमयामे पटिच्चसमुप्पादं अनुलोमपटिलोमं मनसिकत्वा इदानि 'अरुणो उग्गमिस्सती' ति सब्बञ्ञुत्तं पापुणि । सब्बञ्ञुतं पापुणि । सब्बञ्ञुतप्पत्ति सनन्तरमेव च अरुणो उग्गच्छि ।

समन्तपासादिका दुतियभागो, पृष्ठ ७,

थुकिया अर्थ थथे खः –

भगवानं बैशाखपुन्हीकुन्हु बहनीसिया प्रथम यामय् न्हापायागु जन्मयागु खँयात (पुब्बेनिवासं) लुमंका बिज्यात । मध्यमयामय् दिव्यचक्षु छर्लङ्ग जुइका बिज्यात (विसोधेसि) । लीपायागु यामय् प्रतीत्यसमुत्पादयात अनुलोम प्रतिलोमकथं मनन यानाः अरूणोदय जुइथे च्वंका सर्वज्ञज्ञान प्राप्त याना बिज्यात । सर्वज्ञज्ञान प्राप्त याना बिज्याये धुंकाः तिनि निभाः लुल ।

हानं मेगु :

एकपल्लङ्केनाति विसाखपुण्णमाय अनत्थंगते येव सुरिये अपराजितपल्लङ्कवरे वजिरासने निसिन्नकालतो पट्ठाय सकिम्पि अनुट्ठहित्वा यथा आभुजितेन एकेनेव पल्लङ्केन ।

पठमबोधिसुत्त वण्णना, परमत्थदीपनी (उदान अट्ठकथा) खुद्दकनिकाय । पृष्ठ ३३ ।

थुकिया अर्थ थथे खः –

छगू हे आसनय् धाःगुया अर्थ बैशाखपुन्ही कुन्हु द्योःनिभाः मबिवंनिसें हे मारं त्याकेमफुगु उत्तमगु फःचा (अपराजितपल्लङ्कवरे) वज्रासनय् (बोधिसिमाक्वय्या आसन) फेतुना बिज्याःसांनिसें कयाः छकः हे मदँसे न्हापां गथे फेतुना बिज्याःगु खः अथे हे च्वनाः धाःगु खः ।

अझ हानं मेगु :

अनेक जाति संसारं सन्धाविस्सं ... तण्हानं खयमज्झगा:'ति । इदं पठम बुद्धवचनं । केचि यदा हवे पातु भवन्ति धम्माति खन्धके उदानगाथं आहु । एसा पन पटिपदादिवसे सब्बञ्ञुत भावपत्तस्स समनस्समयञाणे पच्चयाकारं पच्चवेक्खन्तस्स उप्पन्ना उदान गाथा'ति वेदितब्बा ।

बाहिरनिदान वण्णना, समन्तपासादिका, पठमो भागो, महाविभंगवण्णना, (विनयट्ठकथा), पृष्ठ १७ ।

उकिया अर्थ थथे खः –

'अनेक जन्म कयाः संसारय् हिलाजुयाः ... मूलगु तृष्णा फुकाछ्वयेधुन' धैगु थुपिं गाथात प्रथम बुद्धवचन खः । गुलिं गुलिं आचार्यपिंसं गुबले धर्म खने दया वइ धकाः धाःगु खन्धकय् च्वंगु उदान गाथातयेत प्रथम बुद्धवचन खः धाः दु । थुगु पत्ती खँ सर्वज्ञज्ञान प्राप्त जुयाः प्रसन्न जुयाः थम्हं लानागु ज्ञानय् प्रत्यय आकारयात प्रत्यवेक्षण याना बिज्याना च्वंम्ह भगवान्या म्हुतुं पारुकुन्हु उत्पन्न जूगु उदान गाथात खः धकाः सीकेमाः ।

च्वय्यागु उल्लेखं सी दु भगवान् बैशाखपुन्ही कुन्हु सन्ध्याइलय् वज्रासनय् फेतुनाः चा बितेमजुवं पारुं न्ह्यवः हे (पुन्हीकुन्हुं तुं) सम्बोधि लाना बिज्याःगु खः ।

थाई ज्यातिषतसें 'भगवानं ज्ञान लानाबिज्याःगु दिं बैशाखपुन्ही बुधवार खः' धकाः निर्णय याना तःगु दु ।

३) भगवान् बुद्धया महापरिनिर्वाणः

धम्मचक्कप्पवत्तनं हि आदिं कत्वा याव सुभद्दपरिब्बाजक विनयना कतं बुद्धकिच्चे कुसिनारायं उपवत्तने मल्लानं सालवने यमकसालानमन्तरे

विसाखपुण्णमीदिवसे पच्चूससमये अनुपादिसेसाय निब्बानधातुया परिनिब्बुते ।

बाहिरनिदान वण्णना, समन्तपासादिका (पठमो भागो), व हे, पृष्ठ ५ ।

थुकिया अर्थ थथे खः –

धर्मचक्र प्रवर्तन याना बिज्याःगुनिसें कया सुभद्र परिव्राजकयात बोध याना बिज्याःगु थ्यंकयागु बुद्धयागु फुक कृत्य सिधयेका कुसिनारायागु उपवत्तनय् मल्लपिनिगु शालवनया निमा शाल सिमाक्वय् बैशाखपुन्हीकुन्हु सुथन्हापां (द्यःतुइकाः) भगवानं अनुपादिशेष निर्वाणधातुस परिनिर्वाण जुया बिज्यायेव ...।

अथे हे मेगु नं :

कुसिनारायं उपवत्तने मल्लानं सालवने यमकसालानमन्तरे विसाखपुण्णमी दिवसे पच्चूस समये अनुपादिसेसाय निब्बानधातुया परिनिब्बते ।

पठम महासंगीतिकथा, सुमंगलविलासिनि, सीलखन्ध वण्णना, पठमोभागो, दीघनिकाय अट्ठकथा ।

थुकिया अर्थ थथे खः –

कुशीनाराया उपवत्तनय् मल्लपिनिगु शालवनया निमा शालसिमाक्वय् बैशाखपुन्हीकुन्हु सुथन्हापां (द्यःतुइकाः) भगवान् अनुपादिशेष निर्वाणधातुस परिनिर्वाण जुया बिज्यायेवं ।

च्वय् बियागु निगुलिं उल्लेखं नं भगवान् परिनिर्वाण जुया बिज्याःगु दिं व समय समानरूपं अर्थात् बैशाखपुन्ही कुन्हु सुथय् एवं थाय् कुशिनारा धका बियातःगु दु ।

थाई ज्योतिषतयेसं भगवान् परिनिर्वाण जुया बिज्याःगु दिं बैशाखपुन्ही तथा मंगलवारकुन्हु धकाः निर्णय याना तल ।

थुपिं घटनात थौंकन्हेया ए.एम्. व पी.एम. ल्याखं अर्थात् पश्चिमी सौर्यगति हिसाबं कयातःगु मजुसे झीथाय्यागु प्राचीन परम्परा चन्द्रगतिकथं कयातःगु स्वयबले छन्हुं हे घटित जूगु खत । थ्व खँयात हानं छको उलास्वये ।

भगवान् कुसिनाराय् थ्यंक बिज्यानालि परिनिर्वाण शैय्याय् गोतुला बिज्यानाः चच्छि यंकं आपालं ध्यानय् च्वनाः बैशाखपुन्हीकुन्हु द्यः तुयुतुयु धाःबले भगवान् अनुपादिशेष परिनिर्वाण जुया बिज्यात ।

अथे हे सुथय् कपिलवस्तु थःछेँपत्ति प्रस्थान याना बिज्याम्ह महारानी मायादेवी लुम्बिनी वनय् थ्यंकाः चाहिला च्वंबले सिद्धार्थ बूगु जुल ।

थाई ज्योतिषतयेगु निर्णय अनुसार सिद्धार्थ बूगु सुथसिया ११ बजे खः ।

व्याकरणसार वर्ष १५ अंक १, थाइ होर शास्त्र समागम, महामकुटराजविद्यालय, वात पवरनिवेस विहार, बैंकक ।

हानं बोधिसत्त्व सिद्धार्थं सुजातां दान ब्यूगु क्षीर भोजन यानाःलि थौंयागु दिनय् सम्बोधिलाभ याये फइगु विश्वास ज्वना सोत्थिय धयाम्ह ब्राह्मणं दान ब्यूगु च्याम्हू घाँय् लायाः द्यःनिभाः मबिवं हे वज्रासनय् फय्तुनाः मार विजय यानाः पारुया द्यः तुयू मजूनिवं हे सर्वज्ञज्ञान लानाकया बिज्यात । (अब्भन्तरनिदान १,

रतनचंकमणकण्ड वण्णना, मधुरत्थविलासिनी (बुद्धवंस अट्ठकथा), खुद्दकनिकाय, पृष्ठ ११)

थुकथं सुथन्हापा निसें कया कन्हे कुन्हु सुथ मजूतलेया पूरा २४ घण्टा समय बुद्धयागु जीवनय् महान् घटनात घटित जूगु बैशाखपुन्ही तच्वतं पुण्यमयगु दिं जुया च्वंन ।

थुकी छ्यलागु सफूत :

१) समन्तपासादिका नाम विनय पिटक अट्ठकथा महावग्गादि वण्णना (महाखन्धकादि वण्णना) थाईरट्ठे महाचूलालङ्कर्ण राजविद्यालयेन पकासिता अनुस्सरणीयं बुद्धवस्से २५३४ ।

२) मधुल्यविलासिनी (बुद्धवंस अट्ठकथा) खुद्दकनिकाय, थाईरट्ठे भूमिबलभिक्खु मूलनिधिना पकासिता, बुद्धवस्से २५२२ ।

३) परमत्थदीपनी उदान अट्ठकथा, थाईरट्ठे भूमिबलभिक्खु मूलनिधिना पकासिता ।

४) समन्तपासादिकानाम विनयट्ठकथा (पठमो-भागो) महाविभंगवण्णना सयामरट्ठस्स राजधानीयं महामकुटराजविद्यालयेन पकासिता, बुद्धवस्से २५३२ ।

५) सुमंगलविलासिनी नामक दीघनिकाय अट्ठकथा सीलक्खन्धवण्णना (पठमोभागो), महाचुलालङकर्ण राजविद्यालयेन पकासिता ।

(आनन्दभूमि २२/५)

अतीत बुद्धहरु र कल्प
कल्पान्तरसँग भगवान् बुद्धको सम्बन्ध

भगवान् बुद्धले बुद्धत्त्व पाउनका लागि मनोप्रणिधान (संकल्प) मात्र गर्नुभएको समयावधि ७ असंख्य कल्प थियो । त्यस्तै वचनद्वारा मात्र प्रणिधान गर्नु भएको समयावधि ९ असंख्य कल्प थियो । अनि काय, वचन र मन तीनैद्वारा प्रणिधान गर्नु भएको समयावधि ४ असंख्य एकलाख कल्प थियो । यति समयावधिपछि अर्थात् उहाँले मनोप्रणिधान गर्नु भएको २० असंख्य एक लाख कल्प समयपछि मात्र बुद्धत्त्व लाभ गर्नु भएको हो ।

यहाँ तिनै कल्प र असंख्य तथा भगवान् बुद्धको त्यससँग सम्बन्धका बारेमा केही कुराहरू लेखिन्छ । सर्वप्रथम कल्प भनेको मतलब के हो त ? यो एउटा समयावधिको नाम हो । यस बारेमा तलका उपमाहरू हेरौं –

१. **शैल-पर्वतको उपमा**: – भनौं, यहाँ कुनै एउटा एक योजन अग्लो शैलपर्वत छ । अनि कुनै देवताले अति नरम दिव्यकपडाले एकशताब्दीमा एकचोटि आएर त्यो शैलपर्वतलाई एकबार पुछ्दछ । यस्तो गर्दागर्दै जति समयावधिमा सो शैल-पर्वत भूमि बराबर सम्म हुन्छ, एक कल्प भनेको त्यति नै समयावधि हो ।

२. **तिलको उपमा**: – भनौं, यहाँ एक एक योजन लम्बाइ, चौडाइ र उँचाइ भएको कोठा छ । अनि कुनै देवता आई एक शताब्दीमा एकचोटि एउटा तिल सो

कोठामा हाल्दछ । यस्तो गर्दागर्दै त्यो कोठा भर्नलाई जति समयावधि लाग्ने हो, कल्प भनेको पनि त्यति नै हो ।

असंख्य भन्नुको मतलब के हो त ?

असंख्य भनेको एउटा संख्याको नाम हो । कति हो भन्नेबारेमा विचार गरौं । आचार्यहरू भन्दछन् – यदि १० x १० लाई १००, यस्तै सहस्र, दशसहस्र, लक्ष अनि शय लक्षको १ कोटि हुन्छ भने यो कोटिलाई फेरि १ कोटिले गुणन गर्दा आउने गुणनफललाई एक कोटिले क्रमशः गुन्दै जाँदा एकको पछाडि १३३ वटा सुन्ना राख्दा जुन संख्या हुनआउँछ, त्यही संख्यालाई १ असंख्य भनिएको हो । तदनुसार – १०,०००,००० x १०,०००,००० = [१०(१४)] एक प्रकोटि हुन्छ ।

यस्तै १०(२१) एकनहुत, १०(२८) एकनिन्नहुत, १०(३५) एकअक्षौहिणी, १०(४२) एकबिन्द, १०(४९) एकअब्बुद, १०(५६) एकनिब्बुद, १०(६३) एकअहह, १० (७०) एकबह, १०(७७) एकअटट, १०(८४) एकसोगन्धिक, १०(९१), एकउपल, १०(९८) एककुमुद, १० (१०५) एकपदुम, १०(११२) एकपुण्डरीक, १०(११९) एकअकथान, १०(१२६) एकमहाअकथान, र १०(१३३) एकअसंख्य हुन्छ ।

यी कल्प र असंख्यहरू भगवान् बुद्धसँग कसरी सम्बन्धित छन् त ? यसै बारेमा एकचोटि नियालौं ।

(क) मनोपणिधानकथा

भगवान् बुद्धले ७ असंख्यकल्पसम्म मनोप्रणिधान गर्नु भएको थियो । त्यसबेला भगवान् बुद्ध मङ्गल चक्रवालका गन्धार विसय (राज्य) मा अत्यन्त गरिब

युवक हुनु भएको थियो । जहाजद्वारा सुवर्णभूमिमा व्यापार गर्न जाँदा वहाँले मातृभक्तिको कारणले आमालाई पनि सँगै लग्नुभएको थियो । समुद्रमा जहाज फूट्दा आफ्नी आमालाई पिठ्यूमा बोकेर समुद्रमा पौड्दै पार तर्न कोशिश गरिरहनु भएको थियो । यो कुरो अकनिष्ठ भवनका ६०,०००,००० कल्प आयु हुने तथा पहिलेका बुद्धहरूबाट सद्धर्म श्रवण गरी आर्यफल लाभ गरेका महाब्रह्माले बुद्धभावको लागि कोशिश गर्ने व्यक्तिको चिन्तन गरिहेर्दा देखे । सो मातृभक्त गरिब युवकको यस्तो दुःसाध्य काममा जाँगर र कोशिश देखेर प्रभावित भई बुद्धत्त्व पाउनको लागि कोशिस गर्नसक्ने व्यक्ति यही हो भन्ने ठानेर वहाँको मनलाई प्रभावित गरे । अनि सो युवकले यसरी मनोप्रणिधान गर्नु भएको थियो – "यदि म यसरी आमालाई बोकेर समुद्रबाट पार हुन नसकी डुबेर मरें भने मैले आफ्नी आमालाई बचाउन गरेको यो पुण्यसम्भार बुद्धत्त्व पाउनकालागि हेतु होस् । अनि मैले "तिण्णो तारेय्यं" अर्थात् आफू पार तरेर अरुलाई पनि पार तार्नेछु ।" भगवान् बुद्धले गर्नु भएको यही नै प्रथम मनोप्रणिधान थियो, जुन कि यो वर्तमानको भद्रकल्पदेखि २० असंख्य ४ लाख कल्प अगाडिको कुरो हो । त्यसैले भगवान् बुद्धले बुद्धत्त्व-लाभपछि धर्मदेशना गर्नको लागि सहम्पति ब्रह्माबाट याचना हुँदा यस्तो भन्नु भएको हो ।

"बुद्धोहं बोधयिस्सामि, इति यं पत्थनं कतं ।"
तेनपत्तम्हि सम्बुद्धो, हन्न बोधेमि पाणिनं ॥"

भगवान् बुद्धले मनोसंकल्प गर्नु भएको ७ असंख्यकल्प मध्येमा पहिलो असंख्यकल्प नन्द असंख्यकल्पमा उत्पन्न हुनु भएका पुराण दीपंकर बुद्धलाई

तेल दान गरेको पुण्यफलको प्रभावले उहाँ तावतिंस देवभवनमा उत्पन्न हुनु भएको थियो । त्यहाँ उहाँले ५७ कोटी ६० लाख वर्ष आयु बिताउनुभयो । अनि त्यस्तै स्वर्गसम्पत्ति र मनुष्यसम्पत्ति भोग गर्दै नन्द असंख्यकल्पमा एउटा सारमण्डकल्प हुँदा करण्डक नगरमा राजा हुनुभएको थियो । त्यसबेला भावी आर्यमैत्रेय बुद्ध श्रीगुप्त अमात्य भई जन्मेका थिए । यही समयमा ब्रह्मदेव नामक बुद्ध उत्पन्न हुनु भएको थियो । हाम्रा भगवान् बुद्धले उहाँको सम्मुख यसरी मनोप्रणिधान गर्नु भएको थियो –

"यथा त्वमसि नाथोव, बुद्धो चेतसि पाणिनं ।
तथेव बुद्धो सोहंपि, बोधयिस्सामि पाणिनं ॥"

यसै प्रकारले (१) नन्द असंख्यकल्पमा ५ हजार बुद्धहरू, (२) सुनन्द असंख्यकल्पमा ९ हजार बुद्धहरू, (३) पठवी असंख्यकल्पमा १० हजार बुद्धहरू, (४) मण्ड असंख्यकल्पमा १० हजार बुद्धहरू, (५) धरणी असंख्यकल्पमा २० हजार बुद्धहरू, (६) सागर असंख्यकल्पमा ३० हजार बुद्धहरू तथा (७) पुण्डरीक असंख्यकल्पमा ४० हजार बुद्धहरू उत्पन्न हुनु भएका थिए । भगवान् बुद्धले सबै गरी जम्मा १ लाख २५ हजार बुद्धहरूका सम्मुख बुद्धत्वको लागि मनोप्रणिधान गर्नु भएको थियो ।

त्यसैले यस्तो भन्नु भएको हो –

"नन्दो सुनन्दो पठवी, मण्डो धरणी सागरी
पुण्डरीको'ति मे सत्त असंख्यय्या पकासिता ।
मनसा पत्थना मह्यं, निद्दिट्ठासंखेययया इमे ॥"

(ख) वचीपणिधानकथा

भगवान् बुद्धले ९ असंख्यकल्पसम्म वचीप्रणिधान गर्नु भएको थियो । स्वर्गलोकमा स्वर्गसम्पत्ति र मनुष्यलोकमा मनुष्यसम्पत्ति भोग गर्दै सब्बभद्द असंख्यकल्पको शुरुमा भगवान् बुद्ध सागर नामका चक्रवर्ती राजा हुनुभएको थियो । त्यस बेला पुराण (पहिलेका) शाक्यमुनि बुद्ध दानशीलादि पूर्ण गरिसकेपछि हाम्रा भगवान् बुद्ध हुनेले यसरी वचीप्रणिधान गर्नु भएको थियो –

"यथा त्वमसि नाथोसि, बुद्धो बोधेमि पाणिनं ।
तथेव एकोपि बुद्धो, बोधयिस्सामि पाणिनं ॥"

अनि पुराण शाक्यमुनि तथागतले भन्नु भयो –

महाराज ! बुद्धत्त्व पाउनु गाह्रो छ । बुद्धकारक धर्महरू (पारमिता) पूरा गर्नु अति दुष्कर छ । त्यो दुष्करता कस्तो हो भने –

"भनौं, यो चक्रवाल जत्रो ठाउँभरि रातो हुनेगरि बलेको अँगार भरिएको ठाउँ छ । यस्ता दशौं हजार ठाउँलाई नाङ्गो खुट्टाले हिँडेर पारगर्ने काम जस्तै हो यो बुद्धकारक धर्महरू पूरागर्नु भनेको ।"

तर पनि भगवान् बुद्ध प्रणिधि भएका उहाँ विचलित हुनु भएन । बरु त्यसप्रति आफ्नो प्रतिबद्धता देखाउँदै भन्नुभयो : –

मनुष्यलोकमा देखिने यस्ता कुराहरूबाट दिइने उपमालाई छोड्नुहोस् । यदि त्यो सर्वज्ञज्ञान अवीचि

महानरक मुनि रहेको भए त्यहाँबाट भएपनि खोजेर ल्याउनेछु ।

अनि पुराण (पहिलेका) शाक्यमुनि तथागतले यस्तो थाहापाउनु भयो – "यो सारमण्डकल्पदेखि १३ असंख्य एक लाख कल्पपछि भद्रकल्प हुनेछ, जुन कल्पमा ५ जना बुद्धहरू उत्पन्न हुनेछन् । त्यसैबेला यो बुद्धाङ्कर शाक्यमुनि गौतम नामको बुद्ध हुनेछ ।" अनि वहाँले भन्नुभयो – त्यसोभए महाराज ! ३० वटा पारमिताहरू पूरा गर ।

भगवान् बुद्धले यही कुरा प्रकाश पार्न यो गाथा भन्नु भएको हो –

"सब्बभद्दे असंखेय्य, राजा असि महब्बतो ।
नगरं धञ्ञवती नाम, सागरो नाम खत्तियो ॥"

यो (१) सब्बभद्द असंख्यकल्पपछि (२) सब्बफुल्ल असंख्यकल्प (३) सब्बरतन असंख्यकल्प (४) उसभखन्ध असंख्यकल्प (५) मानिभद्द असंख्यकल्प (६) पदुम असंख्यकल्प (७) उसभ असंख्यकल्प (८) खन्धग्गम असंख्यकल्प (९) सब्बफाल असंख्यकल्प क्रमशः भएका थिए । त्यसैले भगवान् बुद्धले सम्बोधि पाउनु भएपछि यस्तो भन्नु भएको हो –

"सब्बभद्दो सब्बफुल्लो, सब्बरतनोसभक्खन्धो ।
मानिभद्दो च पदुमो, उसभक्खन्धग्गमेव च ।
सब्बफाल असंखेय्यो, नवमोति पवुच्चति ॥"

भगवान् बुद्धले यी नौ असंख्य कल्पसम्म वचीप्रणिधान गर्नुभएको थियो । त्यसमध्ये (१) सब्बभद्द महाकल्पमा पुराण शाक्यमुनि तथा अरु ५० हजार बुद्धहरू (२) सब्बफुल्ल असंख्य कल्पमा ६० हजार बुद्धहरू, (३) सब्बरतन असंख्यकल्पमा ७० हजार बुद्धहरू, (४) उसभखन्ध असंख्यकल्पमा ८० हजार बुद्धहरू, (५) मानिभद्द असंख्यकल्पमा ९० हजार बुद्धहरू, (६) पदुम असंख्यकल्पमा २० हजार बुद्धहरू (७) उसभ असंख्यकल्पमा १० हजार बुद्धहरू (८) खन्धगम असंख्यकल्पमा ५ हजार बुद्धहरू, (९) सब्बफाल असंख्यकल्पमा २ हजार बुद्धहरू गरेर जम्मा ३ लाख ८७ हजार बुद्धहरू उत्पन्न हुनु भएका थिए । उहाँले यी सबैका सम्मुख बचीप्रणिधान गर्नु भएको थियो ।

यीमध्ये ९ औं असंख्यकल्पको अन्तमा एउटा सारमण्डकल्प भएको थियो । त्यस कल्पका बुद्धहरू हुनुहुन्छ – (१) तण्हंकर बुद्ध, (२) मेधंकर बुद्ध, (३) शरणंकर बुद्ध र (४) दीपंकर बुद्ध । यी बुद्धहरूमध्ये पहिला ३ बुद्धहरूका पालामा ठूलो कोशिश गर्नु भएतापनि भगवान् बुद्धले भविष्य व्याकरण पाउनु भएन । किनभने त्यसबेला उहाँ धर्मसमोधान अर्थात् मनुस्सभाव आदि गुणधर्मले पूर्ण हुनु भएको थिएन । चौथो बुद्ध अर्थात् दीपंकर बुद्धका पालामा मात्र त्यो पूर्ण भएको थियो ।

(ग) भविष्यव्याकरणकथा

दीपंकर बुद्ध उत्पन्न हुनुहुँदा भगवान् बुद्ध गृह त्यागगरी सुमेध नामक ब्राह्मण ऋषि हुनुभएको थियो । त्यस बेला दीपंकर बुद्धका श्रीमुखबाट वहाँले “बुद्ध

हुनेछौ" भन्ने भविष्य-व्याकरण पाउनु भएको थियो । त्यसबेलादेखि नै वहाँले बुद्धत्त्वका लागि मन, बचन तथा शरीरले बुद्धत्त्व पाउनका लागि कोशिश गर्दै आउनु भएको थियो ।

दीपंकर बुद्ध बन्नुभएपछि (क) सेल असंख्यकल्पको अन्तमा एउटा सारकल्प भयो । यस कल्पमा कौडिण्य बुद्ध एकजनामात्र उत्पन्न हुनु भएको थियो । यसपछि (ख) वास असंख्यकल्पको अन्तमा एउटा सारमण्ड कल्प उत्पन्न भयो । यस कल्पमा (१) सुमंगल बुद्ध, (२) सुमन बुद्ध, (३) रेवत बुद्ध र (४) सोभित बुद्ध गरी जम्मा ४ बुद्धहरू उत्पन्न हुनु भएको थियो । त्यसपछि (ग) जेय्य नामक असंख्य कल्पमा एउटा वरकल्प उत्पन्न भयो जसमा (१) अनोमदस्सी बुद्ध, (२) पदुमुत्तर बुद्ध र (३) नारद बुद्ध गरी तीन बुद्धहरू उत्पन्न हुनभएको थियो । यसपछि (घ) रुचिर असंख्यकल्प उत्पन्न भएको थियो । भगवान् बुद्धले यी सबै बुद्धहरूबाट पनि भविष्य व्याकरण पाउनु भएको थियो ।

त्यसैले हाम्रा अनन्तजिन लोकज्येष्ठ सम्यकसम्बुद्धले यस्तो भन्नुभएको हो –

"दीपंकरस्स भगवतो, कोण्डञ्ञस्स च सत्थुनो ।
तेसंपि अन्तराकप्पा, गणना ते असंखेय्या ॥"

अर्थात् दीपंकर बुद्धदेखि कोण्डञ्ञ बुद्धसम्म, कोण्डञ्ञ बुद्धदेखि मङ्गल बुद्धसम्म, मङ्गल बुद्धदेखि अनोमदस्सी बुद्धसम्म र अनोमदस्सी बुद्धदेखि पदुमुत्तर बुद्धसम्मका अवधिहरूमा अन्तरकल्पको संख्या एक-एक असंख्य थियो । यसरी दुई बुद्धहरूका बीचमा पर्ने यी

असंख्य अन्तरकल्पहरू जम्मै सुञ्ञकल्पहरू थिए । सुञ्ञकल्पमा सम्यक्सम्बुद्ध, प्रत्येकबुद्ध, श्रावकबुद्ध तथा चक्रवर्तीराजा उत्पन्न हुँदैन ।

असुञ्ञकल्प पनि ५ प्रकारमा विभाजित छ – (१) सारकल्प, (२) मण्डकल्प, (३) वरकल्प, (४) सारमण्डकल्प र (५) भद्रकल्प । यसमा सम्यक्सम्बुद्धहरू क्रमशः १,२,३,४ र ५ जना उत्पन्न हुने मुताबिक कल्पहरूका नाम परेका हुन् । एक कल्पमा उत्पन्न हुने बुद्धहरूको संख्या ५ नै अधिकतम हो । कुनै एउटा कल्पमा योभन्दा बढी बुद्ध उत्पन्न हुन सक्दैन । अघिल्ला बुद्धबाट आफूपछि आउनुहुने बुद्धका बारेमा बुद्ध परिषद्लाई व्याकरण गर्नुहुन्छ ।

भगवान् बुद्धले वरकल्पमा उत्पन्न हुनु भएका अनोमदस्सी बुद्ध, पद्म बुद्ध तथा नारद बुद्धबाट – "तिमी भविष्यमा एक असंख्य र एक लाख कल्प समयपछि गौतम नामको बुद्ध हुनेछौ" भनि भविष्य-व्याकरण पाउनु भएको थियो । अनि एउटा रुचिर असंख्यकल्प भयो जुन एउटा सुञ्ञकल्प थियो ।

त्यसपछिको सारकल्पमा उत्पन्न हुनु भएका पदुमुत्तर बुद्ध, मण्डकल्पमा उत्पन्न हुनु भएका सुमेध बुद्ध र सुजात बुद्ध सबैबाट भगवान् बुद्धले "एक असंख्यकल्पपछि शाक्यमुनि गौतम नामक बुद्ध हुनेछौ" भनी भविष्य-व्याकरण पाउनु भएको थियो ।

सुजात बुद्धको महापरिनिर्वाण भएको धेरै कालपछि लगातार शून्यकल्पहरू भएका थिए । त्यो बितेपछि अहिलेको भद्रकल्पदेखि गन्दै जाँदा ११८ कल्पअगाडि एउटा वरकल्प उत्पन्न भयो जसमा तीन

बुद्धहरू उत्पन्न हुनु भएका थिए । वहाँहरू: – (१) पियदस्सी बुद्ध, (२) अत्थदस्सी बुद्ध र (३) धम्मदस्मी बुद्ध हुनुहुन्थ्यो । धम्मदस्सी बुद्धका पर्यायको अन्त भई वरकल्प सकिएपछि २४ कल्पसम्म सुञ्ञकल्प भएको थियो । अनिपछि मात्र अर्थात् अहिलेको भद्रकल्पदेखि ९४ कल्पअगाडि एउटा मण्डकल्प उत्पन्न भयो । यो कल्पमा एउटामात्र बुद्ध सिद्धार्थ बुद्ध उत्पन्न हुनु भएको थियो । वहाँहरू सबैबाट पनि भगवान् बुद्धले "अनागतमा तिमी बुद्ध हुनेछौ ।" भन्ने भविष्य-व्याकरण पाउनु भएको थियो ।

यो मण्डकल्पको अन्त्यपछि २ वटा सुञ्ञकल्प परेको थियो । यसपछि उत्पन्न भएको मण्डकल्प अहिलेको भद्रकल्पदेखि ९२ कल्पअगाडि २ जना बुद्धहरू उत्पन्न हुनु भएका थिए । वहाँहरू क्रमश: (१) तिस्स बुद्ध र (२) फुस्स बुद्ध हुनुहुन्थ्यो । त्यसपछिको सारकल्पमा उत्पन्न हुनु भएका एकमात्र बुद्ध विपस्सी बुद्ध हुनु हुन्थ्यो । वहाँहरू सबैबाट भगवान् बुद्धले "९१ कल्पपछि शाक्यमुनि गौतम नामको बुद्ध हुनेछौ ।" भन्ने भविष्य-व्याकरण पाउनु भएको थियो ।

यो सारकल्पपछि ६० कल्पसम्म सुञ्ञकल्प परेको थियो । अनि पछिको मण्डकल्पमा २ जना बुद्धहरू (१) सिखि बुद्ध र (२) बेस्सभू बुद्ध उत्पन्न हुनु भएको थियो । हाम्रा भगवान् बुद्धले वहाँहरूबाट पनि "भविष्यमा एउटा बुद्ध हुनेछौ ।" भन्ने भविष्यवाणी पाउनु भएको थियो । यो मण्डकल्पपछि ३१ कल्पसम्म सुञ्ञकल्पहरू भएको थियो । अनि मात्र यो अहिलेको भद्रकल्प आएको हो ।

भद्रकल्पमा ५ जना बुद्धहरू उत्पन्न हुन्छन् । अहिलेका यस भद्रकल्पका बुद्धहरू (१) ककुसन्ध बुद्ध, (२)

कोनागमन बुद्ध, (३) कस्सप बुद्ध र (४) शाक्यमुनि गौतम बुद्ध उत्पन्न भइसक्नु भएको छ । अब अन्तिम बुद्ध (५) श्री आर्यमैत्रेय बुद्ध भविष्यमा हुनु हुनेछ ।

भगवान् बुद्धले यस भद्रकल्पमा उत्पन्न हुनुभएका आफूभन्दा अघिका तीनै बुद्धहरूबाट पनि – "यो भद्रकल्पमा बुद्ध हुनेछौ ।" भनी भविष्य-व्याकरण पाउनु भएको थियो ।

यसरी भगवान् बुद्धले २० असंख्य कल्प अगाडिदेखि नै प्रणिधान गरी बुद्धत्त्वका लागि कोशिश गर्दै आउनु भएको थियो । अनि पछिमात्र बोधिवृक्षमुनि वरबोधिपल्लंकमा स्थिरतापूर्वक बसी मारविजय गर्नु भएको हो । बोधिज्ञान लाभ गर्नु भएको हो । त्यसैले आक्रमण गर्न आएको मारले आफू पराजित भएपछि निम्न श्लोकद्वारा भगवान् बुद्धको स्तुति गरेको हो ।

नमो ते पुरिसाजञ्ञ, नमो ते पुरिसुत्तम ।
सदेवकस्मिं लोकस्मिं, नत्थि ते पटिपुग्गलो ।
तुवं बुद्धो तुवं सत्था, तुवं माराभिभू मुनि ।
तुवं अनुसये छेत्वा, तिण्णो तारेसि मं पजं ।

नेपालमा प्रचलित महासत्त्व जातकको प्रतिनिधित्व गर्ने खालको एउटा कथा, जुनमा भगवान् बुद्धले एउटी भोकाएकी बघिनीलाई आफ्नो मासु दान दिनु भएको थियो, पनि मनोसंकल्प गर्नु भएको अवधिमा घटेको भनी दिइएको छ । पालीवाङ्मयमा यस्ता कथाहरू खोजीनीति गरेमा अरु पनि पाइन सक्छन् ।

[संभार विपाक नामक पुस्तकको आधारमा रचित]

(आनन्दभूमि २२/६-७)

ज्ञानमालाया पुलांगु परम्परा श्रोत

"ज्ञानमाला" न्हू जागरित नेपाः देशय् तःसकं लोकं ह्वाःगु बौद्ध धार्मिक भजन मुनाः खः । वि.सं. १९९४ स येंया स्वयम्भू महाचैत्यया न्ह्योने च्वंगु सत्तलय् निम्ह प्यम्ह भजन ह्योमिपिनिगु पुचलं भजन खलःया रूप काल । अले उकी उपयोगी १८ पू भजनत मुना "भजनमाला" नामं भिक्षु प्रज्ञाभिवंशया गुप्त नामं दिवंगत भिक्षु धर्मालोकया सम्पादनय् दिवंगत भिक्षु अमृतानन्दं भारतं प्रकाशित याना बिज्यात । नेपालय् प्रचार जुल । थौंतकं न्येद्वः सिबे अप्वः प्रति प्रचार जुइ धुंकल । थ्व भजन मुनाःया नां निगूगु संस्करणं निसे ज्ञानमाला च्वंगु खः। थौं ज्ञानमालाय् २३८ पुं मयाक भजनम्ये संकलित जुया च्वंगु दु धाःसा छुं भजनम्ये थपघट नं जूगु दु । भारतया कालिम्पोङ लगायत नेपाः अधिराज्यया थीथी जिल्लाय, थासय संस्थागत रूपं भजन नं यायेगु याः । अले भजन खलःत मध्ये छुं भजन खलकं थःथःगु कथं न्हूगु भजनया सफू नं प्रकाशित याःगु दु । नेपाली भजनम्ये नं भति भति संकलित जुइ धुंकूगु दु । भविष्यय् मेंमेंगु थीथी भाषांनं थयागु भपात अलग अलग सफूया रूपय् याकनं हे प्रकाशित जुइगु आशा याये फु ।

"ज्ञानमाला"यात प्राचीन इलं निसें क्रमशः विकसित जुजुं वया च्वंगु त्रिरत्न गुणानुस्मरण परम्पराया आधुनिक स्वापूया रूपय् काये फु । त्रिरत्न गुणानुस्मरण भगवान् बुद्धया जीवन कालय् हे जूगु खः । थ्वया प्रारम्भिक रूपया प्रसंग यक्व थासय् लुया वः ।

भी भगवान् बुद्ध बुद्धत्त्व लाभयाना बिज्याना न्हापांगु बार उरुवेलास्थित नैरंञ्जना खुसीया सिथसं च्वंगु अजपाल वृक्ष क्वसं च्यागूगु सप्ताहय् च्वना बिज्यागु इलय् पञ्चशिख नांम्ह गन्धर्वपुत्रं थ:गु सीप व योग्यता छ्यला थ: प्रेयसी नापं प्रणय म्ये हाला त्रिरत्नया गुणगान या:गु दु । व गायन ज्याय् पञ्चशिखं पाके जूगु ब्या:थें म्हासुगु वर्णगु 'वेलुपण्डु' वीणा-बाजानं छ्योगु दु । थुम्ह देवपुत्रं देवोरोहणय् नं थथे हे म्ये हा:गु खँ मूलपाली त्रिपिटकय् यागुलि दु । देवलोकय् नं त्रिरत्नया कीर्तन जूगु देवराज इन्द्रया य:म्ह कर्मचारी खँ नं न्ह्यथना त:गु दु । थ्व हे म्यें न्यना देवतापिसं त्रिरत्नप्रति श्रद्धा त:गु ख: । थथे त्रिरत्नया भजन कीर्तन देव मनुष्यपिनि त्रिरत्न प्रति श्रद्धा ब्वलंकेगु निंति ग्वाहालि याइगु बांलागु माध्यम जुया वया च्वंगु स्पष्ट जू ।

भगवान् बुद्धं पञ्चशिख गन्धर्वपुत्रयाके न्यना बिज्यात –

पञ्चशिख ! छंगु वीणास्वर म्येयागु स: व ताल नापं मिले जू । म्येया स्वर वीणाया स्वरनाप मिले जू । वीणाया स्वर म्येया स: व तालया पिने मवं । म्येया स्वर वीणाया स्वरं पिने मवं । पञ्चशिख ! बुद्ध, धर्म, संघ, अर्हत् तथा काम सम्बन्धी थ्व म्ये छं गबले च्वयागु ख: ?

थथे भगवान् बुद्धं पञ्चशिख गन्धर्वपुत्रनापं प्रसन्नता पूर्वक खँ ल्हाना बिज्यात । थ्व हे कारणं नं देवराज इन्द्रं वसपोल भगवान् बुद्धनापं स्वापू तयेगु ज्या ब्व:गु ख: । थथे त्रिरत्नया भजन कीर्तन भगवान् बुद्ध लगायत देवराज इन्द्र, देवतापिं व पञ्चशिख गन्धर्व पुत्रया प्रेयसी सुरियवच्छस भद्रायात प्रसन्न जुइकीगु

विषय खः । 'जनवसभसुत्त' कथं देवसमाजय् पञ्चशिख गन्धर्वपुत्रया लोकप्रियता थौंकन्हेया सँकिपाया नायकयाथें जूगु अनुमान याये फु । थ्व हे लोकप्रियतां याना सनतकुमार ब्रह्मां पञ्चशिख गन्धर्वपुत्रया भेष धारण याना देवसभाय् प्रकट जूगु खः धका अर्थकथाचार्य बुद्धघोष स्थविरपाखें स्पष्टिकरण बिया तःगु दु । थ्व हे प्रसंगयात आधुनिक बौद्ध भजन कीर्तन व नेपाःया प्रसंगय् 'ज्ञानमाला' या प्रचलन सम्बन्धी प्राचीनतम (दकसिबे पुलांगु) मूलश्रोत कथं नाला काये फु ।

मूल पालि त्रिपिटकय् दुगु छन्दोबद्ध गाथा, उदान व सूत्रथें जांगु बुद्धकालीन भाषाय् दुगु बौद्ध वाङ्मय तत्कालीन समाजय् थौंया 'ज्ञानमाला' साहित्यथें हे गायन, स्मरणं, स्वाध्याय याइगु गीतिसाहित्य जुल जुइ । बरु व इलय् लौकिक साधनय् प्रयोग याना तःगु थी थी किसिमया बाजात धार्मिक उद्देश्यय् गनं प्रयोग जूगु खँ विस्तृत रूपं उल्लेख जूगु खने मदु ।

विनयपिटक महावग्गपालि नं छगू प्रसंग उल्लेख जुया च्वंगु दु । भगवान् बुद्धं धर्मचक्र प्रवर्तन याना बिज्याये धुंका मगधराज सेनिय बिम्बिसारया निमन्त्रणा कथं न्हापांगुबार राजगृहय् बिज्याना भोजनया निंति राजदरबार बिज्याबले देवराज इन्द्र स्वयं माणवकया रूप धारण याना बुद्ध प्रमुख भिक्षु संघया न्ह्योने न्ह्योने शंख पुया त्रिरत्नया भजन म्ये हाला वना च्वंगु खः । दर्शकतयें दथ्वी (अपाय्सकं बालाक म्ये हाम्ह युवक सु खः ?) धका चर्चा जूबले थः परम बुद्धभक्त सेवक देवराज इन्द्रं, खः धका म्यें हे लिसः ब्यूगु खः । थथे देवराज इन्द्रं नं त्रिरत्नया भजन कीर्तन याः धयागु खँ सी दु ।

धम्मपद अट्ठकथाय् उल्लेख जुया च्वंगु दु, विशाखा महाउपासिका थःगु पूर्वाराम महाविहार दयेके सिधयेका मानेयागु महोत्सवया अन्तिम दिनय् प्रफुल्लित जुया उदान म्ये हाला जुया च्वन । वयागु हाःसः तायेदया गुलिं मनूतयेसं उईसूला मचाःला कि धका नं धायेगु यात । श्रोतापन्न जुइ धुंकूम्ह विशाखां थथे मानसिक प्रसन्नताया प्रीति म्ये थें हाला जूगु खन । अथवा बुद्ध भजन वा प्रीति म्ये बुद्धधर्मया अनुकूल जू धैगु खँ थुकिं स्पष्ट जू ।

संस्कृत बौद्ध साहित्यय् मनुष्यपिं तोता देव, देवी, गन्धर्व, किन्नर, गरुड, नाग आदि पौराणिक पात्रतयेसं नं थःथःगु कथंया स्तुतिगान याना त्रिरत्नया भजन कीर्तन याःगु प्रसंग यक्व खने दु । भगवान् बुद्धया महानतायात प्रकाशित यायेगु निंति मेपिंसं हालातःगु प्रसंग बुद्धधर्मया इतिहासय् अटूट रूपं न्ह्याना च्वंगु दु । तामिल भाषाया मणिमेखलाह, व सिलप्पकिकरम महाकाव्यय् इसवीया, न्हापांगु सदी स्थविर अश्वघोषकृत संस्कृतया बुद्धचरित व सौन्दरांनन्द महाकाव्यय् व सारिपुत्रप्रकरण नाटकय्, वथें हे न्हेगूगु सदीया राजा श्रीहर्षया बोधिसत्त्व जिमूत बाहनया बाखँनय् आधारित नागानन्द नाटकय् नं बौद्ध गायनया अंशत खंके फु । च्यागू निसें भिंनिगूगु सदीतक भारतय् व नेपालय् चर्या म्येया रचना व गायन परम्परा क्वातुक दुगु खः । लिपा भारतय् बुद्धधर्म लोप जुसेलि बौद्ध गायन परम्पराया नं अन्त्य जूवन । तर थुकीया साहित्य आःतकं नं हिमाली देश नेपाः व तिब्बतय् उपलब्ध जू । गुलिं हालय् सफूया रूपय् मुद्रित नं जुइ धुंकल । थुकीया गायन परम्परा नेपाःया नेवाः बुद्धमार्गीतये के अटूट रूपं न्ह्याना च्वंगु दनी । न्हूऩ्हूगु रचना च्वया विकास नं जुया च्वंगु दु । संस्कृतं हे हालिगु 'बुद्ध गीत' नेवाः भाषाय् अपभ्रंश जुया बोगीं जू वन ।

गुंलाधर्म विशेष धार्मिक ज्याभ्वःलय् लोकप्रिय यक्व म्ये दु । संस्कृत बौद्धम्ये मुनाः "बौद्ध स्तोत्र संग्रह" जनार्दन शास्त्री पाण्डेयं भारतं प्रकाशित याःगु दु । बुद्धभक्ति शतकम्, नामाष्टशतकम् व नामसंगीति आदि कृतित आधुनिक नेपाल भाषाय् अनुवाद जूगु दु । थ्व नेपाःया बौद्ध गायनया लोकप्रियताया बांलागु दसु खः ।

छुं सदी न्ह्योनिंसे नेवाः बौद्ध समाजय् नेपालभाषा म्ये भजन रचना च्वयेगु याना त्रिरत्नया भजन कीर्तन यायेगु प्रथा चले जूगुयात महत्वपूर्ण गु ह्यूःपाः वा विकास वःगु धका काये फु । थुकिं हें आधुनिक 'ज्ञानमाला' गायनया परम्परा चले जूगु खः । 'ज्ञानमाला' य् न्येदँ ख्वीदँ पुलांगु म्ये, सदी सदी पुलांगु नेपालभाषाया कृतित संकलनं याना तःगु दुसा पालि तथा संस्कृत निगुलिं साहित्यय् प्रसिद्धगु 'यशोधरा स्तोत्र' नं नेपाल भाषाया रचनाय् उपलब्ध जूगुलिं 'ज्ञानमाला' या प्राचीन काल नापं सम्बन्ध दुगु क्यं ।

संगीतया सम्बन्ध मानव संस्कृतिनाप स्वाना च्वंगु दु । थुकिया बुद्धधर्म नापं घनिष्ठ स्वापू दःवगु इसवीया खुगू सदीनिंसे खः । गुगुकि महायानय् बोधिसत्व आदर्श चरमोत्कर्षय थ्यंगु अवस्था खः धका माने याइपिं छथी विद्वानत दु । थुकीया प्रचूर मात्राया प्रयोग झिगू सदीस उत्तरी भारतये वःगु भक्ति आन्दोलनय् जुल । बुद्धधर्म प्रबल जूगुथाय् सामान्यरूपं थौंकन्हे भिक्षुपिंसं महापरित्राण पाठ याइबले थें जक लयबद्ध किसिमं पाठ याइ वा गायन जुइ । थुगु किसीमं हे संगायना पाठ नं जू । अन्य किशिमया पाठ वा गायन थाय् थाय् पत्तिकं थी थी दुगुलिं थन उकिया चर्चा यायेगु सम्भव मदु ।

सामान्य जनमानसय् संगीतया प्रभाव न्ह्यागु हे जूसा नं आध्यात्मिक समाजय् धा:सा थुकी त:धंगु थाय् मदुगु खने दु । आध्यात्मिक लागाय् सर्वश्रेष्ठ मानेयाना तम्ह मनू भगवान् बुद्ध वा महापुरुषयात गायनवादन याना दबुली क्यनेगु ज्या आ:तक नं असम्भव हे तिनि । गुलि गायनय् दबुली केन वा प्रस्तुत जुल उपिं फुक्कं हे लौकिक मनूत जक ख: । भगवान् बुद्धया बोधिसत्त्व कालीन व जातककालीन गायन व मंचन (केनेगु) चलन धा:सा बौद्ध देशय् लोकप्रिय जू । भगवान् बुद्धया सम्बोधिलाभ धुंका परिनिर्वाणतकया खँ मंचन मया:सां नं गायन धा:सा अत्याधिक हे जू । तर सामान्य जनजीवनपाखें अलग जुया यक्व दुग्येक धार्मिक लागाय् जीवन यापन याइपिं भिक्षु भिक्षुणीपिनि निंतिं त्रिरत्नया हे कीर्तन जूसां विनय नियम अनुकूल मजूगुलिं बौद्ध भजन धागु सर्वसाधारण गृहस्थीपिंनि निंति जक जुया च्वंगु खने दु । अथे हे दशशील, अष्टांग उपोसथ शील पालन याइपिनि नं मनयात शान्त जुइगु ज्याय् हे जक च्वने मा:गु नियम दु ।

तर पूर्वाग्रह व राजनीतिक सीमानाय् सीमित मजूसे बौद्ध गायन सम्बन्धी दुग्येक तथा व्यापक खोजिनीति या:सा नेपा: देशय् अवश्यमेव छुं लाभ याये फइगु ख:। भारतये जीवित बौद्ध परम्परा न्हना वंगुलिं भजन कीर्तनया परम्परा नं तना वंगु जुइ फु । आ: अन चा व धू, सिमा घासं ल्हाना च्वंगु प्राचीन बौद्ध खण्डित मूर्तित, साहित्यत उत्खननय् लुया व:गुयात अध्ययन यायेथें गायन भजन कीर्तनयात अध्ययन यायेगु सम्भव मदु । यदि धार्मिक व सांस्कृतिक परम्परा जीवित मजूसा छुं वर्ष न्ह्योतक मानवया क्षमतां थ:गु भावयात स्वरय् समाहित याना दीर्घकालतक सुरक्षित याना तये फइगु

अवस्था मरुगु खः । ललितकला व वाङ्मय् साहित्य थें वा आःथेंतुं न्हापा 'ज्ञानमाला' या अडियो क्यासेट मनूतयेगु कोथाय् वा दराजय् ब्वयातयेगु सम्भव मदु । अथे जुया थुकिया परम्परा भारतवर्षय् मदुगु जुइ फु ।

मेगु खँ बौद्धिक चिन्तन व विचारयात अप्वः जोड बीगु प्रवृतिया धार्मिक पुचलं समाजयात लट्ठ याइगु किसिमया लक्षणयात दृष्टिगत याना गायनयात प्रोत्साहन मब्यूगु जुयेमाः । तर सर्वसाधारण जनतायात गुबले नं पनाः तःगु मदु । अथे याये नं मज्यू । छाय्धाःसा थ्व नं तःधंगु समाजया छगू अपरिहार्य खँ खः । यदि गायन भगवान्या अर्ति उपदेशया अःखः खःसा बुद्धकालीन श्रद्धालुपिसं छाय् अथे यात जुइ ? अनुकूल जूगुलिं हे खः महापरिनिर्वाण सूत्रय् थथे ब्वने दत : –

अथ खो कोसिनारका मल्ला पुरिसे आणापेसुं – "तेन हि, भणे, कुसिनारायं गन्धमालञ्च सब्बञ्च तालावचरं सन्निपातेथा" ति । अथ खो कोसिनारका मल्ला गन्धमालञ्च सब्बञ्च तालावचरं पञ्च च दुस्सयुगसतानि आदाय येन उपवत्तनं मल्लानं सालवनं, येन भगवतो सरीरं तेनुपसङ्क मि उपसङ्कमित्वा भगवतो सरीरं नच्चेहि गीतेहि वादितेहि मालेहि गन्धेहि सक्करोन्ता गरुं करोन्ता मानेन्ता पूजेन्ता चेलवितानानि करोन्ता मण्डलमाले पटियादेन्ता एकदिवसं वीतिनामेसुं ।

अथ खो कोसिनारकानं मल्लानं एतदहोसि – "अतिविकालो खो अज्ज भगवतो सरीरं झापेतुं । स्वे दानि मयं भगवतो सरीरं झापेस्सामा"ति । अथ खो कोसिनारका मल्ला भगवतो सरीरं नच्चेहि गीतेहि वादितेहि मालेहि गन्धेहि सक्करोन्ता गरुं करोन्ता मानेन्ता पूजेन्ता चेलवितानानि करोन्ता मण्डलमाले पटियादेन्ता

दुतियम्पि दिवसं वीतिनामेसुं, ततियम्पि दिवसं वीतिनामेसुं, चतुत्थम्पि दिवसं वीतिनामेसुं, पञ्चमम्पि दिवसं वीतिनामेसुं, छट्ठम्पि दिवसं वीतिनामेसुं।

अथ खो सत्तमं दिवसं कोसिनारकानं मल्लानं एतदहोसि – "मयं भगवतो सरीरं नच्चेहि गीतेहि वादितेहि मालेहि गन्धेहि सक्करोन्ता गरुं करोन्ता मानेन्ता पूजेन्ता दक्खिणेन दक्खिणं नगरस्स हरित्वा बाहिरेन बाहिरं दक्खिणतो नगरस्स भगवतो सरीरं झापेस्सामा"ति।

– **दीघनिकायो** – २, पृष्ठ ११८–११९

थुकिया अर्थ खः –

अनंलि कुसिनारायां मल्लतयेसं मनूतयेत अरेयाना धाल, कुसिनाराय् दक्क सुगन्ध, माला, व फुक्क किसीमया बाजागाजात मुंकि। अले कुसिनाराया मल्लतयेसं सुगन्ध, माला व फुक्क किसीमया बाजागाजात व ५०० ज्वः कापः ज्वना गन भगवान्या शव तयातःगु खः व थासय् मल्लतयेगु उपवत्तन धाःगु शालवनय् वन। अन इमिसं भगवान्या शवय् प्याखँ, म्ये, वाद्य, माला, सुगन्धं सत्कार याना गौरव तया, मान तया पूजा याना, कापःया इलां दयेकु दयेकुं व मण्डप दयेकु दयेकुं छन्हु फुकल।

अले कुसिनाराया मल्लतयेगु मनय् थथे वन – "भगवान्या दाहसंस्कार यायेया निंति थौं यक्व हे लिबाये धुंकल। आः झीसं कन्हे जक भगवान्या शव दाहसंस्कार याये। अले लिपा कुसिनाराया मल्लतयेसं भगवान्या शरीरयात प्याखँ, म्ये, वाद्य, माला सुगन्धं सत्कार याना,

गौरव याना, मान तया, पूजा याना, कापःयागु इलां दयकुं दयेकुं मण्डप दयेकुं दयेकुं निन्हु नं बितये जुल । स्वन्हु, प्यन्हु, न्यान्हु, खुन्हु नं बितय जुल ।"

अले लिपा न्हेन्हु कुन्हु कुसिनाराया मल्लतयेगु मती वन – 'झीसं भगवान्या शवयात प्याखँ, म्ये, वाद्य, माला, सुगन्धं सन्कारयाना गौरव याना, मान याना, पूजा याना नगरया दक्षिण पाखें पिने यंका, नगरया हे दक्षिण पाखें भगवान्या शव येना दाह संस्कार यायेमाली ।'

महापरिनिर्वाण सूत्रय् हे मेमेगु थासय् नं भगवान्यात वाद्य व संगीखं पूजां मानयाःगु प्रसंग यक्व थासय् दु । गुगु खँ बुद्धधर्मय् भजन कीर्तन परम्पराया अभाव दु धाइपिं विद्वानपिनि पाखें विचारणीय विषय खः ।

मेगु खँ, ऐतिहासिकरूपं थजागु कयौं खँत दु । गुगु न्हापा मदु लिपा जक प्रचलनय् वःगु खः । झी पूर्वजतयेसं उकिया सदुपयोग याना धर्म व समाजया यक्व हे भिं याःगु दु । दसुया निंतिं काये भगवान् बुद्धया पालाय् च्वज्या परम्पराया विकास बाँलाक जूगु मदुनि । तर जम्बुद्वीपय् नं दकसिबे पुलांगु अभिलेखय् बुद्ध वचनत व्याख्यात, शीर्षकत थौं झीत उपलब्ध जु । फुक्कं त्रिपिटक हे इसर्दापूर्व छगू सदी हे लिपिबद्ध जुइ धुंकूगु खः । इसवीया न्यागूगु सदी तकय् हे फुक्क अर्थकथात हे नं लिपिबद्ध व सुनिश्चित जुइधुंकूगु खः । अथे हे मूर्तिकलाया लागाय् नं भगवान् बुद्धया सम्मान व पूजा यायेत चैत्य, स्तूप आदि व पारिभोगिक वस्तुइ हे जक भरपरेजुया च्वंगु समाज क्रमशः थी थी प्रतीक चिन्ह प्रयोग याना बुलुं बुलुं मूर्तिकलापाखे न्ह्याँ वना भगवान् बुद्धयात संसारय् दकसिबे अप्वः मूर्ति दयेकूगु (दुम्ह) मनूयागु थासय् तया बिल । च्वज्या व मूर्तिकलां बौद्ध

समाजय् छु गुलि योगदान यात धैगु खँ थन उल्लेख यानां साध्य मजू । अथे हे भजन कीर्तनं नं क्रमशः विकसित जुजुं त्रिरत्नया सम्मान व प्रतिष्ठा बढे यायेगु लोकप्रिय माध्यम जुया बौद्ध समाजयात सक्रीय व सुदृढ यायेत तःधंगु ग्वाहालि याःगु दु ।

भगवान् बुद्धया इलंनिसें हे प्रचलनय् दुगु त्रिरत्नया गुणगान भजन कीर्तनयात थौ भ्रीसं नेपाः देशय् 'ज्ञानमाला' भजन धका धायेगु याना । भजनं कुशल पुण्य लाभ जुइ धयागु खँ अनेक थासय् अर्थकथाचार्यपिंसं व्यक्त याना तःगु दु । उकिं भक्तपिंत इहलोक व परलोक निगू लोकय् नं सफल जूगु वर्णन ग्रन्थय् ब्वने दु ।

परिशिष्ट - १

पञ्चशिख गन्धर्वपुत्रं हागु म्ये

अले शक्र देवेन्द्रं पञ्चशिख गन्धर्व देवपुत्रनाप सल्लाह यात – 'एकान्तय् ध्यान याना बिज्याना च्वंम्ह तथागतया न्ह्योने जिथें ज्याम्ह च्वाक्कं वनेगु उचित मजू । पञ्चशिख ! न्हापालाक छं भगवान्यात खुशी यासा बेस जुइ खइ । तात ! छं खुशी याय् धुंकाली भी निम्हं भगवान् अरहत सम्यक्सम्बुद्धया दर्शन यायेत वने ।'

"हस्, भद्दन्त" धका शक्र देवेन्द्रयात लिसः बिया पञ्चशिख गन्धर्व देवपुत्र वेलुपण्डु वीणा ज्वना इन्द्रशाल गुफा दुथाय् वन । अन थ्यंकालि "थन तक्क जुइबले तापागु नं जुइमखु, सतिगु नं जुइमखु, भगवानं (जिगु) सःनं ताया बिज्याइ ।" धका मती तया अन छथाय् दना च्वन । छथाय् दना च्वंम्ह पञ्चशिख गन्धर्व देवपुत्रं वेलुपण्डु वीणा थाना हल । अले बुद्ध सम्बन्धी, धर्म सम्बन्धी, संघ सम्बन्धी, अरहन्त सम्बन्धी तथा काम (विषय) सम्बन्धी थुपिं म्ये नं हाला हल ।

१. 'सूर्यसमान शरीरम्ह हे, भद्रे ! छं पिता तिम्बरु गन्धर्व देवराजायात जिं नमस्कार याये । गुकिया कारणं आनन्ददायी छ थें जाम्ह कल्याणी बुल ।'

२. "आविरसे ! चःति वःम्हसित फय्, प्याचाम्हय्सित लः, अरहन्तयात धर्म थें जिं छंत माया मतिना याना ।"

३. 'भद्रे ! रोगीयात वासः, नयेपित्याम्हसित नसा, च्याःगु मि लखं स्याःथे – छं जित शान्त या ।'

४. निभालय् तप्त जूम्ह गजराजयात पद्मरेणु युक्त ख्वाउँसे च्वंगु ल:या पुष्करिणी दुनेबले आनन्द जू थें गबले जि छंगु स्तनोदरया दथुइ च्वने खनी ?

५. मद्प्रमत्त जूम्ह किसियात भाला व अंकूशयागु वशय् तये मफुथे जिनं छंत बालांगु जंघाय् प्रमत्त जुल, छुं कारणं थथे जुल धैगु खँ जि मस्यू ।

६. छंके जि आशक्त । छंके जिगु चित्त तक्यना च्वंगु दु । जिगु चित्त थ:गु वशय् मदु । बल्सी नुंम्ह न्याथें जि मुक्त जुइ मफु ।

७. कदलीस्तम्भोरु ! हे भद्रे ! हे मन्दलोचनी ! जित आलिङ्गन या । क्वातुक्क आलिङ्गन या, थ्व हे जिं न्ह्याबले बिन्ति याये ।

८. हे सतबत ता:हाकम्ह ! जिगु कामना भचासां शान्त या । अरहन्तपिंत बीगु दानं अनेक कामना पूर्ण जुइ ।

९. यदि जिं अचल अरहन्तपिंत छुं दान (पुण्य) यानागु दत धा:सा उकिया फलं सर्वाङ्ग कल्याणीम्ह छ नापं भोगयाये दयेमा ।

१०. यदि जिं थ्व पृथ्वीमण्डलय् छुं पुण्य यानागु दत धा:सा उकिया फल सर्वाङ्ग कल्याणीम्ह छ नाप भोग याये दयेमा ।

११. गथे शाक्यपुत्र प्रज्ञावान् मुनिं स्मृतिवान् जुया ध्यान भावना याना अमृतया लँ माला बिज्यात, अथें हे जि सूर्यसमान शरीरम्ह छंत माला च्वना ।

१२. उत्तम सम्बोधि लाभ याना: मुनि नन्दित जुया बिज्यात अथे हे हे कल्याणी ! छ द:सा जि नन्दित जुइ ।

१३. हे भद्रे ! यदि त्रयस्त्रिंशया नाथ शक्रं देवलोक कायेगु कि, सूर्यबचसि सूर्य समान् शरीरम्ह कायेगु, धका वरदान ब्यूसा अहो जिं ला छंत हे काये । थुलि विघ्न जि छंत यो ।

१४. हे सुमेधा ! श्री सम्पन्न छं पितायात जिं नमस्कार पूर्वक वन्दना याये गुम्हसिया छ थे जा:म्ह नकतिनि ह्व:गु शालपुष्यथें च्वंम्ह पुत्री दु ।

तिम्बरुया म्ह्याय् नाप पञ्चशिखया प्रेम !

थथे म्ये हालेधुंका भगवानं, पञ्चशिख गन्धर्व देवपुत्रयात थथे धया बिज्यात –

'पञ्चशिख ! छंगु वीणाया स: न्येया स: नापं ज्व:ला: । म्येया स: वीणाया स: नाप ज्व:ना: । पञ्चशिख वीणाया स: म्येया स: सिकें पिने मवं, म्येया स: वीणाया स: सिकें पिने मवं । पञ्चशिख ! बुद्ध, धर्म, संघ, अरहन्त तथा काम सम्बन्धी थ्व म्ये छं गुबले च्वयागु ख: ?'

"भन्ते ! छगू समयय् भगवान् बुद्ध जुयाली दकले न्हापां उरुबेलाय् च्वंगु नेरञ्जना खुसिया सिथय् निग्रोध वृक्षया क्वय् च्वना बिज्याना च्वंगु ख: । भन्ते ! उबले तिम्बरु गन्धर्व जुजुया म्ह्याय् सूर्यसमानगु शरीरम्ह भद्रा धयाम्ह देवीनाप आसक्त जुया च्वनागु ख: । उम्ह मयजु धा:सा मेम्ह हे नाप आसक्त जुया च्वंगु जुल । भन्ते ! जिं उम्ह मयजुयात गुगु कथंनं थ:म्ह याये मफुसेलि वेलुपण्डु

– वीणा ज्वना तिम्बरु गन्धर्व देवराजाया छें गन खः, अन वना । अन थ्यनेवं वेलुपण्डु वीणा थाना न्यंका तथा बुद्ध सम्बन्धी, काम सम्बन्धी थुपिं म्येनं न्यंका – 'सूर्य समानगु शरीरम्ह हे भद्रे ! छँ बौ तिम्बरुयात जिं नमस्कार याना च्वना … आदि ।'

– बु.का.ब्र.दे.भाग २ पृ. १८८–१९०

परिशिष्ट – २

विशाखा महाउपासिकां हाःगु म्ये !

१. कदाहं पासादं रम्मं, सुधामत्तिक लेपनं ।
विहार दानं दस्सामि, सङ्कप्पो मय्ह पूरितो ॥

२. कदाहं मञ्च पीठञ्च, भिसिबिम्बोहनामि च ।
सेनासन भण्डुं दस्सामि, सङ्कप्पो मय्ह पूरितो ॥

३. कदाहं सलाक भत्तं सुचिं मंसूपसेचमं ।
भोजन दानं दस्सामि, सङ्कप्पो मय्ह पूरितो ॥

४. कदाहं कासिक वत्थं, खोमकप्पासिकानि च ।
चीवरदानं दस्सामि, सङ्कप्पो मय्ह पूरितो ॥

५. कदाहं सप्पी नवतीतं, मधुतेलं च फाणितं ।
भेसज्जदानं दस्सामि, सङ्कप्पो मय्ह पूरितोति ॥

अर्थ :

१. तुयूगु चूनं इलातःगु सुरम्य विहार प्रासाद गुबले दान बी फइ धका गुगु जिगु मनोकामना खः व थौ पूरा जुल ।

२. खाता, मेच, फुंग, फाङ्गा, लासात गुबले दान बी फइ धका गुगु जिगु मनोकामना खः, व थौ पूरा जुल ।

३. शुद्धमांसयुक्त सलक-भोजन दान गबले बी फइ धका गुगु जिगु मनोकामना खः, व थौ पूरा जुल ।

४. काशीया वस्त्र, रेशम तथा चीवरत गुबले दान बी फइ धका गुगु जिगु मनोकामना खः, व थौ पूरा जुल ।

५. घ्यः, नवनीत, कस्ती, चिकं तथा गूँद युक्त भैषज्य गुबले दान बी फइ धका गुगु जिगु मनोकामना खः, व थौ पूरा जुल ।

– बु. का.म.भाग १ पृ. ७१-७२

परिशिष्ट – ३

शक्रया बुद्धवर्णन

भगवान् पूर्वाण्ह इलय् चीवर पुना पात्र-चीवर धारणयाना न्हापायापिं जटिलतयेगु, विशाल भिक्षुपिं परिषद् सहित राजगृह नगरय् बिज्यात व इलय्

शक्रदेवेन्द्र माणवक रूप धारण याना बुद्ध प्रमुख भिक्षुसंघया न्ह्योने थ्व गाथा बिन्ति यात –

१. दन्तो दन्तेहि सह पुराणजटिलेहि विप्पमुत्तो विप्पमुत्तेहि ।
सिङ्गिनिक्खसुवणणो राजगृहं पाविसि भगवा ॥

२. मुत्तो मुत्तेहि सह पुराणजटिलेहि विप्पमुत्तो विप्पमुत्तेहि ।
सिङ्गीनिक्खसुवणणो राजगृहं पाविसि भगवा ॥

३. तिण्णी तिण्णेंहि सह पुरानजटिलेहि विप्पमुत्तो विप्पमुत्तेहि ।

४. सन्तो सन्तेहि सह पुराणजटिलेहि विप्पमुत्तो विप्पमुत्तेहि ।
सिङ्गीनिक्खसुवण्णे राजगृहं पाविसि भगवा ॥

५. दसवासो दसबलो दसधम्म विदू दसभि चुपेतो ।
सो दससतपरिवारो, राजगृहं पाविसि भगवा'ति ॥

अर्थ : –

१. गुम्ह स्वयं दान्त व विमुक्त जुया बिज्याकम्ह व विमुक्त जूम्ह पुलांपिं जटिलतय् नापं कुन्दन स्वांथे वर्णम्ह भगवान् बुद्ध राजगृह नगरपाखे दुहाँ बिज्याना च्वंगु दु ।

२. गुम्ह स्वयं मुक्त व सुविमुक्त जुया बिज्याकम्ह व सुविमुक्त जूपिं न्हापायापिं जटिलतय् नापं कुन्दन स्वांथें च्वंगु वर्ण दुम्ह भगवान् बुद्ध राजगृह नगरपाखें दुहाँ बिज्याना च्वंगु दु ।

३. गुम्ह स्वयं मुक्त व विमुक्त जुया बिज्याकम्ह न्हापायापिं जटिलतय् नापं कुन्दन स्वांथें च्वंगु वर्ण

दुम्ह भगवान् बुद्ध राजगृह नगरपाखें दुहाँ बिज्याना च्वंगु दु ।

४. गुम्ह स्वयं शान्त व बिमुक्त जुया बिज्याकम्ह न्हापायापिं जटिलतय् नापं कुन्दन स्वांथें च्वंगु वर्ण दुम्ह भगवान् बुद्ध राजगृह नगरपाखे दुहाँ बिज्याना च्वंगु दु ।

५. दश आर्यवास दसबल दोछि भिक्षुपिंसं परिवृत्त जुया राजगृह नगरपाखें दुहां बिज्याना च्वंगु दु ।

मनूतयेसं शक्रदेवेन्द्रयात खना थथे धाल – थ्व माणवक अभिरूप खः । थ्व माणवब दर्शनीय खः । सु थें थ्व माणवक ? थथे धायेवं शक्रदेव्न्द्र उपिं मनूतयेत गाथां धाल : –

'यो धीरो सब्बधि दन्तो, सुद्धो अप्पटोपुग्गलो ।'
अरहं सुगतो लोके, तस्साहं परिचारको'ति ॥"

अर्थ : –

गुम्ह फुक्क प्रकारं शान्तदान्त तथा गुम्ह अद्वितीय शुद्ध पुरुष खः गुम्ह अरहत् जुया लोकय् सर्वोत्तम मार्गय् थ्यंका बिज्याये धुंकूगु खः वसपोलया हे जि परिचारक खः ।

– बु. का.रा.प.भाग १ पृ. ३८–४३

सन्दर्भ ग्रन्थहरू : –

भिक्षु अमृतानन्द, बुद्धकालीन श्रावक-चरित, भाग ६; प्रकाशक आनन्दकुटी विहारगुठी, काठमाडौं, नेपाल, २०४४।

भिक्षु अमृतानन्द, बुद्धकालीन महिलाहरू, भाग १; प्रकाशक आनन्दकुटी विहारगुठी, काठमाडौं, नेपाल, २०३०।

भिक्षु अमृतानन्द, बुद्धकालीन ब्रह्मादिदेव, भाग १/२; प्रकाशक आनन्दकुटी विहारगुठी, काठमाडौं, नेपाल, २०३३, २०४२।

भिक्षु अमृतानन्द, बुद्धकालीन श्रावक-चरित, भाग ६; प्रकाशक आनन्दकुटी विहारगुठी, काठमाडौं, नेपाल, २०४३।

भिक्षु सुबोधानन्द, नामाष्टशतकम्, नेपाल।

भिक्षु अनिरुद्ध, बुद्ध भक्ति शतकम्, नेपाल।

भिक्षु धर्मसागर, नामसंगीति, नेपाल।

Per Kuaerne, An Anthology of Buddhist Tantric Songs, White Orchid Press, Bangkok, 1986.

Siegfried Lienhard, Songs of Nepal, Motilal Banarasidas Publisher Private Limited, Delhi, INDIA.

V. Subrahmaniam, Buddhist Dance and Drama, Ashish Publishing House, 8/81 Panjabi Bagh, New Delhi- 110026, INDIA.

(मयूरवर्ण महाविहार ज्ञानमाला भजनसंघ, स्वर्ण जयन्ती विशेषांक, २०५५)

लुम्बिनीको विकासक्रम

शाक्यमुनि बुद्धको जन्मस्थल समस्त मानव जातिका सर्वकालिक शान्तिको केन्द्र लुम्बिनीमा नवनिर्माण गर्ने कार्य क्रमशः कार्यान्वयन भइरहेको तथ्य सर्वविदित छ । संयुक्त राष्ट्रसंघको तत्वावधानमा गुरुयोजना बनेर श्री ५ को सरकारको लगनशीलतामा 'लुम्बिनी विकास कोष' खडा गरी कार्यान्वयन भइरहेको छ । यसरी औपचारिक तौरले मात्र लुम्बिनीको पुनर्निर्माणमा सहभागिता भइरहेको नभई सर्वसाधारण जनताको पनि उत्तिकै क्रमशः सहभागिता हुँदै आएको छ ।

लुम्बिनीमा सिद्धार्थ-जन्म-स्मारक, बडो होशियारीका साथ अध्ययन र उत्खनन भइरहेको छ । प्रथमतः देवस्थलको मध्यविन्दुको चारैतिरको भित्ताको ईंटालाई सकभर ठेस नलाग्ने गरी प्लास्टर उप्काईदै छ । प्लास्टर उप्काउँदा यसमा १९३३ अंक (साल) र M.M. छाप भएको नयाँ र पुराना दुबै प्रकारका ईंटाहरू पाइएका छन् । बीचबीचमा यत्रतत्र अनियमित रूपमा गुप्तकालीन बुट्टेदार ईंटाहरू पनि प्रयोग भएको देखिन्छ जुन कि केशर शम्शेरले सन् १९३४ तिर पुरानो खण्डहरूमाथि बनाउन लगाएका थिए । वर्तमान मन्दिरको उत्खननको प्रतिवेदनमाथि अनेक देशका पुरातत्त्वविद्‌हरूको छलफलद्वारा निर्मित परिकल्पना अनुसार जापान बुद्धिष्ट फेडरेशनले त्यसको पुनर्निर्माण गर्ने भएको छ ।

नेपाली इतिहास, संस्कृति र पुरातत्त्वका शिक्षक पूज्य भिक्षु सुदर्शन महास्थविरको यस संबन्धमा प्रश्न छ, “केशर शम्शेरद्वारा निर्मित त्यो सिद्धार्थ-जन्म-स्मारकमा ती बुट्टेदार ईंटाहरू कहाँबाट आए ? ती यत्रतत्र भिट्टामा देखिएका २०/२५ वटा ईंटाहरूका बुट्टा अहिले उद्‌घाटित गुप्तकालीन बुट्टाभन्दा खाश फरक छैन । सिद्धार्थ-जन्म-स्मारकको अवशेषमा नै यी ईंटाहरू रहेको हुनसक्छ” तर पुरानो वास्तुकलामा यसको प्रयोग कुन ठाउँमा भएको थियो ? यद्यपि ती ईंटाहरू अन्त दूर कतैबाट ल्याउनु पनि सम्भव छैन । अतः यी ईंटाहरूले अन्वेषण क्रममा महत्वपूर्ण सूचना पाउन सहयोग प्रदान गर्न सक्दछ । त्यस प्रश्नको जवाफमा त्यहाँ कार्यरत पुरातत्त्व अधिकारी श्री बाबुकृष्ण रिजालको उत्तर थियो – “अहिले पूरा उत्खनन भइसकेको छैन । पूरा उत्खनन भएपछि यस्ता ईंटाहरू अरु पनि पाउन सक्छन् । ती सबैलाई जम्मा गरेर त्यसको परिमाण निश्चित भएपछि मात्र यसको स्थिति थाहा पाउन सजिलो हुनेछ । सिद्धार्थस्मारक (मायादेवी मन्दिर) पुरानो स्तूप वा देवालयका अवशेषहरूलाई छोपेर बनाइएको जस्तो लाग्छ । यस निर्माणका अधिकृत केशर शम्शेर जस्ता विद्वानका जरुर डायरी पनि होला । तर अहिलेसम्म सो पाउन नसकिएकोले पनि यो मन्दिर निर्माणसम्बन्धी तथ्य वा उनको परिकल्पनाको बारेमा तथ्यकुरा थाहापाउन सकिएको छैन । अर्को कुरा यो निर्माणकार्य असावधानीपूर्वक गरिएकोले यस्ता प्रश्नहरू खडा हुन आएका हुन् ।”

सिद्धार्थ-जन्म-स्मारकको उत्खनन् तथा पुनर्निर्माणका लागि जन्ममूर्ति हटाउनु अनिवार्य थियो ।

मूलबाटोका छेउमा एउटा सानो एकतले घरमा नेपाली बौद्ध प्रचलन विपरीत दक्षिणाभिमुख गरी मूर्ति सारिएको छ । त्यो मूर्तिको कालनिर्णयबारे पनि कुरा अगाडि सारी पूज्य भिक्षु सुदर्शनले आफ्नो राय राख्नुभयो ।

"सिद्धार्थ जन्ममूर्तिको समयबारेमा धेरै विचारहरू भएका देखिन्छन् । शुंगयुगको अन्त अथवा कुषाणकालका प्रारम्भिक कालदेखि लिएर सुर्खेत मल्लकालीन समेत मानेका छन् । बाहिरबाट हचुवा तालले मात्र होइन यही सिद्धार्थ जन्ममूर्तिको ढुंगा, गहना, शैलीको गहिरो अवलोकन तथा अध्ययनबाट मात्र यसको कालनिर्णय गर्न सकिन्छ । परन्तु समस्या छ, त्यो हो नवजात सिद्धार्थका अस्पष्ट मूर्ति । यसको निरूपण यथार्थ रूपमा हुनसके यसको कालनिर्णय गर्न धेरै सघाउ पुग्नेछ । यसका लागि आजसम्म देखेका वा मानेका एकमाथि अर्को चांग परेको सात कमलमाथि सिद्धार्थको मूर्ति एकमात्र छ कि गान्धारशैलीको मूर्तिमा जस्तै एउटै मूर्तिफलकमा दुई शिशु सिद्धार्थ छन् ?"

सिद्धार्थ-जन्म-मूर्तिमा ब्रह्माको क्षतिग्रष्ट अवशिष्ट हत्केलाको र महामायादेवीको पार्श्वसम्मको चौडाइ स्वाभाविकता भन्दा मोटो वा डल्लो मूर्तिको अवशेषमा देखिन्छ । तसर्थ कतै पार्श्वबाट सद्यप्रसूत सिद्धार्थको मूर्ति पनि कतै थिए कि भन्ने पनि ठूलो प्रश्न छ ।

यही सिद्धार्थ-जन्म-मूर्तिको ब्रह्मादि देवताहरूको सिराननिर केही वर्ष अगाडिसम्म ४ साना साना मूर्तिहरू जस्ता जडान गरिराखेका थिए । वस्तुतः यी मूर्तिहरू बुद्धमूर्तिहरूका अधोभाग थिए भन्ने पूज्य भिक्षु सुदर्शन विश्वास लिनुहुन्छ । तर ती मूर्तिअंश सिद्धार्थ जन्मँदा पुष्पवृष्टि गरिरहेका देवताहरू झैं मानिन्थे र देखिन्थे ।

मूर्तिको पादपीठको अंश जोड्दा त्यसलाई झिकिएको थियो । त्यसलाई महत्त्वहीन ढुंगाका टुक्राहरू भनी तत्कालीन पुरातात्विक अधिकृत श्री तारानन्द मिश्रले फालिदिएको भन्ने भनाइ पनि सुनिएको छ । तर पुरातत्त्व प्रेमीहरू पुरातात्त्विक महत्वका वस्तुहरू निर्यात र चोरीबाट चिन्तित सर्वसाधारण नेपालीको भनाइ छ, पूजित रूपमा राखिएका ती मूर्ति वा मूर्ति अंश त्यसरी फाल्ने अधिकार कसैलाई छैन । यसबारेमा श्री ५ को सरकारबाट छानबीन हुनुपर्दछ ।

लुम्बिनीको थेरवादी विहारमा भिक्षु विमलानन्द स्थायी रूपमा बस्नु भएको छ । त्यहाँको धर्मशाला तथा विहारमा वास बस्न आउने यात्रीहरूका लागि सक्दो सेवा उहाँले गर्दै आउनु भएको छ । त्यहाँको धर्मशालामा उहाँले लुम्बिनी देखरेख गर्दै आउनु भएको छ । त्यस्तै भिक्षु मैत्री गुरु योजना क्षेत्रको छेउमै अन्तर्राष्ट्रिय बौद्धकेन्द्र निर्माणमा लाग्नु भएको छ ।

लुम्बिनीको अस्थायी रूपमा राखेको सिद्धार्थ जन्ममूर्ति नजिकै प्रवेशद्वार भएकोले आजकाल त्यही ठाउँ प्रस्थानद्वार पनि भएको छ । यसले गर्दा लुम्बिनीको उत्खनन अवशेष विहारका भग्नावशेष, पोखरी, ससाना श्रद्धाचैत्य एवं लामा र थेरवादी विहारनिर यात्रीहरूको ध्यान जान छोडेको वा कम गएको छ ।

लुम्बिनीको विकास कार्यका लागि ३ माइल लम्बाई र १ माइल चौडाइको जग्गा अधिग्रहण गरी वृक्षारोपण समेत भई अहिले ती रुखहरू हुर्केर हरियाली भइसकेका छन् । लुम्बिनीक्षेत्रको बीचोबीच नहर खन्ने काम भइसकेता पनि योजनानुसार पानी सुरक्षित हुन धेरै

काम गर्नु बाकी छ । नहरका दुबैतिर विभिन्न राष्ट्रहरूले विहारहरू निर्माण गरिने योजनामध्ये म्यानमार, जापान, कोरिया र नेपालले अहिले विहार बनाउने सम्झौता गरिसकेका छन् । भियतनामले भने काम नै शुरु गरिसकेको छ । थाइल्याण्ड र चीन तिब्बत आदि देशले विहार बनाउने निधोगरिसकेका छन् । तर लुम्बिनी विकास कोषसँग भने सम्झौता भएको थाहा पाइएन । श्रीलंकाका थुप्रै कोठाहरू भएको धर्मशाला तयार भइसकेर सञ्चालन हुन लागिरहेको छ । जापानको रेयूकाई र भारतसरकारको सहयोगमा उ थान्त पुस्तकालय र संग्रहालयको निर्माण पूरा भएको छ ।

यस प्रकार लुम्बिनीको समुन्नतिका लागि स्वदेशी विदेशी सरकार र जनता, टाढा र नजिकका ठूला-साना सबैको सहभागिता भएको छ । सन्तोषको कुरा हो, त्यही भविष्यको सर्वकालिक शान्तिको उपवनको स्वप्नमय साकार स्थिति पनि हो ।

(आनन्दभूमि २२/१०)

बौद्ध संस्कार पद्धति :
एक अध्ययन

धर्मका ५ अंगहरूमध्ये धर्मका संस्थापक, धर्मग्रन्थ, धर्मस्थल र धर्मगुरूपछि धार्मिक संस्कार नै आउँछ। नेपालमा जन्मनुभएका भगवान् बुद्धबाट प्रवर्तित बुद्धधर्मको नेपालमा पुनर्जागरणपछि धार्मिक ग्रन्थहरूको बृहत् प्रकाशन, विभिन्न विहार, चैत्य तथा धार्मिक केन्द्रहरूको जीर्णोद्धार र स्थापना, भगवान् बुद्धद्वारा प्रज्ञप्त विनयानुकूल प्रव्रजित भएका पण्डित, व्यक्ति र मेधावी अनेकौं भिक्षुहरू भइसक्दा पनि त्यसै क्रमको संस्कार विधितिर हामी अग्रसर हुन सकेका थिएनौं। जसले गर्दा नेपालको बुद्धधर्मको यो नयाँ आन्दोलन धार्मिक संस्कारविरोधी जस्तो भान पनि कसैकसैलाई परेको छ। यस्तो परिस्थितिमा विद्वान् धर्मरत्न शाक्यद्वारा लिखित "बौद्ध संस्कार पद्धति" पुस्तक यस्ता गलत धारणा सच्यांउने समयानुकूल महत्वपूर्ण कृति सिद्ध भएको छ।

हुन त यस प्रकारका पुस्तक यसभन्दा अघि पनि प्रकाशित नभएका होइनन्, जस्तै भिक्षु अश्वघोष महास्थविरद्वारा लिखित बौद्धजीवन–चर्या (बौद्ध संस्कार) तथा भारतीय विद्वान् डा. भिक्षु धर्मरक्षितका कृतिहरूबाट भिक्षु मैत्री तामाङले सम्पादन तथा प्रकाशन गर्नु भएको अर्जुन पाखिनबाट अनुवाद भएको "बौद्धचर्याविधि" पाइन्छन् । तर यी प्रकाशनहरूभन्दा उपासक धर्मरत्न शाक्यको "बौद्ध संस्कार पद्धति" विभिन्न कारणले यस

क्षेत्रमा एउटा नौलो योगदान मान्नुपर्दछ । यसै विषयवस्तुमाथि एक संक्षिप्त अध्ययन गरौं ।

"बौद्ध संस्कार पद्धति" पुस्तकमा लेखकले संस्कारहरूको व्याख्या गर्न अगाडि दिइएको पूर्वार्द्धमा संस्कारको औचित्यता तथा आवश्यकता बौद्धसिद्धान्त अनुरूप दर्शाउनु भएको छ । त्यसैमा बुद्धधर्माबलम्बी निर्दिष्ट गरिएको स्थानमा आधुनिक नेपालका अनेक जनजाति, त्यस्तै नेपाल राष्ट्रकै सबभन्दा सुसंस्कृत र सभ्यसमुदाय नेवारजातिमा विभिन्न थर र जात छुट्याउनुभन्दा प्रायश: नेवारहरू परम्परागत रूपले बुद्धधर्मावलम्बी रहि आएको र अरुलाई पनि "बौद्ध संस्कार पद्धति" अपनाउन हामी सम्पूर्ण बौद्ध जनताले हृदयदेखि स्वागत गरेको कुरा यहाँ व्यक्त गर्न चाहन्छु । बुद्धमार्गीले अरुले काठमाडौंको पशुपति र भक्तपुरको नवदुर्गा मन्दिर आदि ठाउँमा रहेको "हिन्दूहरूलाई मात्र प्रवेश" अथवा "Only for Hindus" भन्ने जस्ता कुराहरू भन्नु लेख्नु र त परै जाओस्, मनमा चिताउनसम्म पनि हुँदैन ।

प्रस्तुत "बौद्ध संस्कार पद्धति" पुस्तकमा जम्मा १० प्रकारका संस्कारहरूको निर्देशन छन् । ती हुन् : १. गर्भमंगल, २. नामकरण, ३. अन्नप्राशन्न, ४. कर्णवेध, ५. ब्रतबन्ध, ६. विद्यारम्भ, ७. प्रव्रज्या, ८. विवाहमंगल, ९. उपसम्पदा, १०. अन्त्येष्टिक्रिया । नेपालीमा उपलब्ध यस्ता सबै पुस्तकहरूमा दिइएका संस्कारहरू समान नै छन् ।

महास्थविर भिक्षु सुदर्शनले आफ्नो मन्तव्यमा लेख्नु भए झैं "कर्णभेद संस्कार पुरुष वर्गका लागि

उपयोगिता क्रमशः घट्दै गएको छ।" र स्त्रीवर्गमा पनि खास विधिपूर्वक नगरिने भएकोले होला, अरु पहिलेका प्रकाशनहरूमा छोडिएको छ। हुनपनि तिनमा यो संस्कार एउटा नपाउँदा मेरो मनमा कुनै खट्केको थिएन।

"बौद्ध संस्कार पद्धति" का लेखकले "बुद्धधर्ममा प्रचलित स्थिति अनुसार जीवनमा एकपटक सबैले प्रव्रजित हुनुपर्ने हुन्छ।" भनेर एउटा सही र उपयोगी कुरा उल्लेख गर्नु भएको छ। हुनपनि हो, "बुद्धशासन" मा अन्य धर्महरूमा झैं धार्मिक परम्परा चलाइराख्ने जिम्मा कुनै जाति वा वर्णलाई दिइएको नभई सम्पूर्ण धार्मिक समाजकै जिम्मामा रहेको छ। माथि उल्लिखित धर्मका ५ अंगहरूमध्ये एउटा अंग धर्मगुरु बनाउन समाजका हरेक सदस्यले आफ्ना जीवनका केही दिन त अवश्य नै अर्पण गर्न सक्नुपर्दछ। अझ यो धर्म गुरुहरूको संघ प्रव्रजित (श्रामणेर) हरूबाट पूरा हुने होइन, बरु उपसम्पन्न भई पूर्ण भिक्षुव्रत लिएकाहरू लिनसके जीवनभर, नसके केही वर्ष केही महीना त्यो पनि नसके केही दिन भएपनि विनयअनुरूप आचरण गरेर बुद्धशासनप्रतिको आफ्नो कर्तव्य पूरा गर्नेतिर अग्रसर हुनु आवश्यक छ। यो अवधिमा गुरुहरूको निगरानीमा बसी सुवच भई आफ्नो समयको सदुपयोग गर्नु पनि परम आवश्यक छ। नत्र कुरौटे र अहंकारी समुदायमा परी तिनीहरूका दुर्व्यसनमा पर्न पनि सक्छ। फेरि यो उपसम्पदा भनेको "जीवनपर्यन्त भिक्षु भएर बस्न चाहनेलाई मात्र दिइने" होइन। लेखकले शायद वर्तमान अवस्थाका केही कुराहरूलाई दृष्टिगत गरी यस्तो निक्यौंल गर्नुभएको हुनसक्दछ। यस सम्बन्धी अरु स्मरणीय कुरो यो पनि हो कि श्रामणेर वा प्रव्रज्या दीक्षा

भनेको १०-१२ वर्ष उमेरपछि आजीवन कुनैपनि बेला र उपसम्पदा भनेको २० वर्ष उमेरपछि मात्र दिइने हो । उमेर २० वर्ष नाघेका व्यक्तिलाई भए श्रामणेर बनाएर तुरन्त उपसम्पदा पनि गरिदिन सक्दछ । बढी महत्व प्रव्रज्यामा होइन, उपसम्पदामा छ । तसर्थ श्रद्धालु व्यक्तिले यो उपसम्पदा मंगलकार्य आफूलाई पायक पर्ने अवस्थामा लिन सक्दछ । कुनैपनि संस्कारको लागि उमेरको पावन्दी व्यावहारिकता नै मुख्य कुरो भनी लिन सकिन्छ ।

पुस्तकका आधाभन्दा बढी पृष्ठहरू "बौद्ध संस्कार पद्धति" मा आवश्यक सूत्र गाथाहरू दिइएका छन् । यसको सत्ता बरु भिक्षु सुदर्शन महास्थविरको शब्दमा "यस विषयलाई अरु विस्तृत रूपमा "पद्धति" लाई प्रष्ट हुनसक्ने तरीकाले" लेख्नुभएको भए यसको उपयोगितामा धेरै वृद्धि हुने थियो । लेखकले परित्राण सूत्र र अर्थ पहिले नै पुस्तकाकार रूपमा छपाइ सक्नु भएको छ । संस्कार पद्धतिमा निर्देशक बन्ने गुरुले त्यसैलाई उपयोग गर्न सक्दथ्यो ।

जे होस् "बौद्ध संस्कार पद्धति" पुस्तक प्रकाशनमा आएको राम्रै भयो । भविष्यमा विस्तृत पद्धति लेख्नका लागि सहयोगी सामग्रीको खाँचो भएमा थाइल्याण्डका केही विधिहरूको चर्चाको नेपाल भाषा अनुवाद मसँग छ । कसैले चाहेमा उपयोग गर्न सक्छ । यस किसिमको पुस्तकले हाम्रो खाँचो केही भए पनि टारिदिनेछ भन्ने विश्वास लिन सकिन्छ । पुस्तक प्रकाशनार्थ आर्थिक सहयोगदाता सानुरत्न स्थापित तथा परिवारप्रति पनि हामी आभारी हुनुपर्दछ । यस कार्यमा "युवा बौद्ध समूह, काठमाडौं" को क्रियाकलाप पनि प्रशंसनीय छ ।

धर्मावलम्बीहरूका जीवनलाई पूर्ण बनाउन अपरिहार्य रहेको यो "बौद्ध संस्कार पद्धति"को "नेपाल बौद्ध परियत्ति शिक्षा" जस्तो धार्मिक शिक्षण संस्थाले आफ्नो पाठ्यक्रममा समावेशकालागि विचार गर्न आवश्यक छ । भिक्षु अश्वघोष र भिक्षु सुदर्शन जस्ता नेपालका वरिष्ठ महास्थविर भिक्षुहरूका सम्मतिहरूले पनि मण्डित यस पुस्तकमा उल्लिखित विधि अनुरूप आफुलाई बौद्ध ठान्ने सबैले आचरण गर्नु अति हितकारी हुनेछ ।

(आनन्दभूमि २२/५-६)

नेपालय् थेरवाद : छगू चर्चा

नेपालय् बुद्धधर्मया इतिहासय् थेरवादया पुनःआंगमनं छगू न्हूगु अध्याय शुरु जूगु दु । थेरवादया चर्चा शुरु जुया लगभग ५० वर्ष लिपा तिनि थुकीया ऐतिहासिक खँ विभिन्न विद्वानपिनिपाखें विभिन्न दृष्टिं जोड बियाः क्रमिक ज्ञानार्जन यायेगु शुरु जुल । थुकी गुगुं धारणाय् आपसी मतभिन्नता दयेफुगु कथं नं जूवंगु दुथें ताः ।

नेपालय् थेरवाद दुतिकेगु प्रयासय् गुलिसिनं नेपाल भाषा व बुद्धधर्मया क्षेत्रय् दकलय् न्हापांम्ह पत्रकार धर्मादित्य धर्माचार्य अर्थात् जगतमान शाक्यभिक्षुयात प्रमुखया रूपय् ब्वयेगु याःसा गुलिसिनं सर्वप्रथम नेपाली प्रव्रजित महाप्रज्ञाजुयागु धर्मप्रचार कार्ययात अतिकं महत्व ब्यूगु दु । हानं गुलिसियां धाःसा संघमहानायक प्रज्ञानन्द महास्थविरयात वा गुलिसियां व्रर्तमान अखिल नेपाल भिक्षु महासंघया अध्यक्ष आचार्य भिक्षु अमृतानन्द महानायक महास्थविरयात अप्वः महत्व बीमास्ति वःगुथें खने दु ।

थन छगू अति महत्त्वपूर्णगु खँ धाःसा अप्रकट हे तिनि । व खः, थेरवाद । थेरवाद धयागु छु ? थेरवादया प्रवेश धयागु छु ? थेरवादया अनुयायी अथवा थेरवादी धयागु छु ? थुपिं खँ हे निं न्हापालाक स्पष्ट जुये माःथें च्वं ।

गुलिसिनं जगतमान प्रव्रजित जुया बिज्याःगु खँ च्वत । थ्व न्हूगु खँ जुल । लेखकं भचा स्पष्ट यायेमाःथें ताइ ला थें ? अथे नं जगतमान धर्मादित्य धर्माचार्यया श्रमं पालिसूत्रया त्वाःबत्वाः व जातकबाखं थःगु पत्रिकाय्

पिकनाबिज्या:गु खः । अथे ला वसपोल मुक्कं थेरवादी विचारया समर्थक जक मखु । मांसभक्षणथें जा:गु विषयय् वसपोलयात महायानी विचारधारा प्रिय जूगु खँ वसपोलयागु लेख आदिद्वारा सी दु । नेपालभाषां पत्रिका नियमित याये मफुसां स्वदँ तक प्रकाशित जुल । नेपालय् बुद्धधर्म उद्धारक संघ स्वना: बुद्धजयन्ती हनेगु व किन्दोल बहा: जीर्णोद्धार आदि कार्यय् वसपोल न्ह्यलुवा: खः ।

थुबले हे महाप्रज्ञा थेरवादय् दीक्षित जुया बिज्या:गु खः । ललितविस्तर थें ज्या:गु सफू उबले छापे याना बिज्यात ।

भिक्षु प्रज्ञानन्द महास्थविर थेरवादी श्रमणया रूपय् नेपालय् दकले न्हापां आगमन जुया बिज्या:म्ह खः । वसपोलयागु व्यक्तित्व अनेक खः । ध्यानी, लेखक, अनुवादक, धर्मोपदेशक, विहारया नाय:, उपज्झाय इत्यादि । वसपोलयागु मेहनत अति महत्वपूर्ण जू ।

भिक्षु अमृतानन्द महास्थविर नेपालया छम्ह अद्वितीयम्ह भिक्षु खः । नेतृत्व शक्ति सम्पन्न, साहसी, विद्वान व कार्य कुशलम्ह अथे हे त्रिपिटकया प्रकाण्ड विद्वान् खः । हानं आपालं संघ-संस्थाया संस्थापक व कार्यकर्ता नं खः ।

भिक्षु धर्मालोक महास्थविरयागु अदम्य साहस व आदर्श काये बहः जू । थनंलि भिक्षु शाक्यानन्द, अनिरुद्ध सुबोधानन्द व भिक्षु बुद्धघोष महास्थविर आदिपिंत नं क्रमश: लुमंके हे मा: । वर्तमान क्रियाकलापयात उपेक्षा यानां इतिहास पूवनी मखु । उकिं आ:तक प्रकाशित जूगु थुगु विषयक लेख पुस्तकादि एकांगी व अपूर्ण हे तिनि ताया ।

(आनन्दभूमि १८/२)

नेपालमा थेरवाद र त्यसमा स्थानीय प्रभाव

नेपालमा थेरवाद र यसमा स्थानीय प्रभावको बारेमा चर्चा गर्दा मुख्य दुईवटा कुरा पाइन्छन् । पहिलो, नेपालमा थेरवाद बुद्धधर्मको वर्तमान स्थिति र अर्को यसमा परेको यहाँको साँस्कृतिक, आर्थिक र शैक्षिक प्रभाव आदि ।

हुनत बुद्धधर्मको उद्‌भव नै नेपालमा भएको हो । कालान्तरमा विभिन्न निकायहरू भइसक्दा पनि थेरवादको जग यहाँ बलियो नै रहेको कुरो प्रमाणित छ । तर पनि पछि केही अन्य देशहरूमा झैं यहाँ पनि भिन्नै यान र धर्म चलनचल्तीमा आयो । ती पनि विभिन्न कारणबाट कुंठित थिए । त्यसपछि यहाँ थेरवादको पुनरागमन भएको हो ।

राजनैतिक जागरणमा झैं धार्मिक जागरणमा पनि धेरै कारणहरू हुन्छन् । अत्यन्त संक्षिप्तमा पनि समयको गतिमा अन्य क्षेत्रमा परिवर्तन र विकास भएकोले धर्मको क्षेत्रमा पनि परिवर्तन आएको हो भन्ने कुरो नभनी हुँदैन ।

त्यो समयमा नेपालको शासन व्यवस्थामा राणाहरू सर्वेसर्वा भए जस्तै छिमेकी देश भारतमा पनि अंग्रेजहरूको उपनिवेश थियो । तर पनि यूरोप र अमेरिकामा भएको वैचारिक र यान्त्रिक विकासको प्रभाव यहाँ पनि परिसकेको थियो । यो अवस्था थेरवादका अभिलाषी र प्रचारकहरूको लागि साधक र प्रेरक बन्यो ।

यसै क्रममा पाटनका एक शिक्षित युवक जगतमान (धर्मादित्य धर्माचार्य) ले सन् १९२५-१९३०) ताका कलकत्ताबाट प्रकाशित आफ्नो "बुद्धधर्म" (पछि बुद्धधर्म व नेपालभाषा) नामको पत्रिकामा थेरवाद परम्पराका धर्मसूत्रहरू, विचारहरू र क्रियाकलापहरूको प्रचार गरे । सन् १९२८ मा श्री प्रेमबहादुर श्रेष्ठ – 'महाप्रज्ञा' नामबाट कुशीनगरमा श्रामणेर भई सर्वप्रथम थेरवाद-दीक्षित नेपाली श्रामणेर बने । श्री बैद्य कुलमानसिंह तुलाधर प्रव्रजित भई प्रज्ञानन्द नामले १९३० मा नेपालीहरूका बीच आई थेरवाद श्रमणको दर्शन दिए । यस्तै पछि धर्मालोक, शाक्यानन्द, अनुरुद्ध र अमृतानन्द आदि पनि थेरवादमा प्रव्रजित भए । यहाँसम्मलाई हामी थेरवादको बीजारोपण भएको भन्न सक्दछौं ।

सन् १९४४ मा राणाहरूले ब्राह्मणवादी धार्मिक कट्टरताले सबै भिक्षुहरूलाई देश निकाला गरे । तत्कालीन शासकवर्ग जागरणका कुनै कुराको पनि प्रचार प्रसार भएको देख्न सक्दैनथे । यो घटनालाई भर्खरमात्रै पलाएको थेरवादलाई तुषारो परेको भनी भन्न नमिल्दो न होला । तर पछि भिक्षुहरूलाई नेपाल आउन दिएर यो फेरि पलायो ।

गद्दीनशील श्री ५ महाराजधिराजको जन्मदिवसको उपलक्ष्यमा सन् १९५१ देखि प्रतिवर्ष थेरवादी भिक्षु महासंघबाट महापरित्राण पाठ गराउनु, यसै वर्ष "अखिल नेपाल भिक्षु महासंघ" को स्थापना हुनु तथा पछि थेरवाद बुद्धधर्म अध्ययन व्यवस्थाको रूपमा नेपाल बौद्ध परियत्ति शिक्षाको स्थापना आदिलाई नेपालमा थेरवाद वृद्धि भएको रूपमा लिन सकिन्छ ।

अहिलेसम्ममा लगभग १२० जना नेपाली नागरिक भिक्षु श्रामणेरहरू तथा त्यति नै संख्यामा अनगारिका शीलवतीहरू छन् । विहारको हकमा ५० वटा जति होलान् जसमध्ये केही बज्रयानी परम्परासँगपनि सम्बन्धित छन् । यी विहारहरूमा थेरवादी बुद्धधर्मसँग सम्बन्धित केही न केही कार्यक्रम भइरहेकै हुन्छन् । आनन्दकुटी विहारगुठीले धार्मिक पुस्तकहरू खास गरी आचार्य भिक्षु अमृतानन्दका बुद्धकालीन ग्रन्थहरू, तथा एक मासिक पत्रिका "आनन्दभूमि" त्यस्तै धर्मकीर्ति उपासिकारामले "धर्मकीर्ति" मासिक पत्रिका र अन्य पुस्तिकाहरू प्रकाशित गर्दै आएको उल्लेखनीय कुरा हो । भिक्षु-अनगारिकाहरूले अन्य श्रोतहरूबाट पनि यसरी पुस्तक र पत्रिका प्रकाशित गरी प्रचार प्रसार कार्यमा संलग्न छन् ।

अब दोश्रो विषयमा प्रवेश गरौं, थेरवादमा परेको स्थानीय प्रभाव । यसका लागि यहाँ गरिने वा हुने अनेक क्रियाकलापहरूको एक झल्को प्रस्तुत गर्नु आवश्यक देखिन्छ । सामूहिक बुद्धपूजा, धर्मदेशना, महापरित्राण पाठ, परियत्ति शिक्षण, अल्पकालीन प्रव्रज्या यहाँको प्रमुख उल्लेखनीय थेरवादी धार्मिक क्रियाकलापहरू हुन् ।

सबैजसो विहारहरूमा गृहस्थहरूको सामूहिक बुद्ध- पूजा हुन्छ । विहारमा भिक्षु भने प्रायः एकै जनामात्र हुन्छ । अनि विहारको रेखदेखको भार उनै भिक्षुले लिनु पर्दछ । गृहस्थहरू जिम्मा लिँदैनन् । कार्यक्रम सिद्धियो कि घर फर्कन्छन् । यो प्रवृत्ति यहाँ मन्दिर र देवालय आदिमा गएर मूर्तिलाई ढोगेर तुरन्तै घर फर्कने चलनको प्रभाव हो । जहाँ गएर पूजापाठ आदि गर्न बाहेक अरु केही कुरोको वास्ता हुँदैन । अन्य थेरवादी देशहरूमा भने

गृहस्थहरू उपोसथका दिन विहारमा नै रात बिताई भोलिपल्ट मात्र घर फर्कन्छन् । मात्र एकजना भिक्षुको लागि योग्य हुने गरी सानो विहार बनाउनु भिक्षुहरू त्यसभन्दा बढी एक ठाउँमा बसेको देख्ने-सुन्ने बित्तिकै चारिका गर्नुपर्दछ भनी गर्जेर शिक्षा दिने गृहस्थीहरूको बानि यहाँको पूजाहारी प्रथाबाट आएको हो र यो धर्मको प्रचार-प्रसारको लागि बाधक हो । खासगरी भिक्षु जीवनको लागि हानिकारक छ । वर्तमान समयमा नेपालमा संघयुक्त विहारको निकै खाँचो छ ।

धर्मदेशना र अन्य पूजापाठ भिक्षु, श्रामणेर, अनागारिका तथा गुभाजू बाहेक अरुबाट पनि गराए हुन्छ भन्ने भावनाको कमी छ । गृहस्थहरू आफ्नो धार्मिक संस्कारहरूमा भिक्षुको उपस्थिति आवश्यक ठान्दैनन् । यसको कारण हो, यहाँको जातीय प्रथा तथा गृहस्थ पुरोहितको प्रथा । जात अनुसारमात्र काम गर्नुपर्दछ भन्ने धारणाको पनि प्रभाव हो । धर्मदेशनामा बढी कथानक घटनाहरू सुनाइन्छन्, किन कि यहाँको धार्मिक वर्ग कममात्र शिक्षित छन् । गुंला विशेष कार्यक्रमकासाथ मनाउनु पनि यहाँ कै प्रभाव हो । अन्य थेरवादी देशहरूमा पूरा वर्षावास तीन महीना विशेष धर्मकर्म गर्ने दिनहरूको रूपमा मान्दछन्, मात्र एक महीना होइन ।

परियत्ति शिक्षाको चाहिँदो रूपमा विकास हुन नसकेको कारण यहाँको शिक्षितवर्ग धार्मिक शिक्षाबाट विमुख हुनु हो । धर्मावलम्बी जनतामा आफू र आफ्ना सन्ततिहरूलाई धार्मिक शिक्षाको आवश्यकता बोधको कमी छ । तसर्थ यहाँ त्यसका अध्ययन – अध्यापन उल्लेखनीय रूपमा हुन सकेन । वास्तवमा अध्ययन – अध्यापनले नै कुनै पनि कुराको प्रचार प्रसारमा

मेरुदण्डको काम गर्दछ । पुस्तक, पत्र-पत्रिका पनि उत्तिको मात्रामा विक्री वितरण हुँदैनन् । यो यहाँका निवासीहरूको शैक्षिक तथा आर्थिक कमजोरीले भएको हो । शिक्षितहरू पनि धार्मिक पुस्तक पत्र-पत्रिकाको अध्ययन गर्नबाट विमुख छन् । जसले गर्दा प्रचार प्रसारको गति धेरै ढीलो भइरहेको छ । भएका दुईवटा पत्रिकाको ग्राहक एवं गुणस्तरको कमी भएको पनि त्यसैले हो ।

"भिक्षुहरू अल्छी छन् । विलासी छन् । दक्षिणा मात्र खोज्छन् । धर्मप्रचार गर्न बाहिर जाँदैनन्" आदि आरोप लगाइनु तिनीहरूको भिक्षुहरूसँग हार्दिक सम्बन्ध नहुनु र अर्काको विरोध गर्ने तथा आफू नेता बन्ने उद्देश्य लिनाले हो । धर्मकै प्रचार प्रसारको उद्देश्य छ भने आफ्नो तर्फबाट पनि मद्दत गर्ने धेरै क्षेत्रहरू छन् । चाहिँदो मद्दत नपाइनाले आँटेका कयौं काम पनि पूरा गर्न धौ धौ परिरहेकोलाई पूरा गर्न आफै जुट्नुपर्दछ । हरेक कुरा अरुले गरिदेओस् भन्ने धारणा तथा चाहना एक स्वाबलम्बी व्यक्तिको लागि अति नै न सुहाउँदो कुरो हो ।

अल्पकालीन प्रव्रज्या यहाँको अर्को विशेष उल्लेखनीय कुरो हो । यो धेरै पहिलेदेखि शुरु भएको भएतापनि संघमहानायक महास्थविरको जन्मदिवसको उपलक्ष्यमा ८६ जना तथा थाइल्याण्डका वर्तमान संघराजा वात्‌बवरनिवेश विहारका अधिपति अतिपूज्य सोमदेच फ्राञाणसंवर महास्थविरको ७२ औं शुभ-जन्मोत्सवको उपलक्ष्यमा अखिल नेपाल भिक्षु महासंघको निमन्त्रणामा नेपाल आई गर्नु भएको ७३ जना शाक्यकुलपुत्र दुर्लभ प्रव्रज्या भव्य थियो र यस प्रसंगमा

उल्लेखनीय छ । यीं कार्यमा यहाँको चूडाकर्म परम्पराले पनि मद्दत गरेको छैन भन्न सकिँदैन ।

यहाँका धार्मिक क्रियाकलाप खास गरी पूजापाठ-कर्मकाण्ड, लोकाडम्बर, त्यागको भावनाको कमी आदि खासरूपले रहेका छन् । यसमा धेरै धेरै मानिसलाई खुवाउने आदि चलन यहींकै प्रभाव हो जुनमा धार्मिक प्रयोजनको कुनै विचार गरिन्न । धर्मको बौद्धिक पक्ष त्यतिको प्रचार प्रसारमा आउन सकेको छैन । यसको कारण यहाँका निवासीहरूको बौद्धिक स्तर उच्च नहुनु हो ।

नेपालमा थेरवाद प्रवेश भएको ६० वर्ष नाधिसक्दा पनि अनेकौ योग्य समर्थ भिक्षुहरू भइसक्दा पनि धर्मको गहिरो अध्ययन गर्ने कुनै एउटा विद्यालय पनि बन्न नसक्नु र संघाराम एउटा सानो अतिकम क्षमताको भिक्षु तालिम केन्द्रमै चित्त बुझाई बस्नु परेको कारण यहाँका जनताको हृदयमा भिक्षुहरूको आवश्यकताको अनुभव कम हुनु हो । यिनीहरूमा भिक्षुहरू नयाँ हुन् र आफ्नो जीवनमा खास केही, महत्वपूर्ण भएको अनुभव गर्दैनन् ।

यति चर्चापछि हामी ठम्याउन सक्दछौं, केही कुराहरू युगसापेक्ष हुन् भने केही हाम्रा आफ्नै विचारमै सुधार गर्नुपर्ने हुन् । युगसापेक्ष कुरा समयानुसार अनुकूल हुँदै आउला भनी आशा लिन सकिन्छ, तर अर्को भने हामी आफै अनुकूल नबनी काम कसरी बन्ला ? सोच्ने बेला आइसकेको छ ।

(आनन्दभूमि २१/७)

शाखा धर्म धयागु विषयय्

नेपाःया धार्मिक परिप्रेक्षय् विचाः यायेगु बखते चाहे अतीतय् थजु चाहे वर्तमान युगय्, न्ह्याबले स्वःसां निगू धर्मया प्रमुखता दुगु खनि । इतिहासया ताःहाकःगु यात्राय् थ्व निगू गथेयां गथे जुल, छुयां छु जुल व थुकिं नेपाःया अन्य क्षेत्रय् छु गुकथं प्रभाव लात वा लाना च्वन धयागु खँया विवेचना यायेगु साब हे महत्वपूर्ण जू । नेपाःया प्रागऐतिहासिक कालं निसें बुद्धधर्मया वयां ल्यू शैव धर्मया थन प्रभाव दया च्वंगु खँ इतिहासया पाना बांलाक पुइका स्वयेवं खनि । अभिलेख इलंनिसें उकिं हे थुपिं निगू धर्मया थःथःगु स्थानय् थःथःगु कथं नेपाःया संस्कृति, रीति-थिति व नेपाःमिया व्यक्तित्व ब्वलनेगुली तःधंगु देन दु ।

नेपाःमि राष्ट्रप्रेमीपिं खः । संस्कृति व शान्तिप्रेमीपिं खः । वथें हे धर्म प्रेमीपिं नं खः । नेपालय् जुइगु अनेक धार्मिक नखः चखः व पूजादी नं नेपाःमिया धर्मप्रियता क्यं । तसर्थ भ्रीगु संविधानं नं प्रत्येक नेपाःमियात थःथःगु परम्परागत रूपं धर्म हनेगु अधिकार सुरक्षित याना बिया तःगु दु । नेपाल राजतन्त्रात्मक हिन्दू अधिराज्य घोषणा जूसां थन बुद्धधर्म व जैन धर्मयात हिन्दूधर्मया कचा वा शाखा आदिया रूपय् स्वयेगु व धायेगु उपक्रम जोर तोरं थौकन्हे न्ह्याना वयाच्वंगु भ्री सकसिनं चायेके माल । बुद्धया जन्मभूमि नेपाः देशय् बुद्धया प्रति जुया वया च्वंगु थुगु गंभीर उपेक्षा यात जागृत बौद्धतयेसं याकनं वाः चायेके माःगु दु । उकिया हे बारे थन छुं विचार याना यंके ।

प्रत्येक हिन्दू सम्मेलनय् थुकिं विश्वय् न्यंक भनं च्वंपिं हिन्दूतयेगु एकताया निंतिं महत्वपूर्ण योगदान बीगु खँ उल्लेख याइ । तर अपशोचया खँ खः 'हिन्दू' धैगु छु धका हे बांलाक निश्चित मजूवं हे एकताया खँ हाला जुल । थुइके हे मफु । 'हिन्दू' प्रायः प्रचलित विश्वास कथं फारसीतयेसं भारतीय वा वैदिक धर्मावलम्बीतयेत घृणाया दृष्टिं ब्यूगु शब्द धका धाइ गुकिया अर्थ हाकुपिं, दस्यु (डाकु) खः । गुगु भारतीय मूल शब्द मखयानं अपाय्सकँ प्रचलनय् वया च्वंगुलिं थथे जुइगुलि यक्को सम्भावना दु । सुं सुं हिन्दू लेखकपिंसं सिन्धु नदीया नामं 'हिन्दू' धाःगु धका धायगु नं याः । तर थ्व गुबले निसें गथे जुया प्रचलनय् वल धयागु खँ स्यूपिंसं चक्कं नुगलं पिमब्वः । अपोसिनं ला सि हे मस्यू । थ्व शब्दया व्युत्पत्ति प्रचलन व अर्थयात गुप्त याना हे तल तिनि । थुकिं 'हिन्दू' शब्दया माःबले माःकथं न्ह्याक अर्थ छ्यासां जिया च्वन ।

गन तक जिं स्यू 'हिन्दू' शब्दया उल्लेख ११ वीं इसवी शताब्दीया महाकवि वेनं पृथ्वीराजया बौ अजमेर नरेशयात सम्बोधन याना तःगु हे दकले न्हापांगु खः । गुगुं नं प्राचीन संस्कृति वा पालि (मागधि) भाषाया वाङ्मयय् गनं थुकिया उल्लेख मदुगुलिं नं थ्व शब्दया प्रयोग साब हे अर्वाचीन धयागु क्यं । गथे भारतीय ब्राह्मण धर्मावलम्बीपिंसं थःगु सिन्धुस्थानं पिनेयागु राज्य, जातियात क्वह्यंगु दृष्टिं म्लेच्छस्थान, म्लेच्छ धायेगु चलन दु, अथे हे भारतीयतर साहित्य आवेस्ता गुगु २,००० वर्ष पुलां धाई, उकीनं उगु हे तालं 'हिन्दू' या अर्थ छ्याना तःगु जुइगुली असम्भव मखु । माःसा उजागु उदाहरण 'असुर' शब्द काये फु, गुगु आवेस्ताय् तथा पूर्ववर्ती ऋग्वेद मन्त्रय् देवताया कथं वया च्वंगु दुसा

परवर्ती ऋगवेदय् थ्व हे शब्दया राक्षस, दैत्य आदिया अर्थे छ्यलाा तःगु दु । थ्व ईरानी व आर्यतये ल्वापुं जूगु खः । थुगु हे तालयागु शब्द 'हिन्दू' जुइमाः । न्हापां ला भारतीयपिंसं थुकिया विरोध नं यात । तर गुलि गुलि भारतये विदेशी प्रभाव वृद्धि जुजुं वन थ्व शब्द इमित येका नं मयेका नं छ्येलेगु यात । लीपा वया वैदिकतयेसं अथे धायेगुलि हे गर्व महशूस याना हल जुइ धयागु आभाश लू । 'हिन्दू' या समानार्थी शब्द थौंकन्हे प्रचलित कथं सनातन खः । आः थन थुगु 'हिन्दू' वा 'सनातन' धर्म अन्तर्गत वा कचा बुद्धधर्म खः ला धयागुबारे छुं चर्चा याये ।

नेपालय् धार्मिक समूहया तथ्यांक काइबले हिन्दू, बौद्ध आदि धर्मावलम्बीपिनिगु अलग अलग कायेगु याः । थुकथं भ्रीगु राष्ट्रिय नीतिं बौद्ध, हिन्दू पृथकता क्यना तःगु दु । भारतीय आर्यतये वर्तमान भारतीय वंशज गुपिं वेद, स्मृति व पुराण आदियात थःगु भाःपाः उकि धयातःथे याइपिं धका 'हिन्दू' या अर्थ बिया तःगु दु । थुगु परिभाषां स्वया यंकल धाःसा नं बुद्धधर्म हिन्दूधर्म वा वया कचा मखु धयागु क्यं । कारण उपरोक्त ग्रन्थतयेगुप्रति बौद्धतये विशेष छुं श्रद्धा मदु । थन्यागु अवस्थाय् हिन्दू धर्मयाशाखा वा कचा बुद्धधर्म गथे जुइ ? मेगु खँ च्वय् धयाथें 'हिन्दू' शब्द वैदिकतये निंति प्रयोग जूगु हे विदेशीतयेगु बलातं ख़ः । तर थौं थ्व वैदिक सनातनीत 'हिन्दू'या छ्यंगु भुना व नं जिमि कचा, थ्व नं जिमि कचा आदि धका हाला जुल । गुगु सरासर गलत खः । थन्यागु अवस्थाय् बुद्धधर्मयात हिन्दूधर्मया कचा धायेगुया तात्पर्य वैदिक धर्मया कचा धायेगु हे खः । गुगु बुद्धिमानी व विवेकशील मानवपिंसं विश्वास याये फइ मखु । हानं

विचाः याना यंकल धाःसा थ्वया दुने च्वंगु धूर्तता फुकं पर्दाफाश जुइ।

थःगु हे दर्शन, थःगु हे क्रिया प्रणाली, थःगुहे कथंया मोक्ष दयेकं दयेकं गुगुं धर्मया शाखा धायेके माःगु अवस्था थौं बुद्धधर्मयात छाय् वल नेपालय् ? कारण थ्व हे जुइ नेपाःया शिक्षित जागृत बौद्धपिं थन्यागु धर्म नाप सम्बन्धित खँय् उदासीन। आः थ्व थथे च्वनेगु समय मखये धुंकल। ब्राह्मणवादीतयेगु थुगु धूर्तता सफल जुल धाःसा थन बुद्धया व्याख्या बुद्ध कथं मजूसे, बुद्धधर्मया व्याख्या बुद्धधर्म कथं मजूसे, संघया व्याख्या संघ कथं मजूसे मेगु हे छुं गुगुं कथं जुया वइ। ऐतिहासिक गौतम बुद्ध नं नारायणया छद्म वेश नं खया वइ। बुद्धया धर्म सत्य धर्म निष्ठपिंत धर्म च्यूत याइगु विचार धारा व छि, जि, भी सकलें मार्ग भ्रष्टपिं सिद्ध याना मछ्वइ मखु। अले सत्य मार्गारुढ जुइत कलिया अन्तये वइम्ह 'कल्कि' अवतार पिया च्वने मालि। तसर्थ थन्यागु खँया विरोध आवंनिसें हे यायेगु अत्यावश्यक खः।

मेगु खँ पुलांगु गुगुं सफुती चाहे व हिन्दूतयेगु जुइमा चाहे बौद्धतयेगुली, गनं नं बुद्धधर्मयात गुगुं मेगु धर्मया शाखा धका उल्लेख याना तःगु मदु। अपाय्हाकःगु वैदिक धर्मया वाङ्मयया इतिहासय् गुम्हं सुं विद्वान पण्डितपिंसं आः तक मधाःनिगु खँ बुद्धधर्मया २,५०० दँ पुला वये धुंका थ्व धर्मया शाखा व धर्मया शाखा आदि धका म्हुतु बाय्का जुइगुया रहस्य छु ?

बुद्धधर्म शीलयागु धर्म खः। थःत वा यःम्हसित यत्थे न्त्यागु याःसां ज्यू धाइगु धर्म कदापि मखु। बुद्धधर्म अहिंसा धर्म खः। धर्मया नामय् ग्वाः ग्वाः प्राणी व म्वाःम्वाकं मनूत नापं होमे यायेगु धर्म मखु। नेपाःया

सन्दर्भय् काये मा:सा लिच्छविकालय् सति प्रथाया चलन शुरु यायेगु असफल प्रयासथें थ्व न्हूगु भाषाया तर्कया चमत्कार ज्वना व:गु प्रयास जक ख: ।

आर्य व अनार्यया ल्वापुबले शत्रुपक्षयात दमन यायेत उत्पत्ति जूगु विचारं आ: नं धर्मया लँपु ज्वने त्यंसा व फसय् छ्यें दनेथें जुइ । बुद्धधर्म थ: विरोध याइपिंत कित स्याना छ्वयेगु, कित हिबाय् चबाय् याना पितिना छ्वयेगु कथंगु धर्म मखु ।

थौंया बीसौं शताब्दिया वैज्ञानिक युगय् व चेतनशील जन-समाजय् विशाल जनमत कय्च्याना च्वंगु बुद्धधर्मयात थ: कचाया रूपय् कायेबले दुधंगु धन थ:के दइ धका छुं कथं ग्व:सा ग्वयेगु यात धा:सा व नं सफल जुइ मखु । बुद्धधर्मयात ब्वलनेत छुं प्रकारया ग्वहालि गबलें मयासे द्यामय् च्वना न्या बच्छि कायेगु कुत: यायेत बुद्धधर्म हिन्दूधर्मया कचा धायेगु, चा:चा:ह्वीका अर्थ छ्याना मनूतयेत शब्दजालय् लाका स्वार्थपूर्ति यायेगु प्रबृत्ति आ: सफल जुइ मखु । उकिं छुं छुं हे कारण व औचित्यता मदयेकं हे वसपोल तथागत सम्यकसम्बुद्धं कना बिज्याना त:गु धर्मयात थुगु धर्मया शाखा उगु धर्मया शाखा धका सिद्ध यायेगु प्रयासय् दुने सुला च्वंगु स्वार्थपरक विचारयात सीका बौद्धपिं याकनं हे सतर्क जुयेमा: । गौतम बुद्धया धर्मयात न्ह्याका यंके मा:गु दु । तथागतयागु शील, समाधि व प्रज्ञा धर्मयात झीसं बांलाक दुग्येक सीका थुइका कायेमा: ।

('पञ्चायत' मासिक २/७ भक्तपुर नगर पञ्चायत २०४१)

बुद्ध धर्म
हिन्दू धर्मया कचा मखु

थौंकन्हे प्रायः हिन्दू विद्वानतयेसं बौद्धतये न्ह्यःने न्ह्याबलें बुद्धधर्म न हिन्दूधर्मया कचा खः धायेगु याना वयाच्वंगु दु । थ्व तःसकं क्वथीक विचाः याये ल्वः – छु धात्थें अथे हे खःला ले ? उकिया बारे थन छुं चर्चा याये ।

छुं गुगुं धाये वा च्वये न्ह्यः व नाप सम्बन्धित छुं आधारभूत शब्दया अर्थ बांलाक सीकेमाः । उकिं थन हिन्दू शब्दया बारे छुं खँ न्ह्यथने त्यना ।

ई. १२/१३ शताब्दी पाखे तिनि मुसमां शासक व जनता पाखे हिन्दू शब्द खने दयेकः वइ । भारतये च्वंपिं मुस्मांतयेसं थः प्रतिद्वन्दी व इमिगु धर्म मानय् मयाइपिं धयागु अर्थय् थ्व खँ हिन्दू खँग्वः फारसीं वयाच्वंगुलिं सी दु ।

भगवान् बुद्धयात आदर्श पुरुष धका हनाः वसपोलं कना बिज्याःगु धर्मया अनुगमन याइपिं बौद्ध खः।

नेपालय् "हिन्दू" शब्द छ्चःगु शायद सच्छिदँ हे मदुनि । भीसं स्यू, आः तकं नं पुलां पुलांपिसं बुद्ध मार्गी व शिव मार्गी धका धाःनि । "बौद्धत नं हिन्दू हे खः" बुद्धधर्म हिन्दूधर्मया कचा धायेगु याःगु आपाः दुगु मखुनि । नकनिति नकतिनि हे जक धाःसां ज्यू । वास्तवय् थ्व खँ धात्थें खः मखु क्वय्यागु अन्तर ब्वनेवं सीके फु ।

१) वेद, पुराण आदिया ईश्वर वचन अकाटय खः, थ्व हिन्दूतये विश्वास जुल । तर बौद्धतये निंतिं अथे ईश्वरकृत व अकाट्य ग्रन्थ दुनियाय् गबलें दइ मखु ।

२) शरीर दुने नित्य कुट्स्थं छगू "आत्मा" धयागु दु । गुगु पुनर्जन्म काः वनीगु खः । थ्व हिन्दू धारणा खः । आत्मा थें जाःगु छुं नित्य, कुट्स्थ वस्तु बौद्धतये निंतिं सम्भव मदु । व मान्य नं मजू ।

३) हिन्दूधर्म कथं धर्मया ग्लानि जुइबले ईश्वर अवतरण जुइ । बुद्ध नं अवतार खः । बुद्धधर्म कथं धर्मया पुनरुद्धार यायेत गुगुं इलय् सु नं अवतरण जुइ धयागु मदु । बुद्धला छम्ह राग, द्वेष व मोह रहितम्ह महामानव जक खः ।

४) चतुर्वर्ण व्यवस्था धयागु छम्ह हिन्दूया लागि मान्य खः । थ्व यथार्थय् आधारित मजूगु मनू मनू पाकीगु खँ खः । धयागु बौद्धं धारणा व संस्कार खः ।

५) हिन्दूतयेकथं त्रिदेव उपास्य व आराध्य देवपिं खः । तर बौद्धतये प्रारम्भिक कालय् अथे सु उपास्य व आराध्य देव मदु । बरू बौद्ध त त्रिरत्नया शरणय् च्वनी ।

६) संसारया कर्ता धर्ता ईश्वर दु धयागु हिन्दू मत खः । तर बौद्धतये कथं संसारया कर्ता धर्ता अथे सु मदु । थःगु हे अविद्यां संसारया सृष्टि जुइगु खः धयागु छम्ह विज्ञ बौद्धया विचाः जुइ ।

७) मालीबले हत्या छलकपट व युद्ध नं हिन्दूधर्मया आदर्श खःसा बुद्धधर्मय् धर्मया नामय् गुगुं हालतये नं युद्ध ग्राह्य जुइ मखु ।

८) हिन्दूधर्मय् आत्माया ईश्वरयाके लीन जुइगु हे मुक्ति खःसा बुद्धधर्मय् निर्वाण हे जक धात्थेंगु मुक्ति खः । लुमंके माः आत्माया ईश्वरयाके लीन जुइगु व सुं गुम्हेसिनं निर्वाण लाभ याइगु धयागु छगू तुं खँ मखु ।

उपरोक्त कथं मूलभूत खँ फरक दयेक दयेक नं सुनानं बुद्धधर्म हिन्दूधर्मया शाखा वा कचा खः धकाः हाला च्वंसा वयात छुं धायेगु मात्र कांयात मत क्यनेथें जक खः । थ्व खँय् नेपाःया परम्परागत बौद्धतयेगु क्रियाकलाप प्रमाण जुइ फइ मखु । कारण व क्रियाकलाप समष्टिया रूप काये फइ मखु । नेपाःयापिनि निंतिं ग्राह्यगु प्रत्येक खँ सम्पूर्ण विश्वया निंति नं ग्राह्य जुइमाः धायेगु पायेछि मजू । तर बौद्ध शब्दं संसारया समस्त बौद्ध जगतयात थ्यू । उकिं बौद्ध नं हिन्दू खः, वा हिन्दूधर्मया कचा बुद्धधर्म खः धकाः धायेगु पाय्छि मजू । न्ह्याम्हसिनं विचाः यायेफुगु खँ खः, व सिमा गज्याःगु जुइं गुकी हां निसें कयाः हः व स्वां उथें च्वना नं निताजि फल सयेकी । बुद्धधर्म नं हिन्दूधर्मया कचा खः धयागु नारा थ्वयेका च्वंपिं थःगु विचारय् वालं चिनाः थः पक्षय् मेपिनि विचार व संस्कार चीत हालाजूपिं जक खः । थुमिसं यथार्थताय् आधारित छुं प्रमाण हे मदयेक थःगु खँ जक ततःसलं प्रचार याना जुल ।

(देगः, ने.सं. ११०४ सकिमला पुन्ही, पृ. ३८/३९)

भगवान् बुद्धप्रति वक्रदृष्टि

भगवान् बुद्धप्रति वक्रदृष्टि राख्नेहरू प्राचीनकाल अर्थात् भगवान् बुद्धका पालादेखि नै निरन्तररूपले रहि आएका छन् । विशेष गरेर यदि बौद्ध इतर संप्रदायहरूसित घनिष्ठ सम्बन्ध राख्नेहरू भए भने यो दृष्टि झन् विकराल हुन्छ । भगवान् बुद्धका पालामा यस्तो व्यवहार गर्नेहरूमा केही निर्ग्रन्थ तैर्थिकहरू, केही ब्राह्मणहरू थिए भन्ने कुरा बौद्धवाङ्मयको अध्ययन गर्दा थाहा लाग्छ । ब्राह्मणहरूबाट यसलाई निरन्तरता दिएको कुरो तिनीहरूका खुबै लोकप्रिय लौकिक तथा धार्मिक ग्रन्थहरूमा धेरै उल्लेख पाइन्छन् । अर्थात् महाभारत, रामायण र पुराण आदिमा भगवान् बुद्धप्रति विरोधी भावना जगाउने वा कमसेकम उपेक्षा सृजना गर्ने कुराहरू लेखिएका छन् । यसका अनुयायीहरूमध्ये नेपालको लिच्छवीकालमा अनुपरमले बौद्धनिन्दा गरेर वेदव्यासको स्तुतिस्तम्भ नै खडा गराएको छ । अहिले त्यही ब्राह्मण धर्मग्रन्थको आधारमा गरिएको व्याख्या मान्न बौद्धहरूलाई दवाव दिईदैछ । यसमा भगवान् बुद्धप्रति आस्थावान्हरूले कहिल्यै सही थप्नुहुँदैन ।

ब्राह्मणवादीहरूकै वक्रदृष्टि र व्यवहारले गर्दा नेपालका केही क्षेत्रलगायत भारतमा बौद्धधर्मको अन्त (=लुप्त) हुन गएको हो भन्ने विचार राख्नेहरूको कमी छैन । ब्राह्मणहरूले अनेक शताब्दीसम्म भगवान् बुद्ध र बुद्धधर्मको नाम निन्दा र उपहास गर्नकै लागि मात्र उल्लेख गर्ने गर्दथे । फलस्वरूप अझै पनि हिन्दू मानसपटमा भगवान् बुद्धप्रति नकारात्मक धारणा

राख्नेहरूकै बाहुल्य रहिरहेको छ । यसबारे ब्राह्मणवादी शिक्षित हिन्दू यस्तो प्रतिक्रिया बाहिर प्रकाशित गर्दछ –

"ती असहिष्णुतापूर्ण विचार र व्यवहार प्राचीनकाल, पौराणिककाल र मध्यकालका कुरा हुन् जुनबेला मानिस वा समाजको ज्ञान-विज्ञान उन्नति भइसकेको थिएन । थोरै ज्ञानलाई पनि केही टाठाबाठाहरू आफ्नो स्वार्थ सिद्ध गर्नको लागि आफूमै मात्र सीमित राख्दथे । अरुलाई शिक्षित गर्दैनथे अथवा शिक्षित हुन अनुमति दिंदैनथे । तिनीहरूको स्वार्थ पूर्तिका लागि नै विभिन्न संप्रदायहरू बनाएका थिए । त्यसबाट आपसमा आन्तरिक कलह-विवाद भयो । फलस्वरूप विदेशीहरूलाई मौका दिइयो र उनीहरू आएर भारतवर्षमा शासक बन्नपुगे र भारतीय जनता तिनका दास भएर बस्न् बाध्य भयो । तिनैबाट बुद्धधर्मको पनि अन्त्य भयो । अब हामीले आफ्ना कमजोरीलाई चाल पाइसक्यौं र आफूलाई सुधार पनि गर्‍यौं । फलस्वरूप हामीले विदेशी-शासनबाट मुक्ति पाइसक्यौं र राजनैतिक स्वतन्त्रता पाइसक्यौं । हामी अब विकासतिर लम्किरहका छौं । हामीमा आधुनिक शिक्षा फैलिंदैछ र समाजमा सुधारहरू हुँदैछन् । अब हामी आफ्ना प्राचीन कालका सुधारात्मक र गौरवमय सम्पदाप्रति झन झन् बढी सजग र परिचित हुँदैछौं । त्यस्तो बेलामा व्यवहारबाट नै समाजले भगवान् बुद्धप्रति सम्मान र आदर राख्दछन् बढीसेबढी सम्मान गर्दछन् । सम्पूर्ण हिन्दूहरू भगवान् बुद्धप्रति सम्मान र आदर राख्दछन् । हामीहरू हिन्दू भएर पनि भगवान् बुद्धप्रति आदर नगर्ने कुरै छैन । हिन्दूहरूका बीचमा भगवान् बुद्धसम्बन्धी चिन्तन मनन बढ्दैछ । हिन्दूहरूको बाहुल्य भएको देश भारत र नेपालमा सरकारी तथा गैरसरकारी तवरबाट बुद्धधर्म र संस्कृतिलाई उकास्नको

लागि अनेक महत्वपूर्ण प्रयासहरू भएका छन् ··· । आदि ।"

भारतमा बुद्धधर्मको उद्धार हुँदैछ भन्ने कुरामा कुनै शंका छैन । यसमा घोषित बुद्धमार्गीहरूको मात्र होइन अरुको पनि सहयोग बांछित छ र भइरहेको पनि छ तर यस्ता सहयोगमा ब्राह्मणवादीहरूले बुद्धधर्मप्रति आफ्नो परम्परागत रवैया नै अपनाइरहेको कुरा बुद्धिजीवीहरू मान्दछन् । अहिले यसबाट दुई किसिमका प्रतिफलहरू निस्केका छन् – पहिलो, हिन्दूजनमानसमा भगवान् बुद्ध र उहाँको उपदेशको चर्चा बढेको छ । अर्कोतिर ब्राह्मणवादीहरूले शिक्षितवर्गलाई धोखा दिनको लागि बुद्ध र बुद्धधर्मको प्रयोग गरिरहेका छन् । यो कुरो सत्य हो कि भारतीय जनमानसमा बुद्ध र बुद्धधर्मको परिचय पुनः प्रचार हुनुमा जनताको सद्भावनाले ठूलो मदत गरेको छ तर केही ब्राह्मणबादीहरूले भगवान् बुद्धका शुद्ध व्यक्तित्व र उपदेशलाई जानाजान भ्रष्ट बनाएर प्रस्तुत गरिरहेका छन् । भगवान् बुद्धका सार्वजनिक उपदेशलाई आत्मा, ईश्वर जस्ता ब्राह्मणवादी आदर्शलाई रक्षा गर्नको लागि ढालको रूपमा प्रयोग गरिरहेका छन् । भगवान् बुद्ध ती विषयमा मौन हुनु हुन्थ्यो भनेर अफवाह फैलाउँछन् । अहिले गैरकानूनी सिद्ध गरिसकेको जातिपाति, अन्धविश्वासलाई समर्थन मात्र होइन सृष्टि नै गर्ने विष्णुका अवतार भनाउँदा राम, कृष्ण आदिहरूको उपर शंका उठ्न थालेको बेलामा भगवान् बुद्धलाई पनि विष्णुकै अवतार सिद्ध गर्न खोजिरहेका छन् । राम, कृष्ण र बुद्धधर्मावलम्बीहरूको संगठन बनाउने प्रस्ताव राख्दछन् । ब्राह्मणमतका सिद्धान्तहरू मिथ्या सिद्ध हुन आउँदा तिनीहरूका ईश्वरकै वर्चस्व समाप्त हुनथाल्दा भगवान् बुद्ध पनि हाम्रै अवतार हुन् भनेर अलाप्दै क्षीण

हुँदै गइरहेको ईश्वरको अस्तित्वलाई बचाउन खोजिरहेका छन् । अझ कोही कोही आधुनिक भनाउँदाहरू आफ्नो क्षुद्र ज्ञानको आधारमा बुद्ध र बुद्धधर्मसम्बन्धी हेयपूर्ण निर्णय दिएर कृतिलाई बिटुलो पार्छन् । यस्ता छोटाहरू आफू वडा स्वतन्त्रविचारक भएको दावी गर्छन् । यस्ता कुराहरू लेखेर साध्य छैन । त्यसैले अहिले यो छोटो चर्चा गर्नाको मूल कारणतिर नै लागौं ।

सिक्किममा आनी भएकी एउटा ब्राजिलियन महिला छिन् । ५० वर्ष जति उमेरकी तिनले २० वर्षसम्म बुद्धधर्मको अध्ययन र अभ्यास गरेको दावी गर्छिन् । २ मई १९९९ का दिन तिनी एउटा पर्चा प्रचार गरिहिँडेको बैंकदमा भेंटें । तिनको सो पर्चामा केही भारतीय पुस्तकहरू र तिनका ब्राह्मण लेखकहरूको फेहरिस्त दिइएको छ । सो पर्चामा ती पुस्तकहरूमा लेखकले भगवान् बुद्धलाई गलत ढंगले प्रस्तुत गरिएका छन् भनी भनिएको छ । के कसो हो भनी कुनै व्याख्या भने त्यो पर्चामा गरिएको छैन । समय र सामर्थ्यको कमीले गर्दा त्यो काम मबाट पनि सम्भव देखिन । अझ म एक्लैको विचार प्रस्तुत गर्नुभन्दा ब्राह्मणवादीहरूको भगवान् बुद्धप्रति रहेको वक्रदृष्टिलाई बुझ्न सबै बौद्धिक जनताकै ध्यानाकर्षित गर्दै सो पर्चामा प्रकाशित Sign misrepresentation र तत्सम्बन्धी किताब तथा प्रकाशक हरूको विवरण यहाँ उद्धृत गरिएको छ ।

ब्राह्मणवादी लेखकहरू

1. G.C. Pande
2. T.R.V. Murti
3. Sukumar Dutt

4. Angraj Chaudary
5. K. Krishna Murty
6. A.D.P. Kalansuriya
7. Arun Kumar Biswas
8. Kashi Nath Upadhyaya
9. Benoytosh Bhattacharyya
10. T.R. Sharma
11. J. K. Nariman
12. Nalinaksha Dutt
13. Rajmani Tigunait
14. Bimala Churn Law
15. N.N. Bhattacharyya
16. Kewal Krishnan Mittal
17. Manmath Nath Shastri
18. Ananda K. Coomaraswamy

ब्राह्मणवादी हरूका कृतिहरू	प्रकाशकहरू
"Studies in the Origins of Buddhism"	*(Motilal Banarsidass Publishers, 1995, India)*
"An Intdoduction to Buddhist Philosophy"	*(Eastern Book Linkers, 1994, India)*
"The Central Philosophy of Buddhism"	*(Harper Collins, 1998, India)*
"Literacy History of Sanskrit Buddhism"	*(Motilal Banarsidass, 1992, India)*
"Buddhist Monks and Monasteries of India"	*(Motilal Banarsidass, 1992, India)*
"Buddhist Sects in India"	*(Motilal Banarsidass, 1978, India)*
"Essays on Buddhism and Pali Literacy"	*(Eaxtern Book Linkers, 1994, India)*
"The Tradition of the Himalayan Masters"	*(Himalayan International Institute, 1993, USA)*
"Studies in Buddhism"	*(Sundeep Prakashan, 1996, India)*
"Buddhistic Studies"	*(Indological Book House, 1983, India)*
"A Philosophical Analysis of Buddhist Notions"	*(Sri Satguru Publications, 1995, India)*
"Buddhism in the History of India Ideas"	*(Manohar Publishers, 1993 India)*

ब्राह्मणवादी हरूका कृतिहरू	प्रकाशकहरू
"Buddha and Bodhisattva"	*(Cosmo Publications, 1987, India)*
Buddhist Art and Thought"	*(Harman House, 1993, India)*
"Early Buddhism and the Baghavad Gita"	*(Motilal Banarsidass, 1983, India)*
"The History of Buddhism" and	*(Aryan books International, 1996, India)*
"Buddha, His Life, His Teaching, His Order"	*(Indological Book House 1978, India)*
"An Introduction to Buddhist Esoterism"	*(Motilal Banarsidass, 1998, India)*
"Hinduism and Buddhism"	*(Motilal Banarsidass, 1992, India)*

(आनन्दभूमि २७/२)

भिक्षु युताका नावातामेसँग

ए युताका ! तिमी किन ढल्यौ ?
सम्बुद्ध शान्तिस्तूप बनाउँदा बनाउँदा
थकाइ लाग्यो कि ?
सत्य धर्म भेरी बजाउँदा बजाउँदा
शरीर गल्यो कि ?
समता आचरण सिकाउँदा सिकाउँदा
क्लान्त भयौ कि ? ॥१॥

ए नावातामे ! तिमी किन सुत्यौ ?
हुन त हो यहाँ –
बुद्धका व्यक्तित्वलाई आसुरी-लीला
भन्नेहरू अनेक छन् ।
बुद्धका उपदेशलाई आफ्नो विरोधी
नारा थान्नेहरू सबल छन् ।
बुद्धका पूजकहरूलाई आफ्नो प्रतिद्वन्दी
योद्धा मान्नेहरू प्रवल छन् ॥२॥

त्यसैले यहाँ –
बुद्ध जन्म स्थल लुम्बिनी उपवन
अन्धकारमा छोपिन्छ ।
बुद्धका दुर्लभ वाङ्मय शास्त्रहरू
सडकमा फालिन्छन् ।
बुद्धका शान्तिस्तूप निर्माता भिक्षुलाई
गोलि मारिन्छन् ॥३॥

तर यत्तिकैमा नावातामे तिमी रुक्नु छैन ।
किनकि हामीले देखेका छौ –
वज्रासनस्थ बुद्धलाई पनि
मार-आक्रमण भएथ्यो ।
दु:ख-मोचक धर्मलाई पनि
द्वेष-प्रतिवाद भएथ्यो ।
अहिंसावादी संघलाईपनि
घातक-प्रहार भएथ्यो ॥४॥

त्यसैले लुम्बिनी शान्ति-स्तूपका निर्माता
तिमी पछि नहट ।
बरु अब उप्रान्त पनि –
बुद्ध जन्मस्थल लुम्बिनीलाई
हामी पहरा दिनेछौं ।
बुद्धधर्मको त्यो भेरीलाई
हामी बजाइनै रहने छौं ।
तिमीलाई लागेको त्यो गोलिलाई
हामीले पनि थाप्ने छौं ॥५॥

अझ विश्व-शान्तिका शहीद ए भिक्षु !
न छोड्, न फेर, त्यो शान्तिदूत प्रतिको श्रद्धालाई ।
नत्याग, नफ्याँक त्यो विश्वशान्तिको नारालाई ।
बरु जलाऊ, बढाउ, चढाऊ, शान्तिको दीप
मानवलाइ
जाग, उठ र कम्मर कस, जगमा शान्तिको
परेड खेल्दैरहनलाई ॥६॥

(धर्मकीर्ति १५/४)

होशियार !

हे बोधिप्रेमी, तिमी अहिले यहाँ जन्मने समय भएको छैन ।
पहिले जस्तै लुम्बिनीमा उभेर तिमीले हात उठाएमा
तिम्रो हात काट्न सक्छ ॥१॥

हे ध्यानप्रेमी, तिमी ध्यानगर्ने ठाउँ अहिले यहाँ उपलब्ध छैन ।
गयाको बोधिवृक्ष मुनि बसेर सम्बुद्ध हुन खोजेमा
त्यहीं झुण्ड्याई दिन सक्छ ॥२॥

हे धर्मोपदेशक, तिमीलाई अहिले यहाँ उपदेश गर्न दिने छैन ।
मानव-मानसिक स्वतन्त्रताको अर्ति उपदेश दिएमा
गोलि पड्काउन सक्छ ॥३॥

किन कि यहाँ अहिले वर्णवादी धूर्तहरूको बोलवाला छ ।
शक्तिपिपाशु अहंकारीहरू साधन सम्पन्न भएर
कुस्वार्थ रक्षा गर्दैछन् ॥४॥

यदि ती हत्यारा, हैकमवादी, उग्रपन्थी दानवहरूलाई
क्षमा, शान्ति र सत्यको बलले, बहुजन हित-सुखको
मतले जित्न सकेमा हो ॥५॥

नत्र ... ।
(लुम्बिनीमा जापानी भिक्षु युताका नावातामेको हत्या गरेको सन्दर्भमा)

(धर्मकीर्ति १५/५)

"बुद्ध र बुद्धपछि" पुस्तकः एक सानो अध्ययन

श्री प्रकाश बज्राचार्यज्युबाट लिखित 'बुद्ध र बुद्धपछि' पुस्तक भर्खर प्रकाशित भएको छ । श्रद्धेय भिक्षु सुदर्शन महास्थविरको कृपाले बैंककमा बसेर पनि यो पुस्तक तत्कालै पढ्न पाएँ । वस्तुतः पुस्तक अति सारपूर्ण र सबैको लागि पठनीय लाग्यो ।

यस पुस्तकमा भएको सिद्धार्थ-जीवनी तथा बुद्ध जीवनीको पठनद्वारा एउटा भोक मेटिए जस्तै भयो । यस प्रकारको जीवनी पुस्तक नेपाली भाषामा धेरै अभाव रहेकोलाई यसले परिपूर्ति गरिदियो । गत ३-४ वर्षदेखि यस्तै एउटा बुद्धजीवनी पुस्तक हेर्ने रहर रहेकोले केही टिपोट पनि लेखिराखेको थिएँ, तर मैले चिताएको जस्तो कुरा यो कृतिमा पढ्न पाउँदा म तृप्त भएँ । लेखकलाई धन्यवाद टक्रयाउँदछु ।

'इतिहास' खण्डमा बुद्धको परिनिर्वाणदेखि लिएर बुद्धधर्मको विश्वव्यापी प्रसारको विहंगम दृश्यलाई काल क्रमानुसार देखाउँदै नेपाललाई भर्खर मात्र 'हिन्दू राष्ट्र' अथवा 'हिन्दू अधिराज्य' घोषित गरिएकोसम्म पूराका पूरा २६ शय वर्षको लामो बौद्ध-विश्वको इतिहासलाई साह्रै छोट्करीमा तर पनि स्पष्ट बुझिने गरी लेखेर गागरमा सागर भनिए जस्तै गरेर सम्पूर्ण पाठकवर्गको लागि लेखकले यो पुस्तकलाई एक अमूल्य उपहार साबित गर्नु भएको छ । ठाउँ-ठाउँमा वैदिक धर्मको समसामयिक उत्थान र पतन भएको चित्रण पनि भएकै छ ।

आठ अंगले युक्त मार्ग (अष्टांगिक मार्ग=अष्ट अंगिक मार्ग) हुनु पर्नेमा आठ मार्ग (पृ. ५३), पूजा पाठ गर्नु सामान्यजनको काम हो भनिएको (हेर्नुस् पृ. २२५ दीघनिकाय (नेपाल भाषा) अनुवादक दुण्डबहादुर वज्राचार्य) लाई बुद्धले मूर्ति-पूजाको विरोध गर्नुभएको (पृ. ११४) जस्ता केही छिटपुट कुराहरू छोडेर यस पुस्तकमा उल्लिखित बुद्धधर्म सम्बन्धी जानकारी सांगोपांग तथा भरपर्दो छ । त्यसो त इतिहासको कुरा पूर्ण विवादरहित कहिल्यै हुँदैन पनि !

यथेष्ठ समय र मेहनत लगाई विस्तृत अध्ययनपछि तयार पारिएका टिपोटहरूको व्यवस्थित संगालो जस्तै रहेको यस पुस्तकमा विद्वान लेखकज्यूले आफ्नो अध्ययनको नेपाल भाषा, नेपाली, हिन्दी तथा अंग्रेजी जस्ता नेपालमा बहु-परिचित भाषामा उपलब्ध श्रोतहरूको सूचि पनि दिनु भएको खण्डमा गहिरो अध्ययन गर्न चाहनेहरूको लागि बडो उपयोगी हुने थियो । यसो गर्दा लेखकज्यूले लिनु भएको उद्देश्य पनि बढी नै पूर्ति हुन्थ्यो कि ?

धर्मनिरपेक्षताको कट्टर समर्थक एवं पक्षपाती राष्ट्रिय सभाका सांसद माननीय भिक्षु अश्वघोष महास्थविरको प्रेरणामा धर्मकीर्ति विहार, नेपाल प्रेस परिवार तथा साहु श्री सानुरत्न स्थापितहरूले एक एक हजार गरी प्रथम संस्करण मै ३ हजारप्रति छापिएको यो पुस्तक हरेक शिक्षित पाठकले आ-आफ्नो प्रति तुरन्तै हासिल गर्नलायकको छ । त्यस्तै हुनेछ भन्ने कुरा म कसरी आशा नगरुँ ?

(धर्मकीर्ति १०/२)

सम्पादकयात पौं

सम्पादकजु,

थुगु नेपाःया छगू जक पुलांगु मासिक पत्रिकाया माध्यम नेपालय् बुद्धजयन्ती विषय जि मती लूगु छगू निगू खँ च्वयाच्वना ।

(१) बुद्धजयन्ती समारोह समितिं प्रकाशित याइगु पात्रोय् वर्षयागु सन्दर्भय् विक्रमसम्बतं शुरुयाना दयेकातःगुली बैशाख-पुन्ही अर्थात् स्वायापुन्हीनिसें शुरु यानाः बैशाख-पुन्ही छन्हुन्त्यः सिधइगु याःसा गथें जुइ ? लय्यागु व्यवस्था पारु शुरुयाना पुन्हीबलय् सिधयेके जिसेंलिं वर्षयागु जक व्यवस्था याये मजीगु छुं खँ मदु । थथे यायेबले पात्रोयागु उपयोगिता नं अप्वः जुइ ।

(२) यैं, यल, ख्वप व जःख च्वंगु गांगामय् बुद्धजयन्ती न्यायेकेगु यानावयाच्वगु दु । थुकिंया अलावा थुपि कार्यक्रमत यथावत् हे तयाः नं छुं दिं न्ह्यः बा ल्यू उपत्यकावासीः सकसियांनितिं छिंक व लाक तिनिख्यलय् आमसभाथें छन्हु कार्यक्रम दयेकूसा छु जुइ ?

केन्द्रीय बुद्धजयन्ती समारोह समितिं थुगु खँय् बिचाः यानाः स्वइ धयागु आशा याना च्वना ।

— **श्रामणेर विपस्सी**
(आनन्दभूमि १३/१३)

सु गज्याम्ह गन वनी ?

श्रमण गौतम ! थन आपालं धर्म माने याइपिं दु । इमिसं थ:थ: ईष्ट देवतापिं माने यानानं इपिं सकलें ब्रह्म लोकय् हे थ्यनि, गथे नानादिशां वंसां छगू हे गामय् वा थासय् थ्यनिगु ख: । छपिसं स्वये गथे ख: ? इमिसं धा:गु पाय्छि जूला ?

हे ब्राह्मण ! धायेनु थन श्रावस्ती वनीगु प्यकालँ दुथाय् स्वम्ह प्यम्ह मनूतयेत मिखाय् खने मदयेक चिना नाना दिशा स्वका थना तइ, अले धाइ, हे मनूत ! छिपिं आ: थ:थ:गु स्वभाव कथं य:थाय् न्ह्यांहुँ । अले इपिं न्ह्या: वनी । छु अले इपिं सकलें छथाय् हे थ्यनीला ?

ब्राह्मण – अवश्यं थ्यनि मखु । छाय्धा:सा छगू ला इपिं मिखाय् खने मदयेक चिना त:पिं । मेगु खँ, इपिं नाना दिशापाखे स्वया दना च्वंपिं । इपिं वनां छगू हे थासय् गुबलें थ्यनि मखु ।

अथे हे धयाथें हे ब्राह्मण ! चन्द्र, सूर्य, महेश्वर, विष्णु, इन्द्र, ब्रह्मा व मेमेपिं देवतापिन्त पूजा याइपिं मेमेगु सिद्धान्त माने याइपिं सकलें छथाय् हे वनी मखु । छाय्धा:सा छगू ला इमिसं सद्धर्मयात बांलाक मखंनि । मेगु इमिसं थ:थ:गु धारणा व दृष्टि मतोतूनि । तसर्थ इपिं सकलें ब्रह्म लोकय् थ्यनि धयागु सम्भावना छत्तिं हे मदु ।

बुद्धया लिस: ख: ।

(धर्मकीर्ति ६/२)

The Dhammapada in the languages of Nepal[1]

Nepal is a land of many languages. The foremost vernacular of the Buddhists has always been Nevari, which has a rich traditional literature dating back to well over a thousand years. Nevari, a somewhat distinct branch of Tibeto-Burman, is spoken in the Kathmandu valley and major towns of Nepal; other languages of the Tibeto-Burman family include Tamang, Gurung, Magara and Serpa. Nepali, an Indo-aryan language ralated to Hindi, is the official language. The major languages of Nepal are written today in the Nagari script (with the exception of Serpa written in Tibetan characters). Nevari is still sometimes written in the ancient, traditional Nevari scripts such as Pracalita and Ranjana[2].

---

1 The present article is a revised and expanded version of a section of 'Pali Literature in Nepal', the author's (unpublished thesis submitted for the Bachelor's Degree at Mahamakuta Rajavidyalaya, Bangkok 1992. I am grateful to Mr. Peter Skilling for his encouragment and advice on making this article more accurate and readable.

2 To clarify some of the terms Nevari refers only to the language spoken by the Nevaras, the ancient inhabitants of the Kathmandu Valley. Nevara is the proper adjectival form, as in 'Nevara architecture'. Nepal is the country of which Nepali is the official language whose earlier name is gorkhali. The English adjective Nepalese is a general, non-ethnic term, as in 'Nepalese citizen'. Note, however, that the word Nepal is in

The Dhammapada, a collection of 423 Pali verses, is the second book of the Khuddaka-nikaya of the Sutta Pitaka. It was the first complete section of Pali Tipitaka to have been translated into Nevari[3] and, as we shall see, it has recently been rendered into two other Nepalese languages.

1) The Dhammapada in Nevari:

The Dhammapada was first translated into Nevari by Dr. Indramana Baidya, and published by Sadhumana Bhiksacarya in Calcutta in 1931. Ven. Amritananda published a new and more readable translation in 1941; this edition, reprinted in 1949, 1976 and 1989, has proved more popular. A complete translation into Nevari verse (kavya) by Satyamohana Josi was published by Gabahala Jirnoddhara Sangha, Lalitapura, in 1955.

The Dhammpada with the accompanying commentary from the Dhammapadatthakatha is now complete in Nevari. The first Vagga was published by Ven.

---

fact derived from the word Nevara. Nevari books use up to four dating systems: Buddhist Era, Nepal Era, Vikrama Era and Common Era; in this article dates are given in the Common Era.

3 Selected suttas, such as the Dhammacakappavattana, the Sigalovada and the Jivaka Suttas were published in Nevari between 1925 and 1930 in the magazine Buddhadharma va Nepalabhasa in Calcutta. (Until 1951 most books for Nepal were published in India because of severe restrictions in Nepal).

Amritananda in 1949; the remaining 25 Vaggas were translated by Ven. Aniruddha and published in eight parts from 1980 to 1993[4].

2) The Dhammapada in Nepali:

A Nepali translation of the Dhammapada by Ven. Amritananda was published in Nepal in 1952 and reprinted in 1969 and 1989. The same translator published the first three Vaggas with abridged stories from the Dhammapadatthakatha and included several Dhammapada verses in his encyclopaedic 31-volume work on eminent persons connected with the Buddha.

3-4) The Dhammapada in Tharu and Tamang:

Two important new contributions to Dhammapada literature in general and Buddhist literature in Nepalese languages in particular are the translations of that work into Tharu and Tamang. Tharu is an Indo-Aryan language spoken in a rural Terai areas, for example around Lumbini and Kapilvastu. The first major book in Tharu, a life of the Buddha entitled Sakyamuni Buddha, compiled and translated by Sri Tejanarayana Panjiyara Tharu, was published by the Dharmodaya Sabha, Kathmandu, in 1992. The Dhammapada was translated into Tharu by Attorney General (retired) Sri

---

4 Selected verses with the accompanying stories have been published in booklets by Bhiksu Prajnarasmi Mahasthavira, Bhiksu Vivekananda, Bhiksu Subodhananda, Bhiksu Sakyananda, Bhiksu Asvaghosa and Upasaka Ramalala.

Ramananda Prasada Singh Chaudhari Tharu and Sri Subodhakumara Singha Chaudhari Tharu.

Tamang is a Tibeto-Burman language spoken in the Kathmandu area and middle hills throughout the country. Like Tharu, it has almost no published literature. The Dhammapada was translated into Tamang by Lama Dharmaraja Tamang, General Secretary of the Lama committee, Nepal Tamang Ghedung (Sangha).

Both Tharu and Tamang Versions were edited in the same format by Bhiksu Mahanama 'Kobida' as Trilingual editions (that is, accompanied by the pali text in Nagari and a Nepali translation), with forewords by Bhiksu Sudarsana, Vice President of the Dharmodaya Subha. They were published by the Dharmodaya Sabha, Kathmandu, in 2,000 copies each, in 1992.

The Dhammapada, whether in Nevari or Nepali, is one of the most popular books among Buddhists in Nepal. It is hoped that it will become even more popular now that is has been translated into Tharu and Tamang.

Wat Bovoranives, Bangkok
(Buddhist Studies Review Vol II, No. 1, 1994)

श्रीलंका यात्राको वृत्तान्त

बाल्यकालमा घरटोलमा पुरोहितहरूले रामायण कथा भन्दा लंकाको राजा रावणले श्रीरामकी पत्नी सीतालाई हरण गरी लंका लगेकोले श्रीरामले बाँदरहरूको मद्दतले रावणसँग लडाई गरी सीतालाई फर्काई ल्याएको कुरो मनमा गडेदेखि लंका भन्ने देश कस्तो होला भन्ने जिज्ञासा मनमा उठेको थियो । श्रीलंकामा अध्ययन एवं तालिम प्राप्त भन्ते(भिक्षु)हरूसँग संगत भएपछि लंकाको बारेमा अरु ज्ञान थपियो । अध्ययनार्थ ३ वर्षको भारत प्रवास कालमा त झन श्रीलंकाकै गुरु भिक्षु संघरत्नको छत्रछायामा श्रीलंका कै विहारमा बस्दा तीर्थयात्रा गर्न आउने धेरै श्रीलंकावासीहरूसँग उठबस गर्न पाएको थिएँ ।

पछि केही श्रीलंकावासीसँग मित्रता भएको तथा गुरुको सिफारिशमा श्रीलंकाका एक उदार दाताले चाहिने सम्पूर्ण खर्च ब्यहोर्ने गरी श्रीलंकामा अध्ययनार्थ आउन आमन्त्रण समेत गरेको थियो । त्यसबेला मैले 'म यहाँहरूको देशमा अवश्य नै आउनेछु ।' भनी सो दातालाई जवाब दिएको थिएँ । यो कुरो सन् १९८० तिरको हो । तर जान भने पाएको थिएन । ५ वर्षजति पछि उच्चशिक्षा अध्ययनार्थ थाइल्याण्डमा प्रबन्ध भएपछि आफू अध्ययनमा तल्लीन रहेको तथा कुनै उचित अवस्था पनि आइनपरेकोले श्रीलंकाको भ्रमण गर्नमा अझ ८ वर्ष जतिको ढिलाई हुन गयो । बल्ल सन् १९९३ को १० मार्चको दिन त्यस देशमा पाइला राख्न पाएँ ।

कुनै पूर्वप्रबन्ध त थिएन । २ दिनमा नै टिकट बूक गराई थाइ इण्टरनेशनल एअरवेज्को फ्लाइट नं टी जी ३०७ द्वारा बैकक्बाट कोलम्बोको लागि प्रस्थान गऱ्यौं । हामी थाइ इन्टरनेशनल एअरवेज कम्पनी (Thai International Airways Co. Ltd) का भूतपूर्व निर्देशक श्री प्रसिद्ध रबियब् (Mr. Prasit Rabieg) तथा उनका सचिव उपासिका सुरतना (Upasika Suratna) सँगै थिए । जहाजमा जल वितरण प्रणालीमा केही गडबडी रहेकोले जहाज १ घण्टाजति अबेर उड्यो । तीन घण्टाजति उडेर स्थानीय समय अनुसार दिउँसोको १.४५ बजे कोलम्बो पुग्यौं । त्यहाँको समय हाम्रो नेपालको भन्दा १० मिनेट ढिलो छ ।

कोलम्बोमा हामी थाइ इन्टरनेशनल कम्पनीका वर्तमान् प्रमुख लेखाधिकारी श्री सायङसवाङ् Mr. Sangs Sawang को आतिथ्यमा वहाँको निवासस्थान रस्मीद प्लेस कोलम्बो-७ मा बस्यौं । महिनाको रु. ४५,०००।०० (पैंतालिस हजार) बहाल पर्ने सो घरको प्रबन्ध राम्रो थियो । ठाउँ पनि प्रशस्त थियो । खाना पनि उपासिका सुरतना पकाउँथिन् । मैले दान लिएर खाए पुग्ने सुविधा थियो ।

श्रीलंकाको भौगोलिक परिचय

दुई दिन कोलम्बो शहरको दर्शनपछि एउटा एअर कन्डिशन भएको भ्यान प्रति कि.मी. रु. ११ को दरले भाडामा लिई कोलम्बो बाहिर घुम्यौं । यसबाट हामीले पुगनपुग १,००० कि.मी. दूरी पार गऱ्यौं । यति घुम्दाखेरी देखिए सुनिए तथा अनुभव गरिएका केही उल्लेखनीय कुराहरू छन् । यसमा विशेष गरी यहाँका

भूदृश्य, इतिहास प्रसिद्ध मुख्य-मुख्य दर्शनीय स्थलहरू तथा सभ्यताका बारेमा केही उल्लेख गर्दछु ।

श्रीलंका विशाल हिन्द महासागरमा शालको एक ठाडो पात आकारको द्वीप हो । यसको उत्तरमा भारत छ भने उत्तरपूर्वमा बंगालको खाडी तथा म्यानमारको खाडी रहेको छ । भूदृश्य हेर्ने उद्देश्यले हवाइजहाजको झ्यालबाट ध्यान दिएर हेर्दै गएको त हो । तर बादलले छोपिएकोले केही देखिन्दैनथ्यो । ल्याण्डिङ् गर्नको लागि धावनमार्गतिर जाँदा मात्र वरपरको भूदृश्य देखियो । समथर जमीन, नरिवल तथा अन्य बालीनालीले छोपिएको नीलो देखिन्थ्यो । बाँझो जमीन कतै देखिंदैन । यो निक्कै ठूलो फाँटमा प्राकृतिक तथा मानवनिर्मित जलाशयहरू घामले टल्कंथ्यो । सडकहरू धर्सो-धर्सो झैं देखिन्थ्यो । विमानस्थलबाट कोलम्बो शहर पुग्ने नरिवल घारीको बीचोबीच गएको २५ कि.मी. लामो सडक मनोरम देखिन्छ । त्यसका छेउछाउमा घरहरू बाकस वा सन्दूक झै देखियो ।

श्रीलंकाको दक्षिणमा रहेको अर्को एउटा शहर कलुटरतिर जाँदा समुद्र प्रशस्त देखियो (११ मार्च) । कोलम्बोदेखि नै सडक समुद्रको किनारै किनार हुँदै बनाइएको छ । शायद यो अधिकांश समुद्री किनार जलविहार गर्न योग्य स्थान होइन । त्यसैले पर्यटकहरूको घुइँचो यहाँ देखिन । कोलम्बोको गाल रोड स्थित समुद्री किनारमा भने साँझतिर स्थानीय वासिन्दाहरू कै भीड लागेको देखें । समुद्रमा आँखाले भ्याएसम्म पानीपानी मात्र देखिन्थ्यो । परदेखि अनवरत लहर उठी किनारमा ओइरो लाग्ने तथा एकै छिनमा पर सरेर जाने दृश्य भने सबै समुद्री छेउको ठाउँमा समान थिए । चट्टानहरूमा

पानी ठक्कर खाइ छचल्किने दृश्य पनि बडो रमाइलो लाग्छ ।

कोलम्बो शहरबाट केही कि.मी. उत्तरपूर्व लाग्नेबित्तिकै फाटटफूटट डाँडाहरू देखिन थाल्यो । यही अवस्था २०० कि.मी. परको अनुराधपुर भन्ने शहरसम्म नै थियो । यहाँबाट मिहिन्तले, पोलन्नरुव, नुवरइलिय जाँदा राम्रो पहाडी भूदृश्य देखें । बीचमा पर्ने मिस्सुक तथा सीगिरिय भन्ने इतिहास प्रसिद्ध पहाडहरूमा चुलीसम्म नै चढें । यसमा श्रीपाद भन्ने अति लोकप्रिय तीर्थ पहाड पनि खूब मेहनत गरी चढें । श्रीलंकाको मध्यभागमा पर्ने क्याण्डी शहर पनि पहाडी प्रदेश हो ।

क्याण्डी शहर नजिकको गम्पोल शहरबाट नुवरइलिय जाने बाटोको दुबै छेउमा चियाबगानहरू छन् । गलैंचा विछ्याइएको झैं चट्ट मिलेको हरियो चियाबारीको दृश्य मनोरम लाग्यो । बारीमा छहारीको लागी बीचबीचमा लहरै लहरेपीपल तथा अन्य वृक्षहरू रोपिएका थिए । चियाबारी समुद्री तहदेखि ४,००० फूट उँचाईदेखि माथि लगाईन्छ । जाँदाजाँदै हामीकहाँ धान रोप्दा वा बाली काट्दा झैं लहरै उभिई चियापात टिप्दै बोरा अथवा डोकोमा हाल्नमा मग्न बालाहरू पनि ठाउँ ठाउँमा देखिए ।

साँघुरो सडक, टलक्क टल्कने जस्ताले छाइएका पक्की घरहरू अनि डाँडाका डाँडा चिया बगान । अझ त्यस माथी तातो घाम, चीसो हावाले जिउमा स्पर्श गर्दा त्यस्तै ठाउँ ठाउँमा झरना, चिया प्रशोधन केन्द्रहरू टाटा मिनीबसहरूको बाहुल्यताले गर्दा दार्जिलिङ्को भ्रमण गरीरहेको झै लाग्थ्यो ।

श्रीलंकाको हावापानी सामान्यतः काठमाडौंको भन्दा न्यानो तर तराईको भन्दा शीतल छ । कोलम्बोमा साधारण धाराको पानीले नुहाउनु प्रीतिकर हुन्छ । नुवरइलिय यहाँको सबभन्दा जाडो ठाउँमा भने तातो पानीकै खोजी हुन्छ । दिउँसो घाम पोल्ने भए पनि हावा भने चीसो छ । बिहान र बेलुका हातखुट्टा केही कथ्यांग्रिन्छ । शहर अवलोकन गर्न हिँड्दा केही जाडो नै अनुभव भयो । मौसमको तापक्रम ५-७ से.ग्रे. सम्म झर्छ, भन्छन् । श्रीलंकाको सर्वोच्च शिखर पिटुरतलागल (Pidurtalagala) समुद्री सतहदेखि ८,००० फूट अग्लाईको यहीं छ । यो शहरबाटै देखिन्छ ।

गम्पोल तथा श्रीपाद आउँदा-जाँदा बाटोमा रबरका घारीहरू देखियो । ३०-४० फूट जति अग्ला रुखहरू नै रबडका रुख हुन् । यसको बोक्रो काटी घाउ पार्दा त्यहाँबाट च्यापच्याप्टी तरल पदार्थ झर्छ । यसैलाई स्यानो भाँडो, यहाँ खासगरी नरिबलको बोक्रोको बटुको झुण्ड्याई थापी राख्छन् । दिनको एकचोटी यी भाँडाहरूबाट रबड झोल जम्मा पारी कारखानामा पठाई प्रशोधन गरिन्छ । यसो हेर्दा यी रबडका डल्लाहरू चामलको पीठो मुछिएको झैं सेता देखिन्छन् । यहाँ काजु तथा नरिवलका घारी पनि प्रशस्त छन् । सडकको छेउछेउमा उभिई गाडीहरूलाई रोक्न लगाई महँगो मूल्यमा काजु बेच्न प्रतियोगिता गर्ने ललनाहरूको चर्तिकला पनि गम्पोलबाट कोलम्बो आउँदा देखें ।

श्रीलंकामा त्यत्तिका ठूला परिमाणमा नरिवलको खेति गरिनुको एउटा कारण यहाँका जनताको नरिवल प्रियता नै हो । अथवा भनौं, नरिवलको बढी उत्पादनले यहाँका बासिन्दाहरूलाई नरिवल प्रिय बनाईदियो । देश

भित्र नै यसको ठूलो माँग छ । यहाँका नगदेबालीको रूपमा निर्यात गरिनेमा नरिवल बाहेक चिया तथा रबड पनि पर्दछन् ।

श्रीलंका भ्रमणको आफ्नो उद्देश्य अनुरूप यहाँका केही महत्वपूर्ण ऐतिहासिक स्थानहरूको दर्शन भ्रमण गर्‍यौं । तिनको ऐतिहासिक पृष्ठभूमिका साथ केही उल्लेख गर्दछु ।

श्रीलंकाको ऐतिहासिक पृष्ठभूमि

श्रीलंकामा वेद्दा भनिने पुराना वासिन्दाहरू छन् । यिनीहरूलाई कसैले दक्षिण भारतबाट र कसैले मलायाबाट आएका हुन्, भन्छन् । यिनीहरूको इतिहास अज्ञात छ । यहाँका वासिन्दाहरूमा ७० प्रतिशत हुने सिंहली जाति भने बंगालको खाडीबाट इसवीपूर्व ५ औं शताब्दीमा आएको हो भनिन्छ । यहाँका २० प्रतिशत वासिन्दा हुने तामिलहरू इसवीपूर्व दोश्रो शताब्दीदेखि दक्षिण भारतबाट आउन थालेका हुन् ।

हामीकहाँ प्रचलित कुरो, सत्ययुगको सीतापति श्रीरामले श्रीलंकामा (यो देशमा) कुनै आक्रमण गरेको वा आएको भन्ने कुरो यहाँ प्रसिद्ध छैन । पाँच-दश हजार पुरानो मानव सभ्यताको कुनै चिनो पनि यहाँ भेटिएको छैन । रावणको भाइ भनिने विभीषणको पूजा अर्चना गर्ने चलन छ भनी नेपाली धर्मबन्धु भिक्षु दीपंकरज्यूबाट सुनें । तर यो चलन कति पुरानो तथा व्यापक छ, थाहा भएन ।

बरु श्रीलंकाका वासिन्दाहरूले आफ्नो धार्मिक-परम्परा अनुरूप हाम्रै नेपालमा जन्मेका शाक्यमुनि

गौतम बुद्ध भने तीन पटक यहाँ आएका थिए, भनी विश्वास गर्छन् । पहिलोबार यहाँको उत्तरी प्रदेश जाफ्नाको नागद्वीपमा आई बुद्धले राक्षसहरूलाई शान्त पारेको, दोश्रोबार कोलम्बो शहर कै केलनीय भन्ने स्थानमा आई लडाँई साम्य पारेको तथा तेश्रोबार श्रीपाद भन्ने स्थानमा आई धर्म प्रचार गरेका थिए, भन्छन् । यो कुरो हाम्रो काठमाडौं उपत्यकामा सप्तबुद्धहरू विपश्वी, शिखि, वेश्वभू, ककुच्छन्द, कोणागमन, काश्यप तथा गौतम बुद्धहरू आए, भनिए जस्तै होला । तर पनि यहाँ यो विश्वासका चिन्हहरू ठाउँ ठाउँमा भेटिन्छन् । मार्च ११ मा कोलम्बोको केलनीय तथा मार्च २५ तारिखका दिन श्रीपाद दर्शन गरेका थियौं । यी दुबै ठाउँमा बुद्धको आगमन स्मरण गराउने बुद्धका पदचिन्ह अंकित छन् । केलनीयस्थित राजमहाविहारमा यसका भित्ते चित्रहरू पनि छन् ।

आख्यानहरूलाई छोडेर इतिहासतिर मात्र लाग्ने हो भने देखि ईसापूर्व छैठौं शताब्दीदेखि इतिहास स्पष्टिन थाल्दछ । श्रीलंकाको महावंश तथा दीपवंशहरूमा उल्लेख भए अनुसार इसवीपूर्व तेश्रो शताब्दीमा भारतका प्रसिद्ध सम्राट अशोकका पुत्र भिक्षुचर्या लिई यहाँ धर्म प्रचारार्थ आई अनुराधपुरका तिस्स भन्ने राजालाई दीक्षित गरेको तथा त्यस बेलादेखि बुद्धधर्म यहाँको प्रमुखतम धर्म रहीआएकोलाई नकार्न सकिंदैन ।

हामी श्रीलंका भ्रमणमा जाँदा बौद्ध सभ्यता सम्बन्धी तथा इतिहास सम्बन्धी भव्य भव्य पुरातात्त्विक स्थानहरू देख्यौं । हेर यो पीपलको वृक्षलाई साह्रै गौरव गरी सुनको जलप भएको बारले घेरीराखेको छ । यो वृक्ष भारतका सम्राट अशोककी छोरी तथा श्रीलंकामा

धर्मप्रचार गर्न आएका भिक्षु महानुभाव महेन्द्र महास्थविरकी बहिनी भिक्षुणी संघमित्राले ईसापूर्व तेश्रो शताब्दीमा बुद्धगयाको बोधिवृक्षको एउटा शाखा लगेर रोपेकी थिइन् ।

बोधिवृक्ष कै छेउमा रहेको रत्नमाली चैत्य विश्वमै विशालतम् स्तूपहरूमा गणना हुन्छ । यसको अनुमानित घेरा ७०० फूट तथा उँचाई २५० फूटको छ । कुनै गोलो घण्टा घोप्ट्याइएको जस्तो देखिने सेतोपोतिएको यो स्तूप सामान्य ढुङ्गा तथा ईंटाबाट निर्मित भएको हो । कलाकृतिको दृष्टिले प्रारम्भिक देखिए पनि यसको निर्माणमा लाग्ने प्रविधि, शीप, कौशल्यता तथा दाताहरूको उदारता यो स्तपूलाई देखेपछि प्रशंसा नगरी बस्न सकिंदैन । यसैलाई स्वर्णमाली स्तूप पनि भनिन्छ । स्तूपलाई यहाँ धातुगब्ध भनिन्छ । यसको अर्थ, धातु (बुद्धको अस्थिधातु) राखिने गर्भ अर्थात् ठाउँ । यही शब्द अपभ्रंश भएर अंग्रेजीमा Dagoba भयो । यस्ता दगोबाहरू यहाँ धेरै छन् ।

इसवीपूर्व दोश्रो शताब्दीमा (१६१-१३७ इसवीपूर्व) दुट्ठगामिनी राजाले बनाउन लगाएको तर पूर्ण भएको भने हेर्न नपाएको रुवनवेली चैत्य तथा राजा बलगमबाहुद्वारा इसवीको प्रथम शताब्दीमा निर्मित अभयगिरी चैत्य यही अनुराधपुरको पुरातात्विक क्षेत्रभित्र छन् । तिस्स राजाले श्रीलंका प्रथम हुनेगरी बनाएको थूपाराम चैत्य पनि यहीं नै छ । चालिस लहरमा १६०० खम्भाहरू भएको ९ तल्ले तथा पित्तलको छाना थियो भनिने 'दि ब्राजेन प्यालेस'को छिँडीको अवशेष पनि यहीं नै छ । यसलाई राजा दुट्ठगामिनिले बनाउन लगाएको तर मात्र १५ वर्षपछि नै काष्ठनिर्मित भएकोले आगोद्वारा खरानी हुन गएको

थियो । वर्तमान अवस्थामा देखिने ढुङ्गाका खम्भाहरू राजा पराक्रमबाहु (सन् ११५३-११८६) प्रथमका कीर्तिको अवशेष हो । राजा दुट्ठगामिनीको अर्को कृति मिरिसवती चैत्य भने हेर्न भ्याएन ।

अनुराधपुर श्रीलंकाली सभ्यताको अरुणोदयकाल देखि महत्वपूर्ण स्थान हो । यो स्थान सामाजिक, धार्मिक तथा राजनैतिक अनेक दृष्टिबाट उल्लेखनीय छ । यहीं इसवी पूर्व चौथा शताब्दीमा एक प्रसिद्ध आरोग्यशाला पनि थियो भन्छन् । यहिँको बुद्धदास भन्ने राजाले त्यसैबेला सारार्थसंग्रह नामको एक औषधी उपचार सम्बन्धी पुस्तक पनि लेखेका थिए । यस्ता यस्ता अनेक महत्वपूर्ण स्थानहरूका अवशेषहरू ठूलठूलो फाँटमा फैलिएका छन् ।

अनुराधपुरमा रात काटी भोलीपल्ट बिहान अर्थात् १४ मार्चका दिन पोलोन्नरुवतिर लाग्यौं । बीचमा विजितपुर ग्राम नजिक रहेको औंकन नामको बुद्धमूर्ति दर्शन गऱ्यौं । यो एउटा चट्टानमा निर्मित छ । यसको उँचाई ३९' छ । यो एशियाकै अति सुन्दर बुद्धमूर्तिहरूमा गणना हुन्छ, भनी गाइड बूकमा लेखिएको छ । अर्को ३९'३" अग्लो सस्सेरुव नामको बुद्धमूर्ति पनि छ, भनी लेखिएको भएतापनि दर्शन गर्न जान भने भ्याएन ।

श्रीलंकाको ऐतिहासिक तथा धेरै पुरावशेषहरू उपलब्ध भएका स्थानहरूमा पोलोन्नरुव प्रमुख हो । इसवीको सातौं शताब्दीमा सामरिक कारणले गर्दा अस्थाई रूपले सैनिक कामकाज अनुराधपुरबाट यहाँ सारिएको थियो । यसलाई पछिका शासकहरूबाट पनि निरन्तररूपले चलाई नै रहे । ११ औं शताब्दीमा दक्षिण भारतको चोल शासकको आक्रमणले अनुराधपुर

विस्थापित गरेपछि यो स्थान राजधानी बन्यो, जुन १३ औं शताब्दीसम्म रह्यो । यो दुई शय वर्षको अवधिमा सबभन्दा बढी उल्लेखनीय व्यक्तित्व यस राजधानीका निर्माता राजा पराक्रमबाहु महान् हुन् । यहाँ तथा यसका छेउछाउमा देखिने अधिकांश वास्तुकलाका पुरावशेषहरू यिनकै कृति हुन् । यिनले २० वर्षमात्र राज्य गरेको भएता पनि यिनी विचारक, विद्वान एवं वीर हुनाले श्रीलंकावासीहरू बडो गर्वकासाथ यिनको नाम लिन्छन् । यिनको एउटा भव्य शिलामय मूर्ति यहाँ छ । यिनले बनाउन लगाएका वास्तुकलाहरूमा भारतीय (विशेष गरी तामिल) प्रभाव स्पष्ट देखिनुको कारण यिनी तामिल रक्तज भएकोले हो । तर पनि यिनले सिंहलीहरूको सभ्यताको जरो बुद्धधर्मलाई अङ्गाली त्यसको उन्नति गर्नाले श्रीलंकाले एकीकरणमा सफलता पनि पाए ।

पोलन्नरुवको इतिहासमा निस्संक मल्ल नामका राजाको पनि उल्लेख छ । जसको शिलालेखले यहाँको इतिहासमा प्रकाश पारेको छ । यहाँनिर एउटा प्रश्न मेरो मनमा उठ्यो । के यिनी हाम्रा नेपालका वा भारतका मल्लहरूसँग कुनै सम्बन्धित छन् ? जे होस् यी दुबै राजाहरूका अनेक कृतिहरू यहाँ छन् । हामीले हेरेकोमा पोलन्नरुवको एउटै चट्टानमा निर्मित २५-२५ फूट अग्ला ४ वटा बुद्धमूर्तिहरू, गल विहारमा स्थित छ । वतदग भन्ने हाम्रो स्वयम्भू जत्रो नै तर भित्रको जम्मै गर्भमा घाम लाग्ने गरी क्षत अवस्थामा परेको स्तूप छ । यसको तल्लो तल्लामा भएका बुट्टाहरू भने सुरक्षित तथा स्पष्ट नै रहेको छन् । यो स्तूप बुद्धका अस्तिधातु राखिने ठाउँ हो, भन्छन् ।

पोलन्नरुव मै एउटा अर्को विशाल स्तूप छ । यो ईंटै ईटाले निर्मित स्तूपलाई अन्य स्तूपलाई झैं मैले आफ्नो पाइलाले नापेर ५०० फूट जति घेराको हुनुपर्छ भनी थम्याएको छु । घेराको एकतिहाई मात्र लिए पनि १६५ फूट अग्लो हुन्छ । यसो भनेको मतलब हाम्रो नेपालमा भएका सम्पूर्ण वास्तुकला युक्त चैत्यभन्दा पनि अग्लो छ यो !

पोलन्नरुवका आकर्षक स्थलहरूमा राजा पराक्रमबाहु समुद्र नामको कृतिम ताल पनि एउटा हो । यो ६,००० एकड क्षेत्रफल तथा ८½ माइल घेराको छ । पानीको गहिराई सालाखाला ४० फूटको छ । यो तथा अरु अरु पनि जलाशयहरूको आधारमा सुक्खा मौसममा पनि कृषि उत्पादन गर्न मद्दत पुऱ्याएको हुँदा प्राचीन कालमा यो ठाउँ धान निर्यातक प्रदेश भनी शिलालेखमा उल्लिखित छ, भन्छन् । यो जलाशयका निर्माता राजा पराक्रमबाहुको हुकुम छ : –

"Not even a little water that comes from rain must flow into the Ocean without being made useful to man." अर्थात् “आकाशबाट वर्षने अलिकति पानी पनि मानवलाई उपयोगी नबनाइकन समुद्रमा बगेर जानदिनु हुन्न ।”

कोलम्बो संग्रहालयमा भएका अनेक पुरातात्त्विक अवशेष मूर्तिहरू तथा अन्य ऐतिहासिक दृष्टिले महत्वपूर्ण कुराहरूमा पोलोन्नरुवबाट पाइएका सामग्रीहरूको नै बाहुल्यता देखिन्छ ।

आजको अर्थात् १४ मार्चको गन्तब्यस्थान क्याण्डी शहर हो । बीच बाटोमा कयौं दर्शनीय स्थानहरूको दर्शन तथा भ्रमण गर्‍यौं । ती हुन् –

मिहिन्तलेको मिस्सुक पर्वतमा भारतका सम्राट अशोकका पुत्र भिक्षु भई श्रीलंकामा धर्म प्रचार गर्न आउँदा तत्कालीन (इसवीपूर्व तेश्रो शताब्दीमा) अनुराधपुरका राजा तिस्सलाई बुद्धधर्ममा दीक्षित गरेका थिए । यसको टुप्पामा चढ्दा केही रोमाञ्च भएता पनि माथि पुगेपछि भने उल्लासमय भूदृश्य देखिन्छ । सँगै आएका बुढापाकाहरू भने चढेनन् । यसकै छेउमा बनेको एउटा स्तूप ४०० फूट घेराको तथा १३० फूट अग्लो छ । त्यस्तै एक अग्लो बुद्धमूर्ति पनि देखिन्छ ।

पोलोन्नरुवबाट ६० कि.मी. पर अति उत्सुकता जगाउने खालको एउटा चट्टान छ । पहिले यो एउटा दुर्ग थियो । पाँचौ शताब्दीमा तामिलहरूको आक्रमण हुँदा धातुसेनलाई सिंहलीनेता चुनेका थिए । पछि राजा बनाइए । यिनले आफ्ना बहिनीको हत्या गर्न लगाएकोले सेनापति रहेका भाञ्जाले राजकुमारहरूसँग बद्ला लिन खोजे । उनले नै उक्साएर कस्सप भन्ने मथ्याहा राजकुमारबाट राजाको हत्या गर्न लगाए । थ्याहा राजकुमार मोग्गल्लानले प्रत्याक्रमण गर्ने विचार लिई दक्षिण भारतमा शरण लिए ।

राजा कस्सपले नयाँ राजधानी तथा किल्ला यही सीगिरिय चट्टानमाथि बनाएका थिए । यसमाथि चढ्ने द्वार ठूलो सिंहको आकृतिको थियो । यसको मुखबाट आवत जावत हुन्थ्यो । यसैले सिंहको घाँटी भन्ने अर्थमा सीगिरिय नाम रहेको हो, भन्छन् । जमीनदेखि १८३ मीटर अग्लो चट्टानमाथि विशाल भवनहरूका अवशेष

बाँकी छन् । पानी जम्मा पारिएका पोखरीहरू पनि छन् । सन् ४९१ मा मोग्गल्लान राजकुमारको आक्रमण सामना गर्न गएका कस्सप राजाको हात्ति अचानक पछाडि मुडी दिनाले साथमा आएका सैनिकहरू भागाभाग भयो । राजा कस्सपले आत्महत्या गरे । यत्रो ठूलो किल्लाले पनि केही लागेन । "जीतको हार, जन्मको मरण आवश्यम्भावी छ" भन्ने बुद्धवचन याद आउँछ ।

सो सीगिरिय चट्टानमा रहेको गुफामा विश्वविख्यात चित्रहरू छन् । कोही यो चित्रलाई अप्सराहरूका आकृति हो भन्छन् र कोही विहारमा बुद्धको पूजा गर्न गई रहेका र निवासका आइमाईहरू हुन् भन्छन् । हुन पनि यिनीहरूको भावभंगीमा श्रीलंकालीहरूको पूजा गर्दाका जस्तो नै देखिन्छन् । यस्तै ढङ्गले फूलहरूबाट सजाईएको थाल बुद्धमूर्ति सम्मुख चढाउने चलन अझै विहारहरूमा जताततै छन् ।

अरु स्थानहरूमा भन्दा यहाँ सीगिरियमा दर्शकहरूको विशेष भीड थियो । त्यस्तै बाटो साँघुरो तथा असजिलो थियो । भऱ्याङ चढ्नु पर्थ्यो । गाडी ठड्याएर हतार हतार गएर फर्कदा पनि एक घन्टा त लागीहाल्यो । नचढ्नेहरू हामीलाई पर्खनुपर्दा झिँजो मानिरहेका थिए । यसबाट यात्रामा एउटै रुचि र विचारका सहयात्री भएमा मात्र रमाइलो हुने अनुभव पनि भयो ।

क्याण्डी पुग्न २ घण्टाजति अगावै बाटामा पर्ने अलु विहार हेर्न गयौं । भनिन्छ, इसवीको पाँचौ शताब्दीमा यहाँ भारतका प्रसिद्ध आचार्य भिक्षु बुद्धघोष बसेर त्रिपिटक अध्ययन गरेका थिए । पछि उनि त्रिपिटकका उत्कृष्ट अर्थकथाचार्य भएकाले उनको नाम

बौद्ध जगतमा विशेष गरी थेरवादी विद्वानहरूका बीचमा अति आदरकासाथ स्मरण गरिन्छ । अहिले हामीले पाई आएका त्रिपिटकका अर्थकथा (भाष्य, टीका) हरूमा लगभग आधा उनकै कृतिहरू छन् । यहाँको गुफामा उनी आचार्यको सामर्थ्य तथा योग्यता जाँच्न विहारका स्थविर भिक्षुले उनलाई ब्याख्यान तथा जवाब लेख्न एक प्रश्न दिनु भएको आकृति पनि बनाइएको छ । यसको एउटा भित्तेचित्र कोलम्बोको केलनीय राजमहाविहारमा पनि देखेको छु । यो विहारमा अझै ताडपत्रमा लिखित त्रिपिटक प्रदर्शन गरी राखिएको छ । हामीले पनि बुद्धगुण लेखिएको एक एक ताडपत्र पायौं ।

क्याण्डीस्थित प्रसिद्ध दन्तधातु दर्शन गर्न १५ मार्चको बिहान ५ बजे विहार पुग्यौं । दन्तधातु भनेको बुद्धको दाँत हो । त्यसलाई वर्षको एकचोटी जात्राको लागि मात्र निकालिने गर्दो रहेछ । सार्वजनिक प्रदर्शनी पनि त्यही दिनमा मात्र गरिंदो रहेछ । तर बाहिरबाट भए पनि दर्शन गर्न भक्तहरू दिनानुदिन विहारमा आउँदा रहेछन् । हामीले भने विशेष पर्मिशन लिएर भित्र नै गई दर्शन गर्‍यौं । दन्तधातु नै त होइन त्यो राखिएको सूनको ३ फूट जति अग्लो चैत्य मात्र दर्शन पायौं । भक्तहरूले चढाईराखेका सूनका प्रशस्त गहना पनि देख्यौं ।

विहारका भित्रका ढोका तथा खापाहरू चाँदी तथा ताँबाका छन् ।

क्याण्डीबाट हामी नुवरइलियको लागि प्रस्थान गऱ्यौं । नुवरइलियमा हाम्रो गोदावरी जस्तो बोटानिकल गार्डेनमा यूरोप अमेरिकादेखि ल्याइएका शयौं वर्ष पुराना रुखहरू साह्रै ठूलठूला भएका थिए । यहाँको शीतल हावापानी गर्मीयामको लागि सुखद् छ । यहाँ एउटा रेस्ट हाउसमा रात काटेर १६ मार्चमा दिउँसो २ बजे कोलम्बो आइपुग्यौं ।

श्रीलंकाको ऐतिहासिक तथा पुरातात्विक स्थानहरूको बयान गरीसकेको छु । अब केही यहाँका वासिन्दाहरूको रुचि, रहन सहन तथा विधि व्यवहारको बारेमा उल्लेख गर्नेछु ।

श्रीलंकाको सभ्यता

श्रीलंकाका निवासी एक किसिमले हाम्रा तराईवासी जस्ता छन् । यिनीहरू ऐतिहासिक रूपले बंगालबाट आएका हुन् भनिएको कुरो माथी उल्लेख गरीसकेको छु । बरु धोतिको सत्ता लुङ्गी, कोही कोही रङ्गीचङ्गी नत्र सेतै लाउने र हाम्रा तराईवासी जस्तै लाउनका हुन् । कद पनि उस्तै, भाषा पनि उस्तै, खान्छन्, पनि उस्तै, धर्म संस्कृति बुद्धधर्मका छन् ।

श्रीलंकावासीहरूमा आधुनिक भनिने पश्चिमी सभ्यताका अनुयायी केही शहरिया तथा युवाहरू अपवाद हुन् । विद्यार्थीहरूका युनिफर्म सेतो पाईट तथा कमीज प्रचलित देखें । केटीहरूमा पनि अन्य धेरै प्रकारका पश्चिमेली पहिरनहरू चलेका छन् । आईमाईहरूमा शहरी भारतीय तथा श्रीलंकाली गरी दुबै ढङ्गले सारी लगाउने प्रचलन देखें । नुवरइलिय भन्ने जाडो प्रदेशमा

साधारण पहिरनमाथि स्वीटर एउटा थप्ने चलन देख्दा नेपाल कै पोखरा शहरमा हिँडी रहेको भैं लाग्छ ।

खाना पनि हामीकहाँ जस्तै नै हुन् । खास गरी तरकारीहरू भने चर्को गरम मसलाको हुन्छ । दाल समेत तेल खुर्सानीमा खूव खारेर गाढा बनाइन्छ । जुन सुकै तरकारीमा पनि नरिवलको झोल, तेल वा चूर्ण कुनै न कुनै तरिकाले भए पनि मिसाउने यहाँका तरकारीहरूको विशेषता हो । तर पनि खानाको कारणले बर्मा लगायत हाम्रा दक्षिण एशियाका वासिन्दाहरूलाई यहाँ खास कठिनाई हुनेछैन । बाहिर पसलमा खाँदा छाकका रु. ६० देखि १२० सम्म पर्ने गर्छन् । तयार भए जति थोक खानेकुराहरू ल्याई अगाडि राखीदिन्छन् । जति खाए पनि हुन्छ । एक छाकलाई पुग्ने तरकारी तथा दाल सहितको भातको पोको पनि रु. २५/- मा पाइन्छ । रोटीको प्रचलन देखिन्दैन । सिंहलीहरूको मुख्य खाना चामल भने उचित मात्राले स्तरीय नभएको अनुभव भयो । तै पनि सिंहलीहरू खानामा खूब फर्माइसी छन् । यो कुरो मैले मातरमा भोजन खाँदा चाल पाएँ ।

श्रीलंकाको खाना त मैले यसभन्दा १६ वर्ष पहिले नै अर्थात् सन् १९७७-१९८० ताका भारत प्रवास कालमा नै खाई हेरेको हूँ । श्रीलंका आगमनको दोश्रो हप्तादेखि पनि लगातार श्रीलंकाली खाना नै खाएँ । तर ती दैनिक खाना थिए । कोलम्बो बाहिर घुम्न जाँदा रेस्टूरेन्टहरूमा पनि केही भोजकै ढङ्गले खुवाएका थिए । तर त्यति प्रभावशाली थिएन । समय, व्यक्ति र परिस्थिति आदि हरेक दृष्टिबाट मनलाई सन्तुष्ट लाग्ने भोज मातर मै थियो । अतः यसकाबारे केही चर्चा गर्न मन लाग्छ ।

२० मार्चका दिन मेरा मित्रहरू भिक्षु विनीत, कुमारजीव र म श्रीलंकाको दक्षिणी प्रदेश मातर गएका थियौं । त्यहाँ जानुको दुईवटा उद्देश्य थियो; त्यहाँको अग्लो बुद्धमूर्तिका दर्शन गर्नु र त्यहाँ बसेका हाम्रा नेपाली सब्रह्मचारी भिक्षु उपतिस्सज्यूसित भेट गर्नु । हामी उनकै विहार वज्रत्राण धर्मायतन विहारमा बास बस्यौं । उनले हामीलाई बडो स्नेहपूर्वक सबै प्रबन्ध गरी दिए ।

२१ मार्चका दिन दिवा भोजन सकिएपछि मात्र फर्कन आग्रह भएकोले हामी बस्यौं । त्यहाँ धातु जात्रामा आएका भिक्षु महानुभावहरूको सम्मानमा एक दाताले भोजनदान गर्ने भएको रहेछ । ११ बजेतिर मोटरद्वारा दाताले विहारमा लिन आए । जम्मा १८ जना भिक्षु श्रामणेरहरू थिए । मूलदाताले हातमा कलश लिई एक-एक गरी अभ्यागत भिक्षुहरूको पादप्रक्षालन गरे । अर्कोले रुमालले पाउ पोछिदिए । अनि भिक्षुगण बैठकमा पसे । हाम्रा नेवारको भोजमा जस्तै लहरै आसनको रूपमा चकटी विछ्याई माथि सेतो कपडाले छोपेको थियो । भिक्षुगण आसनमा बसीसकेपछि भोजन शुरु भयो ।

सर्वप्रथम भिक्षुहरूलाई हात धुवाए । त्यसपछि बाटुलो गरी काटिएको केराको पातले छोपिएको थाल हरेक भिक्षुलाई दान दिए । यो नेवारको समे झैं लाग्यो । अहिले यो पङ्क्ती लेख्दासम्म याद भएका खानेकुराहरू – सो प्लेटमा उसिनेको आलु टुकडा, बण्डागोभी, बोडी, चाउचाउ थिए । यी हरेक थोक खाना एकै गासमा खान सकिने गरी थोरै परिमाणमा थिए । थालको बीचमा राखी ल्याएको कपमा गेडारहित दालको झोल जस्तो सूप

थियो । यति खाई सकेपछि त्यही थालमा भात थप्न ल्यायो । अनि पन्हि तरकारी र अचारहरू ।

भात सेतो तथा रातो गरी दुई थरीका थिए । रातो भात हामी नेवारको भए हाकुजा जस्तो देखिन्थ्यो । यसलाई श्रीलंकालीहरू उम्दो मान्दछन् । त्यसपछि थरी-थरीका तरकारीहरूको ओइरो लाग्यो । त्यसमा आलू, दाल, बोडी, कटहर, तारिएको काजू सिमी, पापडी, नरिवलको सूप तथा प्याज र गोलभैंडाका सलादहरू पनि थिए । माछा मासुका विभिन्न परिकार अतिरिक्त सुकुटी मासु, प्याज तथा नून हालेर मुछिएको नरिवलचूर्ण जसलाई श्रीलंकालीहरू सम्बोल भन्दछन् पनि थियो । सिंहलीहरू हामीकहाँ गाईको मासु बारे झैं राँगाका मासु बार्दा रहेछन् । किनभने यहाँ राँगाबाट नै बढी कृषिकार्य गराइन्छ । भिक्षुहरू पनि सामान्यतः माछा मासु खान्छन् ।

खाएको थाल छोड्नेबित्तिकै त्यसलाई उठाई लग्छन् । खाँदा थाल काखमा लिई खाने चलन छ । भुईंमा राखेमा खान छोडेको भन्ने हुन्छ रे । खाँदा प्रायशः सबै तहका व्यक्तिहरू हातैले खान्छन् । चम्चाकाटाको प्रयोग देखिन्दैन । आफूलाई भने गत ८ वर्षदेखि बैंककमा बस्दा हातले खाने बानी छुटेकोले केही अप्ठेरो लाग्थ्यो । तर पनि नेपाली नै त हूँ । अरुले झैं मैले पनि हातैले खाएँ ।

लौ ! गुलियोको पालो आईपुग्यो । मझौला रिकापीमा दुइवटा केरा, एक कौर जतिको गुँदपाक, चकलेट रङ्गको केक, एउटा लड्डू, स्यानो मःमः दुइवटा, स्यानो पुवा (माल्पा) राखी ल्याएका थिए । पेट अघि नै भरिसकेकोले केरा मात्र खाएँ । अनि दही आयो । दहीमा

मह तथा सखर थप्न ल्यायो । मैले दुवै मिसाएर खाएँ । मेवा, भुईकटहर, केरा तथा दाख मिसाइएको २-३ कौर जति फलफूलमाथि आइस्क्रीम राखी ल्याएको थियो यो मलाई मन पर्नेमा एक नम्बरको खाना थियो । भोज समाप्तिको प्रतीक गरी चिया तथा कफी ल्याए । तर खानापछि त्यस्तो कुनै चीज खाने बानी नभएकोले त्यो मैले खाइन । नेवारको भोजको बेलामा चुठ्न बाटाको प्रयोग गरिए झैं यहाँ पनि विशेष प्रकारको भाडो नै प्रयोग गरेको देखें ।

दाताको घरमा भोजन सकिएपछि भिक्षुहरूले गर्ने विधिहरू नेपाल कै जस्तो थियो । अर्थात् दान पछि स्यानो प्रवचन, परित्राणपाठ, पुण्यानुमोदन पछि बिदाबाजी गरियो । यी सारा काम आधा घण्टा मै सिद्धिएको थियो । अनि भिक्षुहरूलाई गाडीद्वारा विहारमा पुऱ्याइ दिए । हामीलाई भने कोलम्बो फर्कनु थियो । त्यसैले बीचमै ओर्लेर एअर कण्डिशन भएको मिनिबसमा बसी ६ बजे साँझतिर कोलम्बो आइपुग्यौं ।

आज २१ मार्चकै दिन बिहान जलपान सिधिएपछि वेहेरेन राजमहाविहारमा अवस्थित विशाल बुद्धमूर्ति दर्शन गर्न गएका थियौं । यो स्थान हामी मातरमा बसेको विहारदेखि २ कि.मी. जति पर रहेको छ । यो बुद्धमूर्ति सुन्दर तथा सन्तुलित छ । श्रीलंकाकै परम्परागत ढङ्गले यो मूर्तिको रङ्गरोगन गरिएको छ । मेरो अनुमानमा यो बुद्धमूर्ति ६० फूट जति अग्लो छ । यहीं क्यामरामा रील किनेर केही फोटोहरू पनि खिच्यौं । मूर्तिलाई अडेस दिएर बनाइएको ६ तल्ले भवनको सम्पूर्ण भित्तामा विभिन्न कथा आख्यान, इतिहासमा प्रकाश पार्ने चित्रहरू चित्रित गरिएका छन् । एकजना जापानी दाताको आर्थिक

सहयोगमा मूर्तिलाई घामपानीबाट बचावट गर्न हालसालै छाना छाइएको छ ।

हामी मातर पुगेकै दिनमा बास बसेको विहारमा बुद्धका अस्ति ल्याइ पुऱ्याएका थिए । यो धातु केही दिन अघि श्रीलंकाको कलुटर भन्ने जिल्लामा पाइएकोलाई जात्रा गरी मङ्गल मनाउँदै थिए । हाम्रो बडो सौभाग्य थियो, अचानक बुद्धका अस्तु दर्शन पाइयो । भोली बिहान १० बजेतिर बडो उल्लासपूर्ण रूपमा सांस्कृतिक बाजागाजा तथा नृत्यका साथ अर्को विहारमा पुऱ्याइएको थियो ।

श्रीपाद यात्राको अनुभव

श्रीलंकाको भ्रमणमा आउँदा बडो मेहेनत साथ गरिएको यात्राम: श्रीपादको यात्रा नै भन्नु पर्छ । फेदीसम्म गाडी पुग्ने भएपनि यसको टुप्पामा चढ्न भने हिड्नु बाहेक अरु कुनै उपाय छैन । हामी युवाहरू खूब बल गरी हिड्दा पनि ४ घण्टा त लागी हाल्यो । ओर्लदा भने ३ घण्टामै तल फेदीमा पुगें । यहाँ वर्षातको महीनामा बाहेक बाँकी समयमा सधैं मेला जस्तो नै भइ रहन्छ । यसको उँचाई समुद्र सतह देखि लगभग ७,००० फूट भएको सुनें । यहाँ बुद्धको आगमन भएको थियो भन्ने जनविश्वास छ । कोलम्बोबाट आनाजाना गरी २ रात २ दिन बितेको थियो । अर्थात् मार्चको २३ तारिखमा गई २६ तारिखका दिन फर्केर आयौं । माथि एउटा चट्टानमा श्रीपाद भनी बुद्धको अस्पष्ट त्यस्तै अनुमानित पदचिन्ह छ । टुप्पोबाट हेर्दा सबै पहाडहरू होचा देखिन्थे । तुरन्तातुरन्तै सेतो बादलले छोपिन्दा तलका केही कुरा पनि नदेखिने गरी सेताम्य हुन्छ । मित्र भिक्षु कुमारजीवज्यू तथा म यहाँ २ घण्टाजति बस्यौं ।

यति यात्रा गरीसकेर निकालिएको निचोडको रूपमा केही उल्लेख गर्दछु । एक शताब्दी अघिसम्म राजा तथा राजपरिवारलाई मात्र अनुमति भएको सेतो पोतिएका पक्की घरमा अब लगभग ८०-८५ प्रतिशत श्रीलंकाली जनताले बस्न पाएको छ जस्तो लाग्यो । नरिवल, आँप, केरा र कटहर आदिका घारीभित्र ठिक्क ठिक्क आकारको देखिने पक्की घरहरू नै देख्न पाइन्छ । प्रायः घरहरू बङ्गलो टाइपको एकतल्ले हुन्छन् । घरमा छानाहरू भने जस्तालाई अस्वस्थकर मानिने भएकोले टाइलका नै बढी छन् । सन् २,००० सम्ममा सबैलाई बास भन्ने नारालाई कार्य रूपमा परिणत गर्न ग्रामीण जनताका औकातले भ्याउने खालका घरहरू सरकारले बनाएर वितरण गर्ने व्यवस्था भइरहेको पनि देखें । ठाउँ ठाउँमा सर्वोदयले पनि सरसफाईमा मद्दत गर्दै आएको देखें । श्रीलंकालाई सफा देश मान्नु पर्दछ ।

घर जति स्यानो भए पनि तथा थोत्रो पुरानो नै देखिए पनि कुर्सी र खाटको चलन भने जतातते छ । स्थानीय जनताहरू पनि यात्राप्रिय भएकोले ठाउँ ठाउँमा लज, गेष्टहाउस तथा इन्नहरू प्रशस्त छन् । एक रातको श्रीलंकाली रु. २/३ शय पर्ने (डबल बेडरूम) जताततै पाइन्छ ।

यहाँको संगीत उत्तरी भारतीयहरूको संगीत जस्तो छ । हिन्दी फिल्मी गीतहरू गाएर सुनाउन गर्व मान्ने पठ्ठाहरू पनि भेटें । हिन्दी गीतहरूको सिंहली प्यारोडी गाएको जताततै सुनिन्छ । रेडियो, टिभी र टेपरिकर्ड प्लेयर आदि जम्मैमा त्यस्तै हो । सोझैं टिभीबाट हिन्दी फिल्म प्रसारित भएको पनि सुन्न पाएँ । थाइल्याण्डमा भए भाषा अनुवाद गरेर मात्र प्रसारण

हुन्छ । यस्तै यस्तै कुराहरूले गर्दा श्रीलंकाको भ्रमण उत्तरी भारतको भ्रमण जस्तो लाग्यो ।

कोलम्बोमा यताउता

श्रीलंका गएर पहिलो २ दिन कोलम्बोमा नै यताउता घुमियो । तिनमा केलनीय राजमहाविहार प्राचीन स्थल हो । बुद्ध भगवान् पाल्नु भएको स्थान भनी विश्वास गरिने यो स्थानमा एक चैत्य, धर्मशाला, बोधिवृक्ष तथा एक विहार रहेको छ । विहार भित्र उभेको, लेटेको तथा बसेको गरी तीन शिलामय बुद्धमूर्तिहरू दर्शकहरूलाई बाहिरको गर्मी बिर्साई आनन्द दिने प्रकारका छन् । यहाँ बुद्धधर्मको इतिहास झल्काउने अति राम्रा भित्तेचित्रहरू पनि छन् ।

गंगारामय विहार २ भागमा विभाजित छ । एकमा बुद्ध भगवान तुषित भुवनबाट अवतरण भएको दृश्य बनाइएको छ । अर्को भागमा भिक्षु दीक्षा दिइने काष्ठमय मण्डप (उपोसथागार) पोखरीको बीचमा अवस्थित छ ।

कोलम्बोदेखि ३० कि.मी. दक्षिण कलुटर भन्ने स्थानमा रहेको एक चैत्य बडो विशाल छ । यत्ति ठूलो चैत्य नेपालमा देख्दिन । सडकको किनारैमा अवस्थित यो चैत्यलाई वाहनमा आएका यात्रीहरूले पनि दक्षिणा हुत्याई चढाएर जाने चलन पनि देखें ।

टाउन हल भनिने कोलम्बोको नगरपालिका भवन ठूलो घाँसे मैदानको बीचमा अवस्थित छ । आफू बसेको ठाउँको नजिकै परेको हुँदा कोलम्बो पुगेको दिनमै एक्लै गएर हेरें । पश्चिमेली वास्तुकलाको राम्रो प्रतिनिधित्व

गर्ने यो भवनको गुम्बजमुनि रहेको पर्खालमा IMCMXXVI लेखिएको छ । यसले यो भवन सन् १९२६ मा निर्मित भएको हो भन्ने बुझिन्छ ।

कोलम्बो शहरका विभिन्न ठाउँहरू भिन्नाभिन्नै नामका हुँदा रहेछन् । आफू बसेको बैंकक शहरमा झैं नम्बर राखिएका नहुनाले आउन जान केही कठिनाई भएको अनुभव भयो । मेरा एक परिचितको घर खोज्दै कोलम्बोको नागम रोड, तोतलङ् गएको थिएँ । मद्दत गर्न धर्मबन्धु भिक्षु दीपंकर आउनु भएको थियो । पानी पर्दै थियो । एउटा ट्याम्पू रु. १८० मा रिजर्भ गरेर गएको थिएँ । टेम्पो हुत्तिन्दा बर्षाको पानी भित्र छ्यापिन्थ्यो । मुश्किल नै भयो । केही ठट्टा र हाँसो पनि भयो । रात परिसकेको थियो । ड्राइभरले त हाम्रो भोटाहिटी र असन जस्ता ठाउँ ठाउँमा फोहर थुप्रिएको हिलैहिलो भएको बाटो हुँदै लग्यो । घर ठेगान पत्ता लगाउन पसलेहरूसँग सोधी हेर्दा त्यहीँ नजिकका तेश्रो व्यक्तिले मात्र ठीक बाटो देखाउन सक्यो । यसपछि घर भने क्रमसंख्याबद्ध गरी पाटी टाँसिएको हुनाले हामीले कसैसँग नसोधिकन नै ठम्यायौं ।

कोलम्बो आगमनको एक हप्तापछि थाइ सहयात्रीहरू बैंकक फर्के । म मात्र श्रीपाद जाने मनसायले बैंकक नफर्कुन्जेल वत्तलको माबोल भन्ने स्थानमा रहेको वालुकारामय विहारमा नेपाली सहोदर भिक्षु विनीतज्यूसँग बसेँ । यहींबाट कोलम्बोको चिडियाखाना, महरगमको Buddhist Cultural Centre र म्यूजियम घुम्न गयौं ।

यहाँको म्यूजियममा स्थानीय परम्परागत तथा शाही पोशाकहरू, विभिन्न मुखौटाहरू, बाजा गाजाहरू,

विभिन्न देशबाट प्राप्त सौगातहरू, पुराना शस्त्र-अस्त्रहरू थिए । श्रीलंकाको अन्तिम राजाको भनिएको एउटा सुनको सिंहासन पनि छ । मेरो लागि यहाँ प्रदर्शित पोलोन्नरुवबाट ल्याइ राखिएका पुरातात्त्विक महत्वका मूर्तिहरू नै आकर्षक तथा सन्तोषजनक लाग्यो ।

यहाँको चिडियाखाना पनि हेर्न लायकको छ । यो स्थान प्राणीशास्त्र अध्ययन संस्थान अन्तर्गत रहेको छ । यहाँ रहेका जलचर, थलचर तथा नभचर पशुपंक्षी तथा जनावरहरूलाई दर्शकले सजिलै तथा नजिकै गएर हेर्न सकिने गरी बनाइएको छ । मार्ग संकेत अनुसार गएमा हेर्नुपर्ने कुनै कुरो छुट्‌दैन ।

कोलम्बो बुद्धधर्मको अध्ययन, चिन्तन तथा मनन गरिने महत्वपूर्ण ठाउँ हो । यहाँका कयौं पिरिवेणहरू (विद्यालयहरू) र महरगमको धार्मिक पुस्तक पसल गएर हेरें । उति सस्तो भन्न नमिलेपनि उपलब्ध पुस्तकहरूमा आफूलाई रुच्ने केही पुस्तक लिएर आएँ ।

श्रीलंकामा यातायात

यस्तै घुमफिरको सिलसिलामा देखे सुनेका तथा कल्पेका अरु केही कुराहरू यस प्रकार छन् । कोलम्बोमा बढी से बढी ६ लेन चौडा सडकहरू देखें । यहाँ गुड्ने हेभी गाडीहरूमा भारतको टाटा तथा श्रीलंकामै जोरजाम गरिएका भनिएका लंका अशोक लेलाण्ड बस, ट्रक र मिनिबसहरूको बाहुल्यता छ । त्यस्तै साना गाडीहरू अनेक जापानी कम्पनीका देखें । मोलतोल भाडामा चल्ने बजाज ट्याम्पूहरू यहाँ बहुप्रचलित ट्याक्सी हो । यसमा प्रति कि.मी. रु. ११ जति भाडा लाग्छ । नगर भित्रका लोकल बसहरूमा प्रति कि.मी. ०।५० सेंट लाग्दछ ।

त्यस्तै रेलको सेवा पनि सुपथ मूल्यमा उपलब्ध छ । लंगरुटका गाडीमा पनि त्यत्ति कै लागेको तथा एअर कण्डिशन भएको गाडीमा रु. २ प्रति कि.मी. लागेको अनुमान भयो । तर आफूलाई फुर्सदले भ्याएको अवस्थामा मात्र यी गाडीहरू चढेर हिँड्न मिल्छ । नत्र जति महङ्गो भए पनि समयको अभावको अवस्थामा ट्याक्सी कै शरण लिनु पर्ने कुरो विदेश भ्रमण गरेका हरेकले अनुभव गरेकै हुन्छ । बसहरूमा जति भीड भएता पनि भिक्षुहरूलाई भने सीट छोडिदिँदा रहेछन् ।

कोलम्बोमा ACE RADIO CAB सेवा उपलब्ध छ भनी विज्ञापन पढें । अनुभवको लागि भनेर चढी हेरें । यो हाम्रो काठमाडौंमा भए मीटरवाला ट्याक्सी जस्तै हो । यसको विशषता यो हो कि कोलम्बो शहरभित्र ग्राहकले आफु बसेको ठाउँबाट नै यसको केन्द्रमा फोन गरेर यसलाई बोलाउन सकिन्छ । केन्द्रले आफ्ना ट्याक्सीहरूलाई बेतारद्वारा सूचना पठाउँछ । सबैभन्दा नजिक परेको तथा जान सक्ने ट्याक्सीले म जान्छु भनी बेतारद्वारा नै जिम्मा लिएर ग्राहककहाँ आउँदा रहेछन् । अनि ग्राहकले भनेको ठाउँमा पुऱ्याई दिँदा रहेछन् । यसको न्यूनतम् भाडा रु. २८ भनि लेखिएको छ । अर्थात् टेम्पूको भन्दा दोब्बर भाडा लाग्दछ । यी ट्याक्सीहरूमा जडान गरिएका बेतारको महशूल महिनाको रु. २,५००/– पर्दो रहेछ ।

कोलम्बोको सबभन्दा चल्ती ठाउँ समुद्री किनारमा अवस्थित छ । यही स्थान राजधानीको मात्र होइन, बल्की सम्पूर्ण देशकै मुटु झैं छ । मन्त्रालयहरू, राष्ट्रपति भवन, यापारिक संघसंस्था, बैंकहरू, बडाबडा होटलहरू, डिपार्टमेन्ट स्टोरहरू, सुपरमार्केटहरू यहीं नै

केन्द्रित छन् । यातायातका साधनहरूको जक्सन पनि यहीं छ । श्रीलंका ब्रोडकास्टिङ्ग कर्पोरिशनको रेडियो स्टेशन पनि यहीं छ। फोर्ट, गालफेस रोड र गाल भनिने यी स्थानहरू काठमाडौंमा भए सिंहदरवार, रत्नपार्क, दरवारमार्ग जस्ता हुन् । यस स्थानको पश्चिमी छेउ समुद्रसँग जोडिएको छ । यो समुद्री किनारमा डुल्न र आराम गर्न आउने युवा-युवतीहरूको घुईंचो पनि यस्तै काम धाममा आउँदा जाँदा वरबाटै देखें । आफू भिक्षु भएकोले हुलमूलमा जान उचित नठानी गइन ।

नेपाली भिक्षुहरूलाई भेट्ने इच्छा भएकोले ३१ मार्चका दिन दिवाभोजनको आयोजना गरी निमन्त्रणा गरें । जम्मा १५ जना भिक्षु र श्रामणेरहरू तथा २ जना अनागारिकाहरू जम्मा भए । सन्तोष लाग्यो । श्रीलंकामा लगभग ४० जना जति नेपाली भिक्षु र श्रामणेरहरू बस्दछन् । त्यसमध्ये धेरै जसो अध्ययन मै लागेका छन् । केही अध्यापनमा लागेकाहरू पनि छन् ।

यसरी धेरै नयाँ अनुभवहरू संगाल्दै यो नयाँ ठाउँ श्रीलंका भ्रमण र यात्रा मैले २ अप्रैलका दिन TG 308 बाट बैंकक प्रस्थान गरी श्रीलंका यात्रा समाप्त गरें ।

साथैं यो श्रीलंकाको यात्रामा सम्पूर्ण खर्च थाईल्याण्डका महाराजा भूमिबल अढुल्यदेज तथा महारानी सिरिकित्तिबाट प्रदत्त दक्षिणाबाट गरेको हूँ । तसर्थ बुद्ध धर्म तथा संघको प्रतापबाट मौसूफहरूको चिरायु तथा सुस्वास्थ्यको कामना गर्दै म यो श्रीलंका यात्राको वृत्तान्त ५नि यहीं टुँग्याउँछु ।

चीवर : प्रव्रजित जीवनया आधार अले थाईलैण्डया सहयोग

बैंकक एअरपोर्टं वात्‌बोवोरनिवेस विहार वनेत वना च्वनाबले वायन मोटरय्‌ एअर-पोर्ट बिज्याना जित का:बिज्या:म्ह सुगन्ध भन्तेयात नेपालं बियाह:गु पौ छपँ ल्हातय्‌ ल:ल्हाना । म्हुतुं नं नेपालं वये त्ययेका त:धीम्ह भन्तेयाथाय्‌ बिदा का: वनाबले अक्षय तृतीय कुन्हु जुइगु ८६ म्ह श्रद्धालुपिनि सामूहिक प्रव्रज्याया निंतिं मा:गु चीवर थथें थथें याकनं याकनं छ्वया हिं धका धया बिज्या:गु खँ फक्को जोर बिया धया ।

'प्रव्रजित याइगु दिं त:सकं लिपा तिनि निश्चित याना ह:गु जुया न्हापालाकं छुं याये मछिन । अथेजा आपा: याना सम्बन्धित व्यक्तिपिंत म्हुतुं धया तये धुन । बुलुहुंबुलुहुं यायेबले हे बिया तयागु आश्वासन पूर्ण याये फइ । असफल जुइगु खँ हे मदु । हथाय्‌चाये मा:गु मदु ।' सुगन्ध भन्तेंनं लिसलय्‌ धया बिज्यात ।

'त:धीम्ह भन्तेला साप हे हथाय्‌ चाया बिज्याये धुंकल ! साप धन्दाकया बिज्याना च्वनी । अथे जुया फक्व त: याये हे माली ।' जिं हानं धया ।'

'उमेरया खँ ख:, व फुक । उमेर वनेवं अथे धन्दा जुया नं वइगु ख: । आ: वना तुरन्त याये धया नं छु याये ? छ्वालं मयाक ला थनयापिंनि लगातार बिदा हे जक जुया च्वन । कन्हे वर्षों न्ह्य: दिवंगत जूम्ह राम सातौया (महारानी) या लाश उइगु जुया: फुक सरकारी कार्यालय बन्द । कंस, प्यन्हु व न्यान्हु नं बन्द हे तिनि ।

थन धाःसा बिदा' जुइवं मनूतयेगु थात हे काये थाकु । उकिं थ्व कठिनाइलं याना ज्या भचा लिपा हे लाः वनी ख्वाः वः । अथेसां न्ह्याग्गु यानाःसां जुये माःगु ज्यायात बाधा जुयेके मखु ।' सुगन्ध भन्तेनं क्वातुगु सलं लिसः बिया बिज्यात ।

दीर्घकालंनिसें ब्राह्मण मतया प्रभुत्वं याना उबलेया सामयिक व राजनैतिक परिवेशं याना स्वनिगःया दुने क्वातुगु रूपं थहाँ वये मफया दुनें दुनें गुनु गुनु मिना च्वंगु धर्मया जागरण रूपी मिपुसाया क्रमय् इतुंबहाया उदास परिवारया छम्ह किशोर कुलमानसिंह तुलाधरं थः मांयात धन सम्पत्ति कमाये याना क्यनाः लयेतायेकेगु इच्छा याना ल्हासा वंम्हेसियागु नुगलय् गनं गनं सिद्धार्थया आदर्श कया थः नं गृहस्थीया झंझटं मुक्त जुया धर्मया अभ्यास यायेगु व जन्मभूमि नेपाःदेशय् बुद्धधर्मया जलं खयेकेगु बिचाः लुया वल । अले ल्हासाया परम्परा कथं प्रव्रजित जुया थःगु जन्मभूमि व बुद्धया जीवन नाप सम्बन्धितगु प्यंगू तीर्थयागु दर्शन यायेगु कामनां दक्षिणया माथनय् क्वहाँ बिज्याःम्ह ल्याय्मम्ह ध्यलुं थिले – छुल्थिम (=भिक्षु कर्मशील) कुशीनगरय् थ्यंबले अन निवास याना बिज्याना च्वंम्ह बर्मायाम्ह उ. चन्द्रमणी महास्थविर पाखें मूल-पालिया गाथा व ग्रन्थत अवलोकन यायेगु मौका प्राप्त जुल । अले व थःगु मातृभाषा व नेपालय् ब्वने दुगु संस्कृत भाषानाप गाक्कं सतीगु महसूस याना न्हापांगु कथं उ. चन्द्रमणी महास्थविरया कर कमल श्रामणेर प्रव्रज्या ग्रहण याना छुं महिना अन निवास याना यथासम्भव सयेका सियेका छुं दिंया निंतिं नेपाःया किण्डोल विहारय् बिज्यात । अन धर्मय् श्रद्धा तयाः अष्टमीया धलंदना च्वंपिंत बुद्धधर्मया विनय अनुसारगु पञ्चशील नं समाधान याका बिज्यात ।

पुनर्जागरणं लिपा नेपाःया बौद्धपिसं थेरवादी श्रमणयागु दर्शन दुगु थ्व हे न्हापांगु बार खः । उबले अष्टमी ब्रतय् नायः जुया च्वंम्ह दशरत्न साहु पूर्ण रूपं वसपोलया भक्त जुल । अनंलि वसपोल अध्ययनया सिलसिलाय् चटगाँव, आसाम व बर्माय् ५।६ दं तक दिं हनाः स्वदेश नेपालय् धर्मया घःचाः हानं तुइका बिज्यात ।

वसपोलया नेपालय् याकनं बुद्धोपासकोपासिका-पिंत बुद्धधर्म म्हस्यीका बियेगु व १५ म्ह भिक्षुपिं खायेगु साप इच्छा जुल । उकिं सुं छम्ह कुल-पुत्र प्रव्रजित जुयेगु इच्छा यात कि 'कानु' धका तयार जुया बिज्याइम्ह जुल । थुकिं याना वसपोल चन्द्रागिरी पहाड स्वहाने थें थहाँ क्वहाँ जुये माल । जीवनय् गुबलें गुबलें उबलेया सामयिक व राजनैतिक कारणं याना नं आपालं दुःख सिया बिज्याये माल ।

निगू दर्जनं मयाक धर्मया विभिन्न विषयय् सफू च्वया तथा अनुवाद याना प्रकाशित याना बिज्याये धुंकूम्ह भन्ते, गुलिखे श्रामणेर भिक्षुपिं थःगु छत्र-छायांय् तयाः अध्ययन याकेगु व्यवस्था समेतं भाला कया पूर्ण याना बिज्याना च्वंम्ह भिक्षु, श्रामणेर वृद्धि यायेगुली तःसकं लालायितम्ह धर्मया निंतिं उलिमछिं जीवन हना सम्पूर्ण जीवन हे शासनया उन्नति वृद्धिया निंतिं पाना च्वनाबिज्याःम्ह वसपोल नेपाल बुद्धशासन वंशालंकार सिरी सङ्घमहानायक भिक्षु प्रज्ञानन्द महास्थविर २०४२ साल बैशाख शुक्ल तृतीया कुन्हु ८५ दँ धनाः ८६ दँ क्यनीगु बुदिया लसताय् ८६ म्ह श्रामणेर यायेगु तःसकं समसामयिक विचार सुदर्शन भन्तेनं याना बिज्यात ।

शुद्धगु धर्मया अभ्यास याकेत व थेरवाद बुद्धधर्मया वृद्धि यायेत सामूहिक व अल्पकालीन प्रव्रजित यायेगु

आवश्यक खः । नेपालय् जूगु सङ्घसमागमंनं थ्व हे खँ महसूस यात । विशेषतः थाइलैण्डं बिज्याःपिं प्रतिनिधिपिं व थाइलैण्डय् अध्ययनरत भिक्षुपिनिगु थुकी जोरदार बल दत । प्रश्न वल चीवरया । नेपाःथें जाःगु थेरवादीपिनिगु संख्या स्वल्प जकगु थासय् माःगु सामानया प्रबन्ध याये धयागु अःपु मजू । चीवर सुइसःपिं हे मालेमाः । हनेबहःम्ह सुदर्शन भन्तेनं हस्ते यानाः न्ह्यथंगु प्रेरणाय् थाइलैण्डय् अध्ययनरत भिक्षु सुगन्धं सकारात्मक रूपं हैंस्ते याना बिज्यात । चीवर गुलिमाः ? मालीबले वइ, सछि जो माःला ? निसःजो माःला ?

चीवर धयागु तथागतया नामं प्रव्रजित जुइपिंसं पुनीगु गाथे च्वंगु वसः खः । गाथें च्वंगु धका अथें सादा कापः मखु । सादा व म्हासुगु कापःयात कुचा कुचा यानाः हानं व्हनाः विनय नियमानुसार सुया तःगु वसः खः । उकिं थ्व वसः पुनीम्ह नं विनयी जुइमाः । रुढिकथं थ्व वसः वा वसःया रङ् वैराग्य, करुणा व अल्पेच्छाया प्रतीक खः । थ्व वसः वा चीवर पुनीपिंसं वस्त्र पुंको पतिं प्रतिवेक्षणा यायेमाः । प्रतिवेक्षणाय् थ्व वसः वा चीवर पुना च्वनागु घमण्डया निंतिं मखु, फुर्ति दयेकेया निंतिं मखु, किन्तु क्वाःगु, ख्वाउँगु व अनेक कीट-पटङ्गतय् पाखें जुइगु शारीरिक प्रतिकूलता पनेत एवं लज्जा शरम तोपुया याउँक जीवन हनेत जक खः धयातःगु दु ।

"देश व देशवासीपिनि प्रति छुं बांमलाःगु धारणा मजुइगुसा आगामी सामूहिक प्रव्रज्या समारोह यायेगुली चीवरया व्यवस्था आयुष्मानं याये फइला थें ? तःधीम्ह भन्तेया ८६ दँ क्यंगु बुद्धिया लसताय् ८६ म्ह श्रामणेर यायेगु विचार दु ।" थ्व खः, थाइलैण्डय् सुगन्ध भन्तेयात सुदर्शन भन्तेनं चीवरया उल्लेख यानाः छ्वःगु न्हापांगु

चिट्ठीया सार । लिसः माःकथं वल । अलेला सुदर्शन भन्तेनं कार्यय् व्यस्त जुया बिज्यात । उत्तरोत्तर कार्य प्रगति हे जुया च्वन । अन्तय् चीवरया भाला जक थाइलैण्डय् सुगन्ध भन्तेयात व मेगु व्यवस्था नेपालय् माःकथं जुइगु निर्णय जुल । लिपा तःको मछिं पत्र-व्यवहार जुल । सुगन्ध भन्तेनं चीवर छगू हप्ता न्ह्यः थ्यंकेगु आश्वासन बिया बिज्यात ।

विहारया थकालिम्ह पूज्यपाद सोमदेच भन्तेयागु सामान तया तःगु स्टोर-रुमय् सुगन्ध भन्तें ब्वना यंका बिज्यात । दराजदिराज चायेका खुरु खुरु दुगु सामान लिकया बिज्यात । जिं ब्व ब्व थला तया । बहनीसां तानोगु देश । चःतिं स्वः स्वः नाः वः । अन्तरवासक, चीवर, लं कायबन्धन ज्वः ज्वः खाक प्वःचिंक निम्हेसिनं ज्वना वया । थनंनिसें चीवर माःवनेगु शुरु जुल । लू लिसे, दु लिसे प्वः नं चिना बिज्यात । सः सः थें जिं नं भति भति पोचिना । बुलुहुँ बुलुहुँ पूरा जूगु चीवर सेट ३० जोः खात । तर माःगु ८६ जोः अभ्र ५६ ज्व मानि ।

"चीवर छ्वाः न्ह्यः थ्यंका बिये धयागु का ! सुं पासापिसं अभिरुचि बियाः ग्वाहालि याःगु मखु । थुकिं छको वनां गाःथाय् निको स्वको, छन्हुं सिधःगुज्या निन्हुं स्वन्हुं नं आलां तालां जुल । सुगन्ध भन्ते हाल बिज्यात ।"

सुदर्शन भन्तेनं छ्वया हया बिज्याःगु पत्रय् सुगन्ध भन्तेया बौयात नं प्रव्रजित जु धया बिज्याःबले थः काय् वयेकाः तिनि निश्चित यायेे धका धाःगु खँ नं दुगु जुया च्वन । 'प्रव्रजित यायेे माःगु खः छकोसां । छु धाइ ··· मस्यू ··· । चीवर नं बछि हे खाके फुगु मखुनि । गन गन अभ्र नं धाये मालि ? बी धुंगु वचन अःपुकं पूर्ण जुइगु

खः ला मस्यू । हानं छम्ह दायकं चीन वनेगु निमन्त्रणा याना च्वंगु दु । थुखे नेपालय् नं वा धया च्वंगु, बाःयागु प्रब्रज्या नं जिके हे दिना च्वंगु । चीन वंसा जीला ? नेपाः वंसा जीला ? हानं छेँय् जि वइगु आस याना च्वंगु दु जुइ ··· आदि ।' आखिरय् नेपाः हे वने धयागु निधो जुल । अंगलय् खाया तःगु घडी छताः थात, थथेक मिखा ब्वलं घण्टा सुइ २ पुला वने धुंकूगु । तःसकं लिवात धकाः मती तया नेपाःया माक्कुसे च्वंगु लुमंति नुगलय् थनाः न्ह्यः वयेकल ।

चीवरया सिलसिलाय् वात्पाकनाम वना । अनया भाला सुमेध भन्तेंनं कया तया बिज्याःगुथें । भन्ते हे नापलाये मखंनि धकाः धया बिज्यात । पलख पिया । भन्ते नापं खँ ल्हाये धुंका लिहाँ वया । अनं वात्साकेट विहारय् वना । थकालि भन्ते नाप खँ जूगु सिलसिलाय् नेपालय् मचात चिकिधिकः तल्ले चिकं बुके माः मखुला धका न्यना न्हिला बिज्यात ।

वात्-बोवरनिवेस विहारया मेमेपिं भन्तेपिंसं नं चीवर काः वा धायेके हल । सुगन्ध भन्तेनं कायेके ब्वना यंका बिज्यात । सकसिनं चीवर दु कथं विया हल । कोथाय् हयाः द्वँचिना बले राश खात, ज्वः ज्वः लाक प्वः चिना, पँ चिना । श्रामणेर अस्सजित नं वया च्वंगु । खँ ल्हाल्हां ज्या यायां चान्हसिया १२ ताः थात । मिखा तितिस्यू । तर ज्या धाःसा सिधःगु मखुनि । छम्हेसिनं मेम्हेसिके न्ह्यः वलला धका न्यनेगु, लिसलय् मवःनि धका वइगु । वास्तवय् न्ह्यः मवःगुजा सुयां हे मखु, ज्या सिमधःनिगुलिं न्ह्यः वयेके मछाःगु जक खः । थौं छन्हु सुगन्ध भन्ते त्यानु चायाः १० बजे हे देना बिज्याये धुंकूगु जुया च्वन । नत्रसा वसपोल न्ह्याबलें लिबाक लिबाक

तकं ज्या याना च्वना बिज्याइगु । चीवर सङ्कलनया निंतिं पर्चा च्वयाः छ्वापे याःकुन्हु १२:३० बजे जुलं मयात । जुजुं जुजुं विहारं जक हे ८० पुं मयाक चीवर मुन । उकी मध्ये मचापिंत ज्यूगु १८ पु, २० पुति दु । अनं लिपा वात् पाक्नामय् वना । अनं ४० पु चीवरया सेट सेट हे मिले याना तःगु विया हया बिज्यात । पिनें वःगु चीवर मध्ये अनं दकले अपो धायेमाः । अनया अधिपति धम्मधीर राजमहामुनि भन्ते नेपालय् तःकोमछिं बिज्याये धुंकल । वर्षावास छगू नं च्वना बिज्याये धुंकल । अथे जुयाः नेपाःया परिस्थिति विषयय् नं सिया बिज्याः । अले उकुन्हु तिनि नेपालय् जूगु संघसमागमय् थाइलैण्डंया प्रतिनिधि जुया बिज्याःम्ह नं वसपोल हे जुया च्वन । वात्पाकनामं लिहाँ वयाबले वात्साकेटय् च्वंम्ह भन्तें बिया बिज्याःगु चीवर सुगन्ध भन्तेयागु कोठाय् थ्यना च्वन । चीवर तया हःगु वाकसय् च्वया थकल '१-२ घण्टा च्वनां मवःगुलिं लिहाँ वना, श्रामणेर सचिन्द्र ।' अन्तय् वयाः चीवर फुकं फाकं यायेबले १२० ज्वः भतिचा जक मगाक खात । ज्या मती तयागु सिबे गुलिखे अपो पूर्ण जुया वःगु खनाः सुगन्ध भन्ते प्रसन्न जुल । जि नं लय्ताया । कारण थ्व ज्याया निंतिं हे जि न्हापालाक थाइलैण्ड वये दुगु खः । नत्रसा अक्षय तृतीया धुंकाः जक वनेगु खँ जुया च्वंगु । उद्देश्य पूर्ण जुइबले लय्ताः वइगु स्वाभाविक हे खः ।

चीवर नेपाः थ्यंकेगु विषयय् अनेक तरिका व सुझावत नेपालया विभिन्न व्यक्तिपिंसं बिया हःगु दु । Air ways office पाखें नं अतिरिक्त ५० के.जि. यागु सिवाय् अप्वः सिफारिश बिया महल । सामान धाःसा फुकं यायेबले १५० के.जि.दतं नं याइ मखुथें च्वं । विहारय् छकः लना नं स्वःगु खः । अन्तय् कार्गो सुविधा नं काये फुगुलि कार्गोलं हे छ्वयेगु निश्चित जुल । १९

तारीखं न्हिनसिया १२ ताः पाखे कार्गो व्यवस्थाया निंतिं प्याक यानाः तयार याना छ्वत । जम्मा ११३ के.जि. कार्गो वल । बाकि नापं हे ज्वना वनेगु जुल । गोन्हुखे तक पँ पँ चिना च्वंगु चीवर व परिष्कारत अप्रैल २१ तारिखं गनं वना छुं भति सुचुल ।

मेमेगु ल्यं पुल्यँ नेपाःयात ख्यले दइथें जाःगु वस्तुत नं सुरु सुरु तया । सामान गाक्कं हे दत । हवाइ टिकट नं ल्हाःतय् थ्यन । बहनी पाखे नेपालय् ज्वना वनेगु सामान फुकं ठिक ठाक जुल । सुगन्ध भन्तेया परिचित निम्ह फुकी थाइतयेसं नं यक्कों ग्वाहालि यात । थःगु हे मोटर ज्वनाः एअरपोर्ट थ्यंक तः नं वल ।

जि छम्ह जक थाइलैण्डया निंतिं न्हूम्हतिनि । म्हस्यूम्ह व विश्वस्त जुइथाय् दुम्ह एवं नेवाः भाय् सःम्ह नेपाःयाम्ह सुगन्ध भन्ते बिज्याःगु स्वस्वं मनमिन हे गर्खेसे च्वंका लिहाँ वया ।

२३ तारिख कुन्हु बहनी भिक्षु धर्मगुप्त व श्रामणेर सचिन्द्र वात्वोवर्निवेस विहारय् बिज्याःगु । इपिं नापं खँ ल्हाल्हां १०:३० ताः थात । इपिं लिहाँ वंकाः नेपालय् जुया च्वंगु प्रव्रज्या समारोहया न्ह्याइपुसे च्वंगु परिकल्पना यायां च्वना छ्वया ।

(आनन्दभूमि १५/६)

थाइल्याण्डको संघव्यवस्था

परमपूज्य थाइल्याण्डका संघराजा
सोमदेत् फ्रा ज्ञानसंवर

संघको अर्थ बुद्धधर्ममा प्रव्रजित भिक्षुहरू (श्रामणेरहरू सहित) को समूह हो । यिनिहरूले विनय पालन गर्नु पर्दछ । विनय भनेको भगवान् बुद्धबाट निर्धारित नियमहरू हुन् । अनि स्थानीय नियम भनेको संघले पारित गरेका नियमहरू हुन् । त्यस्तै परंपरागत नियम भनेको चलन चल्तीमा रहेका आचार विचार र शैलीका नियम नीतिहरू हुन् । थाई संघको सञ्चालन दीर्घकालदेखि यी नै तीन प्रकारया नियमहरूमा आधारित रहिआएको छ ।

विनय

थेरवादी भिक्षुहरू भगवान् बुद्धले बताउनुभएको मूल विनयानुसार आचरण गर्दछन्, जुन विनयको निरूपण महाकाश्यप महास्थविरको प्रमुखतामा भएको प्रथम संगायनामा भएको थियो । यस बाहेक आचार्यवादी भिक्षुहरू अन्य कयौं परिशोधित विनयको परिपालन गर्दछन् । यी परिशोधित विनयका अनुयायी भिक्षुहरूलाई मूल विनयानुयायी भिक्षुहरू यस्तो भन्छन् – भगवान् बुद्धको जीवमानकालमा सानातिना नियमहरूलाई निलम्बन गर्ने अधिकार नदिएतापनि अन्तिम अवस्थामा आवश्यक भएका साना साना नियम परिवर्तन गर्न सक्ने अनुज्ञा दिनु भएको थियो । त्यस्तो भएतापनि प्रथम संगायनामा साना साना नियम के हो भन्ने बारेमा

निरूपण हुन सकेन । त्यस बेलाका त्रिपिटकधारी र क्षीणाश्रवी अर्हत्‌हरूबाट नै यसको निर्णय नहुँदा महाकाश्यप महास्थविरको सल्लाह बमोजिम सम्पूर्ण विनय नियमलाई यथावत् स्वीकारियो । यो प्रथम संगीतिलाई स्वीकार्ने बौद्धहरूलाई थेरवादी भनिन्छ । यसको प्रमुख महाकाश्यप महास्थविर हुनुहुन्थ्यो । यस अन्तर्गत थाइल्याण्ड, बर्मा, कम्बोडिया र श्रीलंका आदि देशका भिक्षुहरू छन् । यस अवस्थामा ती आचार्यवादी भिक्षुहरू भन्छन् कि भगवान् बुद्धले नियमहरू निलम्बित गर्ने अनुमति दिनु भएकोले हामीले विनयलाई बदलिंदो समय सापेक्ष तुल्याएका हौं । प्रथम संगायनामा सहभागी ५०० भिक्षुहरूको निर्णय स्वीकार नगर्ने केही भिक्षुहरूलाई निकालेका पनि थिए र यही घटना भिक्षुहरूको भावी विभेदको लक्षण हुन गयो । भयो पनि त्यस्तै । प्रथमतः यिनीहरू दुई निकायहरूमा विभाजित भए ।

आचार्यवादीहरूले विनयमा परिवर्तन नगरेको भए आज विनयमा यति ठूलो भिन्नता आउने थिएन होला । अर्को कुरा कालान्तरमा यो आपसी विभिन्नता झनै बढ्यो । आचार्यवादीहरू विनयलाई समयसापेक्ष बनाउने क्रममा धेरै परसम्म पुगे । पछि बौद्धधर्म भारत बाहेक अन्य देशहरूमा पनि फैलिंदै जाँदा विनयनियमलाई अझै बारंबार संशोधन गरियो र विभिन्न भाषा र परंपरामा रहेको विनयलाई आ-आफ्नो भाषामा एकपछि अर्को अनुवाद गरिएको हुँदा महायानी संघविनयमा थेरवादीदेखि धेरै कुरा अन्तर हुँदै गए ।

थेरवादी निकाय दक्षिणी भेकमा फैलिएकोले यसलाई दक्षिणी निकाय र आचार्यवादी निकाय उत्तरी

भेकमा फैलिएकोले यसलाई उत्तरी निकाय पनि भनिन्छ। प्रचलित उत्तरी भागका निकायलाई महायान र अर्कोलाई हीनयान पनि भन्दछन् ।

विनय अनुसार आचरण गर्नु हरेक भिक्षुको कर्तव्य हो । यद्यपि उच्चस्थ गुरु हुनेले आफ्ना शिष्यहरूलाई अनुशासनमा राख्नु उनको ठूलो कर्तव्य हो । तथापि संघकर्ममा हरेक भिक्षुको महत्व बराबर हुन्छ, त्यो चाहे गुरु होस, चाहे शिष्य होस् । संघमा कुरा उठ्दा संघ, गणलाई विज्ञप्ति दिई सर्वसम्मतिद्वारा निर्णय गर्नु पर्दछ । संघको व्यवस्थाका दुई रूप छन् । पहिलो गुरु र शिष्यका आपसी सम्बन्ध, जसलाई सरकारी क्षेत्रमा एक परिवार सरहको मान्यता हुन्छ । अर्को, संघकर्ममा सरकार र नागरिकको बीचमा जस्तो सम्बन्ध हुन्छ । यो यसो झट्ट हेर्दा राजनैतिक क्षेत्रको प्रजातान्त्रिक प्रणाली झैं देखिन्छ, तर पूर्णतया त्यसो भने होइन । राजनीतिक प्रजातन्त्रको संघमा कानून बनाउने अधिकारमात्र हुन्छ, त्यसलाई कार्यान्वयन गर्ने अधिकार हुँदैन । यहाँ भिक्षुसंघमा भने विनय बाहेक त्यसमा अरू नियमहरू पनि प्रज्ञप्त गर्ने अधिकार हुँदैन, किनभने भगवान्ले अपरिहानीय धर्ममा यसो गर्न निषेध गर्नु भएको छ । भनिएको छ, विनय बाहेक त्यसमा अरू नियम नबनाउनू र पहिलेदेखि रहिआएको नियमलाई खारेज नगर्नू । मुख्यमुख्य कुराको निर्णय गर्नुपर्दा संघको निर्णय अनुसार गर्नू । जस्तै भिक्षु दीक्षा दिइँदा सर्वप्रथम संघमा विज्ञप्तिद्वारा सुचित गर्नुपर्दछ । तीन चोटि प्रस्ताव सुनाउनुपर्दछ । यस कार्यलाई ञति चतुठ कम्म भनिन्छ । जसको अर्थ हो चार चोटि मौखिक कर्म । यसलाई संघबाट स्वीकार गरेपछि मात्र निर्णित हुन्छ । यस्ता संघकर्मलाई सर्वसम्मतिबाट स्वीकारिएको हुनुपर्दछ । यदि कुनै एकजनाले मात्र विरोध

गरेता पनि त्यो निर्णय अमान्य हुन्छ । यदि भिक्षुहरू चूप रहन्छन् भने यसलाई स्वीकारोक्ति मानिन्छ । सानातिना कुराहरूको निर्णय एकैजनाको निर्णयले पनि हुन सक्दछ । अथवा मात्र एकचोटिको प्रस्तावले पुग्दछ, तर संघका सबै सदस्यहरूसँग सम्बन्धित विषय र विनयमा उल्लिखित विषय भए भने उल्लिखित विधि अनुसार चलाइन्छ । यस्ता संघकर्म आदिलाई यहाँ परम्परागत नियम भनेको हो ।

स्थानीय नियम

हामी, देख्यौं, विनय अनुसार संघव्यवस्थाका मुख्य दुई भागहरू छन् । पहिलो गुरु शिष्य व्यवस्था, अर्को भिक्षुहरूको संघद्वारा गरिने व्यवस्था । यहाँ संघद्वारा गरिने व्यवस्था भन्नाले त्यस क्षेत्रका सम्पूर्ण भिक्षुहरूलाई इंगित गरिएको होइन, बरु केही सीमित सीमाना भित्र रहेका भिक्षुहरूमात्र भन्ने अर्थ हो । यसलाई सीमा भनिन्छ । यो सीमा भिक्षुहरूको संघकर्म गर्न प्रयोग गरिने ठाउँ हो । तैपनि विनय अनुसार कुनै संघकर्म गर्न पूर्व निश्चित संख्यामा भए पुग्छ र विहारका सम्पूर्ण भिक्षुहरूको सहभागिता आवश्यक छैन । यसले सबै भिक्षुहरूलाई जम्मा पार्ने काम पनि गर्दैन । भगवान् बुद्धको पालामा भने उहाँ नै भिक्षुहरूको समागमको केन्द्र हुनुहुन्थ्यो । यस्तो चलन थियो कि वर्षको एकचोटि अथवा दुइचोटि सबै क्षेत्रका भिक्षुहरू जम्मा हुन्थे । भेला हुन आउन नसक्ने भिक्षुले आफ्ना शिष्यहरूलाई आफ्नो सत्तामा पठाउँथे, तर यस्तो सुविधा अति आवश्यक अवस्थामा मात्र दिइन्थ्यो । प्रतिनिधि भएर आउने भिक्षुले ती भगवान्द्वारा प्रज्ञप्त नयाँ नियमहरूको अध्ययन गर्नुपर्थ्यो र यसबेला ध्यानभावना आदिका कुराहरू पनि

सुन्न पाउँथे । अर्हत् आदि मार्गफल बोध गर्नेले यस्तो सभामा प्रकाश पार्नुपर्दथ्यो । यसलाई भगवान्‌बाट स्वीकृत भएपछि सार्वजनिक मान्यता पाइन्थ्यो । आज पनि हामी मार्गफलादि बोध गरेको कुरा सुन्दछौं, तर प्रायशः हल्लाकै रूपमा वा कानेखुसी मात्र हुन्छ । भगवान् बुद्धको पालामा भने उहाँबाट नै निर्णय हुन्थ्यो । तथागतको परिनिर्वाणपछि वहाँको स्थान लिने कुनै व्यक्ति रहेनन् किनभने भगवान्‌ले यस्तो व्यक्तिको स्थापना गर्नु भएको छैन । धर्म विनयलाई नै सर्वोच्च गुरु मान्न निर्देशन दिनुभएको थियो । आफ्नो शिष्य आनन्दलाई भगवान् बुद्धले भन्नु भएको थियो "आनन्द ! मैले बताएको धर्म र मैले स्थापना गरेका विनय मेरो जीवनपछि तिमीहरूको गुरू हुनेछ ।" तसर्थ वहाँ तथागतको परिनिर्वाण भएपछि पहिले झैं भिक्षुहरू भेला हुने ठाउँ रहेन । अझ यसरी संस्थागत नभएको अवस्थामा पहिले झैं कुनै कुराको आधिकारिक निर्णायकको अभाव भयो । उदाहरणको लागि यदि शिष्यले केही गल्ती गरेको अवस्थामा गुरूले उसलाई चीवर छाड भन्न सक्दछन् । तर शिष्यले यसो नगरी अर्कै ठाउँमा गए अथवा त्यहीं नै बसीरहे भने पनि गुरुले केही गर्न मिल्दैन । भगवान् बुद्धको पालामा पनि त्यस्ता केही घटनाहरू घटेका छन् । जस्तै देवदत्तको घटना । (विनयपिटक) यस सिलसिलाको अन्त्य उनलाई संघले निलम्बित गर्नासाथ भएन, बरु उनको मरणपछि मात्र भयो । यस्ता समस्याहरू समाधानको लागि बौद्ध देशका सरकारहरूले भिक्षुसंघलाई धार्मिक कानूनद्वारा मद्दत गर्दछ । यस्तो गर्नाले जनताको आस्थाकेन्द्र रहेका भिक्षुहरूको बीचमा भएको गडबडीलाई साम्य तुल्याई

शान्ति सुरक्षा कायम गर्दछ । कारण यस्ता गडवडी जनतालाई पनि असर पर्ने कुरा हुन् ।

थाइल्याण्डमा सरकारले यसरी संघको कार्यमा मद्दत गर्दै आएको धेरै समय भइसक्यो । पहिले पनि भिक्षुहरूको सम्पूर्ण स्तरमा पदाधिकारीहरू छान्ने काम राजाबाट नै हुन्थ्यो । पहिलेका भिक्षुहरू मुख्य दुई वर्गमा विभाजित थिए । ती हुन् ग्रामवासी (गाउँमा बस्ने) र अरञ्ञवासी (जङ्गलमा बस्ने) । हरेकका प्रमुख भिक्षुको नियुक्ति राजाबाट नै हुन्थ्यो । पछि भिक्षुहरूलाई चार भागमा विभाजित गरियो । ती हुन् उत्तरी गण मा, क्षेत्रहरू पर्दथ्यो । जुन थाईदेशका सबै उत्तरी भेगमा पर्दछ, र दक्षिणी गण, मध्य गणमा धम्मयुक्तिक गण । थाइल्याण्डलाई वर्तमान अञ्चलस्वरूपमा विभाजन गर्नु भन्दा पहिले उत्तरी गणमा रक्षा गृहमन्त्रालय अन्तर्गत पारिएको थियो । दक्षिणी गण परराष्ट्र मन्त्रालय अन्तर्गतका क्षेत्रहरू पर्दथ्यो । मध्यगण जुनमा बैंश्रावस्ती तथा नखनखुअनकाय्न्का विहारहरूका साथ अरु जुन दक्षिण र उत्तरी गणमा पर्दैनथ्यो र धम्मयुक्तिक गणय त्यसको सम्पूर्ण विहारहरू अन्तर्गत पारिएको थियो । यी चारै गणहरूका प्रमुखहरू एवं अरू मदतगार कर्मचारीहरूको नियुक्ति राजाबाट नै हुन्थ्यो ।

अञ्चल विभाजित भएपछि शिक्षा व्यवस्थाको लागि जनप्रियराजा चुलालोङकर्णले सोमदेत फ्रा भिक्षु महासमणचाव क्रमफया बजिरञानवरोरस, जो कि मौसुफका भाइ थिए, लाई धार्मिक शिक्षा निर्देशक र अर्को भाइ राजकुमार दामरोङलाई गृहस्थ सहायक बनाइए । यस शाही आन्दोलनको उद्देश्य जनताको लागि

विद्यालय प्रणाली लागू गर्नलाई आवश्यक हुने मद्दत विहाराधिपति भिक्षुहरूबाट लिनुथियो ।

अधिराजकुमार भिक्षु वजिरञानले जनताको शिक्षाको साथै धार्मिक शिक्षालाई विद्यालय प्रणालीमा व्यवस्थित गर्न बु.सं. २४४५ मा धार्मिक, कानून बन्नुभन्दा पहिले नै सुझाव दिएको पाइन्छ । त्यसको विवरण निम्न लिखित छ – "हामीले सबै विद्यालयहरूलाई थेरसमागम अन्तर्गतका भिक्षुहरूबाट पढाइने र विहाराधिपतिहरूबाट व्यवस्थित हुने व्यवस्था गऱ्यौं । यदि कुनै विहारले विद्यालय स्थापना गर्न चाहन्छ भने त्यसो गर्न तयसलाई स्वीकृति छ र सो गर्दा ती विद्यालयहरूले राजस्वबाट अनुदान पाउनेछन् ।" विहारमा रहेका विद्यालयहरूलाई जिल्ला, अञ्चल र क्षेत्रमा विभाजित गरिएको थियो । त्यस बेला गर्न सकिने त्यति नै थियो । यो भावी योजना तयार पारी राजाकहाँ बिन्ति चढाउँदा खुशी भइबक्स्यो र तदनुसार कार्यान्वयन गर्न हुकुम बक्सी राजकुमार भिक्षु वरोरसलाई र राजकुमार दामारोङलाई पुरानो व्यवस्थाबाट अवकाश दिइयो । वस्तुतः विहारमा दिइने शिक्षापद्धतिलाई मात्र अलग्ग पारिराख्नु हुँदैनथ्यो र यसलाई भिक्षुसंघ व्यवस्थाको अङ्ग नै बनाइ सरकारी शिक्षा मन्त्रालयसँग तालमेल गराउनु आवश्यक थियो । फलतः यस प्रकारको धार्मिक कानून बु.सं. २४४५ (१९०२ ई.) मा प्रथम प्रयासको रूपमा पारित भयो ।

बु.सं. २४४५ को कानून अनुसार थाइलैण्डको भिक्षुसंघ क्षेत्रस्तरीय, जिल्लास्तरीय, ग्रामस्तरीय विहार स्तरीयको एकाइहरूमा व्यवस्थित भयो । चार जना सोमदेत् फ्रा राजगण (चारगणमा प्रत्येकका) निरीक्षक र

चार उपनिरीक्षकहरूको महाथेर समागम पनि गठित भयो । यो उच्चस्थ संगठन राजालाई धर्म सम्बन्धी सुझाव दिने र भिक्षुसंघको सामान्य शासक (सरकार) को रूपमा काम गर्नु रह्यो । भिक्षुसंघको व्यवस्थासँग सम्बन्धित कुरा महाथेर समागमको कमसेकम ५ सदस्यहरूको उपस्थितिमा बसेको सभाले पारित गरेको कुरालाई राजा आज्ञाको रूपमा लागू हुन भयो । यस महाथेर समागमले गरेको निर्णय सर्बोच्च र मतभेद अयोग्य हुन्छ । यो महानगरीय व्यवस्था झैं मान्य हुने भयो । अञ्चलहरूमा यसको कार्यान्वयन र प्रचारको अभिभारा उच्चस्थ भिक्षुहरूको समूहले बनेको क्षेत्रस्तरीय, अञ्चल स्तरीय, जिल्लास्तरीय ग्रामस्तरीय र टोलस्तरीय गण र विहाराधिपति भिक्षुहरूको हुन्छ । यस्ता गणहरू माथि उल्लेख गरे झैं चार वर्गमा विभाजित छन् । प्रत्येकमा एक गणप्रमुख हुन्छ । कुनै कुरामा आपसी मतभेद भएको खण्डमा राजआज्ञा लिइन्छ । यस्ता घटनाहरूको संकलन अमुक शासनकालीन संघ प्रशासनको नामले प्रकाशित गरिन्छ । यहाँनिर जिज्ञासा हुन सक्दछ, किन संघराजाको उल्लेख नभएको र महाथेर समागम नै किन राजसभाको रूपमा उल्लेख भएको होला ? कुरा निम्नलिखित किसिमको छ –

बु.सं. २४४५ मा धार्मिक कानून पारित हुँदा संघराजाको पद खाली रहेको थियो । पहिले स्थापित संघराजाको पद राजा मंकुटद्वारा स्थापित बोधिविहारका राजकुमार भिक्षु सोमदेत् महासमणचाउ जिनोरससम्म रहेको थियो । मौसुफ भिक्षुको देहान्त भएदेखि त्यो पद राजा चुलालङकरणले अर्को आफ्ना गुरू वातबवनका राजकुमार भिक्षु सोमदेत् फ्रा महासमणचाउ क्रमफ्रया

पवरेस वरियालङकरणलाई उक्त पदमा पदासीन नगरेसम्म खाली थियो । उनिपछि भदन्त पुस्सदेव त्यस पदमा पदासीन भएको थियो । उनिपछि फेरि एकचोटि केही समयको लागि उक्त पद रिक्त रहेको थियो ।

महाथेर समागम राजाका सल्लाहकार भनिएको मा, धार्मिक कानून पारित हुनुभन्दा पहिले पनि संघराजा वा गणका निरीक्षकहरू सोझै भिक्षुसंघको प्रशासनको काम गर्दैनथ्यो । यो धार्मिक मामिला सम्बन्धी एक गृहस्थ मन्त्रीको काम थियो । अर्को शब्दमा भन्ने हो भने वस्तुत: संघमामिलाका प्रशासनको काम राजा स्वयंको मानिन्थ्यो किनभने मौसूफ धार्मिक व्यवस्था मिलाउनु आफ्नो कर्तव्यहरूमध्ये एक ठानिबक्सन्थ्यो । यसको प्रमाण हामीले सुखोदय (सुखोथाइ) कालको अन्तिम समयमा खोज्नुपर्छ जुन बेला धार्मिक व्यवस्था विलकुल अव्यवस्थित हालतमा रहेको थियो । राष्ट्रको पुनर्निर्माणको क्रममा राजाले धर्मको पनि पुनर्व्यवस्था गर्नु आवश्यक थानि बक्स्यो । सरकारको मद्दत विना भिक्षुसंघले मात्र आफ्नो प्रशासन चलाउन नसक्ने पनि देखिबक्स्यो । फलस्वरूप त्यस बेलादेखि राजाले संघप्रशासनमा आफूले भाग लिइबक्सेको थियो ।

बु.सं. २४४५ मा धार्मिक कानून पारित भए पनि मौसूफले आफ्नो सहभागिता छोडिबक्सेको थिएन । त्यस कानूनमा पारित भए अनुसार महाथेर समागम राजालाई सुझाव दिने संस्थाको रूपमा रहेपनि यो आफ्नो कुरा राजाको स्वीकृतिपछि मात्र अन्तिम निर्णय हुन सक्दथ्यो । यस प्रबन्धको चौथो विषयमा राजकुमार भिक्षु वजिरञाणले लेखिबक्सेको छ कि "चारै गणहरू आपसमा समान भएकोले संघराजाको अभाव अवस्थामा राजाका

प्रतिनिधि व्यक्ति जन-शिक्षा मन्त्रीले सर्व श्रेष्ठ भिक्षु चुनेर राजाकहाँ बिन्ति चढाउँदथ्यो । त्यसबेला म नै सर्वश्रेष्ठ भिक्षु चुनिएको थिएँ ।"

बुद्धसम्बत् २४४५ को धार्मिक कानून बन्नुभन्दा पहिले जब महाथेर समागमको गठन भइसकेको थिएन, संघ प्रशासन जन-शिक्षामन्त्रीको हातमा थियो । चार गणको नायक र उपज्झायहरूको नियुक्ति, विवाद सल्झाउनु र विनय सम्बन्धी व्यवस्था गर्नु यिनको काम थियो । फलतः यसको निर्णयप्रति मतभिन्नता आयो । फलस्वरूप यो अधिकार महाथेर समागमलाई दिएको थियो । यसको श्रेय भिक्षु राजकुमार संघराजालाई जान्छ, जसबाट राजा चुलालोङकरणको बुद्धिमत्तापूर्ण निर्देशन अनुरूप संघको पुनर्व्यवस्था र अञ्चलहरूमा शिक्षा व्यवस्था स्थापित हुन सकेको थियो ।

यिनी राजकुमार भिक्षु संघराज राजा चुलालङकरणका एक भाइ तथा राजा मंकुटका पुत्र थिए । यिनी किशोर अवस्थामै श्रामणेर भएका थिए । उपसम्पदा योग्य उमेर पुगेपछि भिक्षु चर्या लिई बसे । यिनी ठूला विद्वान् थिए । थाइल्याण्डमा बुद्धधर्मको विकासका लागि यिनले धेरै काम गरे । शिलाक्षेत्रमा अग्रणी भई पाठ्यक्रमहरू लेखी विहारका विद्यालयहरूलाई आधुनिक रूप दिए । परापूर्वकालदेखि विहारहरू शिक्षाकेन्द्र रहिआएको भएतापनि तरीकाबद्ध थिएन । त्यस बेला शिक्षा भनेको विहार र शिक्षक हुने भिक्षुको मात्र काम थियो । सरकारले वास्ता राख्दैनथ्यो ।

यिनी भिक्षु राजकुमार महाथेर समागमको गठन संघराजाले गर्नु बाहेक भिक्षु-श्रामणेरहरूको शिक्षा व्यवस्थामा पनि ठूलो योगदान गरे । पालिभाषाका एवं

धर्मशिक्षाका प्रथम, मध्यम, उत्तम कक्षाका लागि सबै पाठ्यक्रम लेखन तथा सम्पादन गरे । (उत्तम कक्षाका पाठ्यक्रम उहाँको देहान्तपछि मात्र तयार भयो ।) राजा चुलालङ्करणसँग मिली प्राज्ञिक एवं विश्वविद्यालय स्तरीय बौद्ध शिक्षा दिने उद्देश्य लिई महामकुट राजविद्यालयको स्थापना गर्ने योजना गरे । (पछि यो संस्था बौद्धशिक्षा र धर्मको विकास गर्ने कोषको रूपमा दर्ता भयो ।) राजा महामकुटको यस प्रज्ञाप्रतिष्ठानको स्थापनापछि यिनले पालिभाषा र थाईभाषा पढाइने अनेकौं विद्यालयहरू वातबवरनिवेशमा सहित बैंक्क र अन्य केही अञ्चलका विहारहरूमा खोलाए । एकचोटि यो महामकुट राजाविद्यालय पालि-परीक्षाकेन्द्र पनि रह्यो । पछि यसको अभिंभारा भिक्षुसंघले लियो । यसबेला स्थापित अनेकौं विद्यालयहरू पछि सरकारी माध्यमिक विद्यालयको रूपमा परिणत भए । वात्बवनमा रहेको माध्यमिक विद्यालय पनि महामकुट विद्यालय थियो; जुन कि महामकुट बौद्ध प्रज्ञाप्रतिष्ठान स्थापना भएताका नै स्थापना भएको थियो ।

यसैको हाराहारीमा महामकुट राजविद्यालयको स्थापना भए झैं राजा चुलालङ्करणले वात्महाधातु विहारमा महाचुलालङ्करण राजविद्यालयको स्थापना गरिबक्स्यो । यी दुई संस्थानहरू अहिलेका हाम्रा दुई बौद्ध विश्वविद्यालयहरू हुन् ।

राजा चुलालङ्करणको देहान्तपछि पदासीन हुने राजा वजिरावुधले आफ्ना गुरु र उपाध्याय भिक्षु सोमदेत् फ्रा महासमणचाउ क्रोमफ्रया वजिरञानवरोरसलाई संघराजा पदमा राखिबक्स्यो । सम्पूर्ण इतिहासमा तीनजना मात्र भिक्षु राजकुमार संघराजाहरू भएका

छन् । यिनीहरूलाई सोमदेत् फ्रा महासमणचाउको प्रशस्त दिइएका थिए । उनीहरू निम्न लिखित छन् –

१. राजा मंकुटको पालामा वात्बोधिविहारका भिक्षु राजकुमार संघराजा परमानुजित जिनोरस ।

२. राजा चुलालङ्करणको पालामा वात्बवनका भिक्षु राजकुमार संघराजा पवरेश्वरियालंकरण ।

३. राजा वजिरावुधको पालामा हाम्रा यिनै भिक्षु राजकुमार संघराजा वजिरञानवरोरस ।

राजा वजिरावुधले संघप्रशासनको काम संघराजालाई दिइबक्स्यो । मतलब यो हो, महाथेर समागम राजाको सुझावदातामात्र रहेन । भिक्षु राजकुमार संघराजा वजिरञानले यसको सम्पूर्ण अधिकार पाए तर वहाँले महाथेर समागमलाई पूर्ववत् नै राख्ने विचारले एक सभा बोलाए । यसमा प्रशासनिक र विनय सम्बन्धी चर्चा भयो । पछि गणहरूका निरीक्षकहरू साह्रै वयोवृद्ध भएको हुँदा र तिनका सहकर्मीहरू, निरीक्षकहरू आ-आफ्नो अञ्चलमा कार्यरत रहेको हुँदा राजकुमार संघराजले भिक्षुहरूको धार्मिक क्षेत्रको राजकीय गण भन्दा तल्लो स्तरको गणको स्थापना गर्ने कुरो यस सभामा निर्णय गऱ्यो । यसको उद्देश्य युवक भिक्षुहरूलाई तालिम गर्नु थियो । यसै बेला भिक्षु राजकुमार संघराजले धेरै अञ्चलहरूको भ्रमण पनि गरे । संघप्रशासनको निरीक्षण गर्नु र स्थानीय नायक भिक्षुहरूलाई मनाउनु यसको उद्देश्य थियो । यसले गर्दा ठूला ठूला नगरहरूमा एवं अरू अञ्चलहरूको संघप्रशासनमा धेरै सुधार आयो ।

यिनले संघप्रशासनलाई सुधार र नियमबद्ध गरी हरेक स्तरका अधिकारी भिक्षुहरूको बीचमा आवश्यक सहयोग बनाउनुका साथै शहर र गाउँका प्रत्येक विहारमा धार्मिक शिक्षाको व्यवस्था गरे । प्रशासनको उचित प्रबन्ध र शिक्षा सुविधाले गर्दा धार्मिक मामिलाको क्षेत्रले धेरै प्रगति गऱ्यो । भिक्षु राजकुमार संघराजले सम्पूर्णस्तरका निरीक्षकहरूको पूर्ण रेखदेख गर्न थाले । विभिन्न भागमा गणहरूबाट पठाइएका मामिलासम्बन्धी गहिरो अध्ययन गरी आफ्नो विचार विस्तृत रूपमा प्रकट गरे । यसै क्रममा उनले अनेकौं विहारहरूको निरीक्षण भ्रमण पनि गरे । यस प्रकार देश र संघलाई फाइदा हुने अनेकौं कार्यहरू गरी बु.सं. २४६४ (१९२१ ई.) मा उहाँ दिवंगत भए ।

बु.सं. २४४५ को धार्मिक कानूनलाई बु.सं. २४८४ को धार्मिक कानूनले रद्द गऱ्यो । यो नयाँ धार्मिक कानून निजामती प्रणालीका सम्बिधान अन्तर्गत रहन्छ । यसमा एक उच्च धार्मिक सभाले (संघसभा) जुन कि सम्बिधान सभा हो प्रशासन चलाउँदछ, न्यायपालिका जुनलाई विनयधरगण भनिन्छ, को पनि प्रबन्ध भएको थियो । संवैधानिक राजा देशको प्रमुख भए झैं संघराजा यसको प्रमुख हुन्छ । विहाराधिपतिका साथ क्षेत्रस्तरीय, अञ्चलस्तरीय, गाउँस्तरीय संघाधिकारीहरूको पनि नियुक्ति गरिएको थियो । महाथेर समागमको सदस्यता प्राप्त थियो धम्म अथवा त्यसभन्दा माथिल्लो दर्जाको राजगण अथवा गणाचार्य प्रथम श्रेणी अथवा पालीमा उच्चतम शिक्षा हासिल भएको हुनु आवश्यक थियो । सदस्य संख्यामात्र ४५ थियो । व्यवस्थालाई ४ भागमा विभाजित गरिएको थियो । ती हुन् प्रशासन, शिक्षा, प्रचारप्रसार र धार्मिक जायजेथा ।

बु.सं. २५०५ (१९६२ ई.) मा २४८४ को धार्मिक कानूनको ठाउँमा अर्कै कानून लागू गरियो जस अन्तर्गत महाथेर समागम रहन्छ । यसले भिक्षुहरूको रेखदेख कार्यमा संबिधान अथवा विनय उल्लंघन नहुने गरी नयाँ नियम पारित गर्न सकिने भयो । संघराजा महाथेरसमागमका प्रमुख हुन्छ, र सोमदेत् फ्रा राजगणहरू पदेन यसका सदस्य हुन्छन् । संविधान सभा, व्यवस्थापक तथा न्यायपालिकाले युक्त महाथेर समागमको माध्यमबाट संघराजले संघको शासन चलाउँदछन् ।

अञ्चलहरूको हकमा क्षेत्र, अञ्चल, जिल्ला, गाउँ, वडा, विहारस्तरका एकाइहरू स्थापित गरी तिनका निरीक्षकहरूलाई आवश्यक अधिकार दिइएका छन् । संघव्यवस्था गर्न अधिराज्यलाई १८ क्षेत्रमा बाँडिएको छ । प्रत्येक क्षेत्र, अञ्चल, जिल्ला गाउँ र वडाका एक एक प्रमुख भिक्षु हुन्छन् । तसर्थ विहारस्तरदेखि नै संघराजाबाट सञ्चालित हुने महाथेर समागमसम्मको बीचमा अधिकार सम्बन्ध अटूट हुन्छ । २५०६ (१९६३) मा धर्मविभाग शिक्षा मन्त्रालयको वार्षिक प्रतिवेदन अनुसार विहारहरू २३,३२२ थियो । भिक्षु श्रामणेरहरूको कुल संख्या २,३८,४७० थियो । यसमा वर्षावासकाल भरि मात्र भिक्षु हुनेहरू पनि पर्दछ् । एक दुई वर्ष भिक्षु भएर चीवर छोड्नेहरू पनि छन् । सम्पूर्ण जीवन भिक्षुभावमै व्यतीत गर्न चाहनेहरूको संख्या थोरै छन् ।

परम्परागत नियम

विनय र स्थानीय नियम बाहेक भिक्षुहरूले रीतिरिवाज पनि पूरा गर्नुपर्दछ । जस्तै चीवर पहिरने

तरिका, पाठ गर्ने तरिका र दान ग्रहण गर्ने तरिका आदि । यी तरिकाहरू ठाउँ हेरी हेरी भिन्नाभिन्नै हुन सक्दछन् । तर सबै तरीका ठीकै मानिएका छन् । उपर्युक्त तीन नियमहरू भिक्षुहरूको प्रशासन व्यवस्था निर्वाधरूपले चलाउन पालन गरिनु अत्यावश्यक छ । यदि विवाद गरे भने समस्या आउँछ भन्ने कुरा हामीले अनुभव गरिसकेका छौं । विनयलाई संघ नियमको आधार मानिएको छ । नयाँ र पुराना रीतिरिवाज यद्यपि आपसमा भिन्न भएपनि सबै चलन विनयमा आधारित अथवा विनयसँग बेमेल नहुने हुनुपर्दछ । संविधानको हकमा यसको निर्माण विनय नियम र रीतिरिवाजसँग साहचार्यता हुन सक्नुपर्दछ । यसो भएमा मात्र संघमा शान्ति र प्रगति हुन सक्दछ । धार्मिक व्यवस्था नजानेका अनेकौं व्यक्तिहरूबाट भिक्षुहरूले यसो गरे हुन्थ्यो, गर्नुपर्थ्यो इत्यादि भनी सुझाव आएको बराबर देख्न पाइन्छ । यदि उनीहरूले गहिरिएर अध्ययन गरे भने भिक्षुहरूले अनेक विचार र नियम पुऱ्याउनुपर्ने कुरा ज्ञात हुनेछ ।

(आनन्दभूमि १९/१०-११)

थाई बौद्धहरूमा अबौद्ध विधि किन ?

परापूर्वकालदेखि नै श्याम (थाइलैण्ड) को राजधानी देवमहानगर (बैंकक) मा मनाइने गरिएका राजविधिहरू २ वटा स्रोतहरूमा आधारित छन् । एउटा हो आगमशास्त्रका मन्त्र (शिव आदि मान्ने) दोस्रो हो, बुद्धशासन । अझ यी भिन्नाभिन्नै दुइवटा मूलबाट आएका राजविधिहरू मिसिएर तेस्रो किसिमका राजविधि पनि बन्न आएको पाइन्छ ।

यस्तो हुनाको कारण पहिलेका केही राजाहरू र प्रजाहरू ब्राह्मणधर्म मान्दथे । आगमशास्त्रअनुसार जुन जुन कुराहरू देशलाई श्रीमङ्गल हुने भनिएका छन् ती कुराहरूलाई तदनुसार देशको राजपरम्परा बनाइएका थिए । पछि राजाहरू र प्रजाहरूले बुद्धधर्म मानिसक्दाखेरि पनि ती मानिँदै आए ।

भनिएको छ प्रारम्भिक बुद्धधर्ममा कुनै विधि मूर्हूत्, पर्वदिन जस्ता कुराहरू थिएनन् । भगवान्ले भन्नुभएको छ – शुभदिन, शुभघडी, शुभमूर्हूत् अथवा शुभकामना जस्ता कुराहरू आफ्नो सैद्धान्तिक (काय, वचन, मन) का सुकार्यहरूमा भर पर्दछन् । मङ्गल हुने र अमङ्गल हुने भन्ने कुराहरू पनि मानिसका आ-आफ्ना असल र खराब कार्यमै भर पर्दछ ।

त्यसो हुनाले जुन राजविधिहरू बुद्धधर्मसँग मिसिएका छन्, जुन बुद्धधर्मबाट आएका हुन् भनिन्छ, तर आगमशास्त्रमा आधारित छन् भने त्यस्तालाई भगवान्

बुद्धले बताउनु भएको अथवा उहाँको निर्देशन अनुरूप भएको भनी मान्नुहुँदैन । जे होस्, राजविधिहरूमै पनि कुनै भगवान् बुद्धबाट प्रशंसित अनुरूप भएका छन् भने कुनै भएका पनि छन् । छोटकरीमा भन्दाखेरि जुन कार्य त्रैद्वारिक सुचरित्रमा आधारित छ, त्यसलाई भगवान् बुद्धले प्रशंसा गर्नु भएको छ । जुन कार्य दुश्चरित्रमा आधारित छ, त्यसलाई उहाँले अकुशल भनी निन्दा गर्नु भएको छ ।

त्यसो हुनाले हामीले बुझ्नुपर्छ, यी जुन विधिहरू बुद्धधर्म अनुसार आएको भनिन्छ, त्यो अहिलेका बुद्धधर्माबलम्बीहरूमा पहिलेदेखि वर्तमान अवस्थासम्म चलिआएको परम्परागत कुरामात्र हुन् । जुन राजविधिहरू भगवान् बुद्धबाट निन्दित छैन, त्यस्ता राजविधिहरूलाई मात्र बुद्धशासन अनुसारको राजविधि मानिन्छ ।

जुन राजविधिहरू आगमशास्त्र र बुद्धधर्म दुबैको सम्मिश्रणबाट निर्मित हुन् र माथि भनिए झैं राजा र प्रजाले पहिले ब्राह्मणधर्म मान्दाखेरिदेखि चलिआएकालाई अहिले बुद्धधर्म मानिसक्दापनि मानिन्दै आएका हुन् । किनभने बुद्धधर्म भनेको अरु कुनै धर्मको शत्रु होइन ।

भगवान् बुद्धको त एउटै मात्र उद्देश्य थियो, त्यो हो, आफूले पाउनुभएको अनुत्तर सम्यकसम्बोधि ज्ञानद्वारा देखेको यथार्थता बताउनु । त्यसलाई प्रकाश पार्नु । दु:खलाई कसरी शमन गर्ने ? भन्ने कुरो बताउनु नै मुख्य उद्देश्य हो । उहाँ अरुहरू जस्तै निरर्थक कुराहरूमा विवाद गरिरहनु हुन्न । निर्णायक रूपमा भन्दाखेरि साँच्चैको बुद्धधर्म मान्नेले ती आगमशास्त्रहरूलाई मान्ने कुरै छैन ।

तर, पछि मार्गफल पाइनसकेका बुद्ध धर्मावलम्बीहरूमा विभिन्न भय र आशंकाबाट पीडित र

विचलित हुनेहरू छन् । त्यस्तै सफलता, शुभलाभ र उन्नतिको कामना गर्नेहरू छन् । उनीहरू पहिलेदेखि ईश्वर वा देवताहरूप्रति संकोच र भय मान्ने रहिआएका छन् । उनीहरूका विश्वास अनुसार ती प्रतापी र शक्तिशाली देवताहरूले आफूलाई र अरुलाई दण्डसजाँय पनि दिन सक्छन्, जुन कि न्यायपूर्ण कुरो त होइन ।

भनौं, देवताले त्यसै मन लागेर विष फैलाइदिएर मानिसहरूलाई रोगव्याधिग्रस्त बनाउने र अनिकाल आदि पारिदिने गर्न सक्छन् । त्यसो हुनाले त्यस्ता शक्तिशाली र क्रोधी प्रवृत्तिका देवीदेवताहरूप्रति दोष हुन नदिन, भूलचूकले भएका अपमान, तिरस्कार आदिको शमन गर्न अथवा पहिले नै भेटसौगात चढाएर खुशी पारी राखिएको हो । यसले मानिसहरूको मनलाई हलुँगो पार्नुको साथै देवीदेवता पनि रिसाउन छोड्नेछन् । यस्ता विश्वासहरू बाज्ये बराज्यूदेखि लिएर नाति पनातिसम्म अर्थात् अनेकौं पुस्तादेखि मानिसहरूका मनमा घर गरी आएका हुन्छन् । अनि उसले भोग्ने अनेक किसिमका अचानक घटनाहरूका अनुभव लगातार पाइनुलाई नै उनीहरू भूत, प्रेत, पिशाच, देवी, देवता वा ईश्वर आदिका रीसरागबाट भएको भनी विश्वास गर्न पुग्छन् । त्यसैले तिनका भयत्राशहरू कहिल्यै निर्मूल हुँदैनन् ।

अब यसरी त्रास भइरहेपछि आफ्नो सुरक्षा र शुभलाभको इच्छा झन प्रबल हुन्छ । अनि सो प्रबल इच्छा पूरा गरिदेउन् भनी विभिन्न किसिमका पूजा प्रार्थनाहरू गर्न थाल्छन् । त्यही कारणले गर्दा हो, थाईहरू बुद्धधर्मावलम्बी भइसक्दा पनि त्यस्ता पूजा प्रार्थनाहरू गर्न छोडेका हुँदैनन् । त्यसो हुनाले ती आगमशास्त्र अनुसारका राजविधिहरूलाई नछोडिएका हुन् । तर त्यस्मा विश्वास कम भइसकेको छ । अब

यतिमात्र छ, नगर्नुभन्दा गर्नु ठीकै छ, जसबाट कुनै हानि छैन ।

अब ती बाकीरहेका राजविधिहरूमा पनि त्रैद्वारशुद्ध भएका कुराहरूलाई मात्र रोजेर लिइएकाछन् । ब्राह्मण धर्मका अथवा कुनै कुनै हिन्दूका कुकर्मयुक्त कुराहरूलाई लिइएका छैनन् । कुकर्म भनेको जस्तै कि प्राणी हिंसा गरेर गरिने यज्ञ पुजा आदिलाई राष्ट्रिय परम्परा बनाई बुद्धधर्मका विपरीत काम गर्नु हो । जुन राजविधिहरू पूर्ण रूपले ब्राह्मणमूलक हुन्, तिनमा पनि दानमय, शीलमय र भावनामय राजकुशलकार्यहरू बढाइएका छन् । त्यसैलाई नै ती राजविधिहरूका प्रमुख कार्य बनाइएका छन् । शिव र विष्णु आदिका उपासनालाई थोरै मात्र महत्व दिई पुछारको काम बनाइएका छन् । यी राजविधिहरू परम्परागत रूपले गरिए अनुसार गरिँदै गर्छन् । नगर्नुभन्दा गर्नु असलै हो । यी गरिएका कामहरू पनि कुनै दोषयुक्त होइनन् । उत्तिको धेरै खर्चिलो पनि छैन ।

माथि भनिआएका कुराहरू ती राजविधिहरू किन गरिआएका हुन् भनी देखाउनका लागि हो । अझ त्यस्ताहरूलाई जवाफ हो, जो जिज्ञासा राख्छन्, देशका राजा र प्रजा सबै बुद्धधर्म मान्ने हुन्, तर यी आगमशास्त्रका विधिहरूलाई किन चलाइरहेका होलान् ?

पहिलेदेखिका राजाहरूका विचार उपर्युक्त प्रकारका हुनाले अहिले राजधानी देवमहानगर (बैंकक) मा पनि ती राजविधिहरूलाई चलाईदैछन् ।

साभार : वरराजविधि सिबसअङ दु अन्,
लेखक : थाइ नरेश चुलालङ्कजूर्ण
(आनन्दभूमि २५/५)

थाई बौद्ध दृष्टिमा ब्राम्हण मत

अहिले देवमहानगर (बैंकक) मा रहेका ब्राह्मणहरू भारतका ब्राह्मणहरू कै वंशज हुन् । पहिलेदेखि नै दक्षिणी थाइदेशको ठूलो शहर श्री धर्मराजनगरको दुबै छेउको समुद्री तटमा जहाजयात्रीहरूको आवतजावत रही आएको छ । त्यहाँ यताको किनारबाट श्रीधर्मराजनगर पुगिन्छ, पश्चिमको किनारबाट त्राङ्नगर हुँदै पसिन्छ । त्यसो हुनाले ब्राह्मणहरू श्रीधर्मराजनगरमा धेरै पसेका छन् । अनि त्यहाँबाट देवमहानगर (बैंकक) मा उक्लेका हुन् । यसो गर्नु उत्तरतिर बाटो छेकेर बस्ने देवमहानगरका प्रतिपक्षी बर्मारामञ्ञ देशको सरहद नाघेर आउनुभन्दा तिनीहरूलाई सजिलो छ । त्यसो हुनाले अहिलेसम्म पनि श्रीधर्मराजनगरमा ब्राह्मणपत्तिको विश्वास र आस्था अटूट रहिआएको छ । त्यहाँ देवस्थान र पिङ् झुण्ड्याउने खम्भाहरू छन् जहाँ ब्राह्मणहरू अझै विधि गर्दछन् । त्यो तिनीहरू आफ्नो गच्छेअनुसार स्यानो खालको गर्छन् । जस्तै कि त्रीयम्पवाय विधि गर्दा पाटी एउटा झुण्ड्याइ दियो, पुग्यो । देवमहानगरमा बस्न आएकाहरू पनि कयौं छन् । तिनमा अझै विदेशीको पाराले बोल्नेहरू छन् । जस्तै अहिलेका वरगुरु अष्टाचार्य पिताह्लुवङ् सुरियादेवेशर । तिनका वेदमन्त्रका कुरामा पनि कुनै धेरै फरक छैन । बस अलिकति लय र उच्चारणमा रहेको फरक देवमहानगरका र अन्य सदरमुकामका भिक्षुहरूका पाठ गर्दा जस्तै मात्र हो । यी ब्राह्मणहरू शायद श्री धर्मराजनगरदेखि लिएर दक्षिणका प्रायशः सदरमुकाम हरू

मा पाइन्छन् । बज्रपुरी नगरमा समेत धेरै पहिलेदेखि ब्राह्मणहरूको गाउँ छ ।

ब्राह्मणमत बहुईश्वरवादी हो । यसका अनुयायीहरू कोही विष्णुलाई भन्दा बढ्ता शिवलाई मान्दछन् त कोही शिवलाई भन्दा विष्णुलाई । कोही ब्रह्मालाई मान्दछन् त कोही ब्रह्माको उल्लेख गर्दैनन् ।

म यहाँ ज्योतिषाचार्य ब्राह्मणहरूका मतको बारेमा मात्र उल्लेख गर्नेछु, जो त्रीयम्पवाय राजविधि गर्नेहरू हुन् । यिनीहरू थाईदेशमा शुभराज्याभिषेक आदि लगायत सबै राजविधिहरू गर्ने हुन् । यसमा हात्तिसँग सम्बन्धित विधि एउटा अपवाद हो जुनमा त्यसकै विशेषज्ञ ब्राह्मणहरू लगाइन्छन् । यी ज्योतिषाचार्य ब्राह्मणहरू विष्णुलाई भन्दा शिवलाई ठूलो मान्दछन् । शिवलाई यिनीहरू फिरंगीहरूका यहोवा अथवा मुसलमानहरूका अल्लाह जस्तै मान्दछन् । विष्णु त देवलोकमा नै अथवा मनुष्यलोकमा अवतार लिनजाने एउटा कर्मचारी मात्र हुन् रे । यिनी येशूख्रिष्ट अथवा मोहम्मद जस्तै हुन् । यिनी येशूखिष्टभन्दा फरक एउटा कुरामा छ, त्यो हो, अपराध गर्नेलाई यिनी अवतार लिइकन संहार गर्छन् । यिनी मोहम्मद जस्तै हुन्, जसले आफ्नो मत मान्न सबैजनालाई करकाप पार्छन् ।

यसबाट एउटा कुरो के देखिन्छ भने यी तीनैवटा मतहरूका मूलजरो एउटै हो । तर ब्राह्मणहरूको मत बाँकी अरू दुईको भन्दा पुरानो हो । शायद मानिसहरू पहिलेदेखि नै यस्ता संसार सृष्टिकर्ता भएको मत मान्नेहरू भइसकेका थिए । मानिसहरू यस्तो विचार गर्छन् कि जुन कुरो आफै उत्पन्न हुन सक्दैन त्यसको निर्माता हुन्छ नै । मानिसहरूले आफ्ना सुकृत र

दृष्कृतका फल पाउनलाई कोही न कोही पुरस्कार र दण्ड दिने व्यक्ति हुनैपर्छ । यस्तो कुरोमा एकमत भएपछि त्यस्तो शक्ति भएको व्यक्तिलाई आ-आफ्नो बोलचाली भाषाको चलन अनुसार शिव अथवा यहोवा अथवा अल्लाह भनियो ।

सबभन्दा पुरानो रहेको ब्राह्मण मतमा भनिएको छ कि शिवका सेवक विष्णु समय-समयमा अवतरण भइकन संसारलाई खतरा पुऱ्याउने व्यक्तिलाई दमन गर्छन् । जुनबेला उनलाई यस्तो विचार उत्पन्न हुन्छ – अहिलेका मानिसहरूको आचरण ठीक छैन । अनि आफूलाई शिवका सेवक हुँ भन्ठान्ने उनी विष्णु अवतरण भएर मनुष्यहरूलाई अर्ति उपदेश दिन्छन् अथवा दमन गर्छन् । तर त्यो गर्न आउने तौरतारिका भने त्यो आफूलाई अवतार हुँ भन्ठान्ने अथवा असल र उचित लागेको कुरा (अभिष्ट सिद्धि) पाउनका लागि त्यस्तै अवतार लिएको हुँ भनी नक्कली दावी गर्ने व्यक्तिको स्वभाव र सामर्थ्यमा भर पर्दछ ।

यशुख्रिष्टले आफू यहोवा अथवा शिवको पुत्र हुँ – भनी फूर्ति गरे । उनमा शस्त्र-अस्त्रद्वारा मानिसहरूलाई दमन गर्ने सामर्थ्य थिएन, बचन-बोलीले मात्र शिक्षा दिइरहे । अनि आफैलाई खतरा वा आपत आईपर्दा क्रसमा झुण्डिइहाले । उनी पहिलेदेखि उदार व्यवहार गर्थे, त्यस अनुसार उनका अनुयायीहरूले येशुख्रिष्टले मानिसहरूका सत्ता पाप भोगेका हुन् भनी आफ्नो विश्वास अनुसार विचार कायम गरे ।

येशूख्रिष्टको सिद्धान्त उत्तिको मन नपरेकोले त्यसमा परिवर्तन गर्न मोहम्मद तम्से । उनले यो कुरो स्पष्ट देखे कि येशुख्रिष्टले आफू यहोवा (=शिव) का पुत्र

हुँ भनी फूर्ति गरेको अति भयो र विश्वसनीय छैन । उनले आफ्नो ढंगले व्यवहार गर्दा उनको आफ्नो ज्यानको समेत रक्षा भएन । त्यसो हुनाले मोहम्मदले शस्त्र-अस्त्रको बल लगाएर शक्तिद्वारा दमन गरिसकेपछि मात्र अर्तिउपदेश दिने विचार गरे । उनले आफू मानिसहरूलाई सिकाउन शक्ति र प्रेरणा पाएर अवतरण भएको अल्लाह (=शिव) का दूत मात्र हुँ भनी दावी गरे ।

शिव अथवा यहोवाका अथवा अल्लाहका सेवा गर्ने हुँ भनी दावी गर्ने व्यक्तिप्रतिको मानिसहरूको विश्वासको कुरो पनि ब्राह्मणमतको शास्त्रको जस्तै हो, जुनमा भनिएको छ, शिवको सेवागर्ने विष्णुले समय समयमा अवतार लिए । यस्तो विश्वास अझै निर्मूल भइसकेको छैन । अहिले पनि मोहम्मदका भविष्यवाणी अनुसार अवतरण भएका भन्ने महत्वाकाँक्षी (=महती ?) छन् । उनी आफू पहिलेका जस्तै अवतार लिएको हुँ भनी बताउन खोज्छन् । तर दुर्भाग्यवश मानिसहरूको ज्ञानविज्ञान उन्नति भइसकेको समयमा परेकोले त्यसलाई विश्वास गर्नेहरू कोही भएनन् ।

यसबाट हामी निश्चित भविष्यवाणी गर्न सक्छौं – भविष्यमा गएर शिवले कसैलाई पनि अवतार लिन मनुष्यलोकमा पठाउने छैनन् होला । केही गरी आइहाले पनि त्यसलाई विश्वास गर्ने कोही हुँदैन होला ।

यी तीनैवटा मतहरूलाई एउटै भनिएता पनि यिनमा समानता भनेको त्यही विचारको कोपिलामा मात्र छ । ईश्वरका पूजा-आराधना गर्ने तरिका र तिनका शानशौकत र आचरण भने सम्बन्धित देशमा बुझ्न सजिलो हुने किसिमले फरक-फरक छन् । तिनको बयान सम्बन्धित देशका निवासीहरूको बोलीचाली अनुसार

अलंकृत र सम्पादित भएका छन् । संसार-सृष्टि सम्बन्धी धर्मशास्त्रहरूले आ-आफ्नै ढंगले भिन्नाभिन्नै किसिमले ईश्वरले काम गरेको वर्णन गर्दछन् । गर्नै नहुने काम पनि गर्नपुगेको छ । छिटो गर्नुपर्ने काम ढीलो गरिएको छ । विस्तारै गर्नुपर्ने काममा हतार-हतार गर्न पुगेको छ । झमेला नहुने कामबाट पनि विभिन्न तालले झमेला पैदा गरिदिएका छन् । उपेक्षा गर्न (विमुख हुन) नहुने कुरामा पनि उपेक्षा गर्न पुगेको छ । कुनै कुराको उल्लेख गर्दा अनावश्यक रूपले लम्ब्याएको पनि छ । यसबारेमा मेरो आशय संक्षेपमा बताउनेछु –

पुराना जमानामा रचित जेजति पनि पुस्तकहरू छन्, तिनका रचयिताहरू ज्ञानविज्ञान थोरै हुनेहरू थिए । ती कुरामा उनीहरूले तुलना गरेर, प्रयोग गरेर, खोजीनीति गरेर हेर्न भ्याएका थिएनन् । असल बनाउनेछु भन्ने मात्र उद्देश्य लिएका थिए उनीहरूले । अनि आफूखुसी विभिन्न कुराहरू राखेर पुस्तक रचे । विचार गरीहेर्दा यस्तो देखिन्छ कि त्यसका पाठक र श्रोतालाई विश्वास गर्नलगाउन लोभ देखाएको रहेछ । अनिपछि त्यसका रचनाकारको उद्देश्य मुताविक असल मार्गको शिक्षामा विश्वास गर्नेछन् । त्यसै बिनाकारण झूठो बोलेको होइन । त्यसैले उनीहरूले यसमा कुनै दोष नभएको देखे होलान् । अनि आफूखुसी जथाभावी कुराहरू सम्पादन गरेर पुस्तक लेख्नपुगे । उनीहरूले यो कुरा बिचार गरेनन्, भावी सन्ततीका ज्ञानविज्ञान बढ्नेछन् र उनीहरूले आफ्नो कुराहरूको विरोध गर्नेछन् अथवा कुनै शंका गर्नेछन् । पहिले पहिलेका मानिसहरूका यस्ता विचारहरू सम्पूर्ण रूपले अनुचित नै त होइन । किनभने त्यसबेलाका मानिसहरू ती पुस्तक रच्नेहरूभन्दा कम जानकारी हुनेहरू थिए । पुर्ख्यौली परम्परा अनुसार ती

पुस्तकका कुराहरू सत्य हुन्, असल हुन् भनी विश्वास गर्नुपर्थ्यो । केहीगरी पछिका छोरानातिले धेर थोर सन्देह गरीहाले भने पनि ईश्वरका कर्म वा लीलालाई तुच्छ गरेको वा पारेको भन्ने ठूलो दोष लाग्थ्यो । तर जन्मेदेखि नै विश्वास गरीआएको हुनाले सन्देह नगर्नेहरू नै बढी हुन्थे । बाँकी थोरैले पनि धेरै संघर्ष गर्नुपर्थ्यो होला । चैनपूर्वक बस्न त पाउँदैनथे होला । त्यसो हुनाले ब्राह्मणका अथवा यहोवाका अथवा अल्लाहका धर्मशास्त्रहरूमा अविश्वसनीय विचारहरू र कथाहरू रहेकाछन् ।

यसपछि मैले भन्नलागेको कुरामा कतैकतै ईश्वर प्रति हाँसो उडाएको जस्तो देखिनेछ । तसर्थ त्यसभन्दा अगावै मेरो मुख्य उद्देश्य प्रष्टचाउनेछु । मैले अगाडि ईश्वर छ वा छैन भनी जोरजुलुम गर्न तर्क पेश गर्न चाहेको होइन । यसबारेमा अब पटक्कै बोल्नेछैन । किनभने यसको लागि यो उपयुक्त अवस्था होइन । यदि केही भएर तिरस्कारबोधक शब्दको प्रयोग हुनगएमा पनि ईश्वर छ, अथवा छैन भन्ने निर्णय गर्नतिर लाग्न खोजिएको होइन । मेरो आशय यतिमात्र हो, ती धर्मशास्त्रहरूमा हेतुफल (तर्क)द्वारा निर्णय नहुने कुराहरू परेकोले आश्चर्य लागेको हो । त्यसले उपयोगी काममा लगाउनुको सत्ता समय बर्बाद गरेको देखिएकोले केही हाँसो उठेको हो । यति कुरा मनमा राखीसकेपछि तपाई अब निम्नलिखित कुरा पढ्नुहोस् –

ईश्वरहरूका आचरण-व्यवहारका सम्बन्धमा जुन देशको निवासीबाट धर्मशास्त्र लेखिएको हो, ईश्वरले पनि त्यही चलन मुताबिक आचरण-व्यवहार गर्छन्, जुनकि माथि पनि भनिसकिएको छ । यो थाइदेशमा बस्ने शिव भारतीयहरू झैं व्यवहार गर्छन् । उनी माँस-भक्षण

गर्दैनन् । उनी चिउरा, लावा, केरा, उखु, नरिवल, ताड, शकरकण्ड, दूध, घिउ आदि मन पराउँछन् । यो भारतमा ब्राह्मणहरूले खानेजस्तै नै हो । ज्योतिषाचार्य ब्राह्मणहरू विश्वास गर्छन् कि शिव गुणवान् हुन् । अर्थात् देव, मनुष्य, यक्ष, मार, सबैलाई बरदान दिने हुन् । कसैलाई पनि सजाँय गर्ने होइन । यदि केही भएर सजाँय गर्नैपर्ने स्थिति आएमा पनि उनलाई त्यसको कुनै याद रहन्दैन । जस्तै कि त्रिपुरासुर (=त्रिपुरां ?) लाई दमन गर्दा आदि । एकचोटी तीरले हानेर असफल भएपछि फेरि केही गर्ने उत्साह गरेनन् । विष्णुलाई नै पूरा जिम्मा दिइहाले । तुकी बाल्नु आदि जस्ता घरायसी काममा भएका सानातिना गल्तिहरूमा पनि बारंबार गृहिणीहरू प्रति रीस पोख्ने गर्छन् । अनि एकचोटि त्यस्तै रीसले चूर भएर देवलोकबाट झरेर दु:ख भोगी रहन परोस् भनी श्राप दिए तापनि श्राप मुक्त हुने अवधि पनि बताइदिने दया गर्छन् । हनुमानका पत्नी बनोस् भनी बरदान दिन्छन् । रामलाई बाटो बताइदिने बनाइदिन्छन् । किनभने शिव सबैप्रति दयालु हुन् । उनी असल वा खराब व्यक्ति भनि रोज्दैनन् । जो कसैले पूजा आराधना गरेर जे मागे पनि पूरा गरिदिन्छन् । त्यसबाट पछि असल हुन्छ, वा खराब भन्ने कुरो त्यो बरदान पाउने व्यक्तिमा भर पर्दछ । किनभने उनी मूलत: सँधै खुशी रहने हुन् । त्यसैले उनी गुणवान् भनी भनिन्छन् । विष्णुका लीला बारेमा भनिएको छ कि सामान्य अवस्थामा उनी सधैं क्षीरसागरमा सुतिरहन्छन् । जब कुनै बेला शिवले काम लगाउन चाहन्छन्, वा लोकजनलाई दु:खदिने व्यक्तिलाई दमन गर्न जानुपर्ने हुन्छ, अनि मात्र जाग्दछन् । तसर्थ विष्णु संहारकर्ता देवता हुन्, अन्तत: मंगलकार्यको लागि जगाउँदा पनि । जस्तै स्कन्ध

कुमारको ब्रतबन्धमा, त्यहाँ यति चर्को विवाद गरे कि स्कन्ध कुमारको शिर नै हरायो । शिवले हात्तिको शिर जोडेर दुरस्त पार्नु परेको थियो । यसै कारणले भनिन्छ कि यिनी कहिले पनि कसैलाई कुनै प्रकारको वरदान दिंदैनन् । यहाँसम्म कि त्रीयम्पवाय राजविधि गर्दा चढाइएका खाद्यवस्तु (=प्रसाद) विषालु हुने डरले कहिले पनि यजमानलाई दिइदैन । कोही सज्जन भलादमीलाई पनि बाँडिदिन मिल्दैन । गरीब गुरुवाहरूलाई बाँड्न लगाउनु पर्छ । यस्तो विश्वास गरिन्छ, दोश्रो महिना (=पौष) को कृष्णपक्षको पञ्चमी जुन कि विष्णु शयन गर्न जाने दिन हो, त्यो अवश्य पनि विषदिवस हुन्छ । आजको दिनमा प्रायशः शस्त्र-अस्त्र प्रहार गरी आपसमा धेरै झैझगडा हुने गर्दछ । कृष्ण पक्षमा पर्नाले मानिसहरू पनि उत्तिको हेर्न जाँदैनन् । ब्राह्मणहरू साह्रै सतर्क रहनु पर्दछ । विष्णु यसरी संहारकर्ता हुनाले तेजवान् भन्ने नाम रहन गएको हो । यसले गुणवान्सँग जोडा बनाउँछ ।

महाबिघ्नेश्वर भन्ने स्कन्धकुमार हुन्, जसको शिर हात्तिको छ । उनी शिवजीका पुत्र हुन् । ब्राह्मणहरू यिनलाइ यिनका आफ्नै ॠद्धि-सिद्धिले गर्दा पनि मान्दछन् । शिवजीलाई खुशी तुल्याउने बाटोखोल्न पनि मान्दछन् । त्यसैले यिनी पनि एउटा ईश्वर हुन् । त्यसो हुनाले राजधानी बैंकका लागि निर्मित भएका देवस्थानमा तीनवटा थानहरू छन् – एउटा शिवको, बीचको श्रीमहाबिघ्नेश्वरको र बाँकी एउटा विष्णुको । यहीं त्रीयम्पवाय विधि पनि गरिन्छ ।

(धर्मकीर्ति १६/६)

साभार अनुवादित : वरराजविधि शिवसअङ् दुअन्

लेखक : थाई- नरेश चुलालङ्करण

विशाखपूजा (बुद्धजयन्ती) को थाई राजविधि कार्यक्रम

भगवान् बुद्धको जन्म, अनुत्तरसम्यक्सम्बोधिज्ञान लाभ र महापरिनिर्वाण भएको समय पूर्णचन्द्रमाले विशाख नक्षत्रमा योग हुने बेलामा हो भनि अर्थकथाचार्यहरूले निर्णय गरिराखेका छन् । तसर्थ यो दिन बुद्धधर्मावलम्बी नरनारीहरूले भगवान् बुद्धको स्मरणगरि त्रिरत्नको पूजा गर्ने चाडपर्व हो । यो कार्य प्राचीनकालदेखि चलिआएको वार्षिक शुभजन्मोत्सव अथवा विशेष जयन्ती मनाउनु जस्तै हो । पूर्णचन्द्रमाले पूर्णिमाको दिन विशाख नक्षत्रसँग योग हुने समय प्राचीनकालदेखि सधैं नै स्थीर रूपले छैठौं महिनाको पूर्णिमामा पर्दछ भन्ने मान्यता रहि आएकोमा राजा मंकुटका पालामा मौसूफबाट तिथिगणना तरिकाअनुसार हिसाब गरेर पहिलेको भन्दा बढी यथार्थ हुनेगरि पूर्णिमा निर्धारण गरिबक्स्यो । यसबाट विशाख चाडपर्व कुनैकुनै वर्षमा साविकबाट अन्यथा भइ सातौं महिनाको पूर्णिमामा पर्न जान्छ । तर प्रायःगरि छैठौं महिनामा नै पर्दछ । पूर्णचन्द्रमाको विशाख नक्षत्रसँग योग हुने शुभमुहुर्तमा त्रिरत्नको ठूलो पूजाआजा गर्नुपर्छ भन्ने जुन विश्वास प्राचीनकालदेखि रहिआएको छ, सो कुरो श्यामदेश (थाईदेश) मा पनि बुद्धधर्मको प्रवेश भएदेखि नै रहि आएको छ, कि छैन भन्ने कुरो स्पष्ट हुनेगरि कतै उल्लेख भएको देखिन्दैन । सुखोदय राजधानी भएको बेलामा (ईसवी १२-१४ औं शताब्दी) मात्र नवमाश देवीबाट लिखित पुस्तकमा यस्तो लेखिएको छ – "विशाखपूजाको दिन आइपुग्दा राजा र राजपरिवारका

भित्र तथा बाहिरका सबै सदस्यहरू, सम्पूर्ण ग्राम, जनपद, नगरका जनताहरू समेत भई सबैले राजधानीको, दरबारको भित्र तथा बाहिर छावनीसम्म साहु महाजनहरूका, सन्तमहन्तहरूका घरहरू, पसलहरू, डुँगाहरूमा नरनारीहरू सबैजना मिली प्रकाशले झकमक हुनेगरी लालटिनबत्ति बालेर झुण्ड्याई पुष्पमालाहरू लर्काई सुगन्ध, अत्तर आदि छरि तीन दिनरातसम्म त्रिरत्नको पूजा गर्छन् । ठूलो जनसमुदायले उपोसथशील धारण गर्छ । सद्धर्म देशना श्रवण गरेर धर्मको पूजा गर्छ । कोही भिक्षाअन्नको सलाकभोजन संघदान गर्दछन् । कोही ध्वजापताका उत्तोलन गरि स्तूप-चैत्यको पूजा गर्छन् । कोही गरिब, दरिद्र, अनाथ, बुढाबुढी, अपांगहरूलाई धनद्रब्य बाँड्छन् । कोही चौपाया, दुइपाया प्राणी र विभिन्न प्रकारका माछाहरूलाई जिउँदै किनेर मालिकको बन्धनबाट मुक्तगरि सुखचैनपूर्वक बाँच्न पाउने गरि छोडिदिन्छन् । राजा आफै पनि र राजखलक सबैजना शील ग्रहणगरि विशाखपूजाका दिन बुद्धशासनमा विभिन्न किसिमका धेरै राजकुशल कार्यहरू गरिबक्सन्छ । बिहान उज्यालो हुनेबित्तिकै राजपरिवार र दरवारियाहरूसँगभई राजा एकदिन अगाडिको राजकीय वात्बरधातुराजआराम, एकदिन वात्राष्ट्रपूर्ण राजकीय बरविहार, एकदिन वात्लोकशुद्धराजावास सवारी होइबक्सन्छ । ती सबै विहारहरूमा त्रिरत्नका गुणगानगरि पूजा वन्दना आदि गरिबक्सन्छ । फूल, केसर, सुगन्ध, रस छरेर सत्कार-पूजा गरिबक्सन्छ । बलेको धूप, मैनबत्ति हातमा लिएर रत्नपल्लंक (बुद्धमूर्तिको आसन) वरिपरी परिक्रमा गरि बक्सन्छ । फुकेर वजाइने, पिटेर बजाइने, रेटेर बजाइने र तन्काएर बजाइने सबैथरिका बाजागाजाहरू बजाएर बरजिनश्रीभगवान्, बरजिनराज भगवान्,

बरलोकनाथभगवान्, वरसद्धारसभगवान्हरूमा सौमनस्य श्रद्धापूर्वक सबैजना उत्सव मनाउँछन् ।" अझ यस्तो बयान गरिएको छ विशाख चाडपर्व आईपुग्यो भने राजधानी सुखोदय नगर मैनबत्ति, आतशबाजी, भुइचम्पा बत्तिले जाज्वल्यमान हुन्छ । नगर ध्वजापताकाहरूले भरिभराउ भएको हुन्छ । विभिन्न आकार र ढंगले गाँसिएका मालाहरू लर्कनाले झकीझकाउ हुन्छ । मनोहर सुवास रस फैलिएको हुन्छ । दिन र रात वीणा, वाद्य, घण्टा बाजाहरूबाट कर्णप्रिय स्वर बजिरहेका हुन्छन् । धेरै धेरै मानिसहरू मानौं स्वर्गका विमानहरू प्रदर्शित भएका जस्ता सुन्दर दानशालाहरू बनाउँछन् । यस्ता यस्ता कुरा अरू अरू पुराना पुस्तकहरूमा बताइए अनुसार नै विशाख-पूजाका दिनमा खुपै रसरंग गर्दछन् भनि लेखिएको छ ।

तर पुरानो राजधानी (अयुध्या) का कुनै पनि आलेखमा विशाखपूजाका बारेमा लेखिएको देखिन्दैन । अझ पुरानो राजधानीका अनुयायी रहेको राजधानी रत्नकोशिन्द्र (बैंकक) मा समेत विशाखपूजाका राजकुशलकार्य रहेको थिएन । चुलशकराज ११७९ (बु.सं. २३६०) रत्नकोशिन्द्र सम्बत ३६ मा आएर दोश्रो राजाका राज्यकालमा वात्राष्ट्रपूर्ण विहारवासी मी नामका संघराजले सर्वप्रथम विशाखपूजा मनाउन राजालाई अनुरोध गरेका थिए । यद्यपि राजाले यसलाई महायज्ञ पूजा नै हो भनेर स्वीकार गरे, तर समारोह प्रबन्ध कसरी गर्नुपर्ला ? भनेर पनि छलफल गर्नुपरेको थियो । सो संघराजाबाट राजालाई पहिलेदेखि गरिआएको मुताबिक अर्थात् राजदरबार, विहार तथा सर्वसाधारणका घरघरमा लालटिन बत्ति बालेर प्रदीप पूजा गर्नुपर्छ भनि व्याख्या गर्नु परेको थियो । तदनुसार राजाले कागज टाँसेर

लालटिनबत्ति बनाउन लगाइबक्स्यो । यी लालटिनबत्तिहरू चअङ्प्रियङ् राजविधि गर्दाका लालटिनबत्ति र त्यसका सर्जाम जस्तै हुन् । फरक यत्ति कुरामा मात्र छ कि जयलालटिन, प्रथियब लालटिनबत्तिहरू जस्तै यसका खम्बा सेतो रंगले रंगाइएको थियो । चार चारवटा खम्बाहरू सहितका लालटिनबत्तिहरू प्रत्येक राजकीय विहारहरूमा झुण्ड्याउन पठाइबक्स्यो । यो थियो विहारहरूमा गरिने प्रदीप पूजाको थालनी । सर्वसाधारण जनताका घरघरमा प्रदीप पूजा गर्नको लागि बारम्बार जिल्ला जिल्लाका अधिकारीहरूबाट घोषणा गर्न लगाइबक्सेको थियो । शुरुशुरुमा त केही ठाउँमा कतैकतै खावख्याय्क् जस्ता एक दुईवटा लालटिनमात्र देखिन्थे । यी घरघरमा बालिने बत्तिहरू परम्परागत रूपले चलेका जस्तै नै हुन् । अरू क्रियाकलाप फूलमालाहरू लर्काइ तीन दिनसम्म पूजा गर्ने गरेको छ । यसको लागि राजाले राजकर्मचारीहरूलाई वात्बरश्रीरत्नशास्ताराम (प्रसिद्ध पन्नाको बुद्धमूर्ति भएको विहार) विहारमा दिनको एक शय चानचुन फूलमालाहरू गाँसेर चढाउनु पर्ने चलन गरिबक्सेको थियो । अझै अरू प्रकारका तरिकामा पूजासर्जाममा आतसबाजी पनि राखिएको थियो । आतसबाजीको थुँगो वात्बरश्रीरत्नशास्तारामका अगाडी गाड्नलगाइ सल्काइन्थ्यो । अरू क्रियाकलाप हो, धर्मदेशना श्रवण र उपोसथशील पालन । यसकालागी दरवारबाट पूर्वतिरका १० वटा राजकीय विहारहरू, पश्चिमतिरका १० वटा राजकीय विहारहरूमा राजाको तर्फबाट धर्मदेशना गराउने, र जिल्लाधीशहरूबाट जनतालाई धर्मदेशना सुन्न शीलपालन गर्न, प्राणीहरूलाई काट्मार नगर्न, र धर्मदेशना श्रवण गर्न जानको लागि

आह्वान गर्दै घोषणा गर्न लगाई बक्स्यो । अर्को काम ध्वजा पताका चढाउनु भनिएकोमा यसकालागि गोहीको चित्रअंकित गरिएको झण्डाहरू बनाउन लगाइ राजकीय विहारहरूमा एक एकवटा गाड्न पठाइबक्स्यो । अर्को क्रियाकलापमा पहिले भिक्षुसंघलाई सलाकभोजन आदि दान गरिन्थ्यो भनिए मुताविक अहिले पनि राजबैठकमा भोजन दान गर्न लगाइबक्स्यो र सलाकभोजन दान गरि स्वर्गीय राजाहरूका नाम राजअस्तुहरूको प्रकरणपाठ सुनिबक्स्यो । यी ब्यवस्थाहरूबाट यो स्पष्ट नै देखिन्छ कि परापूर्वकालमा गरिए जस्तै नै गरिएको हो । नवमाशदेवीका लेखोटसँग दाँजेर हेर्दा थाहापाइन्छ कि अहिले पनि त्यस लेखोटमा उल्लेख भएका सम्पूर्ण विधि विधानहरू पुनरुत्थान गरिबक्सेको हो । बरु गर्ने ढंगमा फरक छ । नवमाशदेवीका लेखोटमा देखिन्छ, कि त्यसबेला यी विधिहरू बडो रमाइलो गरी एकजुट भएर (सामुहिक रूपले) गरिन्थ्यो, जसमा राजा तथा प्रजा सम्मिलित हुन्थे । यो सर्वसाधारण जनतामा पनि चलनचल्तिको पर्वदिन थियो । सबैजना रमाउने दिन थियो । पछि अहिले आएर परापूर्वकालमा गरिएजस्तै गर्दा पनि संक्षिप्त र छिटो छरिटो गरेको देखिन्छ । मानौं पुराना परम्परा निभाएको जस्तो मात्र भयो । अथवा साँच्चिकै एउटा रमाइलो गरि धुमधामसँग पर्वदिन मनाउन चाहेको थियो तर मानिसहरूलाई बानि नपरेको हुनाले उत्तिको चासो र रुचि नदेखाएको हुन सक्छ । त्यसैले खल्लोखल्लो भएको हो । अझ हामीले गहिरिएर हेर्‍यौ भने देख्छौं कि सरकारी काममा समेत धेरथोर अनियमितता हुनबाट जोगिएको छैन । कर मेटेको जस्तो मात्र भयो । किनकि धेरैदिन भइसक्यो यो विधी नगरिएको, नसोचिएको । अब अहिले आएर विशाखपूजा

मनाउनेहरू बढेको त छ, तर पनि विहारवासीहरूका मात्र काम जस्तो भइरहेको छ । केहि सर्वसाधारण जनतामा मनाउनेहरू भनेका त्यही शील र भावनामा रतरहनेहरू (गहिरो धार्मिक प्रवृत्तिका) मात्र छन् । बाँकि अधिकाँश जनता त बिल्कुल अप्रभावित नै रहेको छ । नववर्षको संक्रान्ती जस्तो धुमधाम हुँदैन । अझ तलदेखि लिँदा सरदपर्व नै यो भन्दा राम्रो मनाइन्छ । यस्तो त हुनु नपर्ने हो भन्ने देखिन्छ । यदि पहिले पहिले प्रारम्भिक युगमा राज्य गर्ने अरू राजाहरूले बुद्धशासनबारेमा स्पष्ट थाहा नपाएको हुनाले यो पर्व नमनाएका हुन् भने त्यो कुरोलाई छोडौं । तर धर्मात्मा राजा जो कि पहिले भिक्षु भएर बस्दा विमलधर्म भन्ने सम्मान पाइबक्सेका, त्रिपिटकमा विशारद एवं बुद्धशासनका लागि धेरै काम गर्ने होइबक्सन्थ्यो । यतिसम्म कि गुरु बनेर दिनको एकशय भिक्षुहरूलाई विद्या पढाइबस्ने होइबक्सन्थ्यो । अर्थकथाचार्यहरूबाट भविष्यवाणी गरिएको पञ्चअन्तर्धान अनुसार विभिन्न जातकहरू नाश भएर जालान् भन्ने निकै चिन्ता लिइबक्सने हुनाले महाजाति (महाजातक) को अति मेहनतद्वारा राजकीय महाकाव्य रचना गरेर बुद्धशासनको आयु वृद्धि गर्ने होइबक्सन्थ्यो । लोकप्रिय चैत्यस्थान, जस्तै कि बरबुद्धपाद (भगवान् पाउ) पत्ता लगाएर जनतामा महान र दीर्घकालिक श्रद्धा उत्पन्न गर्ने होइबक्सन्थ्यो । बुद्धशासनमा गरिबक्सेका यी तीनवटा कामहरूबाट प्रकट हुन्छ कि मौसुफले बुद्धशासनको निक्कै गहिरो र व्यापक अध्ययन गरिबक्सेको थियो । अझ विशाखपूजा मनाउने सम्बन्धमा पनि मौसुफले आफ्नो ज्ञान प्रदर्शित गरिबक्सनुपर्ने थियो, तर किन बिर्सिबक्स्यो थाहा छैन । मौसूफ पढाउने लेखाउने र महाजाति राजमहाकाव्य रचना गर्ने काममा धेरै व्यस्त

रहिबक्सेकोले अरु कुराहरूको अनुसन्धान गर्न फुर्सद पाइबक्से हो कि ? मौसूफले महाजाति महाकाव्य रचना गर्ने काम बाहिरको पूजा गरिने विशाखपूजा चलाउनु भन्दा बढी महत्वपूर्ण थानिबक्सेकोले हो कि ? त्यसैले मौसूफले यसको चलन गरिबक्सेन ।

म यहाँनिर एउटा अप्रासांगिक कुरो भन्न चाहन्छु । पञ्चअन्तर्धान सम्बन्धमा अर्थकथाचार्यहरूले क्रमशः अन्तर्धान हुनेछ भनी अनुमान गरिराखेका छन् । भन्नाको मतलब परमार्थदेखि जातकसम्मका सद्धर्महरू क्रमैसित अन्तर्धान (लोप) हुनेछन् रे । जातकहरूमा पनि महावेस्सन्तर जातक नै पहिला लोप हुनेछ रे । किन कि यो अरूभन्दा उत्तम जातक हो । यस्तो अवधारणाप्रतिको विश्वास जसमा दृढविश्वास गरिन्छ कि "भविष्यमा मानिसहरूको सामर्थ्य क्रमशः कमजोर हुनेछ । मस्तिष्क, बौद्धिक क्षमता पनि क्रमशः मन्द हुँदै जानेछ । गंभीर उपदेशका वचनहरू सुन्न चाहनेहरू रहनेछैनन् । सुनेतापनि बुझ्नेछैनन् । अन्ततः (अन्तिम पीढिका पालासम्ममा) सुवर्णसिरका पंक्षीको कथा अथवा चाउङकाब रचना जस्ता लौकिककथा (दन्त्यकथा) मात्र बाँकी रहनेछन् । त्यही नै पछि आउने जनताले सुन्ने उत्तमधर्म हुनेछ ।" यस्तो प्रकारको विचार वा कल्पनामा अभ्यस्त भएपछि कुनै पुस्तक रचना गरे पनि आफुखुशी धेरै धेरै कुराहरू प्रक्षिप्त गरेर मनोरंजक र आश्चर्यजनक कुराहरू थपिदिनेछ । पछि आउने दुर्जनहरूको तर्कनाको जवाफ दिन (समस्या सुल्झाउन) उनीहरूलाई आकर्षित गर्न, विश्वास गराउन यस्तो गरेका हुन् रे । यसमा विश्वासभएपछि, अभिरुचि भएपछि आकर्षित भएर खोज्दाखोज्दै गंभीर धर्मसम्म पुग्नेछन् रे । पुस्तकका रचनाकारको यो विचार साह्रै अतिशयोक्ति भयो । त्यस्ता

प्रयोजनयुक्त भएकाले असत्यवाद पनि ठानेनन् । त्यसैले जे पायो त्यही कथाहरू संग्रहित गरे । सीमा नाघेर जाँदा अरबियन नाइटका कथाहरू पनि जातककथासँग मिल्न आएका छन् । यस्तो विचार उत्पन्न हुनुको कारण छ – मानिसहरू देख्छन् कि बालख जन्मँदा उसलाई देख्ने व्यक्तिको उमेर धेरै भइसकेको हुन्छ र सो बालख आफूभन्दा धेरै अज्ञानी रहेको पाउँछ । सो बालख उसको जति उमेर पुग्दा उ मरिसकेको भइसक्नाले सो व्यक्तिले त्यो बालख ठूलो भएर आफूजति गुणवान् बन्छ, बन्दैन, हेर्नपाउँदैन । यथार्थ कुरो के हो भने लोकको उमेर जतिजति छिप्छ मानिसहरू दिनरात झनझनबढी ज्ञानको अन्वेषण गर्ने, प्रकाशित गर्ने हुन्छन् । पछि आउने पुस्ताहरू अहिले अध्ययन अन्वेषण गरिरहेकाहरूभन्दा छिटोछरिटो र सठिक जान्नेहरू हुनेछन् । जस्तै एउटा उदाहरण लिउँ – एउटा यस्तो मानिस छ जसलाई लाग्दछ कि पृथ्वीको एउटा ठाउँमा सुनचाँदीका ठूलो खानि छ । सो जान्ने मानिसले त्यो कुरो सत्य हो वा होइन पक्कापक्कि हुनेगरि भन्न सकेको हुँदैन । त्यहाँ खुदाइ गर्दासम्म पनि त्यो ज्ञान निश्चित हुँदैन । जब खनेर खनिज प्राइसकिएपछि त्यसलाई उबाएर ल्याई गलाएर सुनचाँदी तयार हुन्छ, अनि मात्र सो ठाउँमा सुनचाँदीको ठूलो खानि भएको थाहापाएको हुन्छ । जब पछि आइपुग्ने मानिसले सुनचाँदीलाई देख्छ अथवा त्यो खुदाइस्थल देख्छ र कसैले बताउँछ कि यी सुनचाँदी त्यो खानिबाट पाइएको हो अथवा सो खानिमा सुनचाँदिका भण्डारहरू छन् । उसले अर्को त्यो पहिला सुनचाँदिका खानिको खबर पाएर त्यसलाई खोजेर त्यहाँ खनेर सूनचाँदीलाई उबाएरल्याई पगालेर सुनचाँदि पाउनेलेभन्दा छिटो देख्छ र थाहापाउँछ । यो उपमामा

जस्तै नै हो पछि आउने पीढीहरू । उनीहरू आफ्ना पुर्खाका मेहनतबाट पाइएका ज्ञानविज्ञानका कुराहरूबाट युक्त हुनेछन् । ती कुराहरू गुरुआचार्यहरूले बताउँना साथ तुरन्तै थाहा पाइहाल्नेछन् । त्यसो हुनाले पछि जन्मनेहरूले राम्ररी शिक्षादीक्षा पाए भने पहिले सो ज्ञानको आफै अन्वेषण गर्ने मानिसहरूले भन्दा अति शीघ्र जान्नेछन् । त्यसो हुनाले पछि आउनेहरू आफूहरूभन्दा झनझन कमसलखालका मात्र हुनेछन् भन्ने दृष्टिकोण मिथ्या हो । ती अतिशयोक्तिपूर्ण कुराहरू अरुलाई उपकार गर्ने अभिप्रायले नै लेखिएको किन नहोस्, आश्चर्यचकित र बुद्धिले नभ्याउने बनाउनलाई नै किन नहोस्, उनका ती उद्देश्यहरू बिल्कुल असफल भएका छन् । बरु उल्टै विषयवस्तु जटिल, अलमल भएको छ र साँच्चैका असल र महान कुराहरू त्यसबाट छोपिन गएका छन् । किनकि ती कृतिका भनाइहरू पछिका बौद्धिक जनताले विश्वासगर्न अयोग्य कुराहरू हुन् । उनीहरूलाई त्यो कचराका डंगुरमा खोजेर कुनै सारयुक्त कुराहरू पाइएला भन्ने कुरामा नै शंका लाग्ने छ । यस्तो अवस्थामा यदि कोही साँच्चैको असल कुराहरूको खोजि गर्नका उत्साही छ भने उसले सर्वप्रथम त्यसमा भएका धूल र कचराहरू अलग्याइ फालिदिनु पर्नेछ र असल कुराहरू मात्र रोजेर लिनु पर्नेछ । साँच्चिकै लोप हुने कुराहरूमा अवश्य पनि ती साररहित कुराहरू पहिला पर्नेछन् । यदि मलाई त्यस बारेमा भविष्यवाणी गर्न लगाउने हो भने म त भन्छु जातक नै सर्वप्रथम लोप हुनेछ । किनकि यो धेरै गज्याङ्मज्याङ् कुराहरूले युक्त छ । सद्धर्मका कुराहरू सोझै स्वीकार गर्ने व्यक्ति नपाइएपनि त्यसको असल भावलाई त अवश्य पनि आचरण गरिरहनेछन् होला ।

कुनै व्यक्ति यद्यपि सोझै बुद्ध धर्मावलम्बी नहोला, तर भलादमी हो भने प्रायःगरि बुद्धका अर्तिउपदेश मुताबिक नै आचरण गर्नुपर्नेछ। यस्ता उदाहरण अहिले नै खोजेमा पनि हामी धेरै देखाउन सक्छौं । यदि भविष्यमा अहिले जति उत्तम हुनेछैन भन्ने अवधारणा बारेमा पहिलेदेखि यस्तै भनिंदै आएको छ भनिकन बिना आधार-प्रमाण ढिपि नै गरेमा उसको विश्वास यथावत् नै रहनेछ।

म अब भविष्यमा मानिसहरू मन्दबुद्धिका हुनेछन् भन्ने दृष्टिकोणको र विश्वासबारेमा चर्चा र आलोचना गर्न चाहन्छु। यो त्यसका अनुयायीहरूलाई महान हानि पुऱ्याउने विचार हो। किन कि यसबाट मानिसहरूलाई हतोत्साहित पारि हातखुट्टा खुम्च्याइ बसालिदिन्छ। कुनै कुरा सिक्न र सिकाउनमा जाँगर चलाउँदैन । यस्तो विचार हुन्छ कि जति चिन्तन गरेपनि, मिहेनत गरेपनि बेकार हो । किनकि हामी मन्दबुद्धि भइसकेका छौं । पहिलेकाहरू जस्तै बन्न सक्दैसक्दैनौं । यसप्रकार हतोत्साहित गरिदिने विचार हो यो । यो अवश्यमेव पतनोन्मुख विचार हो । त्यसो हुनाले जुन राष्ट्र यसरी मन्दबुद्धि हुने धारणामा विश्वास गर्दछ, अनि उसको इच्छाशक्ति र मेहनत पनि कम हुने हुन्छ। अनि त त्यो देशको प्रगतिको गति अरू त्यसरी मन्दबुद्धि हुने धारणा नहुने देशहरूको तुलनामा तीव्र नहुने भइहाल्यो । त्यसो हुनाले तपाइ हामी सबैले यो मन्दबुद्धि हुने सिद्धान्तलाई बिर्सीहालौं । आध्यात्मिक तथा सांसारिक सबै क्षेत्रमा ज्ञानी र कर्मनिष्ठ बन्नतिर मिहेनत गर्न सिर उठाऔं । हामी अझै हाम्रा पूर्वजहरूले जस्तै नै सफलता पाउन सक्छौं। अझ अवश्यमेव उनीहरूभन्दा बढी सफल बन्न सक्नेछौं।

माथि भनि आएको कुरो अवश्यमेव अप्रासांगिक हो । म यसका लागि क्षमायाचना गर्दछु । म यो कुरालाई नबोलिकन बस्न सक्दैसकिन । अब अन्त्यतिर आएर उनीसँग केही न केही भएपनि सम्झौता गरिहालौं । अब मैले यो भन्नुपर्ला कि धर्मात्मा राजा जो की भावी पुस्ता मन्दबुद्धिको हुने अवधारणामा खुपै विश्वास गर्थे, उनि आफै सुखोदय युगकाभन्दा धेरै मन्दबुद्धिका होलान् । त्यसैले विशाखपूजाको आयोजना नगरेका हुन् । तर यो रत्नकोशिन्द्र (बैंकक्) युगमा आएर फेरि हाम्रो बुद्धिको केही विकास भएको छ । त्यसैले बैशाखपूजा मनाएका छौं । यसलाई नै एउटा उदाहरण मान्नसक्छौं कि भावीपुस्ता पक्कै पनि मन्दबुद्धिका हुने होइन । जाँगर लगायौं भने अवश्यमेव विकास हुनसक्छ । तर तपाई बुझ्नोस् कि यो कुरो धर्मात्मा राजाबाट रचना गरिबक्सेको उपरोक्त महाजाति राजकीयमहाकाब्यको प्रारम्भमा लेखिएका राजाका विचारका बारेमा मात्र चर्चा गरेको हुँ । मौसूफबाट रचना गरिबक्सेको महाजाति महाकाव्यको म निन्दा गर्दिन । यो त थाइदेशकै एउटा उत्तम कृति हो ।

अब फेरि विशाखपूजा सम्बन्धी नै चर्चा गर्नेछु । त्यो दोश्रो राजाका पालादेखि चलाईआएको विशाखपूजा तेश्रो राजाका राज्यकालसम्म पनि उस्तै ढंगले चल्दै गयो । भन्नाको मतलब माथि उल्लेख गरिए मुताविकका सम्पूर्ण राजकुशल कार्यहरू प्रत्येक वर्ष गरिदैगयो । तर तेश्रो राज्यकालको अन्त्यतिर आएर वात्सुदर्शन देवबराराम निर्माण गरिबक्सेपछि त्यहाँको उपोसथागारको चारैतिर सप्तमहास्थान बुद्धमूर्ति राख्न बेदीहरू बनाउन लगाइबक्स्यो । अनि विशाखपूजाका अवसरमा बुद्धमूर्तिहरू बाहिर ल्याइ त्यहाँ बिसाई प्रथम सम्बोधिकथा देशना गर्न

लगाइयो । भद्रभलादमी दाताहरूलाई त्यहाँ धर्मदेशना सुन्न र घुम्दै ती बुद्धमूर्तिहरूको पूजा गर्न दिइयो । वात्जेतवन विहारमा पनि प्राकाररत्न (उपोसथागार घेरिएको पर्खाल) मा पनि दीपावली गर्नलगाइयो । अरू क्रियाकलापहरू पहिले जस्तै यथावत् नै रहे । अहिले जस्तो वात्बरश्रीरत्नशास्तारामा राजाको सवारी हुने चलन थिएन ।

चौथो राजाको राज्यकालमा आएर मङ्कुट राजाले आफू पहिले भिक्षु भइबस्दा जस्तै नै गरि विशाखपूजा मनाइबक्स्यो । त्यसको लागि तदनुसारका क्रियाकलापहरू थप्न लगाइबक्स्यो । भन्नाको मतलब धर्मयुक्त निकायका भिक्षुसंघले मनाउने जस्ता विधि सिंगै पछि थपिबक्सेको हो । पहिलेदेखि चलेका क्रियाकलापहरू त्यही माफिक चल्दैरहे । चतुर्दशी र पूर्णिमाका दिन राज्याभिषेक दिन पर्न आएकोले भिक्षुसंघलाई भोजनदान कार्यक्रम छोडिएको एउटा अपवाद थियो । कृष्णपक्षको प्रतिपदाको कार्यक्रम त यथावत् नै रह्यो । यो दिनमा अनन्तसमागम राजबैठकमा भिक्षुसंघलाई भोजन गराइने भएकोले कालानुकालतिथिका विधि शुद्धैश्वर्य राजबैठकमा सारियो । त्यहाँ राजअस्तुहरूलाई पुष्पक मण्डपमा निधान गरिन्थ्यो । राजा अनन्तसमागम राजबैठकमा भिक्षुसंघलाई भोजन गराइसकेपछि शुद्धैश्वर्य राजबैठकमा सवारिभई प्रकरणपाठ सुनिबक्सन्थ्यो । यसरी दुईवटा कामहरू जमघट भएको हुन्थ्यो । पछि मेरा पालामा शुभराज्याभिषेक दिवस बाह्रौं महिनामा सरिसकेपछि अनि पहिलेकै बमोजिम चतुर्दशी र पूर्णिमाका दिन भिक्षुसंघलाई भोजन गराउन थालियो । चौथो राजाका राज्यकालको मध्यतिर आएर राजकीय उपोसथागारको चारैतिरका बार्दलीमा उच्च स्तरिय राजकर्मचारिहरूले

टेबलसेटमा पूजाका सर्जामहरू सजाउने चलन गरिबक्स्यो । खुपै रमाइलो हुन्थ्यो । हुँदा हुँदा नक्कासि गरिएका बहुमूल्य टेबल सेटहरूको प्रतिस्पर्धा हुन थाल्यो । त्यसबेला हाम्रा देशमा भएभरका त्यस्ता सामग्रीहरू खोजीखोजी ल्याई जोरजाम गरेर सुहाँउदो ढंगले टेबलहरू मिलाइ साना ठूला हरेक प्रकारले सजाउँथे । त्यसमा सहभागीहरू सबैजना मिलेर राजाको दर्शनभेट गर्थे । राजाले पनि त्यहाँ भएका ती टेबल सेटहरूमध्ये कमसलखालकोलाई अगाडि ल्याउन लगाइबक्सन्थ्यो । जसको टेबलसेट यसरी अगाडि ल्याइयो, उसकोलागि यो लाजमर्दो कुरो हुन्थ्यो । त्यसैले खुप खोजखाज गरेर असलअसल सामग्रीहरू ल्याएर प्रदर्शित गर्नुपर्थ्यो । हुँदा हुँदा सारा ठाउँमा खोजेर मात्र लायक लायक टेबल सेट सर्जामहरू पाइने भयो । सामानहरूको मूल्य पनि चढ्यो । सबै जनाले खुपै परिश्रम गरेर खोज्थे । आजकलको सेरामिकका भाडावर्तनहरूको प्रतियोगिता जस्तै निक्कै लहरबाजि रमझम हुन्थ्यो । अनि त विशाखपूजाको दिन आइपुग्यो भने वात्बरश्रीरत्नशास्तारामम‌ा भिक्षु र गृहस्थीहरू, महिला र पुरुषहरूका भीडले खचाखच भइ खालि ठाउँ नै पाइदैनथ्यो । पछि आएर राजकुमार बरयाजोतिकराज श्रेष्ठिबुकले विचार गरे कि बहुमूल्य टेबल सेट सर्जामहरू पाउन छोड्यो । त्यसो हुनाले विभिन्न ढंगका नक्कासी भएका टेबलसेटहरू ६० जोर झिकाइयो । त्यसलाई प्रदर्शनीमा भाग लिनुपर्नेहरूलाई एकजोर को १० छङ् मूल्यमा बिक्री गरियो । त्यसबेलादेखि टेबलसेट सर्जामको त्यो खेल पनि फुंग भयो । पूरा सेट जुरेका पुराना सामानहरू नयाँ जस्तै उत्तिको पाइँदैनन् । सेट पूरा नजुरेपछि त्यसलाई ल्याएर प्रदर्शित गर्न पनि सकिन्न ।

किन कि नयाँसँग प्रतिस्पर्धा गर्न सक्दैन । तर ती नयाँ सेटहरू भने यद्यपि सेट पूरा जुरेका छन् तापनि प्रतियोगिता मचाउनेहरू यसलाई उत्तिको महत्व दिंदैनन् । किन कि यी त सजिलैसित पाइने हुन् । पुराना जस्तै खोज्नेलाई धेरै मेहनत पर्दैन । तिनका बुट्टा वा नक्कासी पनि पुरानाका जति उम्दा छैनन् । टेबलसेट सर्जामको खेल फिक्का हुन थालेपछि त्यो एउटा सरकारी औपचारिकता पूरा गर्ने मात्र हुन गयो । दर्शकहरू पनि उत्तिको हेर्न आउँदैनन् । राजाबाट नजर गरि बक्सेर स्तर निर्णय गर्ने काम पनि धेरै बर्षसम्म दोहरिदै जाँदा कौतुहलता कम हुन गयो । पछि राजाबाट त्यो खेललाई फेरिबक्स्यो । मौसूफले राजकर्मचारीहरूलाई आ-आफ्नो दर्जाको चिन्ह भएको छापवाल लालटिन ल्याएर झुण्डयाउनुपर्ने गरिबक्स्यो । राजाका आफ्नै तर्फकामा राजाकै छाप बनाएर राजकीय उपोसथागारका छैवटा दैलाहरूमा भुण्ड्याएर प्रदर्शित गर्ने चलन चलाइबक्स्यो । यो छापवाल लालटिन बनाएको पहिलो वर्षमा खुपै हल्लिखल्लि मच्चेको थियो । दर्शकहरू पनि पहिले टेबलसेट सर्जाम सजाउँदा भन्दा धेरै आए । ती लालटिनहरू राजकीय उपोसथागारको छेउछेउका लहरे सत्तलमा र चारैतिरको बार्दलीमा झुण्ड्याइएका थिए । मानिसहरूलाई पनि डुल्दै हेर्न सुविधाजनक थियो । साँझदेखि लिएर रातको ९।१० बजेसम्म पनि दर्शकहरूखालि हुँदैनथे । यसको धेरै वर्षसम्म लहरबाजी भयो । पछि यो पनि विस्तारै स्वाभाविक रूपले क्रमशः प्रभावहीन हुन गयो ।

अब मेरो राज्यकालमा आएर त्यो छापवाल लालटिनको खेलपनि प्रभावहीन भइसकेपछि राजकुमार क्रमखुन भुवनैय नृपेन्द्राधिपाल, राजकुमार क्रमखुन

चरनफलबूलस्वस्ति र राजकुमार प्रतिष्ठवरकारहरू मिलेर एउटा वृक्ष बनाए, जुन पहिले दरबारमा महाजाति देशना गरिने गद्दिको पछाडी भएको जस्तो थियो । त्यसमा विभिन्न कथानक दर्शाउने चित्रहरू थिए । त्यसलाई बाल्टिनमा सजाएर राजकीय उपोसथागारको ओसारा अगाडी तीनवटा रुखहरू सजाइएका थिए । यो काम फिरंगीहरूको खिष्टमास वृक्षजस्तै बनाइएको थियो । यसले पनि केही लहडबाजि भयो र केही दर्शकहरू पनि आए, तर पहिले पहिले त्यो टेबलसेट सर्जाम सजाउँदा अथवा छापवाल लालटिन बाल्दा जति धेरै भीड लागेन । पछि यो खेल पनि रसहीन हुनगए पछि गर्न छोडियो । विशाखपूजाको उपलक्ष्यमा जुन राजकुशलकार्यहरू पहिलेदेखि गरिंदै आइएका थिए, ती अहिले मेरो राज्यकालमा पनि यथावत् नै छन् । बरबुद्धरत्नस्थानमा बरबुद्धपुण्यरत्न भगवान्लाई आराधनागरि लगेर त्यहाँ स्थापना गरिसकिए पछि एक ठाउँमा थप पूजाको चलन गरिबक्सेका छौं । राजपरिवार र अन्तःपुरका महिला राजकर्मचारीहरूलाई हातमा मैनबत्ति लिन लगाई वात्बरश्रीरत्नशास्तारामममा जस्तै नै स्तुति पाठ गर्दै परिक्रमा गर्न लगाइबक्स्यौं । स्यानो आतिशबाजि सहित गरि मनाइने यो पूजा वर्तमान् राज्यकालमा थपिएको हो ।

अब आगे विशाखपूजाको उपलक्षमा वर्तमान् कालमा गरिने राजकुशलकार्यहरू सबैलाई एकत्र गरेर उल्लेख गर्नेछु ।

चतुर्दशी र पूर्णिमामा प्रतिदिन २० जना भिक्षुहरूको संघलाई अमरिन्द्रविनिच्छय राजबैठकमा भोजनदान गरिन्छ । पाठ गर्नुपर्दैन । तर कृष्णपक्षको

प्रतिपदा कालानुकालप्रकरण पाठ सुन्नेदिन हो । त्यसको लागि पहिलेदेखि उद्देश्यगरि प्रकरण सुनेर आएका राजअस्तुको संख्याजति भिक्षुहरू थपिन्छ र पूर्णिमाका दिन पनि पाठ गर्नुपर्छ । यो पाठ गर्ने काम हरेक धर्मश्रवणदिनमा चलन अनुसार भोजनार्थ पालैपालो गरेर निमन्त्रित हुने भिक्षुहरूका सत्तामा गर्नु परेको हो । अनि यो पाठ तुसिताभिरम्य राजबैठकमा सारियो । तुसिताभिरम्य राजबैठकमा हुने भिक्षुहरूका पाठ पूरा हुनेगरि सुन्न राजा राजहोइबक्सनुपर्छ भन्ने छैन । त्यसमा हरेक धर्मश्रवणका दिनमा मैनबत्ति बाल्न र पूजाका सर्जाम चढाउन सवारी हुने चलन राजा मंकुटका पालोदेखि चलिआएको यसप्रकार छ – यसको तयारी पालो पालो भोजन गर्ने भिक्षुहरूका स्वागतकक्षमा नै गरिन्छ । यसमा युद्धविराम मुद्राको भगवान् (दुबै हात वरद् मुद्राको उभेको बुद्धमूर्ति) दक्षिणतिर स्थापना गरिन्छ । बुद्धमूर्ति उत्तरतिर फर्केको हुन्छ । पाठगर्ने भिक्षुसंघ उत्तरतिर दक्षिणाभिमुख भइ बुद्धमूर्तितिर फर्केर बस्छन् । भिक्षुसंघलाई आसन पूरै राजबैठक ढाकेर वछ्याइन्छ, लस्करै होइन । बुद्धमूर्तिको अगाडि एउटा तलुममा पालो भोजनको सर्जाम हुन्छ । राजाको आसन भिक्षुसंघ र बुद्धमूर्तिको बीचमा राखिन्छ । यो नै राजाले दण्डवत् गरिबक्सने ठाउँ हो र पूर्वाभिमुख भएर राज होइ बक्सन्छ । राजा आभूषण उतारिबक्सन्न र तलवार पनि छोडिबक्सन्न । राजाबाट मैनबत्ति बालेर पूजासर्जाम चढाइबक्सन्छ, शीलप्रार्थना गर्नु पर्दैन । भिक्षुसंघलाई पानसुपारि, चियापत्ति, धूप मैनबत्ति चढाइसकेपछि प्रत्येक भिक्षुलाई एक एक सुक्कि अथवा फुअङ् मूल्य बराबरको वस्तु चढाउने हुकुम बक्सन्छ । पहिले नै अर्द्धचन्द्राकार गवाक्षमा ठिक्कपारि बस्ने खजाञ्चीले टक्र्याएको

दक्षिणालिई राजाले संघकारिलाई जिम्मा दिइबक्सन्छ । संघकारिले "विपत्तिपटिबाहाय ··· " वाक्य प्रार्थना गरि सकेपछि राजा फिर्ति सवारी हुन्छ । उपोसथ दिनको चलन अनुसार भिक्षुसंघले पाठ गरिसकेपछि विहारमा पाठ गर्दा जस्तै नै पाठको अन्त्यमा कर्तव्याकर्तव्य बताउनुपर्छ । यो विशाखपूजाको विधिमा पाठ गर्दा राजाले बाल्ने मैनबत्ति पनि उस्तै हो । तर भिक्षुसंघलाई दानदातर्ब्य सौंपिबक्सन्न । भिक्षुसंघले पालो पालोको पाठक्रमले होइन, सबै जनाले सँगै साधारण किसिमले सात सूत्रहरू पाठ गर्दछन् । पाठको अन्त्यमा कर्तव्याकर्तव्य बताउनु पर्दैन । तुसिताभिरम्य राजबैठकमा पाठ गर्ने चलनलाई फेरिएको चौथो राजाका पालामा मात्र हो । पालो पाठ पहिले पहिले मूलबैठकमा हुन्थ्यो र यो विशाखपूजामा पहिले विहारमा सवारिहुने चलन गर्नुभन्दा अगाडि तीनै दिनसम्म राजबैठकमा नै भएको देखिन्छ । चौथो राजाका राज्यकालमा विशाखपूजाको उपलक्ष्यमा गरिने बुद्धमन्त्रपाठ र संघभोजनको कार्य छोड्दा एक अवधिसम्म यो परम्परा टुट्न पनि गएको थियो । त्यसलाई मेरो पालामा साविक बमोजिम गर्न थालिएको हो । तर साँझपख वात्बरश्रीरत्नशास्तारामभा राजकुशलकार्य गर्न थालिएपछि त्यो पाठ गर्ने काम छोडियो । किन कि धेरै किसिमको अलमल हुन्थ्यो । तर पूर्णिमाको पाठलाई यथावत् नै राखिएको छ । किन कि यो पाठ हरेक उपोसथमा गरिने पालोपाठको क्रममा गरिने हो । छोडिएकामा शुक्लपक्षको चतुर्दशी र कृष्णपक्षको प्रतिपदाका कार्यहरू मात्र हुन् । विशाखपूजाको उपलक्षमा हुने पाठ र संघभोजन प्राय: अरू चलन चल्तिको काम जस्तै नै हो, कुनै फरक छैन । भिक्षुसंख्या पनि अरु

उपोसथका दिनको पालो भोजनमा जति नै हुन्छ । फरक यतिमात्र हुन्छ कि आमन्त्रित हुने २० जना भिक्षुहरू सबै नै राजागण (राजकीय सम्मान पाएका) पर्छन् । कालानुकाल प्रकरणपाठ श्रवण पनि अन्य कालानुकाल जस्तै हो । फरक भनेको त्यही एक पटकमा १०० जना गरि जम्मा ४०० भिक्षुहरूले प्रकरणपाठ श्रवण गर्दा दिइने सलाकभत्त नामक भोजन पात्रहरू पाउँछन् । विभिन्न राजकीय विहारहरूमा पठाइने राजदानका सामग्रीहरूमा सम्बन्धित काण्डको भेटि मैनबत्ति, गोहिको चित्र अंकित झण्डा पर्दछन् । पहिलो दिनमा यी सामग्रीहरू राजकर्मचारीहरूले ल्याएपछि परम्परा अनुसार राजाले लिएर भिक्षुसंघका अगाडि नै शिरमा छुवाइ संकल्प गरिबक्सेपछि मात्र विभिन्न विहारहरूमा पठाइन्छन् । प्रति विहार लालटिनबत्ति ४ थान र गोहिको चित्र भएको झण्डा १ थान हुन्छ ।

यी पूजाभाग पठाइने वात्(=विहार) हरूको फेहरिस्त यसप्रकार छः– वात्राष्ट्रपूर्ण, वात्-बरजेतुवन, वात्सरकेश, वात्महाधातु, वात्चक्रवर्ती राजावास, वात्संवेजविशयाराम, वात्जनसंग्राम, वात्सामफ्रया, वात्राजगृह, वात्गूहास्वर्ग, वात्-पाक्नाम्, वात्न्हाङ्, वात्नाङ्नअङ्, वात्राज-कूटियाराम, वात्याननावाराम, वात्राजाधिवास, वात्रघङ्घोसिताराम, वात्अमरिन्द्राराम, वात्तावतिंस, वात्चूडामणी, वात्फ्रयाथां, वात्नागकलाङ्ग, वात्-राजसिद्धाराम, वात्श्वेतछत्र, वात्मोलीलोक, वात्-हङ्साराम, वात्अरूणराजवराराम, वात्संखकचाय, वात्भगिनीनाट, वात्पवरमंगल, वात्पहपती, वात्-रङ्सीसुद्धावास, वात्पवरनिवेश, वात्खुअवाल्य, वात्-

पदुमगंगा, वात्ककाय्व (=वात्सम्बन्धवंश), वात्पवरस्थानसुद्धावास, वात्बफित्रभिमुख, वात्सोमनस्सविहार, वातथअङ्बगुण, वात्राजओरस, वात्प्रयूरवंशआवास, वात्अप्सरस्वर्ग, वात्नवलरदिश, वात्जोतनाराम, वात्रजताधिष्ठान, वात्काञ्चनसिङहासन, वात्पुप्फाराम, वात्खेमाभिरताराम, वात्जयबृक्षमाला, वात्महर्णबाराम, वात्परमनिवास, वात्देवधीता, वात्राजनत्ता, वात्तुसिताराम, वात्सुदर्शनदेववराराम, वात्वरश्रीरत्न शास्ताराम, वात्इन्द्राराम, वात्चन्दाराम, वात्थअङ्धर्मजाति, वात्कल्याणमित्र, वात्अनङ्गाराम, वात्छेलिमवरकीर्ति, वात्सुवर्णाराम, वात्पदुमवनाराम, वात्जिनोरसाराम । तर यी नामांकित ६६ वटा विहारहरूमध्ये कुनै पुराना छन् र कुनै नयाँ पनि । यस्तो लाग्छ कि यत्ति धेरै विहारहरू दोश्रो राज्यकालदेखि नै रहेका होइनन् होला । नयाँनयाँ विहार बनाई बक्सेपछि ती विहारहरूका लागि पनि वर्षावासका मैनबत्ति जस्तै पूजाभाग पनि थपेको होला । तर माथि दिइएका नामहरूमा रहेको वात्चूडामणी एउटा कुनचाहिं हो भन्ने थहापाउन सकिएको छैन । धेरै ठाउँमा भिक्षु र गृहस्थीहरूसँग सोधपूछ गरिसकेको छु, तर पनि कुनै सूचना पाउन सकिएन । सोद्धासोद्धै जाँदा कसैले पुरानो राजधानी (अयुध्या) का वात्चूडामणीतिर औंल्याए भने कसैले जवाफ दिन खोजे जस्तो गरेर पनि नाजवाफ भइ बसे । पछि गएर यो पुस्तकको पाण्डुलिपि तयार गरिसकेपछि राजकुमार क्रमम्हुनप्रचक्षले सहकर्मी

वाङ्ख्वालाई फेहरिस्तमा भएको तथ्यको आधारमा यो कुनै पश्चिमी किनाराको विहार हुनुपर्छ भनि सरजमिन गर्न पठाउँदा पाङ्मद नहरछेउका वासिन्दा वाङ्न्हा दरबारका प्रहरी ७८ वर्षीय श्रीकेत र उनका श्रीमती ७७ वर्षीया आंदाएङ्पान्ले खबर गरे कि मानिसहरूबाट पाङ्मद नहरको वात्यायरम भनिने वात्नै वात्चूडामणी हो । शुरुमा त्यसको निर्माता रम नामक बुढी थिइन् । त्यहाँ फल्याकका छाना भएको उपोसथागार एउटा, धर्मशाला (=पाठशाला) एउटा, कुटी एउटा थिए । त्यहाँ २० वर्षभन्दा बढी समयसम्म एकजना मात्र भिक्षु रहिआएको थियो । अहिलेका रजौटा श्रीसम्पत्तिपूथाववरचन्द्रले राजकीय उपोसथागार तीन कक्षीय र भिंगटीले छाएर मरम्मत र थप निर्माण गरिदिएका थिए । अझ भिंगतिले छाइएको कुटी एउटा, जंगली खरले छाइएका कुटीहरू चारवटा, फल्याकले छाइएको धर्मशाला एउटा, घण्टाघर एउटा थपेका थिए । यति बनाइ सकेपछि मंकुटराजालाई भिक्षुभइ बसेको बेलामै दान गरिएको थियो । सीमासम्मुति गर्नका लागि मौसूफ सवारी होइबक्स्यो । त्यसपछि यसलाई वात्चुडामणी भन्ने नाम राजदान भयो । यसपछि मौसूफ सातदिनसंम्म यहाँ गुप्तवास राजभयो । गुप्तवासको समय मौसूफ वात्को पछाडि रहेको बागमा रुखमाथि बनेको कटेरोमा राजभएको थियो । यदि वात्मा फिर्ति होइबक्सेमा धर्मशालामा राजहुन्थ्यो । वरश्रीसम्पत्तिले राजामंकुट भिक्षु भइवसेको बेलामा नै दान गरेको र राजा त्यहाँ सवारीभइ सो विहारमा

गुप्तवास राजभएको थियो भनिएको कुरो पक्कै पनि सत्य मान्न सकिन्छ । तर यसको नाम राजदान भएको भन्ने कुरोमा अझै शंका लाग्छ । पुराना उदाहरणलाई हेरौं – यदि यसको नाम राजा मंकुटबाट राजदान भएकोभए प्राय:गरि त्यसको कुनै न कुनै कारण हुनुपर्थ्यो । अथवा यो नाम तिनिहरू आफैले राखेको हो र पछि बद्धसीमा गरिबक्सनको लागि सवारी भएको र गुप्तवास राजभएको मात्र हो कि ? अर्को कुरो यो विशाखपूजाका दिनमा पूजाभाग पठाइने विहारहरू सबै राजकीय विहारहरू हुन् । रैतिले बनाएको यहि वात्चूडामणी एउटा मात्र छ । यदि यो विहार राजा मंकुटका पालामा बनेको हो, र जुन मौसुफलाई नै चढाइएको थियो भने मौसूफले यसलाई राजर्काय विहारको दर्जा किन बक्सेन ? मौसूफ गुप्तवास राज भएको – अन्य विहार जस्तै कि – वात्जयसिम्बली छ, त्यहाँ मौसूफ राजकीय कठिनदान गर्न सवारी नै भएको थियो । व्यक्तिगत कठिनदान पनि धेरै पटक भए, जुनमा शायद वरनिरन्तराय भगवान् दान गरिएको खेपपनि परेको थियो । तर यो विहारलाई पूजाभाग पनि किन राजदान भएन ? विहारहरूलाई राजकीय दर्जा प्रदान गर्ने गरेको त पहिले पहिलेका राजाहरूका पालामा नै बढी थिए । बढिसेबढि तेश्रो राजाका पालासम्म रह्यो । चौथो राजाका पालामा विहारहरूलाई राजकीय दर्जा प्रदान गर्ने गरेको थोरै छ, बरु अलग्याइएको छ । कित यो वात्चूडामणीलाई पहिलपहिलेका राजाहरूका पालामा राज दान गरि

राजकीय दर्जा दिइराखेकोलाई चौथो राजाले अलग्याइबक्सेको हो कि ? थाहा छैन । तर त्यो विहारहरूको फेहरिस्त पनि पूर्णरूपमा विश्वसनीय छैन । कुनै कामकुरालाई गर्न छोडिएमा त्यसलाई मेट्ने वा झिक्ने गर्दैनन् । नयाँ कामकुराहरू थपियो भने थप्छन् । त्यो पहिलेका पुराना नमेटिएका वा नझिकिएका कुराहरू पनि त्यसै छोडिएका हुन्छन् । त्यसमा भएकै अनुसार गर्नुपर्छ भन्ने छैन । यो वात्चूडामणीले पनि पूजाभाग नपाएको धेरै दिन भइसक्यो होला । अरू विहारहरूका बारेमा पनि शंका नै छ । यस सम्बन्धमा मैले कहिले पनि खोजिनीति गरेको छैन । त्यसैले मेरो राज्यकालमा बनेका नयाँ नयाँ विहारहरू यसवर्षको तोक फेहरिस्तमा परेका छैनन् । तर धर्मदेशना रहेका विहारहरू राजकीय मात्र होइनन् सामान्य विहारहरू पनि छन् । यसमा श्रवणार्थ आउनेहरूलाई सुविधा हुनेगरि धर्मदानको व्यवस्था होस् भन्ने राजाको सदिच्छा हो । त्यसैले हरेकतिर १०।१० वटा विहारहरू गरि एकदिनमा २० ठाउँमा धर्मदेशना हुन्छन् । त्यहाँ पठाइने (धर्मदेशना) भेटिहरूमा पढ्ने मैनबत्ति १ ओटा, धूप र मैनबत्ति १०।१० ओटा, कपडा एकटुकडा, एकढक्की उपभोग्य सामानहरू हुन्छन् । धर्मदेशना रहेका पूर्वतिरका १० वटा विहारहरू भनेको वात्राष्ट्रपूर्ण, वात्सरकेश, वात्सुदर्शनदेबवराराम, वात्बरजेतुबन, वात्महाधातु, वात्पदुमगंगा, वात्राजाधिवास, वात्पवरनिवेश, वात्जनसंग्राम, वात्चक्रवर्तीराजावास हुन् । पश्चिमतिरका १० वटा विहारहरू भनेका

वात्अरूणराजवराराम, वात्मोलिलोक, वात्हङ्साराम, वात्प्रयूरवंशावास, वात्रघंङ्घोसिताराम, वात्-सुवर्णाराम, वात्राजसिद्धाराम, वात्राजओरस, वात्न्हाङ् हुन् । धर्मदेशनाको भेटि तीन दिनसम्म विभागाध्यक्ष, सचिव, हाकिम र अधिकारि जस्ताहरूलाई दिइ चढाउन पठाइन्छ । यसरी जम्मा ६० काण्ड धर्मदेशना हुन्छन् ।

पछि चलेको त्यो बेलुकाको कार्यक्रम चौथो राजाका पालामा वरबुद्धपुष्यरत्न भगवान् चक्रवर्तीविमान राजबैठकको देवागारमा नै रहंदा प्रतिरात २ वटा राजकीय रुङ्मैनबत्ति हुन्थ्यो । तर त्यो पूर्णिमा र कृष्णपक्षको प्रतिपदाका दिनमा मात्र बालिन्थ्यो । काँचका किस्तिहरूमा विभिन्न किसिमका खाद्यभोज्य मिष्ठान्न फलफूलहरू राखि भगवान्लाई भोजन चढाउँदा जस्तै गरि एकाबिहानै देखि रातिसम्म चढाइने चढावाहरूका किस्तिहरू लगभग ९।१० वटा पुग्थे । चौकिमा राखेर फेञ्वन्बुध जलको भाँडो चढाइन्थे, जुन कि बाह्रौं महिनादेखि सारेर राखिबक्सेको हुन्थ्यो । अष्ट्रिच चराको अण्डा जसलाई ओढरेस पनि भनिन्छ धेरैवटा राखिन्थ्यो । यसलाई परित्राण धागोले बेरेर राखिन्थ्यो । एकाबिहानै भिक्षाटन गर्न अगावै एकचोटि र फेरि बेलुकातिर साँझदेखि ८।९ बजे अथवा १० बजे राजा पूजागर्न, भगवान्लाई भोजन चढाउन सवारी होइबक्सन्थ्यो । यसरी धेरै बेरसम्म प्रतिदिन पूजा कोठामा बसेर पूजापाठ गरिबक्सँदा कुरी कुरी विभिन्न बुद्धमन्त्र पाठ गरेर परित्राण जल बनाइबक्सन्थ्यो र अनेकदश विभिन्न पवित्रवस्तु कोरिबक्सन्थ्यो । अनि मात्र पुष्पबत्ति बालिबक्सन्थ्यो । जलमा राजकीय प्रदीप विसर्जन गर्दा

जस्ता पुष्पबत्ति मैनबत्तिको पुष्पगुच्छा १० गोटा मात्र हुन्थे । पछि वरबुद्धमन्दिरमा वरबुद्धसिहिङ् भगवान् नमस्कार गर्न सवारी भयो भनिएको छ, देवागारलाई छोडेर बुइगलको देवागारमा दर्शन गर्न सवारि होइबक्सेको पनि थियो । यस्तो हुँदा देवागारमा पूजासर्जामको प्रबन्ध गर्ने जिम्मा मलाई लगाइन्थ्यो र भगवान्लाई चढाइएका भोजन मैले फेर्नुपर्थ्यो । किन कि त्यहाँ आइमाइहरूको आगमन निषेध थियो । बेलुकातिर राजा त्यहाँ पूजा गर्न सवारी हुँदा पनि मैले नै सेवा पुऱ्याउन जानुपर्थ्यो । तर त्यहाँ के के गरें भन्ने कुरो केहि पनि याद राख्न सकेको छैन । त्यसबेला म भूतदेखि साह्रै डराएकोले सात्तोपुत्लो उडेको थियो । भऱ्याङ्बाट चढ्दा र ओर्लदा मात्र पनि हरेकचोटि खुट्टाको नलि फूट्थ्यो । यो कुरो मलाई राम्ररि याद भयो कि विशाखको बेला आयो कि मेरा खुट्टाका नलिमा घाउ हुनेछ । त्यो उतारचढाव गर्ने बाटो बाङ्गो तिङ्गो भएको हुनाले एक पाइला अगाडी सार्नासाथ आफ्नै पदचाप तिंङ्तिङ् बज्थ्यो । अनि भूतले खेदेको भन्ने लाग्थ्यो । नङ्ग्रात्र राजबैठकको छानामा राखिएको काठको भऱ्याङसम्म गए भने कौसिमा पुगिन्थ्यो । त्यहाँबाट भित्र आउँदा अँध्यारो लाग्थ्यो । डराएपछि पाइला पनि छिटो छिटो चालिन्छ । पातला काठका हुँदा भऱ्याङ्का खुडकिलाहरू धारिला भएकोले त्यसबाट खुट्टाको नलिमा काट्थ्यो । त्यसरी कति वर्ष गरें भन्ने कुरो याद रहेन । तर धेरै बर्ष गरें भन्ने लाग्छ । पछि त्यो चलन किन छोडियो, शायद शुभजन्मोत्सवको बेलामा आगलागि भएकोले हो कि ? त्यो पनि याद रहेन । किन कि त्यसबेला मेरो उमेर ९।१० वर्ष थियो ; यस्ता विधिहरू याद गर्नुमा ध्यान पनि थिएन । कसैसित सोधिहेर्दा पनि कुनै कामलाग्दो

जानकारी पाइएन । किनकि त्यहाँ कोही पनि चढेका थिएनन् । त्यसैले अहिलेलाई यत्ति मै चित्त बुझाउनुपर्ने भएको छ । तर यति त मलाई याद छ कि त्यहाँ रुङ्मैनबत्ति वरबुद्धपुष्यरत्नमा मात्र हुन्थ्यो । पछि आएर वरबुद्धसिहिंगमा एकजोडा हुनथाल्यो । मेरो राज्यकालमा बरबुद्धपुष्यरत्नलाई बुद्धरत्नस्थानमा सारि सकिएकोले चतुर्दशीमा रुङ्मैनबत्ति बालिन्न र प्रदीप यात्रा गरिन्न । पूर्णिमाको दिन र कृष्णपक्षको प्रतिपदाको दिनमा मात्र रुङ्मेनबत्ति बालिन्छ र प्रदीपयात्रा गरिन्छ । अनि सवारी भएर बरबुद्धसिहिंगमा रुङ्मैनबत्ति, राजकिय चैत्यमा चाउसेन (मुसलपानी) मैनबत्ति बालिसकिएपछि मात्र बुद्धरत्नस्थानमा रुङ्मैनबत्ति बालिबक्सन्छ र पूजा सामग्रीहरू चढाइबक्सन्छ । अभिवादन गरिसकेपछि पूजा पाठ गर्न उपासिकाहरूलाई मैनबत्ति वितरण गरिबक्सन्छ । अनि प्रदीपयात्रा गर्न निस्किबक्सन्छ । कलिलो उमेरकी राजपुत्रपुत्रीहरू, उपासिकाहरू, नृत्यपात्र बालबालिकाहरू, द्वारपालिकाहरूका साथ आफू प्रदीपयात्रा गर्दै दक्षिणतिरको पीपारत्न घुमेर वरबुद्धरत्नस्थानको पछाडिको ओसारो चढेर गई उत्तरतिरको पीपारत्न निर झरेर मुडी वरबुद्धरत्नस्थानको अगाडीको बार्दालीमा जम्मा हुन्छौं । (नोट : राजाबाट वर्णित यी स्थानहरू भट्काइसकिएकाछन् र वरबुद्धस्थान मात्र बाँकी छ) त्यसबेला अन्त:पुरवासीहरू बार्दलीका छेकबारको तल र माथि दुबै तलामा लहरै मैनबत्ति बालिबक्सन्छन् र राजकीय जलप्रदीप विसर्जन विधि गर्दाको राजकीय डुँगामा जस्तै छत्र ओढाइएका मैनबत्तिहरू बालिबक्सन्छन् । लहरेमैनबत्ति बालिने भाँडो तलको ओसारोमा हुन्छ । मन्दिरका भित्र र बाहिर सबै ठाउँमा वीणा वाद्य आदि बाजागाजाहरू खुपसित

घन्काइन्छन् । सजाइएकामा अन्त:पुरवासीहरूका छापवाल लालटिनहरू वरबुद्धरत्नस्थानको चारैतिरको बार्दलीमा झुण्ड्याइएका हुन्छन् । राजकुमार तोङ्को टेबल सर्जामको बेदि एउटा मन्दिर अगाडिको स्यानो ओसारामा स्थापना गरिएको हुन्छ । प्राकाररत्नका प्रत्येक कुनामा एक एकवटा, अमरेशसञ्चरद्वारनिर सत्तलमा दुईवटा टेबलसर्जाम, यति टेबलहरू दरबारियाहरूका रहेकाछन् । पर्खाल र भित्ताको लहरै सबै ठाउँमा लालटिन बत्तिहरूले जताततै उज्यालो भएको हुन्छ । राजकुमारी र रानीहरूले एक एक रात मै कुरिकुरि रुङ्मैनबत्ति बालिबक्सन्छन् । प्रदीपयात्रा सकिएपछि उपासिकाहरू पाठपूजा गर्छन् । राजाबाट हरेकदिन जनहि एक एकसुक्कि पैसा बक्सिस बक्सन्छ । त्यसपछि देवराजरूप भवनको अगाडि पुष्पमैन बाल्न सवारी हुन्छ । स्याना आतसवाजीका सामग्रीहरूमा पुष्पझाडी १० वटा, गमलाहरू १० वटा, स्यानाघरहरू १० वटा, फेनियङ्अण्ड ५० वटा हुन्छन् । राजाले त्यसलाई सल्काइबक्सँदा बाजाहरू बजाइन्छन् । यति सकिएपछि राजा थलायुङराजकिचद्वारबाट बाहिर सवारी हुन्छ ।

वात्बरश्रीरत्नशास्तारामको अगाडि मैनपुष्प बालिबक्सन्छ । मैनझाडी १० ओटा, लालटिनहरू झुण्ड्याइएका ४ वटा क्वालहरू, रुङ्अग्निपुष्प झुण्ड्याइएका ४ वटा क्वालहरू, विहारको अगाडि बनाएर पूजा गरिन्छ । वात्बरश्रीरत्नशास्तारामममा लहरे लालटिन प्रकाररत्नको छेवैमा वरबुद्धप्राङ्गप्रासाद, वरमण्डप, वरश्रीरत्नचेतिय, र वरउपोसथागारको घेरामा हुन्छन् । कर्मचारीहरूका छापवाल लालटिनहरू ओसारोमा र लहरे सत्तलहरूमा, दलानहरूमा जताततै केही ठड्याइ र केही झुण्ड्याइ राखिएका हुन्छन् ।

वरउपोसथागारमा उक्लेर मैनबत्ति बालि पूजासामग्री चढाइ रुङ्मैनबत्ति बालिसकेपछि पूजा गरिबक्सन्छ । तर दरवारका सदस्यहरूको र उच्च ओहदाका कर्मचारीहरूको रुङ्मैनबत्तिहरू बाल्न लैजानको लागि साँझपख राजा बाहिर सवारी हुन अगावै बिजुलीजन्य आगो राजदान गरिबक्सन्छ । दरबारका सदस्यहरूका, राजकर्मचारिहरूका रुङ्मैनबत्ति कहिलेकाहिं धर्मासनको किनारामा राखिने गरिन्छ । प्रायशः वरबुद्धयअद् फाचुलालोक भगवान्, वरबुद्धलअशल्हानभालय भगवान्का पादपीठका दुबै छेउमा राख्ने गरिन्छ । पछि आएर मैनबत्तिघर ७ वटा आयो । बरबुद्धयअद्फा भगवान्मा एउटा, बरबुद्धलअशल्हानभालय भगवान्मा एउटा राखियो । प्रणाम गरिसकेपछि पवित्रजलले मैनबत्तिमा छर्किसकेपछि फूलहरू धर्मासनको पछाडि र त्यसको माथि छरिबक्सन्छ । परिचारकले अनि ती मेनबत्तिहरू सौंपेर लिइ प्रदीपयात्रा गर्ने कर्मचारीहरूलाई बाँडीदिन्छन् र राजकीय उपोसथागार घेरिएको बार्दलिमा ठड्याउन्छन् । राजाले मूल मैनबत्ति बालेर हातमा लिई तल झरिबक्सन्छ र त्यसबाट राजकर्मचारीहरूलाई आआफ्ना मैनबत्ति सल्काउन दिइबक्सन्छ । त्यहाँ काम गर्ने जिम्मा लिएका लेखक र राजपण्डितहरूले सेता लुगा लगाएका हुन्छन् । तिनिहरूबाहेक त्यहाँ प्रदीपयात्रा गर्नेहरूमा विभिन्न विभागका उच्च ओहदाका राजकर्मचारीहरू, प्रहरिहरू रहेका छन् । मैनबत्ति सल्काइलिने काम भइसकेपछि बसेर भगवान्लाई दण्डवत् गरेर नमस्कार वाक्य पाठ गरिन्छ । अनि पछि उभिने गरिन्छ । एक जनाले नमस्कार वाक्य पढेपछि अरूले उसकै मुताबिक सबैले सस्वर दोहऱ्याउने गर्छ । अनि पछि प्राकाररत्न घेराभित्र वरउपोसथागारको

प्रदक्षिणा गर्ने गरिन्छ । राजपरिवारका कलिला सदस्यहरू अगाडि सवारि हुन्छन् । अनि पछि मात्र सेता वस्त्रधारिहरू, अन्य राजकर्मचारिहरू क्रमैसित हिड्ने गर्दछन् । भित्रको यात्राव्यूहमा रानीहरू अगाडी हुन्छिन् । अनि पछि द्वार पालिकाहरू र राजकर्मचारी दम्पतिहरू अर्को खेपमा मिसिनआउन राजकीय उपोसथागारको पछाडी पर्खेर बस्छन् । यो प्रदीपयात्रा गर्ने बेलामा राजकीय उपोसथागारको घेरामा लहरे बत्ति बालिने बारमा बत्ति बालिबक्सन्छ । अनि आफ्ना राजपुत्रपुत्रीहरूलाई मूलबत्ति राजदान गरेर प्राकाररत्न र लहरेबत्तिको बारमा बाल्न लगाइबक्सन्छ । तीनचोटी परिक्रमा सकिएपछि वरउपोसथागारमा उक्लिबक्सन्छ । फेरि त्यो काठले सजाइएको ठाउँमा र मूलभगवान्को पादपीठका चारैतिर मैनबत्ति बालि बक्सन्छ । यति गरिसकिएपछि विशाखपूजाको सम्बन्धमा मगध (पालि) र थाइ दुबै भाषामा धर्मदेशना सुनि बक्सन्छ । पहिलो दिनमा जन्मदेखि लिएर महापुरुष लक्षणको वर्णनसम्म, दोश्रो दिनमा महाभिनिष्क्रमणदेखि लिएर अनुत्तरसम्यक् सम्बोधिज्ञान लाभसम्म र तेश्रो दिनमा धर्मचक्र प्रवर्तनदेखि लिएर परिनिर्वाणसम्म हुन्छ । धर्मदेशनाको भेटिमा दानमा असल कपडाको चीवर एउटा, पानसुपारि, धूपमैनबत्ति, दक्षिणा ३ तांलिङ् र विभिन्न प्रकारका मिठाईहरू एकएकवटा ठिक्कखालका चाँदिका टेबलमा सजाइएका हुन्छन् । धर्मदेशना सकिएपछि त्यो दिनको सम्पूर्ण कार्यक्रम सकिन्छ । विशाखपूजामा चलाइने प्रत्येकको ६ सलिङ् पर्ने मैनबत्ति बुद्धरत्नस्थानको लागि ६०० वटा, वात्बरश्रीरत्नशास्तारामका लागि ३,००० वटा, वातपवरनिवेश, वात्राजप्रतिष्ठ, र वात्राजपबिध प्रत्येकलाई रुङमैनबत्ति एकएक जोडा सहित लहरे

मैनबत्तिहरू प्रत्येकलाई ५०० वटा राजदान हुन्छ । (नोटः वात्बरश्रीरत्नशास्तारामममा गरिने विशाखपूजाको विधि पछि पाँचौं राजाकै पालामा गरिएका परिवर्तनमा पूर्णिमाका दिनमा मात्र यो कार्यक्रम हुन्छ । त्यो दिन राजपुत्रपुत्रीहरू,राजकर्मचारीहरूकासाथ प्रदीप यात्रा गरिबक्सन्छ । कृष्णपक्षको अष्टमीको कार्यक्रम मनाउन छोडिएको छ ।)

कृष्णपक्षको अष्टमी (जुन कि भगवान्लाई दागबत्ति दिइएको दिन मानिन्छ) मा पनि फेरि एकचोटि पूजा र प्रदीपयात्रा हुन्छ । यसमा त्यों कर्मचारीहरूका छापवाल लालटिन मात्र झुण्ड्याइन्न । बुद्धको पार्थिव शरीरको पूजादेखि दशचैत्य निर्माणसम्म एउटा काण्ड धर्मदेशना हुन्छ । तर विहारलाई राजदान हुने रुङ्मैनबत्ति र लहरे मैनबत्ति यो दिनमा वात्परमनिवाशमा पठाइ बक्सन्छ । यसमा सादा मैनबत्ति प्रत्येकको १ पाद वजन भएको चलाइन्छ ।

पछि फेरि वात्पाङ्पइन् टापूमा वात्निवेशन-धर्मप्रवति निर्माण गरिबक्सेदेखि नै त्यसलाई रुङ्मैनबत्ति ३ जोर, सादामैनबत्ति प्रत्येकको १ पाद वजनको १,००० वटा राजदान गरिन्छ । यदि राजा पाङ्पइन्मा राजहोइबक्सेको भएमा त्यहीं वात्निवेशनधर्म प्रवतिमा वात्बरश्रीरत्नशास्तारामममा गर्दा जस्तै नै सवारीमा आएका राजपुत्रपुत्री र राजकर्मचारीहरू अनि स्थानीय उपासक उपासिकाहरूका साथ प्रदीपयात्रा गरि सकेर थप एउटा काण्ड विशेष धर्मदेशना श्रवण अटूट रूपले गरिबक्सन्छ । वात्बरश्रीरत्नशास्तारामममा पनि यथावत् कार्यक्रम गरिन्छ, कुनै किसिमको कमी हुन दिइन्न । पछि आएर कृष्णपक्षको अष्टमीका दिन प्रायः गरेर

वात्वरश्रीरत्नशास्तारामममा भन्दा वात्निवेशनधर्मप्रवतिमा नै सवारि हुन थालिबक्स्यो ।

यो विशाखपूजाका बारेमा मेरो सुझाव यस्तो छ कि जुन त्यो छापवाल लालटिन बनाउनुपर्ने गरिएको छ, त्यसो गर्न अलसि मान्नेहरू पनि छन् । गर्न चाहँदैनन् र बहाना बनाउँछन् । त्यो बनाउनुपर्ने गरिएको भनेको मतलब के हो ? हुकुममा फरक पारेर विभिन्न तालले घुमाउरो वाक्य लगाएर बनाउने काम नगरिकन नै उम्कनखोज्नेहरूमा बनाउनुपर्ने भनेकोलाई खुरुक्क मानिलिनेहरूभन्दा आफूलाई चलाख ठान्नेहरू पनि छन् । त्यसै बसियो, कुनै प्रकारको छलकपट गर्ने विचार गरेको थिएन तर बिर्सेर चुपचाप बसिएकोले पनि नगर्नेहरू छन् । लालटिन बनाउँदा कुनै ठूलो लगानी गर्नुपर्ने पनि होइन, एकचोटि बनाएपछि जिन्दगीभर चलाउन मिल्छ । त्यो बाल्न लगाउने लालटिन पनि जनहि एउटा मात्र हो । कुनै धेरै खति हुने होइन । कुरा बँग्याउनु, बेवास्ता गर्नु उचित होइन । कुरा बँग्याएपनि चतुरतारहित देखिन्छ । तिनीहरूकालागि त्यो कुनै सम्मान् र प्रतिष्ठा होइन । शाही परिचारकले मैनबत्तिको किस्ति तयार राख्नुपर्छ । पहिले जस्तै नै धर्मश्रवणको मैनबत्ति सौंपेरलिन बसिराख्नुपर्छ । त्यो काममा त कुशल नै देखिन्छ, चिच्याउनुपर्ने कारण छैन । अब एउटा कुराको हाहाकार भइराखेको छ – त्यो हो, बिजुली (सौरशक्तिको लालटिन) । पुण्यानुमोदन गर्ने स्यानो सुराहीको पनि त्यही हालत छ । परिचारकहरू झिकाउन मन पराउँदैनन् । भित्रबाट पनि कसैले पठाउने इच्छा गर्दैन । विशाखपूजा भन्नेबित्तिकै त्यो तीन दिनमा एक न एक दिन आगो बाल्न नसकिराखिएको हुन्छ । यस्तो गति हरेकवर्ष भइ रहन्छन् । टीका, आभूषण, मालाहरूको

बारेमा पनि केही विचार गर्नुपर्ने कुरा छन् तर त्यो कहिलेकाहि मात्र हो । यी बाहेक अरु बाँकि कुराहरूमा कुनै चीजको कमि छैन । किनकि प्रतिवर्ष सधैं सधैं गर्दै आइएको हो, कुनै नयाँ विशेष कुरो होइन ।

(थाइ राजा चुलालङ्कर्णका राजनिबन्ध "बाह्रमहिनाका राजविधि" बाट अनुदित ।)

धर्म परिवर्तन गर्न खोज्नेहरू लाई थाईराजाको जवाफ

धेरै वर्ष पहिले, थाईदेशको राजधानी श्री अयुध्यानगर समृद्ध नै रहेको बेलामा अनेक राजाहरूले क्रमश: राज्यभोग गर्दै आई प्रासादथअङ वंशका नारायण नामक राजा होइबक्स्यो । मौसूफ राजनीतिमा पोख्त तथा कुशल योद्धा होइबक्सन्थ्यो । धेरै परपरसम्म आफ्नो राज्यको सीमाना बढाइबक्सेको थियो । आफ्नो राजनीतिक कुशलताले गर्दा धेरै देशका धेरै भाषाभाषी विदेशी तथा फिरंगीहरू जो व्यापार गर्दै आफ्नो उपनिवेश बढाउँदैथिए, लाई समेत निक्कै सम्मान गरी पालन गरिराखिबक्सेको थियो । मौसूफका सेनापतिहरूमा एकजना फिरंगी सेनापति पनि थियो । धर्मप्रचारक पादरीहरूलाई पनि मौसूफबाट अनेक प्रकारबाट निगाह बक्सेको थियो । जस्तै मौसूफबाट ख्रिष्टानहरूको पाठ पूजा गर्ने गिर्जाघरको निर्माण र धर्म प्रचार गर्नमा पूर्ण स्वतन्त्रता आदि बक्सेको थियो । यसले गर्दा मौसूफको यस्तो यशकीर्ति फैलिन गयो – "श्यामदेशका राजा ख्रिष्टान धर्ममा ख़ुबै रुचि लिइबक्सन्छ ।" यो हल्ला सारा यूरोपमा फैलियो । विशेष गरी फ्रान्सको राजदरबारका फिरंगी पादरीहरूले ठाने – "यदि राजालाई ख्रिष्टान धर्ममा श्रद्धालु बनाउन सक्यो भने सारा श्याम देशवासीहरूले त्यसै धर्मपरिवर्तन गरिहाल्नेछन् ।" अनि श्री अयुध्या नगरमा बसिसकेका केही पादरीहरूले तत्कालीन फ्रान्सका राजा ल्हुइस चौधौं (Lousi XIV) का समक्ष नारायण राजालाई औपचारिक रूपमा धर्म-

परिवर्तन गर्नका लागि आमन्त्रण गराउन यस्तो बिन्ती चढाए – "धेरै जनता र धेरै ठूलो देश-प्रदेश श्यामदेशका राजालाई ख्रिष्टान धर्ममा श्रद्धालु बनाउन सकिबक्स्यो भने यसबाट मौसूफको यशकीर्ति फैलिनेछ ।" ख्रिष्टान धर्ममा कट्टर रहेका राजा ल्हुइस चौधौंलाई यो कुरा साह्रै चित्तबुझ्यो । फ्रान्सको सरकारले पनि यसलाई उचित ठहऱ्यायो । त्यसो हुनाले राजा ल्हुइस चौधौंका नाममा श्री सेवालिया दे अशोमअङ्त (Chevalier de chaumont) को प्रमुखत्वमा, पादरी शुवशीका उपप्रमुखत्वमा र श्यामका राजालाई दीक्षा दिने पादरी समेत गरी एउटा राजदूत मण्डली अनेक समुद्र पार गरी चाउबरया नदी किनारको बन्दरगाहमा श्री अयुध्या नगरमा सितम्बर महिना बुद्ध सम्बत् २२२८ (सन् १६८५) मा आइपुग्यो ।

त्यसबेला थाइदेशको विदेशसँग सम्बन्ध राख्ने मामलामा एउटा महत्वपूर्ण व्यक्ति थिए, भारदार विजायेन्द्र (Constantin Phaulkon कअङ्स्ताङ् फअन् कअन्) जो ग्रीक जातिका एक मात्र उच्चस्तरीय फिरंगी सेनापति थिए, तर थाइभाषा राम्ररी जान्दथे । राजाका साह्रै कृपापात्र थिए । फ्रान्सेली राजदूत मण्डली चाउबरया नदीबन्दरगाहमा आइ पुगेको थाहा पाउनासाथ भारदार विजायेन्द्रलाई पूर्वअनुमान भयो कि दूत मण्डलीको राजालाई धर्मपरिवर्तन गर्न आह्वान गर्ने उद्देश्य पनि रहेको छ । अनि आफूसँग व्यापारिक मामलामा छलफल गर्न आएका सो मण्डलीका सदस्यहरूसँग सोधे – "सामान्य रूपले थाइराजाको दर्शनभेट गर्नुका अलावा राजामा बिन्ती चढाउने अरू पनि कुनै कुरो वा सन्देश छ कि ?" उनीहरूले भने अस्पष्ट जवाफ दिए । भोलिपल्ट विहान श्री अयुध्या

नगरका खि्रष्टान धर्मका प्रमुख धर्मगुरु देअमेतेलोपोलिश भारदार विजायेन्द्रको निवासमा भेट्न आए । अनि भारदारले पहिले प्रमुख राजदूतसँग जहाजमा भेटेर आइसकेका प्रमुख धर्मगुरुसँग राजदूत मण्डलीको आगमन बारेमा सोधे । उनले जवाफ दिए "हो, ठूलै उद्देश्य रहेको छ, श्यामदेशका राजालाई धर्मपरिवर्तन गर्न आह्वान गर्नु ।" भारदार विजायेन्द्र गहिरोसित झसंगिए । उनले भने, ल्हुइस राजालाई मानिसहरूले छकाए । कुनै पनि हालतमा नारायण राजाले धर्म परिवर्तन गरिबक्सने छैन । प्रार्थना गर्ने गिरिजाघर बनाइ दिंदैमा, पादरीहरूलाई सहुलियत दिंदैमा राजाले खि्रष्टान धर्ममा श्रद्धा गरेको भन्ने ठहर्दैन । यति गर्दैमा राजाले धर्मपरिवर्तन गर्नको लागि पर्याप्त छैन । प्रमुख धर्मगुरु पनि यो कुरामा सहमत भई बोले, मौसूफले कसरी धर्म परिवर्तन गरिबक्सनेछ भन्ने कुराको कुनै अत्तोपत्तो मलाई पनि छैन, किन कि मौसूफ बुद्धशासनमा अझै प्रबल श्रद्धा राखिबक्सन्छ । अनि भारदार विजायेन्द्रले प्रमुख धर्मगुरुलाई वचनबद्ध गराए, उनी राजदूतमण्डलीको धार्मिक मामिलाको कुरो बिल्कुल अनुवाद गर्ने छैन । किनभने त्यो कुरो राजाको इच्छाको बिरुद्ध पर्ने डर थियो । पछि श्रीशेवालीया दे अशोमअङतसँग भेंट्ने मौका पाई भारदार तिजायेन्द्रले राजासँग धार्मिक मामिला सम्बन्धी बिन्ती चढाउनु उचित हुनेछैन भन्ने विषयमा स्पष्टिकरण दिए । तर हरेक कुरालाई विभिन्न आयामबाट व्याख्या गरी सुनाउँदा पनि श्रीशोमअङतले भने यसमा कुनै ध्यानै दिएनन् । उनले जिद्दि गरे, मैले फ्रान्सका राजाको हुकुमलाई कडाइकासाथ पालना गर्नुपर्छ । अनि नारायण महाराजासँग दर्शनभेट गर्दा श्री शोमअङतले धर्म परिवर्तन गर्ने कुरो पनि बिन्ती चढाइहाले । तर उनी

थाइ भाषा बोल्न जान्दैनथे । भारदार विजायेन्द्रबाट अनुवाद गराउनुपर्थ्यो । तर भारदार विजायेन्द्रले त्यसको अनुवाद गरिदिएनन् । अरू नै केही कुरा बोलिदिए । पछि श्री शोमअङतले त्यसको यथार्थता थाहापाइ सेनापतिदेखि साह्रै रिसाए । अनि श्री शोमअङतले सन्देशपत्र नै नारायण राजालाई चढाउने तरिका अपनाए । यसपालि भने अनुवाद गरिदिन करै लाग्यो । यसको अनुवाद भने राजा राजसिंहासनमा राज भएको बेलामा गरिदिए । फिरंगी जातिका थाइ सेनापति भारदार विजायेन्द्रले राजा रिसाइबक्सेला भन्ने कुराको डरले पनि साह्रै गहारो माने । त्यसो हुनाले पहिले नै राजासँग दोष भएमा माफि मागिसकेपछि सो सन्देशमा भएका कुराहरूलाई पूर्णरूपले अनुवाद गरी टक्र्याए । त्यसको मजबून एउटै धर्म मान्न आह्वान गरिबक्सेको हो, जसबाट असल मैत्री सम्बन्ध झन नजिक र बलियो हुनेछ । त्यसमा भनिएको थियो कि नारायण राजाले आफ्नो राज्यलाई विस्तृत पार्न सकिबक्सेको पनि संसार बनाउने परमेश्वरको कृपाले नै हो । अन्तमा अनुवादकले आफ्नै तरफबाट पनि बिन्ती चढाए, यदि राजाले धर्मपरिवर्तन गरिबक्स्यो भने आफू हजारजन्मसम्म बाँच्ने भएपनि सरकारको लागि ज्यान चढाउन तयार छु । अझ थप बिन्ती गरे, राजदूतका आशयका विपरीत हुकुम भएमा सो कुरो राजदूतकहाँ बताउन जाने काममा आफूलाई लगाइ नबक्सियोस् ।

भारदार विजायेन्द्रले लामो बिन्ती चढाइरहेको सबै कुरो राजाले चुपचाप सुनिबक्स्यो । सन्देश बिन्ती चढाउने काम सिद्धिएपछि राजाबाट सोधिबक्स्यो – "राजा ल्हुइसलाई कसले बिन्ती चढायो कि म खृष्टान धर्ममा श्रद्धा राखिबक्सन्छ भनेर ?" भारदार विजायेन्द्रले बिन्ती चढायो – "त्यो त मलाई थाहा छैन, तर

हुनसक्छ, कि फ्रान्सका राजाले देखे – सरकारले पादरीहरूलाई अनेक सहुलियत बक्सेको छ । यही नै मूल हेतु भएको देखिन्छ । अझ यी राजदूतलाई थाहाभएको छ, ईरानका दूतहरूले मौसूफलाई अध्ययन गर्नको लागि कुरान धर्मग्रन्थ चढाएका छन् । त्यस्तै मुहम्मद मतमा परिवर्तन हुनका लागि आह्वान पनि गरेका छन् । त्यसो हुनाले नै यिनीहरू पनि तुरन्तै ख्रिष्टान धर्ममा परिवर्तन हुन आह्वान गर्न हतारेका होलान् ।"

राजाबाट हुकुम भयो –

"मलाई यी फ्रान्सेली राजदूत मण्डली अझै यहीं रहुन् भन्ने साह्रै इच्छा लागेको छ ताकि उनीहरूले देखुन् कि मैले ती पार्शियन (अर्थात् ईरानी) राजदूतहरूलाई कसरी जवाफ दिनेछु । तर यो यथार्थता हो कि यदि मैले कुनै पनि धर्म मानिआएको नभएतापनि कुनै पनि हालतमा मुहम्मद मतलाई रोज्ने थिएनौं । तर पनि फ्रान्सेली राजदूतलाई जवाफ दिने कुरोमा तिमी गएर मेरो तर्फबाट यसो भन – "म फ्रान्सेली राजाप्रति गहिरो आभार व्यक्त गर्दछु जसले यस्तो बिध्न मप्रति मैत्रीभाव प्रकट गरिबक्स्यो । फ्रान्सेली राजाको मेरोप्रति रहेको मैत्रीभाव सारा पूर्वेली देशहरूमा प्रचार भएको छ । त्यसो हुनाले धेरै धेरै धन्यवाद छ । तर मेरा प्यारा मित्र फ्रान्सेली राजाले यस्तो बिध्न कठिन काम गर्न सुझाव पठाएको छ, जुन बारेमा मलाई कुनै ज्ञान नै छैन । मलाई यसमा साह्रै खेद लागेको छ । फ्रान्सका उच्च ज्ञानी-बुद्धिमानी राजाले यो कुरोमा विचार गरिहेरुन् । मैले आफ्नो पुर्ख्यौलीदेखि २,२२९ वर्षसम्म मानिआएको बुद्धधर्मलाई छोड्नु भनेको कति गंभीर र मुश्किल हुन्छ होला । अर्को कुरो मलाई मेरा प्यारा मित्र फ्रान्सका

राजाप्रति झन् बढी आश्चर्य यो कुरामा लागेको छ, मौसूफले ईश्वरका काम आफै गरिबक्सेको रहेछ । हामी देख्दछौं एउटा कुरामा ईश्वरले कुनै प्रकारको पक्षपात गरेका छैनन् – हामी सबैजनाका शरीर छन्, विज्ञाण छन् । ती समान प्रकृतिका रहेका छन् । यी सबै कुराहरू ईश्वरले नै बनाइदिएका होइनन् र ? यदि ईश्वरले सबै मानिसहरूलाई एउटै धर्म मान्ने बनाउन खोजेको भए उनले सबै मानिसहरूलाई एउटै धर्मावलम्बी बनाइ जन्माउने थिएनन् र ? तर ईश्वरले पनि त्यसरी गर्न चाहेका छैनन् । उल्टै विश्वभरमा अनेक धर्महरू बन्नदिएका छन् । अब यस्तो भएपछि मैले यो विश्वास गर्नु उचित छैन र ? ईश्वरको यो इच्छा रहेको छ, मानिसहरू उनलाई विभिन्न तालले विश्वास गरुन्, विभिन्न सिद्धान्त अनुसार पूजा गरुन् । जस्तै हामीले देखिआएका छौं, विभिन्न समुदायहरू आ-आफ्नो मत अनुसार ईश्वरलाई विश्वास गर्छन् । तर जस्तो भएपनि हामीलाई थाहा भएकै कुरो हो, यी सबै कुराहरू कसरी हुने हुन्, त्यो ईश्वर कै इच्छामा निर्भर छ । उनी जस्तो चाहन्छन्, उस्तै हुन्छ । त्यसो हुनाले म आफ्नो शरीर र राज्य ईश्वरका जिम्मामा छोड्दछु । अब असल वा खराब जे हुन्छ, त्यो ईश्वरेच्छा । ··· ।"

(स्रोत – समतेज नारायणका पालाका फ्रान्सेली व्यापारीमण्डल)

यस प्रकार राजाबाट उत्तम तरिकाले उपायकुशलपूर्ण ढंगले कमलफूल पनि नबिग्रने, पानी पनि नबिटुलिने गरी खिृष्टानमतकै कुरोलाई अगाडि सारेर जवाफ दिइबक्सिसकेपछि राजाले भारदार विजायेन्द्रसँग सोधिबक्सियो – "साँच्चिकै ती मैले

उठाएका विभिन्न कुराहरूका बारेमा फ्रान्सेली राजदूत के भन्नेछन् होला ?" भारदार विजायेन्द्र, जसलाई सोमअङतका ढिताहा स्वभावलाई उचित जवाफ हो भन्ने त लागेको होला, तर आफू पनि खृष्टान धर्मावलम्बी भएको हुँदा निराश पनि भएका हुनन्, ले राजाको प्रश्नको जवाफ टक्राए – "फ्रान्सेली राजदूत के जवाफ दिन सक्थ्यो र, किन कि सरकारबाट हुकुम भएका सबै अति नै महत्वपूर्ण कुराहरू हुन् । तर फ्रान्सेली राजदूत पनि सरकारको चातुर्य र सामर्थ्यको सराहना नगरिबस्न सक्दैन । ... ।"

अनि भारदार विजायेन्द्रले पनि मन नलागि नलागिकनै श्री शोमअङतलाई राजाको हुकुम मुताबिक जवाफ लेखे र श्री शोमअङत पनि अवाक् भई आँखामात्र झिम झिम गरिरहे । पछि अब कुनैबेला आह्वान गर्ने बाटो समेत बन्द हुन गएको थियो । आफूले पहिले बिन्ती चढाएका थिए – "राजाबाट शत्रुहरूलाई पराजित गरी धेरै राज्यविस्तार गर्न सकिबक्सेको ईश्वरको थपाले नै हो ।" त्यसैले राजाले आफ्नो ईश्वरकै दुहाइ दिएर हुकुम बक्सेको थियो – "संसारमा अनेक कुराहरू बनाउने, चलाउने त्यो ईश्वरले नै यसपालि पनि मौसूफको मनमा श्रद्धा जगाउन् । अन्ततः राजा चौधौं ल्हुइस, फ्रान्सका सरकार र सारा खृष्टानहरू निराश हुनुपऱ्यो । तर पनि श्यामदेशका राजाप्रति उनीहरू रिसाउन मिलेन । धर्म परिवर्तन गर्न खोज्ने खृष्टान राजदूतमण्डलीलाई थाई बौद्धराजाको जवाफ यस्तै थियो ।"

(आनन्दभूमि २६/११-१२)

"विद्यावारिधि" बाट विभूषित
भिक्षु अमृतानन्द महानायक महाथेर

(३० जनवरी, बु.सं. २५३१ मा राजकीय संरक्षणमा रहेको संघ विश्वविद्यालय महाचूलालंकरण राजविद्यालयले स्थानीय उपोसथागार वात्महाधातु, युवराज राङसृष्टि, बैंकक महानगरमा गरेको दीक्षान्त समारोहमा वि.बौ.भ्रा.सं. का उपाध्यक्ष, नेपालका भिक्षु अमृतानन्द महानायक महाथेरलाई मानव-समाज शास्त्र शाखा, बुद्धशास्त्र तुष्टी पण्डित कित्तिमशक्ति विद्यावारिधि विश्वविद्यालयका कुलपति सोमदच फ्रा बुद्धाचार्यबाट मानार्थ प्रदान भयो ।)

प्रशंसा अभिनन्दन पत्रको विवरण

"भिक्षु अमृतानन्द महानायक महाथेर मानव-समाज शास्त्र शाखा, बुद्धशास्त्र तुष्टी पण्डित कित्तिमशक्ति" को प्रशंसा अभिनन्दन

राजकीय संरक्षणमा रहेको यस महाचूलालंकरण राजविद्यालयको २७ अक्टूबर २५३० मा बसेको ६/२५३० औं सभामा सर्वसम्मतिबाट निम्न कुरा पारित भएको छ ।

नेपालका भिक्षु अमृतानन्द महानायक महाथेर नेपालको पश्चिमी भाग हिमालय पर्वतमा रहेको तानसेन नगर, जुन भगवान् बुद्धको पवित्र जन्मस्थल लुम्बिनीबाट ६० कि.मी. मात्र पर स्थित छ, को एउटा शाक्यकुलमा बुद्धसंवत् २४६२ मा जन्मभई लालकाजी शाक्य भनी

पूर्व-नामका १८ वर्षको उमेरमा बुद्ध परिनिर्वाणस्थल कुशीनगरमा प्रव्रजित भई बुद्धधर्मको शिक्षा हासिल गर्न बर्मा तथा श्रीलंकामा जानुभई श्रीलंकामा उपसम्पदा हुनु भएका "अमृतानन्द" भिक्षु नाम पाएका हुनु हुन्छ।

अध्ययन पूरा भएपछि नेपालमा फर्केर थेरवाद धर्म प्रचार गर्न जानुभयो । अबौद्ध सरकारद्वारा विरोध भयो । तर आफ्नो धैर्य र प्रयासद्वारा नेपालका राजा र सरकारको हृदय परिवर्तन गरी बुद्धशासनको विकास गर्नुभयो । भिक्षु अमृतानन्द महानायक महाथेर नेपाली बौद्धहरूको नेता भई चौथो र पन्ध्रौ गरी दुईपटक विश्व बौद्ध सम्मेलन गर्न, बैशाख पूर्णिमाका दिन सार्वजनिक बिदा घोषणा गर्न तथा संयुक्त राष्ट्रसंघको योजना मुताबिक भगवान् बुद्धको पवित्र जन्मस्थल लुम्बिनीको विकास गर्न छुट्यो नेपालका सरकारलाई आह्वान गर्ने व्यक्ति हुनु हुन्छ।

भिक्षु अमृतानन्द महानायक महाथेर धर्मोदय सभा नामक नेपाली बौद्ध परिषद्को संस्थाका संस्थापक हुनु हुन्छ । आनन्दकुटी विद्यापीठ भन्ने बुद्धधर्म अनुरूप प्राथमिक र माध्यमिक शिक्षा दिने विद्यालय र आनन्दकुटी विहार गुठी नामक बुद्धशासन प्रचार प्रसार गर्न चाहिने अक्षयकोषको स्थापना, जसबाट आनन्दभूमि नामक नेपाली र नेपाल भाषामा पत्रिका प्रकाशित गर्दैछ, का संस्थापक हुनुहुन्छ।

भिक्षु अमृतानन्द महानायक महाथेरले अखिल नेपाल भिक्षु महासंघ स्थापना गर्नुभयो । साथै वहाँ यसका अध्यक्षपदमा चुनिनुभयो । विदेशमा हुने बौद्धसभा सम्मेलनका लागि जाने बौद्ध प्रतिनिधिहरूका प्रमुख भई धेरै पटक विभिन्न देशमा जानु भएको छ । जस्तै

श्रीलंका, भारत, बंगलादेश, चीन, जापान, कोरिया, मंगोलिया, रुस, ताइवान, पाकिस्तान, फ्रान्स, बिलायत, मलेशिया, अमेरिका र थाइल्याण्ड आदि । यसरी उहाँले विदेशमा प्रशस्त धर्म प्रचार प्रसार गर्नुभएको छ ।

भिक्षु अमृतानन्द महानायक महाथेरले रेडियोबाट धर्म-देशना गर्नु भएको छ । वहाँका लेख-निबन्ध बिभिन्न पुस्तकहरूमा प्रकाशित भएका छन् । त्रि-पिटकमा वहाँ धुरन्धर हुनुहुन्छ र त्यसको मूल ज्ञान नेपाली र नेपाल भाषामा गरी उहाँका अहिलेसम्म ५७ वटा ग्रन्थहरू प्रकाशित भइसकेका छन् । अहिले नेपाली र नेपालभाषामा पाली शब्दकोष पनि लेख्नु भएको छ ।

भिक्षु अमृतानन्द महानायक महाथेर एक सुयोग्य र गुण धर्मले युक्त बुद्धधर्म, समाज, देशवासी र सारा लोकवासीहरूका लागि धेरै काम गर्न आफ्नो जीवन अर्पित गर्नु भएका भनी सम्मान गर्न सकिन्छ ।

तसर्थ राजकीय संरक्षणमा रहेको यस महाचुलालंकरण राजविद्यालयका सभाले वहाँलाई अनुजहरूका बीच सम्मान प्रकट गर्न मानव समाज शास्त्र शाखा, बुद्ध शास्त्र तुष्टी पण्डित कित्तिमशक्ति (विद्यावारिधि) मानार्थ प्रदान गर्न स्वीकृत गरेको छ ।

दिइएको मिति ३० जनवरी बु.सं. २५३१

(सोमदेच फ्रा बुद्धाचार्य)

कुलपति

महाचूलालंकरण राजविद्यालय

राजकीय संरक्षणमा

(आनन्दभूमि १६/५)

त्रिपिटक कम्प्यूटर संस्करणः केही तथ्यहरु

१) बु.सं. २५३१ नोवेम्बर महिनामा त्रि-पिटक कम्प्यूटरमा भर्ने काम शुरु भयो र ३० नोवेम्बर २५३२ मा पूरा भयो ।

२) त्रि-पिटक भरिएको प्रोग्रामको संक्षिप्त नाम Budsir हो ।

३) यसको पूरा माने Buddhist Scripture Information Retrieval हो ।

४) यसबाट त्रि-पिटकका कुनै पनि शब्द तुरन्तातुरन्तै देखाउन सक्दछ ।

५) थाईलिपिमा रहेकोलाई रोमनलिपिमा पनि देखाउँदछ ।

६) भरिसकिएपछि त्रि-पिटक सम्बन्धी निम्न आश्चर्यजनक तथ्यहरू देखियो –

   क) त्रि-पिटकमा २,४२,३०,२२५ वटा अक्षरहरू छन् ।

   ख) त्रि-पिटकमा २५,२४,७८९ वटा शब्दहरू छन् ।

   ग) त्रि-पिटकमा १,४५,०९० वटा संयुक्त शब्दहरू छन् ।

   घ) सबैभन्दा ठूलो शब्द १०३ वटा अक्षरहरूका छन् ।

   ङ) सबैभन्दा बढी भेटिएको शब्द 'च' हो । यो ५२,६७८ पटक आएको छ ।

७) यो काम थाइलैण्डको महिदोन विश्वविद्यालयले गरेको हो ।

८) यस कामको लागि थाइलैण्डको महामकुट विश्वविद्यालयबाट बु.सं. २५२५ मा प्रकाशित त्रि-पिटकलाई आधार मानेको छ ।

(आनन्दभमि १७/३)

नेपाली बौद्धहरूको समस्या

मैले केही समय अघि नेपालमा राजनैतिक अशान्ति भएको सुने । यसमा श्री ५ महाराजाधिराजबाट अनेक महत्वपूर्ण अधिकारहरू त्याग गरी बक्सनु पर्‍यो । अथवा कमसेकम त्यसलाई प्रयोग गर्न छोडी बक्सनु पर्‍यो ।

वस्तुतः नेपाल धर्मको देश हो । यहाँ हिन्दू, बौद्ध र इस्लाम धर्मावलम्वीहरू छन् ।

यी उपरोक्त धर्महरूमा हिन्दूको संख्या अन्य धर्माबलम्बीहरूभन्दा बढी कुनै पनि हालतमा रहेको देखिन्दैन । तर शक्तिशाली भने छ । किनभने श्री ५ महाराजधिराज देखी देशका शासकवर्ग यसका अनुयायी छन् ।

बुद्धधर्मका अनुयायीहरू धेरै छन् । तर देशका भिन्नभिन्न जाति, जनजाति मानिसहरू साथै यसका धेरै अनुयायी हुन् । धेरैजसो हातमुख जोड्ने काममा नै व्यस्त रहनु पर्ने किसानहरू हुन् । देशका व्यवस्थामा यिनीहरूको खास कुनै पहुँच छैन । अर्को इस्लामहरू भने हिन्दूहरूको अगाडी धेरै देखिन्दैन ।

अहिले नेपालबाट आएको प्रतिवेदनमा भनिएको छ त्यहाँ बुद्धधर्म समस्याग्रस्त छ । किनभने देशको राजनीति धर्मसँग पनि मुछिन आएको छ । यस प्रति हिन्दू-धर्मको ठूलो दवाव छ । जसले गर्दा श्रमण परम्परा बचाई राख्न गाहारो अवस्थामा पुगेको छ ।

यस सम्बन्धी भिक्षु सुदर्शन महास्थविरसँग अन्तवार्ता लिई श्रीमती सुनित सुदाबाट लिखित एउटा प्रबन्ध शुक्रवार १३ जुलाईको Bangkok Post मा प्रकाशित भयो ।

अहिले थाइल्याण्ड अन्य बुद्धधर्माबलम्बी देशहरू भन्दा महत्वपूर्ण देशको रूपमा अगाडी छ । यसले जुन देशका बौद्धहरूलाई समस्या परे पनि प्रचार प्रसार अथवा मद्दत गर्छ । तसर्थ यस कुरामा सम्पूर्ण थाईवासी बौद्धहरूले ध्यान दिनु होला । बंगलादेशका पीडित र हिंसित बौद्धहरू थाईल्याण्डमा आई मद्दत माग्न आए । अहिले नेपालबाट पनि यहाँ थाईल्याण्डवासी तथा अन्ततः सम्पूर्ण विश्वासीहरूलाई नेपालको परिस्थिति र गतिविधि जानकारी प्राप्त भएको छ । प्रश्न हुन सक्छ, किन अरू बौद्ध देशहरूमा जस्तै बर्मा र श्रीलङ्कामा नगई थाईल्याण्डमा आए । जवाफ दिन सकिन्छ, यी दुबै देशहरू समस्याग्रस्त छन् । ती देशका बौद्धहरू आफै पीडित छन् । यिनीहरू कहाँ मद्दत मागेर शायद केही हुने छैन ।

श्रीलङ्का द्वीपमा गृहयुद्धबाट बौद्धहरूले दुःख पाउँदा त्यहाँ खाने लाउने कुराको कमी हुँदा थाई बौद्धहरूले वात-बवरनिवेश विहारमा पंशुकूल र परिष्कार दान दातब्र्य जम्मा गरेर नगद र जिन्सी सहयोग पठाए ।

तर श्रीलङ्कावासी बौद्धहरूका यी दुःख आफैले सुल्झाउन सक्ने कुरा भए । कारण त्यहाँ भौतिक वस्तुको कमी मात्र हो । जसको सहयोग गर्न गाह्रो होइन । अन्य कुनै धर्म यससँग मुछिन आएको थिएन । त्यसले राजनीतिक वा धार्मिक द्वन्द गर्नु परेको थिएन । थाई बुद्धधर्मले यस्तो द्वन्दमा पहिले कहिल्यै दखल गरेन ।

अहिले पनि बिल्कुल गर्दैन । भविष्यमा पनि गर्ने छैन । यसै विषयमा महाथेर समागमका सदस्य आदरणीय भिक्षु फ्रा धीरञानमुनिले भन्नुभयो, थाई संघका तर्फबाट यस विषयमा केही गर्न मिल्दैन । किनभने नेपाली बुद्धमार्गीहरूको समस्या राजनीतिसँग पनि धेरै मुछिएको छ । थाईल्याण्डको संघ कुनै पनि देशको राजनीतिमा हस्तक्षेप गर्न चाहँदैन । विशेष गरी धर्म रक्षाको लागि हुने भैं झगडामा ।

वस्तुतः नेपालको अहिलेको संविधानले पहिलेको संविधानभन्दा स्पष्ट रूपमा हिन्दू अधिराज्य घोषित गरेको छ । पञ्चायती संबिधानमा नभएको कुरा प्रजातन्त्रको पुनर्स्थापन पछिको संबिधानमा भयो । यो अचम्म र दुःखको कुरो हो । नेपाली जनताको आशा थियो अनेक बलिदानपछि स्थापित प्रजातान्त्रिक संबिधानमा कुनै एक धर्मलाई राष्ट्रिय धर्म स्वीकार गरिएको हुने छैन ।

बुद्ध धर्माबलम्बीहरू तथाकथित पूर्ण धार्मिक स्वतन्त्रता भएपछि पनि हिन्दूहरूबाट झन पीडित हुने आशंकाले त्रसित भएका छन् ।

यसो हुनुको कारण हो, नेपालमा बुद्धधर्मलाई हिन्दूको एक शाखा मान्ने मनाउनेतिर सत्ता पक्ष अग्रसर भएको । हिन्दूहरू यस किसिमको कुरा गर्न धेरै मन पराउँछन् । बुद्धमार्गीहरूका थुप्रै ठाउँमा हिन्दू देवस्थल छन् । सबैका ईश्वर एउटै हुन । यस्तो तर्क निकाल्दै बौद्ध विहारमा पसेर केही प्रमाण रूपमा पूजाभाव पनि गर्दछन् । तर त्यो देखावति मात्र । यस्ता पूजाभावमा यथार्थ इच्छा छैन । वास्तवमा बुद्धधर्ममा कुनै इश्वर हुँदैन । तर पनि बुद्धधर्म हिन्दूधर्मको शाखा मात्र हो भन्ने

सिद्धान्त फलाक्ने गर्दछन् । बौद्धहरूप्रति विभिन्न प्रकारबाट दवाब दिन्छन् ।

यसरी यहाँ बुद्धधर्म हिन्दूको शाखाको रूपमा लिनाले श्रमण परम्परा कायम नरहने अथवा राख्न गाह्रो भइसक्यो ।

हिन्दूको मूल सिद्धान्त वर्णाश्रम धर्म हो । जुन पूर्ण रूपले बुद्धधर्मको सिद्धान्तसँग विपरीत छ । यी दुबै कुरा एकसाथ आचरण गर्न सकिन्न । वर्णाश्रमको एक अंग वर्ण व्यवस्थाले जन्मगत भेद मान्दछ । यो जन्मगत भेदको मान्यताले सबै मानिसलाई समान अधिकार दिंदैन । तल्लो वर्णको अधिकार उपल्लो वर्णको भन्दा कम हुन्छ । त्यस्तो जन्मगत श्रेष्ठ र नीचताको व्यवस्था बुद्धधर्ममा छैन । भगवान् बुद्धले वर्णाश्रम धर्मलाई कहिल्यै मान्नु भएन । यद्यपि उहाँ क्षत्रिय जस्तो उच्च कुलमा जन्मनु भएको थियो । तर उहाँले आफ्नो संघमा प्रवेश गरेका सम्पूर्ण जातिका व्यक्तिहरूलाई समान अधिकार दिनु भयो ।

आश्रम धर्म भनेको त्यो धर्म हो जुन प्रत्येक हिन्दूले मान्नु पर्दछ । गृहस्थाश्रम गृहस्थ एवं सन्यासी सबैले गर्नै पर्छ । प्रत्येक हिन्दू धर्मावलम्बीको कर्तव्य हुन्छ, सन्तान जन्माई आफ्नो कुल गुलजार राख्नु र सम्पूर्ण जीवन विभिन्न आश्रममा बिताउनु । जीवन ब्रह्मचर्याश्रम देखी शुरु हुन्छ । यसको अर्थ हो बालक भैं वा किशोर भैं बस्नु । यो शिक्षा अध्ययन गर्ने उमेर हो । पति, पत्नी रहित, परिवार रहित बस्ने र शिक्षा पाउनु नै पूर्ण उद्देश्य हुन्छ । बुद्धधर्ममा बुद्ध भगवान्ले भिक्षुहरूलाई मात्र ब्रह्मचर्याश्रममा बस्नु पर्ने नियम बनाउनु भएको

छ । अन्य आश्रममा जान हुन्न । किनभने भिक्षु त्रिशिक्षामा बसेको हुन्छ ।

तर हिन्दूधर्ममा यस्तो व्यवहार बालक अथवा किशोरको लागि मात्र ठानिन्छ । मैथुनिक ब्रह्मचर्यमा रहन दिइन्छ । त्यसपछि गृहस्थ अथवा घरवास जसका पारिवारिक जीवनमा रहनु र त्यसको हेरविचार गर्दै हरेक क्षेत्रमा वृद्धि गर्नु आवश्यक ठानिन्छ । अर्को एक अवस्था छ, जुन उमेर ढलेपछि आउँछ र सन्तानहरू हुर्की सक्छन्, कपाल फुलिसकेको हुन्छ । घर परिवार र आर्जित सम्पत्ति छोडेर केही नलिई एक्लै वानप्रस्थाश्रममा प्रवेश गर्नु, भिक्षाटनद्वारा जीविका गर्नु, घरबार बिहीन भई मोक्षको खोजी गर्नु हुन्छ । यो हो हिन्दू जीवन दर्शनको आदर्श ।

बुद्धधर्माबलम्बी यस आश्रम धर्महरूमा बस्न सकिन्न । पहिलो यसमा वर्णाश्रम धर्म जस्तो मानिसलाई समान अधिकार नदिने व्यवस्था नभए पनि बुद्धधर्मको विनयको लागि अनुकूल छैन । किनभने बुद्धधर्ममा ब्रह्मचर्याश्रम भनेको बुद्धधर्ममा भिक्षु भई अध्ययनमा लागेको अथवा सोझै भिक्षु हो । जुन कि शिक्षार्जन गर्दै आजीवनसम्म रहनु पर्दछ । यदि शिक्षा त्याग गरेमा सामान्य मानिसको तहमा आउँदछ । प्रव्रजित भए पनि गृहस्थ भए पनि उपरोक्त ४ आश्रम व्यवस्था बौद्धलाई अनुकूल छैन । किनकि यसलाई मान्दा फेरी बृद्ध अवस्थामा फेरी तथाकथित वानप्रस्थाश्रममा ऋषि झैं भई बस्नु पर्दछ । जुन अहिले पनि भारतमा पाइन्छन् ।

यसैले हिन्दूधर्मको आश्रम धर्म बुद्धधर्मको प्रव्रज्या उपसम्पदाको लागि सोझै बाधक हो ।

यदि बुद्धधर्मलाई हिन्दूधर्मको शाखा हुन दिने हो भने नेपालमा अन्ततः बुद्धधर्म नै अन्त हुने निश्चित छ । किनभने श्रमण परम्परा नरहँदा धर्म पनि पक्कै रहने छैन ।

नेपाली बौद्धहरूको दुःख वस्तुतः यहीं देखिन्छ । जुन आपसमा असहिष्णुता उब्जाउने र बुद्धधर्म विनाशको कुरो हो । किनभने बुद्ध धर्माबलम्बीहरू ठूलो संख्यामा छ । तर शक्ति भने उत्तिको छैन । यो समस्याको समाधान छलफलद्वारा गर्न सकिन्छ । तर जुन सैद्धान्तिक र दृष्तिगत भेद छ जस्तै, जीवन के हो ? यसको उद्देश्य के हो ? इत्यादि । निष्कर्षमा पुग्न नसकिने कुरा हुन् । भिक्षुहरूलाई भिक्षुव्रत छोड्न लगाउने स्वीकार्य नहुने कुरा हो । किनभने यदि बुद्धधर्मका सम्पूर्ण भिक्षुहरूलाई धर्म विनयबाट निकाली दिने हो भने त्रिशिक्ष नै रहने छैन । यसरी त्रिशिक्ष खतम हुँदा बुद्धधर्म खतम हुन्छ । जुन सिक्नु पर्ने धर्म हो । तसर्थ त्यस प्रकारको सम्झौता उपयोगी हुँदैन ।

अहिले धेरै नेपालीहरू थाइल्याण्डमा थाईहरू जस्तै उपसम्पन्न भई वात्महाधातु, वात्बवरनिवेश, वातसाकेट आदि विहारहरूमा बसिरहेको मैले थाहा पाएँ । वहाँहरू भिक्षु हुँदा बाधा आउने भएकोले थाईल्याण्डमा भिक्षु हुन आउनु भएको हो कि कसो हो ? मलाई थाहा छैन । थाईल्याण्डमा थाईहरू झैं बसिरहेका यी भिक्षुहरू यदि नेपाल फर्के भने वहाँहरूले गर्न नसकिने एउटा कुरा छ, त्यो हो सरकारी संचारमा अनिश्वर र अनात्मवाद आदि धर्मदेशना गर्नु र शिक्षा दिन नपाउनु, किनभने यो आदर्श हिन्दू आदर्श विपरीत छ ।

यस बाहेक अर्को एउटा समस्या छ । थाईल्याण्डमा प्रव्रजित भएका नेपाली भिक्षुहरू नेपाल फर्केर कति बेरसम्म भिक्षु भई रहन सक्ने हो ? किनभने यी शक्तिशाली हिन्दूहरू अतीतमा जस्तै उहाँहरूलाई भिक्षु भेष छोड्न लगाई सपत्निक जीवन बिताउन बाध्य गर्ने हो कि ?

भिक्षु धर्म छोड्न लगाउनु धर्म नियम विपरीतको कुरो हो । धर्म उत्थानकै लागि यस्तो गरिएको हो भन्ने कुरो कहिल्यै कुनै निकायमा नसुनिएको कुरो हो । धेरै विवादपूर्ण दृष्टि धारणा हो ।

(खुकऋद्धी प्रामोज (एक नामी लेखक तथा भूतपूर्व थाई प्रधानमन्त्री) द्वारा लिखित तथा १४ जुलाई सन् १९९० को "सयामरठ" दैनिकमा प्रकाशित भिक्षु विपस्सीद्वारा अनुवादित ।)

(धर्मकीर्ति ८/९)

स्वेदगोङ् महाचैत्य

२६ शय वर्षभन्दा अघि हाम्रै नेपालमा जन्मेर सम्बोधि लाभ गरी बुद्ध भनी प्रसिद्ध भएका हाम्रा भगवान्का स्मरणमा स्थापित असंख्य बौद्ध स्मारकहरू छन् । शुरुमा मध्य देशमा मात्र सीमित रहेका यस्ता स्मारकहरू अशोककालदेखि एशियाभरमा र पछि विश्वभरनै फैलिए । आजभोली विशेष गरेर नेपाल र तिब्बत चीनका साथै दक्षिण-पूर्वी एशियाका थाइलैण्ड तथा बर्मामा प्रचूर मात्रामा पाइन्छन् । गत हजारौं वर्षदेखि यहाँका जनता र शासक दुबैपक्ष अद्यापि स्पष्ट रूपले बुद्ध धर्माबलम्बी रही आएकोले यहाँका बौद्ध स्मारकहरू विशेष तेजिला छन् । यस्तै तेजमय प्रसिद्ध, भव्य र गौरवनीय स्मारकहरू मध्येमा म्यानमार (बर्मा) को राजधानी याङ्कुङ् (रंगुन) स्थित स्वेदगोङ् महाचैत्य पनि अग्रगण्य छ ।

यो महाचैत्य हाम्रो स्वयम्भू महाचैत्य जस्तै नै एउटा स्यानो डाँडामाथि अवस्थित छ । यो डाँडाको नाम सिङगुत्तर हो । यहाँ पुग्न चारै दिशामा खुड्किलाहरू बनेका छन् । ११८, १७५, १२८ र १०४ खुड्किलाहरू क्रमशः पूर्व, पश्चिम, उत्तर र दक्षिण दिशामा छन् । घाम पानीबाट बचाउनको लागि भऱ्याङहरूमा जसताको छाना छाइएका छन् । पश्चिममा हाम्रो काठमाडौंको बिशाल बजारमा झैं स्केलेटर चलाइएको छ भने बाँकी भऱ्याङहरू नजिक लिफ्टहरू पनि चलाइएका छन् । यसले गर्दा शारीरिक दृष्टिबाट कमजोर र असमर्थहरू पनि सजिलैसँग माथि पुग्न सक्दछन् । हरेक खुड्किलो बाटोको प्रारम्भमा दाँया बाँया दुबैतिर सिंहका

विशालमूर्तिहरू छन् । त्यस्तै बाटोभरी दाँयाबाँया विभिन्न पसलहरू छन् । सबभन्दा प्रचलित बाटो पूर्वपट्टिको हो ।

डाँडामाथि उत्तरदेखि दक्षिण ९०० (नौ शय) फूट, पूर्वदेखि पश्चिम ७०० (सात शय) फूट लम्बाई र चौडाई भएको मैदान छ । मैदानको चारैतिर पर्खालले घेरिएको छ । यसै मैदानको बीचमा महास्तूप अवस्थित छ । महास्तूपको चारै दिशामा चार ठूला ठूला चैत्यहरूका साथै अरू ६० (साठी) वटा स-साना चैत्यहरू छन् । यहाँ अरू ७२ (बहत्तर) स-साना चैत्यहरूले पनि घेरिएको छ । चारैतिर विभिन्न सिंह, यक्ष, अप्सरा र देवताहरूका मूर्तिहरूले सजाइएका छन् । यसको लगत्तैपछि स्तूप परिक्रमा गर्ने मूल बाटो पर्दछ । त्यस्तै ग्रह दशाका खराबी हटाउन व्यक्तिले आफू जन्मेको बार अनुसार स्नान गराइने श्वेत सिंगमरमरका बुद्ध मूर्तिहरू पनि महास्तूपकै चारैतिर राखिएका छन् । यसकै अगाडि बसेर महास्तूपको पूजा गरिन्छ । महाचैत्यको अग्लाई ३२६ (तीन शय छब्बिस) फूट छ ।

भगवान्ले सम्बोधि पाउनु भएपछि सर्वप्रथम उहाँलाई सत्तु र मधु दान दिने दुई ब्यापारी दाजु-भाई तपुस्स र भल्लुकलाई प्रदान गर्नु भएको केश निधान गरी यो स्तूप बनाइएको हो भन्ने जनधारणा र इतिहास छ । त्यसबेलादेखिकै पूर्ण पुरातात्विक प्रमाण भने जुटेको छैन । रंगूनको उत्खननमा श्वेडगोङ महाचैत्य बन्न अगाडी केश धातु राखिएको ठाउँ पाइएको सुनिन्छ । यस पछिको पुरानो पमाण चौधौं शताब्दीको हो । 'पेगु' का राजाले यसको मरम्मत सन् १३७२ मा गराएका थिए । यो शुरुमा ७७ (सतहत्तर) फूट अग्लो थियो । सन् १४५५-६२ मा 'पेगु' की महारानी शिनसवुबु

(Shinsawbu) ले धेरै जग्गा जमीनका साथै तुला दान गरी यसलाई सुवर्णमय बनाए । तिनका भाई बिनयाग्यान् (Binnyagyan) ले यसको उँचाई ३०२ (तीन शय दुई) फूट पारे । यिनले २८९ (दुई शय उनान्नब्बे) टनको एउटा काँसको घण्टा पनि चढाए । तर यो सन् १६०८ मा पोर्तुगाली आक्रमणकारीहरूले लैजान लादिएको जहाज समुद्रमा डुब्यो । 'अवा'कै राजा शिनबुशिन (Sinbushin) ले सन् १७७४ मा यसलाई वर्तमान उँचाईमा पुऱ्याएको हो । यिनले तुला-दान गरी महाचैत्यलाई सुवर्णमय छत्र चढाए । यहाँ रहेका दुईवटा अन्य विशाल काय घण्टाहरूमा १६ (सोह्र) टन तौलको एउटा घण्टा अंग्रेज आक्रमणकारिहरूले लिएर जाँदा नदीमा डुबेकोलाई ल्याएर पुर्नस्थापना गरिएको पनि छ । अर्को ४० (चालीस) टनको घण्टा पनि हामी अझैं देख्न सक्दछौं । राजा, रानी, भिक्षु, गुरु, धनी, व्यापारी, किसान आदिहरूले पनि यहाँ धेरै दान धर्म गरेका छन् । कीर्तिहरू राखेका छन्, जुन यहाँ उल्लेख गरेर साध्य छैन ।

थाहा पाइए अनुसार सन् १५६४, १६२८, १६४९, १६६१, १६६४, १७६९, १८८८ र १९१९ मा भूकम्पद्वारा तथा १९३१ मा आगोद्वारा यो स्तूप क्षतिग्रस्त भएको थियो । तैपनि सरकार र जनता सबै बुद्धशासनप्रति प्रसन्न रहेको यो देशमा श्वेदगोङ् महास्तूप जस्तो श्रद्धा केन्द्रले भौतिक एवं हार्दिक सम्पदाको अभाव कहिल्यै अनुभव गर्नु परेन । नगद र जिन्सीको रूपमा आउने श्रद्धा दान बाहेक जनताको श्रमदान पनि प्रशस्त प्रशस्त छन् । यहाँ विभिन्न व्यवस्थाको लागि सरकारी निकाय, धनी मानी र महास्थविरहरूले गुठीहरू राखेका छन् । सरसफाई पर्याप्त छ । हरेक आइतबार यसको चारैतिर

पानीले धुने चलन छ । यहाँ विभिन्न धार्मिक संघ-संस्थाहरूले आ-आफ्ना केन्द्रहरू पनि खोलेका छन् ।

सामान्यत: हरेक उपोसथका दिनहरूमा यहाँ भीड हुन्छन् । यस बाहेक विभिन्न पर्व-दिनहरूमा झन घुईंचो लाग्छ । त्यस्ता दिनहरूमध्येमा त्रिसंयोगले युक्त बुद्धजयन्ती, आषाढ-पूर्णिमा, कार्तिक-पूर्णिमा र तजौंदाइँ दिनहरू प्रमुख छन् । यस्ता पर्व दिनहरूमा महाचैत्यको दर्शन, पूजा, सरसफाई, चन्दा, दानमान आदि धुमधाम सँग हुन्छन् । तजौंदाइँको दिन विशेष महत्वपूर्ण छ । यसै दिनको राति महाचैत्यको चारै दिशामा ४ वटा तानहरू राखेर कपडा बुन्ने प्रतियोगिता हुन्छ । कपडा तयार भएपछि यसको चीवर बनाई महाचैत्यको चारदिशामा स्थापित यस भद्रकल्पका चार बुद्धहरू ककुसन्ध, कोणागमन, कस्सप र गोतमका प्रतीक भएको विशाल बुद्ध मूर्तिहरूलाई अर्पण गरिन्छ । देशभरी मनाइने अरु अरु चाड पर्वमा पनि यहाँ श्रद्धालुहरूको घुईचो लाग्छ ।

यस प्रकार ठूलो जनसमूहको श्रद्धा र बौद्ध मात्रको एकता प्रतिबिम्बित हुने यो स्वेडगोङ् महाचैत्य सबैको लागि अति दर्शनीय तीर्थस्थान हो ।

(१९९२ को १६ मार्च देखि ८ अप्रिलसम्म बर्माको भ्रमणकालमा मैले यस स्थलको अध्ययन र भ्रमण गरेको स्मृति र The Golden Glory Shwedagon Pagoda: Published by The Director of Information Rangoon, Burma. प्रकाशित पुस्तकको आधारमा यो लेख तयार गरेकी हुँ ।)

(धर्मकीर्ति १०/१)

आनन्द फयामा
१० महाजातकहरू

म्यानमार देशको पगान् (भगां) भन्ने पुरानो शहरको पुरातात्त्विक क्षेत्रभित्र आनन्द नामको विहार छ । यसको पूर्ण निर्माण इसवी १०९० तिर भएको थियो । यो म्यानमारको एउटा अद्वितीय वास्तुकला भएको ऐतिहासिक क्षेत्र हो । शिल्पकला र भाषाशास्त्रको दृष्टिले यो क्षेत्र सबभन्दा महत्वपूर्ण स्थल हुन आउँदछ । यो विहारको भित्री भित्तामा विभिन्न मुद्राका अनेक बुद्धमूर्तिहरूका साथ-साथै बुद्ध-जीवनी दर्शाउने अनेक दृश्य शिलापत्रहरूमा कुँदिएका छन् । तर यीं कुराहरू पनि यहाँका विशेषता होइनन् । किनभने यस्ता त अन्य क्षेत्रहरूका साथै पगान कै अरु विहारहरूमा पनि पाइन्छन् । यहाँको विशेषता नै जातक संग्रहको अन्तिम दश महाजातक मूगपक्ख देखि वेस्सन्तरसम्मका जातक कथाहरू हुन् । यसको एउटा मात्र कथा दर्शाउनका लागि पनि एकभन्दा बढी शिलापत्रहरू प्रयोग गरिएका छन् । हरेक पत्रमा तलाएँ (Talaing) भाषामा संक्षिप्त परिचय पनि लेखिएको छ । यहाँ अवस्थित जातकको क्रम, शिलापत्र क्रम संख्या र शिलापत्र संख्या निम्न लिखित प्रकारको छ : –

क सं	जातकको नाम	शि.क.सं.	शि.सं.
१)	मूगपक्ख जातक	१-३७	३७
२)	महाजनक जातक	३८-८२	४४
३)	साम जातक	८३-१०१	१९

क सं	जातकको नाम	शि.क्र.सं.	शि.सं.
४)	निमि जातक	१०२-११४	१३
५)	महाउमग्ग (महोसध) जातक	११५ -२०९	९५
६)	खण्डहाल जातक	२१०-२१८	९
७)	भूरिदत्त जातक	२१९-२३९	२१
८)	महानारदकस्सप जातक	२४०-२४१	२
९)	विधुर जातक	२४२-२६५	२४
१०)	वेस्सन्तर जातक	२६६-३८९	१२४

उपरोक्त महाजातक क्रममा ५ औं महाउमग्ग (महोसध) जातकलाई ९ औंमा राखेपछि पालि परम्पराको जातक क्रमसँग ठ्यामै मेल खान्छ । यी दश जातक मध्येमा पनि साम, महाजनक, महाउमग्ग (महोसध) र वेस्सन्तर चार जातकहरू बौद्ध देशहरूमा खास गरी बर्मामा बिशेष प्रचलित र पूजित हुन् । यो आनन्द फयामा यी दश महाजातकहरूको लागि ३८९ गोटा शिलापत्र प्रयोग गरिएका छन् । अर्थात् प्रत्येक कथाको लागि सालाखाला ३८.९ गोटा शिलापत्र पर्दछ । वस्तुत: सबैभन्दा बढी वेस्सन्तर जातकको लागि १२४ वटा शिलापत्र र सबभन्दा कम महानारदकस्सप महाजातकका लागि २ वटा मात्र शिलापत्र प्रयोग गरिएका छन् । यो कुरा माथि देखाइएको तालिकाले नै स्पष्ट पारेको छ । यी दश महाजातकहरू बर्मा देशमा गद्य तथा पद्य दुबै विधामा अनेक अनुवाद गरिएका छन् । नाटक पनि रचिएका छन् । २० औं शताब्दीको प्रारम्भमा मोलमिन (तल्लो बर्मा) वरिपरिका ३० वटा विहारहरूमा मात्र पनि ९२७ वटा पाण्डुलिपि पाइएकोले माथिल्लो बर्मामा मात्र

होइन कि तल्लो बर्मामा पनि यसको लोकप्रियता भएको कुरा सिद्ध हुन्छ । तीमध्ये ६५ वटा छन्दोबद्ध, ४६ वटा निस्सय (शब्दार्थ) २४७ वटा संक्षिप्त अनुवाद र ५६१ वटा (प्रति) पूर्ण अनुदित थिए ।

यहाँ उत्कीर्णित प्रस्तर चित्रहरू पूर्ण भारतीय शैलीको देखिएकोले यो पगांन (भगां) राज्यमा इसवीको ११ औं शताब्दीतिर भारतीय खास गरी दक्षिण भारतीयहरूको विशेष आवागमन रहेको हुनु पर्दछ भन्ने विद्वानहरूको राय छ ।

यहाँ उत्कीर्ण दशै महाजातकहरू नेपालमा पनि नेपालभाषामा सबै अनुवाद भइसकेका छन् । नेपाली भाषामा पनि बिधुर जातक तथा वेस्सन्तर जातक प्रकाशित भएका छन् ।

(धर्मकीर्ति ११/३)

मूगपक्ख (तेमिय) महाजातक

म्यान्मार (बर्मा) को पगां स्थित आनन्द फयामा रहेका महाजातकमध्ये मूगपक्ख (तेमिय) महाजातक पहिलो हो । त्यहाँको क्रमसंख्या १ देखि ३७ सम्मका शिलापत्रहरूमा त्यसको वर्णन निम्नानुसार गरिएको छ –

१) बोधिसत्वलाई बनारसका राजाको पुत्र भई जन्म लिन इन्द्रले प्रार्थना गरे ।

२) बोधिसत्वलाई बनारसकी महिषी चन्द्रदेवीको कोखमा प्रतिसन्धि ग्रहण गरे ।

३) अनुपलब्ध ।

४) पिताले बोधिसत्वलाई 'तेमिय' भनी नामाकरण गरे ।

५) पिताको काखमा बसेका 'तेमिय' कुमारले राजपिताबाट चोरहरूलाई दण्ड सजायँ हुकुम भएको देखेर आफूले पनि पहिलेका जन्महरूमा राजा भई हिंसादि दारुण पापकर्म गरेकोले असह्य नरक भोग गरिआएको सम्झना भयो ।

६) भोलिपल्ट श्वेतछत्रमुनि पल्टेर त्यो कुरा कल्पना गरिरहेका (सम्झिरहेका) बोधिसत्व कुमारलाई श्वेतछत्रमा बस्ने देवीले उपदेश दिइन् ।

७-९) दूध मिष्ठान्न रोटीहरू, फलफूलहरू अगाडी ल्याई नखुवाइकन नै राख्दा पनि बोधिसत्व चलमलाएनन् ।

१०) खिलौनाहरू नलिइकनै बसे ।

११) अन्य कुनै खाना नखुवाइकन राखेर पनि परीक्षा गरियो ।

१२) अनुपलब्ध ।

१३-१५) हात्ती, सर्प, हात खुट्टाले अभिनय गरेर परीक्षा गरियो ।

१६) तलबार, १७) शंख, १८) नगरा

१९) बत्ती देखाई परीक्षा गरियो ।

२०) चाकु (गुलियो), २१) फोहर, २२) आगो भरिएको मकल, २३) मातापिता रोदन क्रन्दन गरी देखाई परीक्षा गरियो ।

२५) यति गर्दा १६ बर्ष बितिसक्दा पनि कुमार नचल्मलाएकोले तेमियलाई गाड्न लैजान राजाबाट हुकुम हुँदा महारानीको अनुरोधमा तेमियलाई राजा केहि दिनको लागि बनाइयो ।

२६) अनि राजाको हुकुम मुताविक सारथीले कुमारलाई गाड्न लैजानलाई लिन आयो ।

२७) सारथीले राजकुमारलाई लग्यो ।

२८) सारथी जंगलमा रथ रोकेर खाल्डो खनिरहेको बेलामा 'तेमिय' कुमार रथबाट भुमिमा ओर्ले ।

२९) बोधिसत्व तेमिय कुमारले त्यो रथलाई खेलौना झैं सजिलोसँग उठाई आफ्नो बलको परीक्षा गरे ।

३०) देवराज इन्द्रबाट पठाइएका विश्वकर्माले बोधिसत्वलाई सिँगारिदियो ।

३१) बोधिसत्वले सारथीसँग किन हतार हतार खाल्डो खनिरहेको हो भनी सोधे ।

३२) बोधिसत्वको पराक्रम देखेर सारथीले दरबार फर्कन अनुरोध गर्‍यो ।

३३) तर बोधिसत्वले आफू प्रव्रजित भएको खबर मात्र आफ्ना मातापितालाई पठाए ।

३४) तेमिय कुमार, इन्द्रले विश्वकर्मालाई दिइपठाइएको काषायवस्त्र धारण गरी प्रव्रजित भए ।

३५) मातापिताहरूलाई बोधिसत्वलाई गृहस्थीमा फर्कन धेरै अनुरोध गरेतापति फर्के ।

३६) बोधिसत्व आफूसँग प्रव्रजित भएका मातापिता, भाइभाइदार र अन्य नागरिकहरूलाई उपदेश गरी बसे ।

३७) बोधिसत्वले पछि बनारसमा राज्य पर्ने पडोसका राजाहरूलाई उपदेश दिए ।

(आनन्दभूमि २०/२१२)

महाजनक जातक

(शिलापत्र क्रमसंख्या ३८–८२)

३८) बोधिसत्वले प्रतिसन्धि ग्रहण गरे ।

३९) बोधिसत्वको जन्म भयो ।

४०) बोधिसत्व 'जनक' अरु बालकहरूसँग खेल्न गए ।

४१) जनकले आमासँग 'मलाई अरु बालकहरू किन राँडीको छोरो भन्दछन्' भनी सोधे ।

४२) जनकले आफ्नो पिताको गुमेको राज्य फिर्ता लिनको लागि चाहिने धन कमाउन ब्यापार गर्न जाने कुरा आमालाई बताए ।

४३) जनक बसेर गएको जहाज समुद्रमा डुब्यो ।

४४) अनुपलब्ध ।

४५) उत्साहपूर्वक पौडिरहेका जनकलाई मणिमेखला देबीले बोकेर मिथिला नगर पुऱ्याइदिइन् ।

४६) दरबारमा पुरोहितले जनकको लक्षण परीक्षा गरे ।

४७) शुभलक्षणहरू भएकोले जनकलाई अभिषेक दिइयो ।

४८) जनक राजाले राजधानी मिथिला दर्शन गरे ।

४९) जनकले राष्ट्रका कर्मचारीहरूलाई यथापदमै कायम राखे ।

५०) जनकलाई बोलाउन मिथिलाकी राजकुमारीले दूत पठाइन् ।

५१) जनक मिथिलाकी राजकुमारीको हात समाती राजप्रासादमा चढे ।

५२) जनकले राजकुमारीसँग राजपिताको के हुकुम छ भनी सोधे ।

५३) जनकले राजकुमारीलाई केशमा लगाउने क्लिप दिए ।

५४-५७) अनुपलब्ध ।

५८) अस्पष्ट ।

५९) जनक राजाले फल फलेको र नफलेको आँपका दुईवटा रुखहरू देखे ।

६०) जनक राजा उद्यानमा घुम्न गए ।

६१) फर्केर आउँदा फल फलेको आँपको बोटका शाखा प्रशाखाहरू समेत मनुष्य र पशुपंक्षीबाट भाँचिदिएको तर फल नफलेको रुखलाई केही नभएको देखे ।

६२) जनक राजा राजपाट छोडी प्रव्रजित भए । त्यसपछि दरबारमै बसी दुईजना सेवकबाहेक अरुसँग नभेट्ने गरी प्रधानसेनापतिलाई हुकुम दिए ।

६३) जनक राजा राजकाजबाट अलग्ग बसे ।

६४) दुईजना सेवकले पूर्ण पिण्डपात्र ल्याउने गरे ।

६५) जनक राजाले आफ्नो केश दाह्री क्षौर गरे ।

६६) जनक राजप्रासादबाट ओर्ले

६७-७०) अनुपलब्ध ।

७१) जनकले गृहस्थजीवन त्यागे ।

७२) महारानीले साह्रै विलाप गरिन् ।

७३) महारानीले जनकको मन फर्काउन मिथिला नगरमा आगो लागेको (आगलागी भएको) देखाइन् ।

७४) जनकले यसलाई नाघेर आउन पाईदैन भनी बाटोमा चिनो लगाइदिए ।

७५) जनकलाई बाधा भइरहेको देखेर धैर्य दिन नारद ऋषिले आकाशमा बसी उपदेश दिए ।

७६) मिगाजिम ऋषिले पनि उपदेश दिए ।

७७) बोधिसत्व जनकले कुकुरले अघाइ छोडेर गएको मासुको टुक्रा लिए ।

७८) जनकले मासुलाई टुक्रा टुक्रा पारी पात्रमा हाले ।

७९) जनक ऋषिले त्यो मासु भोजन गरे ।

८०) जनक ऋषिलाई एकजना बालिकाले नाडीमा अनेक चूडीहरू भएकोले आवाज आइरहेको देखाइन र शान्ति चाहनेले एक्लो बस्नुपर्ने कुरा बताइन ।

८१) तीर चलाउनेले दुईवटै आँखाले हेर्दा ठिक ताक नपर्ने हुनाले एउटामात्र आँखाले हेर्नुपर्ने कुरा बतायो ।

८२) जनक एक्लै बन प्रवेश गरे ।

(आनन्दभूमि वर्ष २२/२)

शाक्यहरू कहाँ कहाँ गए

विश्ववन्द्य भगवान् बुद्धको कुल रहेको शाक्य कुलका मानिसहरू बुद्धकालमा कपिलवस्तु, देवदह र कोलिय एवं यसका वरिपरि समृद्धरहेको कुरा प्राचीन बौद्धवाङ्मयले बताउँछ । भगवान्कै जीवनको अन्त्यतिर राजा प्रसेनजितका छोरा विदूडभले आफू कोशलको राजा भएपछि शाक्यहरूसँग प्रतिशोध लिएकोले शाक्यहरू यत्रतत्र छरिएर गएको कुरा पनि धम्मपद अट्ठकथाबाट स्पष्ट हुन्छ । त्यसरी गएका शाक्यहरूमा दक्षिणमा श्रीलंका तथा उत्तरमा काठमाडौं उपत्यकासम्म फैलेको थाहा पाइएको छ । श्रीलंकामा गएका शाक्यहरूकोबारे प्राचीन उल्लेख महावंशमा गरिएको छ । त्यसमै भारतका अन्य स्थानमा गएकाहरूको उल्लेख पनि छ । भारतका अद्वितीय सम्राट् अशोक शाक्यकै रक्तज हो भन्छन् । त्यसबेलादेखि वर्तमान समयसम्म जोड्ने तथ्यको खोजीनीति पनि भइरहेकै छ । त्यस्तै नेपालको काठमाडौं उपत्यकामा शाक्यहरू आएको कुरो मूलसर्वास्तिवाद विनयसंग्रहमा उल्लेख छ । प्राचीनकालदेखि काठमाडौं उपत्यकामा शाक्यहरूको ठूलो जमात नै रहेको छ ।

कसैले म्यानमार देशमा पनि शाक्यहरू आएका थिए भनी भनेमा शायद नौलो कुरो होला । तर कुरो भने यथार्थ हो । यसको वर्णन त्यहाँका प्रसिद्ध वंशावलीहरूमा गरिएको छ । त्यहाँका प्रसिद्ध वंशावलीहरू यस प्रकार छन् –

१. प्रसिद्ध वंशावली The Celebrated Chronicle

२. पगानको पुरानो वंशावली

३. महान् वंशावली
४. मध्य वंशावली
५. नवीनपगान वंशावली
६. नव वंशावली
७. मान्य वंशावली
८. तगौं वंशावली
९. रक्खे वंशावली
१०. तारेक्खित्तर वंशावली
११. ङ्हेपिताङ वंशावली (The Hnge ppyittaung Chronicle)।
१२. पगान वंशावली
१३. पालि पाउक्कन (Paukkan) वंशावली
१४. वंशदीपनी

यसमध्ये क्रमसंख्या ३ को अतिसंक्षिप्त छ । ६ नं. को वंशावली अभिलेखको आधारमा मात्र तयार पारिएको र १० को अर्कै स्थानको परेको र ११ को धार्मिक व्यवस्थाको मात्र चर्चा भएको छ । यसैले यी वंशावलीहरूमा शाक्यहरूको बर्मा आगमनको कुरा उल्लिखित नहुनु अस्वाभाविक होइन । त्यस्तै २, ४, ८, १३, १४ नं. वंशावलीहरूले पछिल्ला घटनाक्रमको मात्र उल्लेख गर्नाले यस कुरामा मतभिन्नता नभएको स्पष्ट छ । बाँकी सम्पूर्ण वंशावलीहरूमा अर्थात् क्रमसंख्या १, ५, ७, ९ तथा १२ का वंशावलीहरूमा यसको यथावत् उल्लेख हुनाले बर्मेलीहरूको यसमा प्रबल विश्वास

भएको स्पष्ट छ । बर्मेली लोकगीतहरूमा पनि यस घटनाको समुल्लेख पाइन्छ । अव उपरोक्त वंशावलीहरूमा वर्णन गरिएका शाक्यहरूको बर्मामा आगमनको संक्षिप्त रूपरेखा हेरौं –

भगवान्ले धर्मचक्र प्रवर्तन गर्नु अगावै पंचाल र कोशल दुइटै देशका राजा हुने पंचाल राजाले कोलियहरूसँग वैवाहिक सम्बन्ध राख्ने मनसायको पत्र पठाए । तर कोलियका राजाले आफ्नो जात्याभिमानको कारणले नकारात्मक जवाफ दिइपठाए । यसले गर्दा दुई देशका बीच घमासान युद्ध भयो । युद्धमा पंचाल नरेशको विजय भयो । तथा शाक्यहरूको राज्य कोलिय, देवदह र कपिलवस्तु विनाश भयो । पछि फेरि यी राज्यहरूको उन्नति भयो । तर यो पहिलो पटकमा नाश हुँदाखेरि नै कपिलवस्तुका राजा अभिराज आफ्नो दलबल सहित मध्येदेश छोडीगौंमा सङ्कस्सरठ्ठ नामको देश (नगर) बसाई शासन गरी बसे । (घरजाम छुट्याउने) राजा अभिराजको देहान्तपछि उनका दुई छोराहरूमा राज्यको लागि प्रतियोगिता भएकोले दाज्यू हुने कान्रासान्जे आफ्ना दलबल एवं हितैषीहरूसाथमा लिई क्रमशः प्यूस (Pyus) मा पुगी शासन गरी बसे । पछि यिनकै वंश सन्तति बढ्दै विभिन्न स्थलहरूमा राज्य गरी बसे ।

सङ्कस्सरठ्ठ (तगौं) मा राज्य गर्ने भाइ कान्रासांजेको तर्फबाट ३३ पुस्ताले त्यहाँ राज्य गरे । पछि 'तारोप' तथा 'तारेकस' बाट अन्तिम शासक भिन्नक राजा हारेकोले माली नदी छेउछाउमा गई बसोबास गरे । यिनको मृत्युपछि यिनका अनुचरहरू तीन समूहमा विभाजित भई एक समूहले शान राज्यको स्थापना गरे, अर्कोले पश्चिमतिर इरावदी नदी

छेउछाउमा पहिलेदेखि बसेका शाक्य बन्धुहरूसँग बसे। तेश्रो समूह पूर्ववत् त्यहींकै महारानीसँग बसे।

यो बर्मामा शाक्यहरूको प्रथम आगमनको कुरो भयो। अब यहाँ दोश्रो पटक आगमनको उल्लेख गरिन्छ।

यसमा बिदूद्भको कथा दिइएको छ। यसको मूल रूप हामी धम्मपद अट्ठकथामा पाउँछौं। विदूडभले आफूलाई दासीपुत्रको रूपमा शाक्यहरूले गरेको अपमानजनक व्यवहारको प्रतिशोधस्वरूप सम्पूर्ण शाक्यहरूको हत्या गर्न खोजे। आफ्ना बाजे महानामलाई मात्र छोड्ने भएको थियो। तर पनि कुश अथवा नरकट देखाई जुक्ति पूर्वक केही शाक्यहरू बचेर गए। यिनीहरू मोरिय, वेदिस्सगिरी, तथा पण्डुराज देशहरूमा गई बसे। सात योजन घेरा (व्यास) भएको ८० हजार शाक्यकुमारहरू रहेको यी कपिलवस्तु, देवदह तथा कोलिय राज्यहरू उत्पत्ति र विनाशका नियमबाट छुट्कारा पाउन सकेनन्। यसरी दोश्रो पटक यसको विनाश भयो।

यस पटक एक धजराज नामक शाक्य आफ्नो अनुचरहरू लिएर गई मोरियमा राज्य स्थापना गरी बसे। गौतम पुराणमा मोरंग, धम्मपद अट्ठकथामा 'मोरिय तथा अरकान वंशावलीमा माउरिन' (Mawring) भनी उल्लिखित स्थान त्यही स्थान हो। वर्तमान समाजमा यसलाई म्बेरिन (Mwerin) भन्दछन्।

उपरोत्त्य स्थानबाट हटेर धजराज शाक्यहरूले थिनट्वे (Thintwe) मा राज्य स्थापना गरे। त्यहाँबाट पनि हटेर मालिमा रहेकी शाक्य कुलकी महारानी नागसैं

(Nagahsein) सँग विवाह गरी त्यहीँ नै बसोबास गरे । यिनिले 'पगान' अर्थात भगाँराज्य स्थापना गरे । यिनीबाट उत्पन्न पुत्र विरागले आफ्नो पैतृक स्थान छोडेर तगौं अर्थात् सङ्कस्सरड्ढमा दरबार एवं किल्लाहरू बनाई यसलाई पंचाल नामकरण गरेर त्यहीँ बसे । यो स्थल बर्मी उच्चारणमा पिंस तगौं (Pyinsa Tagaung) भयो । धजराजको यहाँ बडो भव्यरूपले राज्याभिषेक भयो । धजराजले आफ्ना विभिन्न सहयोगीहरूलाई धन र सम्मान दिए । यिनले बनाउन लगाएको दरबार धेरै बहुमूल्य बस्तु जडित एवं भव्य थियो । यसको उद्घाटनको सुअवसरमा सबैले महास्नान गरे । यिनका सत्रौं पुस्ता पदो महाराज निःसन्तान भएकोले उनकी महारानीको भाई देवदूतलाई युवराज बनाइए । यसरी बर्मामा शाक्यहरूको आगमन र बसोबासको कथा टुंगिन्छ ।

(आनन्दभूमि २०/११)

म्यानमार यात्राकालमा केही अन्य अनुभव

दुई पटक म्यानमार यात्रा गर्दाका केही उल्लेखनीय कुराहरू छन् । पहिले यहाँको भाषालाई लिउँ । बर्मी एउटा अनायर्न भाषा (मंगोलाइद) भए पनि यसमा आर्यमूलक पालिभाषाका शब्दहरू यथेष्ठ मात्रामा प्रचलित भएको अनुभव भयो । बौद्ध सभ्यता र संस्कृतिको प्रभावबाट आएका यी पालि शब्दहरू दैनिक जनजीवनका अभिन्न अंग भएका छन् । यहाँका ठूला ठूला विहार, स्थान र इतिहास प्रसिद्ध व्यक्तिहरूका नाम पालिभाषामा हुंदा रहेछन् ।

बर्मी भाषामा प्रचलित पालि शब्दहरूको कहिले काहीं झुक्याउने खालका उच्चारण गर्दछन् । यिनीहरूका प्रचलन अनुसार बोलाइ र लेखाइमा कहिलेकाहीं अन्तर हुँदो रहेछ ताच्यामुनि जस्तै THETKYMINI भनी बर्मी उच्चारणको मूलशब्द साक्यमुनि हो । यो पंक्तीका लेखक विपस्सी नामलाई विपत्ति उच्चारण गर्छन् ।

अंग्रेजी लेखनका उच्चारणमा पनि त्यस्ता अनियमितता भनौं अथवा विशेषता रहेछ । म्यानमारको रुपियाँलाई अंग्रेजी हिज्जे Kyat लेख्छन्, तर बोल्दा क्याट हुँदो रहेछ । आजकल नाम चलेकी म्यानमारकी प्रजातन्त्रवादी नेतृको नाम Aung Sang Sukyi हो, यहाँ प्रचलित उच्चारण भने अङ् साङ् सुची हो । यसरी बर्मी उच्चारणको पूर्वज्ञान नहुनेलाई झुक्याउन सक्दछ । मिचिना शहरलाई Muitkyina हिज्जे लेखिन्छ ।

सन् १९९२ मा केही व्यक्तिगत यात्रा गरेको र यसपालि १९९७ मा पूर्ण सामुहिक र पूर्वनिर्धारित ढंगले यात्रा गरेको थिएँ । यी दुइ यात्रामा अनुभव गरेको अन्तरहरू पनि उल्लेखनीय छन् । व्यक्तिगत यात्रामा कुनै उत्तिको पूर्व निर्धारित कार्यक्रम नहुने हुँदा आफूलाई जहाँ मन लाग्छ जति मन लाग्छ समय दिन सकिन्छ । स्थानीय सवारीहरू मै भर पर्ने हुनाले जनजीवनलाई बढी नियाल्ने मौका पाइन्छ । आउँदा, जाँदा बस्दा अथवा अन्य व्यवहारमा स्वच्छन्दता बढी हुन्छ, खर्च पनि किफायत हुन्छ । तर भाषाको कारणले समस्या हुन्छ । बाटो नजानेर अलमलमा पुगिन्छ । सामानहरूको जिम्मा पनि आफ्नै हुँदा अलिक भ्याउ लाग्दछ । यदि साथीहरूको सहयोग खोज्यौं भने पनि उनिहरूका फुर्सद पनि त हुनु पर्‍यो । प्रायशः एक्लै हुन्छौं, यस्तो यात्रामा । उल्लेखनीय कुरो यो पनि हो, यस्ता यात्राले समय धेरै लिन्छ ।

यसवर्ष (१९९७, मार्च २३-२८) को यात्राको योजना बैंककको NC Travel Center Co. Ltd ले गरेको थियो । हामी गए गएका ठाउँहरूमा पूर्व तयारीका अर्डर दिइएका हुनाले यात्रा भरी नै बस्ने, आउने, जाने प्रबन्ध स्तरीय र सन्तोषजनक थियो । यात्रीहरूलाई पनि पूर्व सूचनाहरू भएका विवरण प्रतिहरू बाँडिनु बाहेक ठाउँ ठाउँमा आवश्यक निर्देशनहरू सूचनाहरू गाइडबाट पाएकोले भावी कार्यक्रम अगावै थाहा हुन्थ्यो । विहान ठीक समयमा टेलिफोन गरी जगाउने, सामानहरूको ओसारपसार गर्ने जलपान भोजन ठीक-ठीक समयमा मिलाउने, वातानुकूलितल टूरिष्ट गाडीहरूमा बसाली गन्तव्य स्थलमा लाने, एअरपोर्टमा बोर्डिंग कार्डको लागि लाइन लाग्न नपर्ने, सामान लिन पनि पर्खन नपर्ने, सरासर आफ्नो गन्तव्यस्थलमा जानपाउने आदि धेरै

सुविधाहरू छन् । ५ दिनको छोटो अवधिमा यति धेरै ठाउँहरू सुविस्तारपूर्वक देखाएकोमा खुशी लाग्छ । तर यसलाई ठूलो धनराशीको खाँचो पर्छ । यस पटक हामीलाई यथासम्भव उच्चस्तरका होटलहरूमा राखेको थियो । त्यस्तै लामो दूरिका यात्राहरू हवाइ जहाजबाट गरिएका थिए, जम्मा ६ वटा उडान थिए । तसर्थ जम्मा ३० हजार भाटको खर्च यात्रीहरूले उचित नै ठानेका छन् ।

पगानको ऐतिहासिक रूपरेखा

पगान म्यानमार जानेहरूलाई दर्शनीय स्थलहरू मध्येमा प्रमुख हो । यो खण्डहर र केही मन्दिर चैत्यहरूको १६ वर्ग कि.मी. क्षेत्रफलको क्षेत्र बर्माको सबभन्दा पुरानो ऐतिहासिक स्थान हो । यो इरावदी नदीको पश्चिमी किनारमा पर्दछ ।

वंशावली र परम्परा अनुसार पगान राज्यको स्थापना सन् १०८ मा भएको थियो । बाह्रौं शताब्दी सम्ममा यहाँ ५५ जना राजाहरूले राज्य गरीसकेको मानिन्छ । अहिले देखिने पर्खाल सहितको पगान राजधानी ३४ औं राजा प्यिन्ब्या (Pyinbya) बाट सन् ८७४ मा निर्मित हो । यसभन्दा अगाडि राजधानी तम्यावदी (चम्पावती) थियो, जुनलाई अहिले 'प्वासवा' (Pwasaw) भनिन्छ ।

प्वासवा अथवा तम्पावदी राजधानीको स्थापना थाइक्ताइंग (Thaiktaing) भन्ने १२ औं राजाबाट भएको थियो । यसभन्दा अगाडिका पनि २ वटा राजधानी रहेका थिए । थिलिग्याउँ (Thiligyaung) भन्ने सातौं राजाबाट निर्मित थिरिपित्सय (सिरिविजय ?), र अर्को पउक्कन अथवा योनल्हुतक्युन जुन पगान राजवंशका संस्थापक राजा थमुद्रितबाट सन् १०८ मा निर्मित भएको थियो ।

पगान राजवंशका शिलाभिलेख प्रमाणयुक्त राजा भने अनोरथ पहिला हुन् । उनको राज्यकाल सन् १०४४-७७ सम्म थियो । यिनले सन् १०५७ मा दक्षिणी

बर्माको तथौं राज्य जितेर त्यहाँबाट पालिका थेरवादी धर्मग्रन्थहरू, धेरै भिक्षुहरू, कलाकारहरू, चित्रकारहरू ल्याएका थिए । यिनै मौन भिक्षुहरूबाट बर्मेलीहरूले अंक अक्षर, धर्म र ग्रन्थहरू पाएका हुन् । त्यसै ताकादेखि लिएर २ सय वर्षसम्मको अवधिमा नै पगानका अति सुन्दर स्थापत्यकलाको र चित्रकलाको विकास भएको हो, जुन अझै देख्दछौं ।

पगानका समुन्नत युगमा यहाँ दशौंहजार विहार चैत्यहरू थिए भनिन्छ । अहिले पनि पाँचहजार जतिको अवशेष पाइन्छ । यहाँका स्थापत्यकलालाई मुख्य २ प्रकारमा बाँड्न सकिन्छ : चैत्य र मन्दिर । यहाँ विभिन्न आकार प्रकारका चैत्य र विहार पाइन्छन् ।

पगान एक समयमा एउटा पालि धर्मशास्त्रका गम्भीर रूपले अध्ययन गरिने ठूलो केन्द्र थियो । यसको तुलना भारतका तक्षशीला (वर्तमानः पाकिस्तान) र नालन्दासँग गर्न सकिन्छ । यहाँ यसका समुन्नत युगमा मात्र होइन यहाँका राजवंश अवामा स्थानान्तरित भइ सक्दा पनि धार्मिक शिक्षाको ज्योति जल्दो बल्दो नै थियो भन्ने कुरा यहाँका ईस्वी सन् १५ औं – १६ औं शताब्दीसम्मका स्थापत्य अवशेषहरूबाट थाहा पाइन्छ । ईटाबाट निर्मित भवनहरू दुइतल्लाका हन्थे भने यसका छेउमा चारैतिर काष्ठमय कुटीहरूका धुरिहरको अवस्थितिको अनुमान गरिन्छ ।

पगानका मन्दिर र स्तूपहरू मुख्यतः उत्तर-पूर्वी भारतकासँग आकार प्रकारमा मिल्दा जुल्दा छन् । तर यसका आफ्नै ढंग पनि छन् । जुनले यसलाई अलग ढंगको मान्न सकिन्छ । वस्तुतः बर्मीहरूले यहाँ आफ्नो

राष्ट्रियकला विभिन्न श्रृंगार र चित्रकलाबाट देखाएका छन् ।

१३ औं शताब्दीको अन्तमा पगानको पतन भएको देखिन्छ । आक्रमणकारीहरूले हजारौं चैत्यहरू बिगारेर त्यहाँबाट बहुमूल्य सामानहरू लुटेर लग्यो । ती चीनियाँ आक्रमणकारीहरूबाट भागेका बर्मी राजा आफैले पनि किल्लाहरूको निर्माणार्थ कयौं चैत्य र विहारहरूलाई भत्काएको विश्वास गरिन्छ । त्यसबेलादेखि यहाँका ती धार्मिक स्मारकहरू परित्यक्त छन् र जीर्णशिर्ण भएका छन । आज हामी यहाँ राम्रो अवस्थाका एकसय भन्दा पनि कम मात्र स्मारकहरू पाउँदछौं तर भएका समारकहरूलाई एउटा दर्शनीय र पूजनीय स्थलको रूपमा व्यवस्था गरिएकोले स्तुत्य छ ।

म्यान्मार भ्रमणको संस्मरण

याङ्कुङ् शहरका केही दर्शनीय स्थलहरू

१. **कबाए** : यो एउटा म्यानमार सरकारबाट उदारतापूर्वक निर्मित आधुनिक बौद्ध केन्द्र हो । यहाँ कबाए (=विश्वशान्ति) नामको स्तूप वरीपरी धेरै भवनहरू निर्मित छन् । सडकहरू सुव्यवस्थित छन् । यहाँ भिक्षुहरूको उच्चशिक्षा केन्द्र छ । धार्मिक मामला सम्बन्धी मन्त्रालय यसै क्याम्पभित्र छ । यहाँको प्रख्याति सन् १९५७ मा भएको छैठौं बौद्ध संगायनादेखि अन्तरराष्ट्रिय क्षेत्रमा निक्कै फैलिएको थियो ।

प्रथम बर्मा यात्राकालमा यहाँ केही दिन बसेर ओहोर दोहर गर्ने मौका पाएको थिएँ । यसैबेला यहाँको धार्मिक पुस्तक केन्द्रबाट केही अंग्रेजीमा अनुदित पालि साहित्यका पुस्तकहरू ल्याएको छु । यो स्थानको पूरा नाम कबाए (KABA-AYE) शासन परियत्ति महाविद्यालय हो । यहाँको कृत्रिम सप्तपर्णी गुफा बाहिरबाट कुनै डाँडो जस्तो देखिने गरी बनाइएको तर भित्र पर्याप्त सुविधापूर्वक हजारौं अट्ने रंगमंच जस्तो एउटा बैठक हो । राष्ट्रिय महत्वका ठूला ठूला धार्मिक सभा समारोहहरू यहीं गरिन्छन् । यो गुफा बुद्धको महापरिनिर्वाणको लगत्तै पछि भएको प्रथम संगायना स्थलको संस्मरण गरी बनाइएको हो । छैठौं संगायना यहीं भएको थियो जुनमा नेपालका भिक्षुहरूबाट प्रतिनिधित्व र गृहस्थहरूबाट दर्शकह रूपमा सहभागी भएको थियो । यसका लागि श्री ५ त्रिभुवनबाट पनि सन्देश बक्स भएको थियो ।

२. **भोट ठाउँ विहार** : शहरको मुटुमै रहेको यो विहारमा विभिन्न रंगका सीसा टुकडाहरूले भित्ता, र लट्ठा र सीलिङ्गहरू सजाइएका छन् । यहाँ अरु अरु प्रमुख धार्मिक केन्द्रमा भन्दा केही बढी नै भक्तजनहरू आई पूजा-पाठ गर्ने, माला फेर्ने, ध्यानमा मग्न हुने गर्दछन् । सबभन्दा पहिले मैले १७/३/९२मा देखेको विहार यही हो । यो हजारौं वीरहरूबाट निर्मित भनिएको हो । बुद्धका केश निधान गरिएका ८ प्रसिद्ध धार्मिक स्थलहरूमा यो पनि एक हो ।

३. **सुलेफया** : यसको अर्थ केश चैत्य हो । यो सुवर्णमय छ । यसमा बुद्धका दुईटा केशहरू राखिएका छन् भनी भन्छन. । यहाँ पस्न एकातिर मूलबाटोको पारीदेखी भऱ्याङले जोडि राखेको छ । यसका चारैतिर आधुनिक महत्वका, जस्तै: व्यापारिक यातायात, सरकारी कामकाज, पसलहरू, पार्कहरू आदि पर्दछन् । त्यसैले रंगून बस्नेले यहाँ बराबर आइरहनु पर्दछ । सुलेफयाको उँचाई १४४ फूट छ ।

४. **बुद्धवें** : बर्मेली उच्चारणले बुद्धवंश भनिएको हो । अलिकति भिडालोमा निर्मित एउटा पूर्वाभिमुख दुइतल्ले विशाल भवनभित्र भित्तासँग जोडिएका कोठाहरूमा बुद्ध–जीवनीका विभिन्न घटना दर्शाउने प्रतिकृतिहरू सीसाले छोपेर राखिएका छन् । चोकमा एशियाको प्रतिकृतिमा धार्मिक तथा अन्य महत्वपूर्ण बौद्ध तीर्थस्थलहरू दर्शाइएका छन् । बिजुलीबत्तीको प्रयोगद्वारा प्रतिकृति साँच्चैको झैं बनाइएको छ ।

५. **स्वेड्गोड्** : सुवर्णमय चैत्य भन्ने अर्थ लाग्ने यो रंगूनको सबभन्दा पवित्र र जनाकीर्ण धार्मिक स्थल हो । एउटा होचो डाँडामा अवस्थित यो स्तूप विश्वकै

विशालतम स्तूपहरूमध्येमा अग्रगन्य छ । यसमा मोडिएको सुनको वजन ६० टन भन्दा बढी छ भन्छन् । यस हिसाबले यो स्तूप विश्वमा अद्वितीय छ । दिन-रात सधैं मेला झैं भीड हुने यो स्थलको बारेमा नेपाली पाठकहरू समक्ष पुऱ्याइ सकिएको हुँदा फेरि लेखिरहन आवश्यक ठानिएन । यहाँ यति भन्नु अत्यावश्यक छ कि यो स्तूप बर्माको इतिहास, धर्म-संस्कृति र सभ्यता बुझ्नका लागि अत्याधिक महत्वपूर्ण छ ।

अन्य दर्शनीय स्थलहरू : रंगूनमा हामीलाई रुचिकर अरु पनि कयौं स्थानहरू छन् । विहार, चैत्य र बुद्धमूर्ति आदि त गनेर साध्य नै छैन । तैपनि प्रथम बर्मा यात्रा कालमा हेरेका स्थानहरूमा विशुद्धाराम विहारमा २ जना नेपाली मूलका ब्राह्मणहरू भिक्षु भएको एउटा धार्मिक विधिमा भेला भयौं । नेपालका एक जना सुप्रसिद्ध भिक्षु ज्ञानपूर्णिक महास्थविरले यही सर्वोच्च उपाधिको धार्मिक अध्ययन पूरा गरेका थिए । साङ्झ्कों, चुन्दोलाँमा अवस्थित तमिदोदाया सुखितारामममा २ जना नेपाली अनागारिकाहरूसँग भेट भयो । यहाँ २ शय जति अनागारिकाहरू बस्दछन् । (१७-३-९२)

मार्च २८ – अप्रिल सम्म रंगूनका अरु केही ठाउँहरू गएँ । तिनमा रंगून विश्वविद्यालयमा त्यही २५-३० वर्ष पुराना प्रकाशन मात्र उपलब्ध भएको पाएँ । महासी सासन यइटा एउटा विश्वप्रसिद्ध ध्यान केन्द्र हो । दोश्रो पटकमा केही धार्मिक पुस्तकहरू किनें । यहाँ मुख्य दर्शनीय स्थलमा ध्यान गुरु स्वर्गीय महासी सयादोको प्रतिमा भएको हलमा नेपाल आगमनकालका केही फोटोहरू पनि प्रदर्शित गरिएका छन् । उ पण्डिताराम भन्ने ध्यानकेन्द्र त्यसैको शाखा रहेछ । जुनमा नेपाली

भिक्षु श्रामणेरहरू अध्ययन गर्दैछन् । १९९२ मा ४ जना आईमाईहरू रहेकोमा दोवो यात्राका दौरानमा (२८-३-९७) ५ जना भिक्षु श्रामणेरहरू र १० जना अनागारिकाहरू भएको पाएँ ।

सुलेफयाको नजिकै रहेको स्मारक सारै मनोरम छ । खेलकूद, घुमफिर र सुस्ताउनका लागि सुविधाहरू छन् । तर यहाँ पस्नको लागि २ च्यात प्रतिव्यक्ति र ५ च्याट प्रति क्यामरा शुल्क लिन्छन् । धेरै अग्लो बहुकुने स्मारक बाहिरबाटै देखिन्छ । जुनमा बर्मा स्वतन्त्र भएताका देखि वर्तमानसम्मको इतिहास लेखिएका सिंगमरमरका शिलापत्र टाँसिएका छन् ।

रंगूनमा दर्शन गरिएका अन्य धार्मिक ठाउँमा (पाँचतल्ले) ङाथाजि फयातादे, १९०२ मा निर्मित भव्य बुद्धमूर्ति एउटा व्यापारीको कृति हो । मूर्तिलाई धर्मशाक्य अतुलमारजित भनिन्छ । वरीपरीका विहारहरूमा १ हजार जति भिक्षु-श्रामणेरहरू बस्दछन् । छाउथाजि नामको छतल्ले सयौं फूट कदको सिंहसय्या बुद्धमूर्तिको पादमा अंकित महापुरुष लक्षणहरू धेरै भव्य छन् । मूर्ति एउटा सत्तलमा अवस्थित छ । सिथाजि अर्थात ६ तल्ले विहारमा पनि आसनस्थ एउटा विशाल बुद्धमूर्ति छ ।

म्यानमार देशका केही अन्य दर्शनीय स्थलहरू

१. **स्वेस्वेतो** : रंगून, पगान् आदि क्षेत्र बाहेक म्यानमारमा अरु पनि केही दर्शनीय स्थलहरू छन् । रंगूनबाट नजिकै स्वेस्वेतो जाँदा द्वितीय विश्वयुद्धका सैनिक समाधिस्थल थाउच्याङ् र अझ अलिक पर विशाल सैनिक व्यारेक मोदी बसबाटै टड्कारै देखिन्छ । बिहान ८ बजेतिर निस्केका हामी बेलुका ४ बजेतिर

एरावदी नदी पार गऱ्यौं । यसमा २-४ वटा बस ट्रक अट्ने डुंगाले वारपार गरिन्छ । अझ तीनघण्टाको बस सफरबाट 'स्वेस्वेतो' मा पुग्यौं । नदी छेउको होचो डाँडाको विहार गऱ्यौं । हावा जोडसित चल्छ । नदीमा सबैजना नुहाउँछन् । ६-७ सय फूट अग्लो टाकुरामा अवस्थित स्तूप सहित बुद्धपाद र तल नदी किनारमा रहेका एउटा गरी २ वटा बुद्धपादहरू मुख्य दर्शनीय स्थल हुन् । यो डाँडोलाई सो नदीले नै सातचोटी घेरिएको हेर्न लायक छ ।

परापूर्वकालदेखि श्रद्धालुहरू यथालाभ साधनबाट अर्थात् बैलगाडा, रथ अथवा घोडा चढी अझ हिंडेर पनि महिनौं समय बिताई पुण्य गर्न, मेला भनै मानिसहरू वर्षेनी आउँछन् । ठूलो धनजनको क्षति हुनेगरी आएको बाढीले बगरेमा रहेको बुद्धपाद पनि वालुवाले पुरिएकोलाई सफा गरेको मात्र नभई बस्तिपनि पूर्ववत् गुलजार भइसकेकाले यहाँ पोहरको बाढीको कुनै चिन्ह नै बाँकी रहेन ।

२. **पौपा:** पर्वतीय क्षेत्रमा स्थित यो सांस्कृतिक र लौकिक केन्द्र एउटा कथामा आधारित छ : तगौं देशमा एउटा माउँतिन्दे नामको साह्रै बलवान नकर्मी बस्दथ्यो । भनिन्छ कि उनले पूर्वजन्ममा, "राजाहरूले पनि मान्नु पर्ने भएर जन्मूं" भनी आशिका गरेको थिए । उनि यति बलिया थिए कि उनको बलदेखि डराएर उनको हत्या गराउन राजाले मानिसहरू समेत पठाए । तर माउँतिन्दे भागेर जंगल पसे । अनि राजाले उनका बहिनीलाई रानी तुल्याइ राजकाजमा राख्छु भनी रानीको दाज्यूलाई बोलाउन लगाए । तर माउतिन्दे फर्केदा हिरासतमा लिई एउटा रुखमा बाँधी आगो लगाइ दिए । उनका बहिनीले

पनि त्यही आगोमा कुदेर दुबै मरे । अनि ती दाज्यू र बहिनीको जन्म-संस्कार त्यही रुखमा रहनथाले । अनि त्यसको नजिक जानेहरूलाई दु:ख दिने हुँदा सो रुख जडैदेखि उखेलियो र एरावदी नदीमा बगाइयो । अन्तत: सो रुख पगान शहर मै पुगियो । अनि ती दाज्यू र बहिनीका मूर्तिहरू कुँडेर पौपा पर्वतमा राखियो । हरेक वर्षको नवम्र डिसेम्बरतिरको महिनाभरी बगानमा राज्य गर्ने राजाहरू आई त्यहाँ पूजा गर्थे ।

ती दाज्यू र बहिनीका प्रतिमालाई अहिले पनि पूजा गरिन्छ । यहाँ वर्षेनी मेला पनि लाग्छ । यसको लोकप्रियता त्यहाँ निर्मित अत्याधिक मन्दिर, विहार र चैत्यले बताउँदछ । बर्मी प्राग्ऐतिहासिक कालदेखि चलि आएको विश्वासमा आधारित हुँदा यसको दर्शन बौद्ध अथवा ब्राह्मण परम्परा अनुसार मात्र हेरेर बुझ्न गहारो छ । यो पौपा: स्थान वा थानमा रहेको जन्म सस्कारहरू, भूत-प्रेत हुन् अथवा देवता हुन्, त्यो छुटिन्न । बर्मी भाषामा त्यसलाई नाथ भनिन्छ । पौपा: पर्वतलाई लेख्य भाषामा महागिरी पनि भनिन्छ । महागिरीमा अरु पनि नाथहरू छन् । हरेकका पछाडी एक न एक कथा छ । ती नागहरूका स्थानहरू बर्माका विभिन्न स्थानहरूमा छरिएका छन् । बर्मी पांग्विश्वास अनुसार प्राणीको मृत्युपछि सबै नाथ बन्दछन् । तर प्रसिद्ध नाथहरूको संख्या विभिन्न कारणले गर्दा सरकारी स्वीकृति पाएका सीमित छन् ।

३. **स्बोंलों स्थान** : पौपाबाट २ घण्टा जतिको बसको सफरपछि स्वोंलोंस्थान विहारमा पुगियो । यहाँ ५० वर्षजति पुरानो उ कवि भिक्षुको शव राखिएको छ । यिनी ध्यान अभ्यासबाट अरहन्त सिद्ध भएका हुनाले

यिनका शव सुक्नु बाहेक अरु विकृति न आएको विश्वास गरिन्छ । नेपाली गाइड अनागारिका धम्मवतीका अनुसार सयाजी ऊ बा खिन्ले यिनै भिक्षुबाट ध्यानमा सिद्धि पाएका थिए । फेरि नेपालमा बहुचर्चित बौद्ध ध्यान अथवा विपश्यना ध्यानका एकजना मूल आचार्य कल्याणमित्र सत्यनारायण गोयन्काले सयाजी ऊ बा खिन्बाट ध्यान सिकेका थिए । यसरी उ कवि भिक्षु गोयन्काज्यूका बाजे आचार्य पर्दछन् । उनका बारेमा चर्चित विशेष कुरा निम्नलिखित छ :–

ऊ कवि भिक्षु एक किसान थिए । एक दिन खेत जोत्दा जोत्दै उनको ध्यान सफल सिद्ध भयो । यसरी गृहस्थी छँदा नै ध्यान पूरा भएपछि उनी धर्मपत्नीबाट बिदावाजी लिएर भिक्षु बनेका थिए ।

अन्य स्थानहरू :

मण्डले शहर पुग्न अगावै बाह्र ढोका नौवटा घर भएको विहार (Twelve intreance nine building monastery हेरियो । प्रमुख मन्दिरको कौसीबाट धेरै परसम्मको दृश्य देखिन्छ ।

अनोरथ (अनिरुद्ध) राजाको पहिलेको घर थियो भनिने स्थानमा एउटा सुवर्णमय चैत्य छ । यसको नाम मनौंरत्न चैत्य हो । यहाँबाट २ घण्टाजति बस सफरपछि मण्डले पुगिन्छ ।

पेगु अथवा भयो: यसको पालि नाम हंसावती हो । पहिले एक समय बर्माको राजधानी रही सकेको यो शहरमा पनि मुख्य आकर्षण यहाँको विशाल चैत्य नै हो ।

बर्माको दक्षिणी भाग अथवा लोअर बर्माको तथौं शहरको नामी विशाल चैत्यको पनि दर्शन गरियो (२ अप्रिंल १९९२)।

मण्डलेका दर्शनीय स्थलहरू

मण्डले अपर बर्मा अर्थात् उत्तरी बर्माको राजधानी हो । यसको परम्परागत धार्मिक नाम रत्नपुञ्ज हो । यो रत्नपुरबाट सारिएको नयाँ राजधानी थियो । जुन राजा भिन्दोन्बाट १८५६-५७ मा बसाइएको थियो । यो शहरमा हामीले दर्शन गरेका स्थानहरूको छोटकारी बयान गरिन्छ ।

१ मण्डले पर्वत: यो पर्वत शहरको छेउ मै रहेको छ । यसको बारेमा परम्परागत विश्वास र महात्म्य धार्मिक ग्रन्थमा पाइन्छ । बुद्ध भगवान् आफ्ना शिष्य आनन्द सहित यहाँ आउनु हुँदा भविष्यवाणी गर्नु भएको थियो । बुद्धधर्मको आयुकाल (उमेर) २४०० हुने बेलामा यो पर्वतको बेसीमा बुद्ध भक्तहरूको ठूलो शहर बन्ने छ । यो भविष्यवाणी सुन्ने यक्षणी नै राजा मिन्दोन भएर जन्मे । तसर्थ यसलाई पूरा गर्न उनले यो शहर बसाए । मण्डले पर्वतमा भविष्यवाणी मुद्राको विशाल बुद्धमूर्ति रहेको मन्दिर नै प्रमुख दर्शनीय स्थल हो । मूर्तिको नाम श्वेयाता (Shweyattaw) हो । यो पर्वतमा एकतर्फी र सांघुरो बाटोबाट स्याना गाडीहरूबाट चढिन्छ र अन्तमा उत्तरतिर स्केलेटर र लिफ्टको सुविधा छ । विदेशीलाई यसको प्रवेश शुल्क ३ अमेरीकी डलर अथवा ४०० च्यात लिन्छन् । स्थानीयहरू भने मिहेनतसाथ केही सयको खुड्किला चढ्न नै मन पराउँछन् ।

२. **महाम्यामुनि विहार** : यो एउटा विशाल र प्रमुखतम विहार हो । यसमा महाम्यामुनि नामको १२ फूट ७ ईन्च अग्लो भूमिस्पश मुद्राको ताँबाको बुद्धमूर्ति छ । यसम अनियमित ढंगले जथाभावी सुन टाँस्नाले मूर्ति अस्वाभाविक भइ सकेको छ । सन् १८८४ मा भएको आगलागी पछि अहिलेको मन्दिरको पुनर्निर्माण भएको हो । यहाँ अराकान् प्रान्तबाट ल्याइएका विभिन्न कलाकृतिहरू पनि प्रदर्शित छन् । सारा विहारमा संगमरमर बछ्याइएका छन् । यसलाई पपाजी पागोडा वा अराकान् पागोडा पनि भनिन्छ । स्थानीय उत्पादनका दैनिक उपभोग्य र धार्मिक सामग्रीहरूको पसलहरू थुप्रै छन् । दानदातर्ब्यका सूचनाहरू दिने शिलापत्रहरूको प्रतिलिपिहरू पनि भित्री चोकमा टाँसिएका छन् । एकाबिहान प्रतिष्ठित भिक्षुबाट बुद्ध मूर्तिलाई स्थान गराउने बेलामा भक्तहरूको भीड लाग्छ ।

३. **मण्डले दरबार** : राजा मिन्दोन्ले अमरपुरबाट सन् १८५७ मा दरवार सारिएको हो । यहाँ अति कलाकृतिले युक्त काष्ठमय भवनहरू धेरै थिए । दोश्रो विश्वयुद्धबाट अधिकांश भाग नष्ट भएकोलाई पुनर्निर्माण गरिएको छ । म्यूजियममा पुराना भवनहरूको रूपरेखा प्रदर्शित छन् । वर्गाकारको यो दरवारक्षेत्र १०-१० फर्लाङ लम्बाइ र चौडाई छ । जगमा १० फूट र जंगी प्रयोगका प्वाल रहेको ठाउँमा ४ फूट ४ ईन्च चौडा र २५ फूट अग्लो पर्खालले घेरिएको छ । यसलाई फेरि २२५ फूट चौडा र ११ फूट जति गहिराईको खावा (खाई) छ, जुनमा फेरि गत १-२ वर्षदेखि पानी टनाटन भरिएको छ । पर्खालका टुप्पाहरूमा गजुरे घरहरू बाह्रैवटा गेटहरूमाथि बनाइएका छन् । यहाँ रहेका काष्ठमय धरहरा पनि आकर्षक छ । यो सँगै बोदोफया राजाबाट

संकलित ६०० वटा शिलालेखहरूका प्रतिलिपि राखिएको घर पर्दछ ।

४. कुथोदा अथवा महालोकमारजिन विहार : यहाँ रंगूनको स्वेदगोड् चैत्यको आकारको विशाल चैत्य छ । यसका वरिपरि सम्पूर्ण त्रिपिटक लेखिएका ७२९ वटा शिलापत्रहरू राखिएका त्यति नै मन्दिरहरू छन् । यसको निर्माण मिन्दोन् राजाले पाँचौ संगायना गराइपछि गरेको हो । सन् १८५७ मा निर्मित यो विहारको गेटमा लेखिएको छ : The World's Bigest Book विश्व बौद्ध जगतमा यसको निर्माण अति महत्वपूर्ण घटना मानिन्छ ।

५. कुथोदा विहार नजिकै अन्य ३ वटा दर्शनीय विहारहरू छन् । पहिलो, अतुमशि च्याउँ (विहार) मिन्दोन् राजाबाट १८५७ मा निर्माण गराइएको उच्चस्तरको कलाकृतियुक्त काष्ठमय विहार हो, जुनमा ५ लाख रुपिया खर्च लागेको थियो । यहाँ हस्तलिखित त्रिपिटकहरू दराजहरूमा राखिएका छन् । १८९० को आगलागीपछि यसको पुनर्निर्माण भएको छ । दोश्रो, खोनान्दो च्याउँ टीभो भन्ने राजाबाट १८८० मा मिन्दोन् राजाका घरायसी वस्तुहरूबाट उनको मृत्युपछि बनाइएको थियो । यसमा सुनले मोडिएको र सीसा टुकडाहरूले सजाइएको छ । भित्रका कलाकृतिमा जातककथाहरू प्रदर्शित छन् । तेश्रो र अन्तिम इन्दया (Eindawya) विहार आधुनिक बर्मी चैत्यको राम्रो नमूना हो । पगान राजाले राज्यारोहण अगाडि आफू बस्ने ठाउँमा बनाइएका (१८४७-५२) थिए ।

६. अमरपुर : मण्डलेबाट ७ माइल दक्षिणस्थित यो शहर एउटा पुरानो राजधानी थियो । यसको स्थापना १७८३ मा बोदोफया भन्ने राजाले अवाबाट आगमनपछि

गरिएको हो । तर अब दर्शनीय स्थलहरूको अभाव जस्तै छ यहाँ । सारा वास्तुखण्डहरू खण्डहरूमा परिणत छन् । राजधानी मण्डलेमा सारिएदेखि यो ठाउँ सुनसान भएको छ । बाँकी विहारहरूमा काउताजी र पातोदाजी संचालित छन् । सँगैको अमरपुर महागन्धायन विहारसमूह क्याम्पमा १२ सयभन्दा बढी भिक्षु-श्रामणेरहरू अध्ययनरत छन् । यो विहार २८ एकड जमीनमा फैलिएको छ ।

७. **सगाई** : मण्डले शहरबाट अमरपुर हुँदै जाँदा १३ माइल दक्षिणमा पर्ने पहाडी क्षेत्र सगाईमा धेरै विहारहरू र चैत्यहरू छन् । इरावदी नदीमा हालिएको अवा ब्रिज पार गर्नासाथ पुगिने यो शहरमा भिक्षु श्रामणेरहरूको ठूलो संगम स्थल हुनाले यसलाई भिक्षुहरूको शहर भनिन्छ । बताइए अनुसार यहाँ ६ हजार भिक्षुहरू बस्दछन् । त्यसैले यहाँ एउटा संघ अस्पताल छ । अरु उल्लेखनीय विहारहरूमा डादात्जी विहारमा सन् १६५७ मा निर्मित अपर बर्मा कै सबभन्दा अग्लो बुद्धमूर्ति छ । अर्को एउटा विहारमा ४६ वटा भूमिस्पर्श मुद्राका ३ फूट जति अग्ला बज्रनिर्मित बुद्धमूर्तिहरू छन् । अउडम्येलाका विहार पगान्को श्वेजिगाङ् विहार अनुरूप बनाइएको (१७८३ सन्) हो । राजमनिचुल चैत्य अवामा पुनः राजधानी स्थापना गरेको उपलक्षमा थालु नामको राजाबाट सन् १६३६ मा बनाइएका थिए । यसको आकार सिलोनीज (श्रीलंकाली) चैत्य आकारको छ । यसको उँचाई १५१ फूट र घेरा ९०० फूट छ । तुलनात्मक रूपमा छत्र र गजूर धेरै स्यानो छ । सगाईमा नै हाम्रो स्वयम्भू आकारको स्तूप एउटा पनि छ ।

सुबोधाराम च्याउँमा १७० जना भिक्षु श्रामणेरहरू अध्ययनरत छन् । यसका विहाराधिपति भिक्षुका १२ जना दाज्यूभाइहरू मध्ये ६ जनाले धम्मधज धम्माचरिय भन्ने परीक्षा उत्तीर्ण गरेका हुन् । तिनमा ४ जना भिक्षु अझै जिवित छन् । एकजना बहिनी पनि अनागारिका छिन् । यही सगाई मै अर्को एउटा चैत्य साह्रै ठूलो छ र चारैतिर हात्तिको मूर्तिले घेरिएको छ ।

यत्ति दर्शन गरिसकेपछि पेगु हुँदै रंगून पुग्यौं (२१ -२७ मार्च १९९२) ।

म्यानमारमा नेपालीहरू

म्यानमार देश नेपालसँग सिमाना नजोडिए तापनि हाम्रो नजिकको छिमेकी देश हो । उर्वरायुक्त भूमि, पातलो जनसंख्या पाइने र आदरयुक्त व्यवहार गर्ने बर्मीहरूको बानीले गर्दा गत १ शताब्दीमा धेरै नेपालीलाई यसले आकर्षित गरेको छ । बसोबास आजीविका शिक्षा, धर्म आदि कारणबाट प्रेरित भएर म्यानमारमा नेपालीहरू थुप्रै बसेका छन् । विशेष गरी उत्तरी म्यानमारमा रुबिलैण्ड भनिने ठाउँ, नेपालको हावापानी र भूवनावटसँग समताको कारणले सिंगै गाउँका गाउँ नै नेपालीहरूको छ भनी धेरैबाट सुनेको छु र बराबर पढ्न पाएको छु । रुबिलैण्ड विदेशीहरूलाई जान विशेष स्वीकृति लिनुपर्दछ भन्छन् । केही अन्य कारणहरू समेतले गर्दा उता जान पाएको छैइन । त्यसैले मैले आफूले भुक्तमान गरिएका अरु ठाउँहरूका बारेमा मात्र केही कुराहरू लेख्दछु ।

यहीं बीसौं शताब्दीको प्रारम्भदेखि नेपाल नजिकका बौद्ध तीर्थ स्थलहरू र मुख्य शहरहरूमा बसोबास गरेका बर्मेली बुद्ध धर्मावलम्बी गृहस्थ र प्रव्रजितहरूसँग नेपाली बुद्ध मार्गीहरूको सम्पर्क भएदेखि नेपालीहरू धार्मिक शिक्षाको उद्देश्यले बर्मा प्रवासमा आउन थालेका हुन् । एक्लै अथवा २-४ जनाका जत्था भइ आउने यिनीहरू आफ्नो अभिष्ट उद्देश्य पूरा गरेर वा बीच मै नेपाल फर्के भने कोइ एक आधले यहीं जीवनलीला समाप्त गरेकाहरूको उल्लेख पनि पढ्न पाइन्छ ।

नेपालका वरिष्ठतम भिक्षुहरूमध्ये अधिकांश म्यानमारमा नै शिक्षित-दीक्षित भएका हुन् । उहाँहरूको सत्प्रयासले म्यानमारमा शिक्षा हासिल गर्न जाने क्रम भिक्षु, श्रामणेर र अनागारिकाहरूमा अझै अटूट छ । केहीले त बर्मेलीहरूलाई पनि अध्ययनमा उछिनेका छन् । यसले म्यानमारमा नेपालीहरूको प्रतिष्ठा झन बढाएको छ । त्यस्तै अध्ययनमा प्रतिष्ठा पाएकी मध्येमा अनागारिका धम्मवतीलाई पछि बर्मा सरकारले 'अग्गमहागन्धवाचक' भन्ने मान दिएको समारोहमा उनीसँग पहिलो बर्मा यात्रा गरिएको थिए ।

नेपाली अध्ययनार्थीहरू खास गरेर राजधानी रंगून र लोअर बर्माको मोलमिन र यसका वरीपरी सीमित छन् । रंगूनको महासी शासन यीता र उ पण्डिताराम शासन यीता नेपालीहरूका मूल थलो हुन् । बर्मा प्रवासकालमा भेटिएका अरु नेपालीहरूसँगको उठबस बारेमा केही उल्लेख गरिन्छ :

म्यानमारको मोगीकवासी कान्छा लामा (तामाङ) सँग १९ मार्च १९९२ मा भेट भयो । उनले रंगूनमा आफ्ना डेरामा लगी केही नेपालीहरूसँग भेटघाट गराए । तिनमा २ जना ब्राह्मण युवकहरू २ दिन अगाडिमात्र विशुद्धाराम विहारमा भिक्षु भएकाहरू पनि थिए । एकजना अर्को ब्राह्मण भिक्षु आर्यवंशजी सहित भई हामीलाई रंगूनका विभिन्न दर्शनीय स्थलहरू घुमाए । २० वटा छोराहरू श्रामणेर भएको समारोहमा सम्मिलित भयौं ।

आर्यवंशजीसँग घुम्दै साँझपख चिया खान रंगूनको करवीक रेष्टुराँमा गयौं । यो एउटा पोखरीको माझमा पंक्षीको आकारको घर हो । ठाउँ सुरम्य भएपनि

ग्राहकहरू उत्तिको आएको देखिएन । सत्कार भने राम्रै थियो ।

भिक्षु भनेपछि साह्रै मान्ने यी बर्मीहरू भिक्षुमा दैवीय शक्ति भएको जस्तो पनि विश्वास गर्दा रहेछन् । म जस्तो एउटा साधारण भिक्षुलाई भने अप्ठ्यारो मै पारि दियो । त्यहाँको मैनेजर उपासिकाले मसँग पुरस्कृत हुने चिट्ठा नम्बर सोधिन् भनेर मलाई आर्यवंशजीले बताए । त्यसरी थाहा पाउने भए म आफै त्यो चिट्ठा किन छाड्थें र ? यस्तो कुरो विचार नगर्ने सो उपासिकालाई मैले जवाफ सकारात्मक रूपले दिनै पर्‍यो – जवाफ थियो ।

बुद्ध, धर्म र संघका गरी प्रत्येकका नाममा एक एकवटा बन्द बाकस आफ्नो पूजा कोठामा राख्नुस् । त्यसलाई भक्तिभावकासाथ प्रतिदिन पूजा गर्नुस् । जब जब चिट्ठा किन्ने इच्छा हुन्छ, चिट्ठाको मूल्य पैसा यी बाकसहरूलाई दक्षिणा चढाउनुस् । केही वर्षपछि एउटा शुभदिन रोजेर यी बाकसहरू खोल्नुस् चिट्ठाको पहिलो, दोश्रो र तेश्रो पुरस्कार जम्मै तपाईले नै पाउनु हुनेछ । यो मेरो कुरो सुनेर सबै श्रोताहरू गल्लल हाँसे ।

मण्डले शहरबाट नजिक पिउँल्वीं (Pyinoolwin) को बोटानिकल गार्डेन घुम्दा मुगुकवासी एउटा नेपाली आफ्नो पत्नीको प्रसूतिको लागि रंगून जान यहाँ आइ पुगेकासँग भेट भयो । हामीले नाई नास्ती गर्दा पनि साह्रै करकाप गरेर उनले दूध र आइसमा स्टवरी मिसाइएको पेय सबैलाई खुवाए । यसकै नजिक रहेको मिलिटरी क्वार्टरमा भोजन गर्दा स्थानीय २ परिवारका नेपालीहरूसित भेट भयो । एउटा त नेवार रहेछ । एक दुइवटा शब्द मात्र नेवारी बोल्ने उनका परिवारमा नेपालीलाई दैनिक चलाउने हुँदा साधारण नेपाली भाषा

राम्रो बोल्दछन् । नेवारलाई त्यहाँ भाजु भन्दा रहेछन् । आफ्नो नाम जुन नारायण प्रधान बताउने उनका एकजना आफन्त पाटन, काठमाडौं अथवा भैरहवातिर कतै बस्न गएको, तर चिठ्ठिपत्र भने केही नआएकोले खबर पाउन आतुर रहेको बताए । उनी आफ्नो ठेगाना, मजुपिं, प्वीउँल्वीं, म्ये म्यों बताउँछन् ।

म्येम्योंमा नेपालीहरूको आफ्नै बुद्धविहार छ । त्यहाँका भिक्षु र दाताहरूसँग पनि भेटघाट भयो । त्यहाँको नेपाली शिवालयमा हामीलाई स्वागत गर्न भेला भएका थिए । हामीले पर्याप्त समय दिन सकेनौं । त्यस्तै आधा घण्टा जतिको कार्यक्रममा सम्मिलित भई हामी हिड्यौं । तर पनि हामी मूल समूहबाट छुट्यौं । उनीहरूले हामीलाई जीपमा राखेर लगी पिछे म्याउँ गुफामा पानी चुहिनुका साथै जमीनमा स्यानो खोल्सो नै बग्दछ । डेढ फर्लांग जति लामो यो गुफामा विभिन्न मुद्राका बुद्धमूर्तिहरू स्थापित छन् । बिजुली बत्तिले सजाइएको छ । यहाँको परिचय पनि ती प्रवासी नेपाली बन्धुहरूले नै सुनाएको हुँदा खुशी लाग्यो । म्येम्योमा नेपालीहरूको शयौं परिवार बस्दारहेछन् ।

त्यस्तै लोअर म्यानमारस्थित मोलमिन शहरको खेमाराममा गएको थियौं । त्यहाँका प्रमुख अनागारिकाहरू दो खेमाचारी र दो सुखाचारी, त्यस्तै नेपालमा धम्मावती अनागारिका र म्यानमारकै दो गुणवतीहरूले म्यानमार सरकारबाट मान पदवी पाएकोमा गरेको अभिनन्दन समारोहमा सुरक्षार्थ गार्ड बन आएका व्यक्ति नेपाली मूलका रहेछन् । मिलिटरीमा आफू ठूलो अफिसर भएको बताउने उनले दक्षिणा भनी झोलामा हालिदिए ।

कोठामा आएर हेर्छु त १०-१० का नोटको क्याट नै थियो । जम्मा ५०० क्याट थियो ।

यस्ता यस्ता राम्रा व्यवहार मैले म्यानमारका प्रवासी नेपालीहरूबाट पाएँ । यिनीहरूको व्यवहार म्यानमारहरूप्रति पनि अवश्य नै राम्रो हुनुपर्दछ । नत्र यिनीहरू बुद्धका जन्मभूमिबाट आएका बुद्ध भगवान्का आफन्तहरू भनी सह्राहना र प्रशंसा निरन्तर पाइ रहन सक्दैनथे । हामीलाई सगाईको महागन्थाराम विहारका ३४० जना भिक्षु, ५५० जना श्रामणेर र ६८ जना अनागारिकाहरूलाई प्रबन्ध गर्नेमा प्रमुख भिक्षुले 'बुद्ध भगवान् मंगोल जातिको जस्तो देखिन्छ, जुन आजका नेपालीहरूको मुहारसँग मिल्दछ, भारतीयसँग होइन ।' भनी भनेका थिए । (२६ मार्च, १९९७) उहाँले भेटेका नेपालीहरूका राम्रो व्यवहारले पनि उहाँलाई प्रभावित पारेको हुन सक्ने मेरो अनुमान छ ।

नेपालीहरूको ठूलो बस्ती बर्माको शानस्टेटको तौंजि शहर र यसका वरपर पनि भएको उता जाँदा चाल पाएँ । त्यहाँको इन्लेलेक नजिकको भ्वेन्याउँ बजारबाट आएका भट्टराई बन्धुहरूसँग Powng Da'woo चैत्यमा भेंट भयो । सबैले खुशी माने । (२७ मार्च १९९७)

शान स्टेटको राजधानी ताउँजी

मण्डले एअरपोर्टबाट २६ मार्च १९९७ का दिन शानस्टेटको हेहो एअरपोर्टमा ओर्ल्यौं । त्यहाँबाट टूरिष्ट बसको सफ गर्दा ताउँजी गयौं । यो ताउँजी शहर शान स्टेटको सदरमुकाम हो । एअरपोर्टबाट ताउँजी जाने बाटो अंग्रेजको पालामा बनाएको थियो । त्यस्तै एउटा स्यानो रेलवेलाइन पनि छ । यसमा दिनको एउटा मात्र चल्ने सेवा पनि अनियमित हुने भएकोले भरपर्दो छैन भन्छन् । बीच बाटोमा एउटा सैनिक छाउनी पऱ्यो । त्यहाँ दोश्रो विश्वयुद्ध ताकादेखिको भनिने ५-६ शय ट्रकहरूको ग्यारेज पनि देखैं । मैदान र होचो डाँडाहरूको भूवनावट रहेको स्थानमा एताया बस्ती पार गऱ्यौं । यहाँ जंगलबाट पुनर्वास गराइएका नेपालीहरूको बस्ति छ । बाटो साँधुरो छ र त्यसको अवस्था धेरै राम्रो छ भन्न सकिन्न । तर पूरै क्षेत्र हराभरा छ ।

ताउँजी शहरको प्रवेश क्षेत्र मै सैनिक स्कूल एउटा पर्दछ । बस्तिमा स्यानो अस्पताल एउटा पनि छ । यहाँको जनसंख्या ५ लाख छ भन्छन् ।

ताउँजी शहरको मुटुमा अवस्थित सनमिन (Sunminn) रेष्टुटाँमा दिवा भोजन गऱ्यौं । यसको ठीक पछाडि एउटा गोरखाली कृष्ण मन्दिर देखैं । मूल शहर मै अअङ् साङ सूचीका पिताको उभेको शालिक एउटा बगीचामा राखिएको छ । भोजनोपरान्त यहाँको संग्रहालय र पुस्तकालय हेऱ्यौं । यसको नाम : Shan State Mueseum / Shan State Library हो ।

संग्रहालयमा म्यानमारका विभिन्न जनजातिका मानिसहरू अर्थात कचिन, अरकान्, मअन र करेन आदिको काष्ठमय मूर्तिहरूमा तिनका पोशाक लगाइएका जम्मा १६ स्त्री-पुरुषका जोडीहरू छन् । तिनका उत्तम मानिने फर्निचरहरू, सन्दूक, सिंहासन, खाटहरू प्रदर्शित छन् । अर्को एउटा कोठामा परम्परागत लुगा बुन्ने तान्हरू छन् ।

दोश्रो तल्लामा अर्वाचीन ऐतिहासिक घटनाका महत्वपूर्ण तैल तथा छाँयाचित्रहरू छन् । अर्को कोठामा धार्मिक कथा कहानीका चित्रहरू र काष्ठमय बुद्धमूर्तिहरू छन् । धातुका स-साना प्राचीन मूर्तिहरू र हस्तलिखित धर्मग्रन्थका अंशहरू पनि यहाँ छन् ।

दिनको २०-२५ जना मात्र दर्शकहरू आउने यो म्यूजियम र पुस्तकालयमा विदेशीलाई २ डलर र स्वदेशीहरूलाई ५ क्याट शुल्क लाग्दछ । पुस्तकालयमा बर्मी र अंग्रेजीका सेक्सनहरू छन् ।

ताउँजी शहर हाम्रो धरान जस्तै बेंसीमा पर्दछ । नयाँ घरहरूको बाहुल्यता छ । पक्की घरहरूको रंगरोगन राम्रो भएको छ ।

यहाँको एउटा महत्वपूर्ण र प्रमुख विहार हेर्न जाँदा कुनै ठूलो अफिसर आउँदैछन् भनेर ट्राफिक अफिसरले हाम्रो गाडीलाई फर्काइदियो । अर्को विहारमा ४०-५० फूट उँचाइको महाबुद्ध मन्दिरको प्रतिकृति टाढैबाट देख्यौं ।

शु ताँ फे आउँ नमो चैत्य : ताउँजी शहरको छेउमा छ । डाँडोमा अवस्थित हुनाले यहाँबाट ताउँजी

शहरको दृश्य राम्रै देखिन्छ । निर्माणाधीन यो च्यैत्यभित्र बुद्धका ठूला ठूला मूर्तिहरू युक्त गोलाकारमा छन् । यही चैत्यको प्रांगणबाट पूर्वोत्तरपट्टि अर्को पहेँलो रंगिएको विहार देखिन्छ ।

बगानको आनन्दफयाको प्रतिकृति रूपमा बनेको सो विहार पनि दर्शन गऱ्यौं । यो बगानको भन्दा आकारमा पनि स्यानो भए पछि भित्रपट्टि धेरै समानता छ । भित्र परिक्रमामार्ग भने दोहोरोको सत्ता एकोहोरो मात्र छ । मिलिटरी सरकारले टेलीफोनको बिक्रीबाट ठूलो नाफा खाई बनाएको हुँदा यसलाई टेलिफोन चैत्य पनि भन्छन् भनी हाम्रा गाइडले बताइन् ।

इन्लेलेकतिर जाँदै गर्दा ताउँजी मै एउटा शोभायात्रा देख्यौं । उनीहरू केही खुल्ला गाडीहरूमा बाजा बजाउनेहरूको झुण्ड, विलासितापूर्ण पहिरनका मानिसहरू, अनि बीचको गाडीमा भिक्षु बन्नेवाला किशोरलाई रंगरोगनगरी छत्र ओढाइ ल्याएको थियो । हाम्रा गाइडले बताए अनुसार बर्मामा भिक्षु बन्न अगावै आफ्नो घर नजिकको नाथ अर्थात देवीदेवताको दर्शन गर्नुपर्छ । नत्र उनको प्रव्रज्या समाजमा मान्य हुँदैन । यो शोभा यात्रा पनि त्यही गर्न गएका हुन् रे ।

ताउँजी शहरको चौबाटोमा अवस्थित बजारमा लगभग २ घण्टा जति घुमफिर गरिएको थियो । वातावरण हाम्रै बेँसीका कुनै शहर झैं लाग्यो । भारतीयहरू पनि निक्कै बसोबास गर्दा रहेछन् । नेपालीहरू धेरै छन् भनी पसलमा काम गर्ने एकजना भट्टराई किशोरले बताए । उनी नेपाली राम्रै बोल्छन् । नेपाली विद्यालयमा पढ्दछ भन्छन् । यहाँको एउटा सिनेमा हलमा कालाबजार हिन्दी फिल्म चैल्दै थियो ।

म्यानमारका अन्य क्षेत्रमा झैं यहाँ पनि गाडीमा यात्रीहरू खचाखच भर्ने बानीले त नेपाललाई पनि उछिन्ला जस्तो छ। २५-३० सीटको मिनीबसमा एकसय जति यात्री ढुवानी गर्नु सामान्य कुरो हो। यस्ता केही घटना ताउँजी मै नियाल्ने मौका पाएँ। गाडीको छतमा पनि निर्धकतासाथ बसि अझ कोही कोही बाजा बजाउँदै यात्रा गर्छन्। भिक्षु-श्रामणेरहरू पनि बिना कुनै भेद-भाव त्यही भीडमा हुलिन्छन्। गाडीका टायरहरूका बुट्टा खिइएर चिल्ला भइ सक्दा पनि वास्तै नगरिकन प्रयोगमा ल्याइन्छन्। यसलाई बर्मीहरूको आर्थिक क्षमता कमजोर रहेको उदाहरण भान्नु पर्ला।

यस्तै यस्तै कुराहरूको अवलोकन र कल्पना गर्दै हामी ताउँजीबाट इन्लेलेकमा रैन बसेरा गर्न गयौं।

इन्लेलेकमा नौका विहार

ताउँजी शहरबाट केही कि.मी. परको कारवाउ लेकको आकार २२.४ x १०.२ कि.मी. छ भनिएकोलाई गाडीबाटै देख्यौं । यस्तै अलिक पर तातोपानीको मुहान छ भनेको ठाउँलाई पनि नाघ्यौं । यी दुइ वटाका बीचमा धारामा पानी थाप्न नेपालमा कुनै बखत मट्टितेलको लाइन लागे झैं, लाम लागेको देख्दा पेय पानीको व्यवस्था यथोचित उपलब्ध नभएको जस्तो लाग्यो । तर प्राकृतिक सिंचाइ राम्रो भएकोले होला जग्गा जमिन हराभर छ । एकुघंरा जतिको यात्रापछि इन्लेलेकमा पुग्यौं । त्यहाँ रैनबसेराका साधारण रिसोर्ट, अनि लेकको किनारमा तह उठाइ बनाइएका झोपडीहरू थिए । मैले झोपडीलाई नै रोजें ।

यहाँका फुसको घर झोपडीबारे नै पहिले चर्चा गरौं । बाँसका खम्भाहरू चारैतिर ठड्याई जमिनदेखि ५-८ फूट माथि तिर बाँसकै डलिन राखेर त्यसमाथि चोयाका बुनिएका चटाई टासिएका हुन् । भित्ता पनि त्यसरी नै बाँसकै चोयालबाट बनेका हुन् । छाना खरका थिए भने बाँकी ठाउँमा अन्य प्रकारका वस्तुहरूको उपयोग भएकामा अन्तराप र ताल्चा मात्र थिए । सारा वस्तुहरू वनस्पति जन्य मात्र थिए । यस्तै घर बर्माका अधिकाँश जनताको निवास हो । यसका सबभन्दा भयानक खतरा आगो हो । एउटै जलनमा हजारौं घरहरू सखाप हुन्छन् । म्यानमार, मुलुकमा ईटा, चून र सिमन्टीका घर भनेको मूल सडक र शहरमा मात्र सीमित छन् ।

टूरिष्ट स्ट्याण्डर्डमा बनेको हुनाले हाम्रो झोपडीमा आधुनिक बाथरुम येनकेन राखिएको छ । पक्की घरमा बस्ने बानि परेका हामीलाई यस्तो घरमा पाइला मात्र चाल्दा पनि हल्लिने हुँदा निरन्तर केही दुर्घटनाको कल्पना भइरहन्छ । खापाहरू पनि टम्म मिल्ने गरी बन्द गर्न सकिन्न । भित्तामा जताततै स्यानास्याना प्वालहरू छन् । त्यहाँबाट कीरा फट्याँग्राहरू सजिल्लै पस्छन् । तर यसका बार्दाली र ओसाराबाट इन्लेलेकको दृश्य राम्रो देखिन्छ ।

इन्लेलेक पोखराको फेवाताल जस्तो तर त्यो भन्दा धेरै गुणा ठूलो ताल हो । बेंसीमा अवस्थित हुनाले ठूलो भूभागलाई सिंचित गर्दछ यसले । डाँडाहरूमा स्तूप, चैत्य, विहारहरू जताततै देखिन्छन् । हाम्रो झोपडीमुनि पनि तालको पानी पुगेको छ, जहाँ स्याना स्याना डुँगाहरू राखिएका छन् । सहयात्री थाइसाथीहरू पानीमा खेनगसेन मन पराउँदा रहेछन् । अनि त डुँगालाई चलाइ हाले । म पनि उनकै लह लहैमा डुँगामा बस्न पुगें ।

आफूलाई पौडी खेल्न आउँदैन । त्यत्रो ठूलो लेकमा केही गरी पानीमा डुबें भने के गर्ने भन्ने त्राश त मनमा थियो नै, तर मौकालाई गुम्नपनि दिन चाहन्नथें । साथीले नौकालाई खियाउँदै हाम्रो झोपडीहरूलाई घेरिएको बार, अर्थात् बाँसका पर्खालबाट मुश्किलले बाटो बनाई पार गरी बाहिर पुऱ्याए । केही सय मीटर जति पर पुग्यौं । यसैबेला साथीले डुँगामा बेलैंस मिलाएर बस्ने तरीका सिकाए । साथीले बताए "हामी थाइहरूको बसोबास" प्रायशः नदी किनारमा हुन्छन् । यी नदीहरू नै आवागमनमा प्रयोग हुने गर्थें, जब स्थल मार्गको राम्रो विकास भइसकेको थिएन । अनि त खेत जाँदा विहार जाँदा, भेट्न जाँदा अथवा भनौं एक घरबाट अर्को घरमा

जानुपर्दा पनि डुँगा खियाउँदै जाने गरिन्छ । भिक्षुहरू भिक्षाटन पनि डुँगा मै बसेर जान्छन् । यसरी प्रायशः हामीहरू पानीसँग धेरै परिचित हुन्छौं । पौडी खेल्न, डुँगा खियाउन सिपालु हुन्छौं । अनि यस्तालाई के चाहियो ? साँझपखको प्रीतिकर मौसममा डुँगा र चढनी सँग यस्तो मनोरम तालमा भेंट भएपछि किन चुप लाग्थे र । हामी दुबै तालको मनोरम दृश्य अवलोकन गर्दै गइ रह्यौं मजा मान्दै । तर हाम्रो यो आल्हाद धेरै बेर टिकेन । सबैतिर अँध्यारो छाउन थाल्यो । विस्तार गरेमा फर्कन गहारो पर्ने सन्देश पाउन थाल्यौं । अनि भोलि पनि त हामी यहीं हुन्छौं भन्दै चित्त बुझाइ फर्क्यौं ।

आज २७ मार्चका दिन बिहान आठै बजे तयार भई यन्लेलेकमा गयौं । त्यहाँ हाम्रा लागि प्रत्येकमा ८-१० जनाको लागि ठिक्क हुनेखालका डुँगाहरू तयार थिए । डुँगामा छाता, खानेपानी बाहेक लाइफ ज्याकेटहरू पनि थिए । आज डुँगाबाट जाने ठाउँमा हाट बजार लागेको छ भनी हाम्रा गाइडले बताइन् । सबैजना बसेपछि डुँगा हिंड्यो ।


डुँगा सङ्लो र विशाल जलाशयमा शान्तपूर्वक अगाडी बढ्दै गयो । बकुला जस्ता सेता हाँसहरूको ५०-१०० को झुण्ड हाम्रो शिरमाथि मडारिन थाल्यो । केही मिठाइ पहिले नै तयार राखिएका थिए । मिठाइ अवस्था हेरी हामीले अलि अलि गर्दै आकाशमा हुत्यायौं । पंक्षीहरू आई त्यसमध्येमा धेरै जसो मिठाइका टुकडाहरू पानीमा झर्न नपाउँदै आकाश मै उड्दा उड्दै चोंचले ट्याप्प ट्याप्प टिपेर खाएको देख्दा खुप रमाइलो लाग्यो । कहिल्यै अरुले खुवाएको हेर्‍यो, कहिल्यै आफूले नै खुवायो, यस्तैबाट मन बहलाउदै पुगनपुग १ घेराजतिको

यात्रापछि हाम्रो डुँगाले एउटा साँघुरो नहरको बाटो लियो । यहाँ नै हो हाट बजार लागेको ठाउँ ।

हाट बजार स्पष्टतया टूरिष्टहरू आएकोले लागेको रहेछ । ४०-५० फूट चौडा नहरमा अटाइ नअटाई त्यस्तै डेढ दुइ फूट चौडा र सात आठ फूट लम्बाइका डुँगाहरूमा क्यूरिओ सामानहरू भरेर त्यस्तै ५०-६० वटा भेला भएका थिए । केही सहयात्रीहरूले पुराना पुस्तकहरू किने । कहिले अरु सानातिना सामानहरू किने । मैले एउटा विशेषता त्यहाँ देखेको के भने सो बजारमा दैनिक उपभोग्य सामानहरू लगभग शून्य थियो । स्थानीय उत्पादनका सामानहरूको ओसार पसार गरेको पनि देखिंदैन ।


अब रेशमका हातबुना कपडाहरूको उद्योग र शोरुम उकल्यौं । केहीले निक्कै किने । कोही यसलाई व्यापारिक दृष्टिकोणले फाइदाजनक मानेर हेरे भने कसैले राम्रा र कसैले स्मरणको लागि चिनो । यस्ता ठाउँ हामीले धेरैवटा हेऱ्यौं । अब त घरहरूका छाँया क्षेत्रबाट बाहिर पुग्यौं । घाम पनि चर्को भइसक्यो । पसिना खलखली भयो, त्यो चर्को घामले । अनि छाता ओढ्यौं । धेरै बेर नबित्दै हामी पाउँदाउ विहार सँगको Inn Thar Lay रेष्टूराँमा भोजन गऱ्यौं ।

भोजनोपरान्त पनि हामी त्यस्ता केही पसलहरू हेऱ्यौं । बाटोमा यसरी आउँदा जाँदा छेउछाउमा धेरै विहार र चैत्यहरू दर्शन गर्न पाइयो । अन्ततः फाउड अफ Powng 'Da' Woo विहारको दर्शन गरिसकेपछि डुँगाबाटै २ बजेतिर प्रस्तान गरी हामी बसको Khaung Daing होटलमा चियापान पश्चात बसबाट गइ एअरपोर्टमा हवाइ जहाज चढी रंगून पुग्यौं ।



श्रीकीर्तिविहारया प्रकाशन

१. श्रीकीर्तिविहारया दैनिक-प्रार्थना – भिक्षु सुदर्शन महास्थविर
२. बौद्ध संस्कृति – भिक्षु सुदर्शन महास्थविर
३. पटाचार (पद्यमय नाटक) – भिक्षु सुदर्शन महास्थविर
४. लुम्बिनीको काखमा – भिक्षु सुदर्शन महास्थविर
५. बुद्ध-हृदय – अ. केशरी वज्राचार्य
६. बहुजन हिताय बहुजन सुखाय – भिक्षु सुदर्शन महास्थविर
७. संघमहानायक प्रज्ञानन्द महास्थविर – आर. बि. बन्द्य
८. संघमहानायक प्रज्ञानन्द महास्थविर भक्ति म्ये पुचः
९. भगवान शरण – भिक्खु विपस्सी धम्मिकास



भिक्खु विपस्सी (धम्माराम)

जन्ममिति : ६ मार्च १९६५
जन्मस्थान : जेंला टोल, भक्तपुर, नेपाल
बुवा : श्री काजीबहादुर
आमा : श्रीमती केशरीमाया
गृहस्थ नाम : श्रीराम गाइजु (श्रेष्ठ)
श्रामणेर दीक्षा : १ अक्टोबर १९७५
उपज्झाय : भिक्षु रत्नज्योति महास्थविर
उपसम्पदा : २१ डिसम्बर १९८७
उपज्झाय : परमपूज्य संघराजा सोमदेच फ्रा ञाणसंवर

शिक्षा :

प्राथमिक : स्वगृह
धर्मको प्रारम्भिक शिक्षा : मुनिविहार, भक्तपुर
धर्म र भाषा शिक्षा : श्रावस्ती, भारत (१९७७-८०)
एस.एल.सी. : श्री बज्रवाराही मा.वि. चापागाउँ (१९८५)
उच्चशिक्षा : स्नातक र स्नातकोत्तर महामुकूट बौद्ध विश्वविद्यालय बैंकक (१९९०)
अनुदित कृति : बालोपयोगी सचित्र बुद्धजीवनी (७ भाग)
प्रथम संस्करण : ५,००० बैंकक
द्वितीय संस्करण : २०,००० ताइवान
(१-७ भाग एउटै आवरण संग्रहित)
वर्तमान : परमपूज्य संघराजा सोमदेच फ्रा ञाणसंवरका सचिवालयमा सेवारत

मुद्रक : न्यू नेपाल प्रेस, *प्रधान कार्यालय:* नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९३५ इ.पि.सी. ५४१४, काठमाडौं, नेपाल। फोन : ४३४८५०, ४३४७५३
व्यापारिक कार्यालय: शुक्रपथ, न्यूरोड, काठमाडौं। फोन : २५१०३२, २५९४५० फ्याक्स : (९७७-१) २५८६७८